# चितवनका नारी साहित्यस्रष्टाहरूको सर्वेक्षण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र
सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली
विभाग स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

ऋषिराम भट्टराई

त्रि.वि.दर्ता नं.२३७७५-९३

शैक्षिक सत्र २०६४-२०६६



**नेपाली विभाग**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**भरतपुर, चितवन**

**२०६७**

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका छात्र ऋषिराम भट्टराईद्वारा **चितवनका नारी साहित्यस्रष्टाहरूको सर्वेक्षण र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो। परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि सम्बन्धित विभागसमक्ष सिफारिस गर्दछु ।

..............................

(धनेश्वर भट्टराई)

उपप्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६७।१०।१९

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा समाजिक शास्त्र सङ्काय
# वीरेन्द्र बहुमुखी क्याम्पस
# नेपाली विभाग
# भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्रसङ्काय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर नेपाली विभागका विद्यार्थी ऋषिराम भट्टराईले स्नातकोत्तर तह नेपाली विषय दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरेको चितवनका नारी साहित्यस्रष्टाहरूको सर्वेक्षण र विश्लेषण शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन-समिति

हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल

**विभागीय प्रमुख** ..................................................

उपप्रा. धनेश्वर भट्टराई

**शोध निर्देशक** ..................................................

.सहप्रा. गोविन्दराज विनोदी

**बाऽ्यपरीक्षक** ................................................

मिति :२०६७।०।१४

# विषय सूचि


क्र.सं. शीर्षक पेज नं.

**परिच्छेद : एक** **१ - ११**

**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ शोधकार्यको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधपत्रको औचित्य ९

१.६ शोधकार्यको क्षेत्र र सीमाङ्कन ९

१.७. सामग्रीसङ्कलन विधि ९

१.८ शोधपत्रको रूपरेखा १०

**परिच्छेद : दुई**

**चितवनका नारी साहित्यस्रष्टाका कृतिहरूको परिचय** **११ - १५**

२.१ चितवन : एक परिचय ११

२.२ नारी साहित्य स्रष्टा- एक परिचय १२

क) हालसम्मका चितवनका नारी हस्ताक्षरहरू १३

ख) कविता विधामा चितवनका नारी हस्ताक्षर १३

ग) उपन्यास विधामा चितवनका नारी हस्ताक्षर १४

घ) कथा विधामा चितवनका नारी हस्ताक्षर १५

ङ) समालोचना विधामा चितवनका नारी हस्ताक्षर १५

च) निबन्ध विधामा चितवनका नारी हस्ताक्षर १५

२.३ उपसंहार १५

**परिच्छेद : तीन**

**ऐतिहासिक दृष्टिमा चितवनका नारी साहित्यस्रष्टा** **१६ - २३**

३.१ चितवन जिल्लाको साहित्यिक इतिहास १६

३.२ चितवनका नारी साहित्यस्रष्टाहरूको साहित्य यात्रा र चरणहरू १८

३.२.१ प्रथम चरण २०
३.२.२ द्वितीय चरण २१
३.३ उपसंहार २३

## परिच्छेद : चार

**चितवनका नारी साहित्यस्रष्टाका कृतिहरूको विश्लेशणात्मक अध्ययन २३-१६१**
४.१ सुवर्ण कक्षपति २४
४.१.१ मेरी धवला २४
४.१.१.१ विषयवस्तु २५
४.१.१.२ संरचना २६
४.१.१.३ निष्कर्ष २६
४.२ गायत्री श्रेष्ठ २७
४.२.१ देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण २८
४.२.१.१ कृतिमा व्यक्त विविध पक्ष २८
४.२.१.२ संरचना २९
४.२.१.३ निष्कर्ष २९
४.२.२ बादलको घुम्टोभित्र ३०
४.२.२.१ विषयवस्तु ३०
४.२.२.१.१ प्रकृतिप्रेमको भावना ३१
४.२.२.१.२ प्रेम प्रणय भाव ३१
४.२.२.१.३ नीति सन्देशमूलक भावना ३०
४.२.२.१.४ आध्यात्मिक भावना ३२
४.२.२.१.५ राष्ट्रियता र राष्ट्रप्रेमको भावना ३२
४.२.२.२ संरचना ३२
४.२.२.३ निष्कर्ष ३२
४.२.३ नारायणी अञ्चलका नारी हस्ताक्षर ३३
४.२.३.१ विषयवस्तु ३२
४.२.३.१.१ काल र चरण विभाजन ३२

४.२.३.१.२ साहित्यकारको परिचय ३२
४.२.३.१.३ साहित्यको परिचय ३४
४.२.३.१.४ कृतिगत अध्ययन ३४
४.२.३.१.५ साहित्यिक योगदानको चर्चा ३४
४.२.३.२ संरचनात्मक ढाँचा ३४
४.२.३.३ उपसंहार ३४
४.२.४ केही कृति आफ्नै दृष्टि ३५
४.२.४.१ विषयवस्तु ३५
४.२.४.२ निष्कर्ष ३८
४.३ सरस्वती रिजाल ३८
४.३.१ एक झुल्को घाम ४०
४.३.१.१ विषयवस्तु ४०
४.३.१.१.१ सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य ४१
४.३.१.१.२ राष्ट्र र राष्ट्रप्रति सचेतना ४१
४.३.१.१.३ नारी हृदयको सशक्त अभिव्यक्ति ४१
४.३.१.१.४ नारी हृदयको आशावादी स्वर ४१
४.३.१.२ संरचनात्मक ढाँचा ४१
४.३.१.३ निष्कर्ष ४२
४.३.२ नारायणी अञ्चलका नारी हस्ताक्षर ४२
४.३.२.१ विषयवस्तु ४२
४.३.२.२ संरचनात्मक ढाँचा ४३
४.३.२.३ निष्कर्ष ४४
४.३.३ प्रबोधन ४४
४.३.३.१ विषयवस्तु ४५
४.३.३.१.१ आध्यात्मिकता ४५
४.३.३.१.२ प्रेम प्रणयजन्य अनुभूति ४५
४.३.३.१.३ मानवीय अस्तित्वबोध ४६
४.३.३.१.४ राष्ट्रियता र राष्ट्रप्रेम ४६

४.३.३.१.५ युगीन विसङ्गतिबोध ४६
४.३.३.१.६ साहित्य र साहित्यकारप्रतिको अनुराग ४६
४.३.३.१.७ प्राकृति चित्रण ४७
४.३.३.२ संरचना ४९
४.३.३.३ निष्कर्ष ४९
४.३.४ प्रसङ्ग भ्रम र पात्रहरू लघुकथा सङ्ग्रह ५०
४.३.४.१ विषयवस्तु ५०
४.३.४.१.१ सामाजिक चित्रण ५१
४.३.४.१.२ सामाजिक कुसंस्कार र दुष्प्रवृत्ति ५१
४.३.४.१.३ गरिबी र यथार्थता ५१
४.३.४.१.४ राजनैतिक परिवेश र दुश्चरित्रता ५२
४.३.४.१.५ सामाजिक विभेद र विरोध ५२
४.३.४.१.६ पुरुष अहमताको चित्रण ५२
४.३.४.१.७ मानवीय प्रवृत्तिको चित्रण ५२
४.३.४.१.९ मानवीय मनोबिम्ब/भौतिकवादी भावना ५३
४.३.४.२ संरचना ५३
४.३.४.३ निष्कर्ष ५३
४.४ शोभा राना ५४
४.४.१ बेवारिसे उपन्यास ५४
४.४.१.१ कथानक ५५
४.४.१.२ पात्र ५६
४.४.१.३ कथोपकथन ५६
४.४.१.४ संरचना ५७
४.४.१.५ निष्कर्ष ५७
४.४.२ शिकार उपन्यास ५७
४.४.२.१ कथानक ५८
४.४.२.२ पात्र ५९

४.४.२.३ कथोपकथन ५९

४.४.२.४ संरचना ६०

४.४.२.५ निष्कर्ष ६०

४.५ कल्पना कँडेल ६०

४.५.१ प्रकृति-स्मृति ६१

४.५.१.१ विषयवस्तु ६१

४.५.१.२ संरचना ६३

४.५.१.३ निष्कर्ष ६४

४.६ चन्द्रवदना घिमिरे ६४

४.७ प्रभा बराल ६५

४.७.१ जैविक विसङ्गतिको अभिव्यञ्जना भएको अभिव्यक्ति ६६

४.७.२ मनका संवेदनाहरू अभिव्यक्त भएका कवितांश ६६

४.७.३ काव्यिक उच्छ्वासप्रतिको धारणा र अभिव्यक्तिहरू ६६

४.८ सरिता तिवारी ६७

४.८.१ बुद्ध र लाभाहरू ६७

४.८.१.१ विषयवस्तु ६८

४.८.१.१.१ हत्या र आतङ्कित अवस्थाको चित्रण ६७

४.८.१.१.२ दुःख र गरिबीको चित्रण ६७

४.८.१.१.३ मानिसबीचका भिन्नता ६७

४.८.१.२ संरचना ७१

४.८.१.३ निष्कर्ष ७१

४.९ सरला जोशी ७२

४.९.१ अन्तिम स्वीकार ७३

४.९.१.१ कथानक ७३

४.९.१.२ पात्र विधान ७४

४.९.१.३ परिवेश ७५

४.९.१.४ कथोपकथन ७५

४.९.१.५ संरचना ७६
४.९.१.६ निस्कर्ष ७६
४.९.२ शब्दको सुवास ७६
४.९.२.१ विषयवस्तु ७६
४.९.२.२ संरचनात्मक ढाँचा ७८
४.९.२.३ निष्कर्ष ७९
४.९.३ गजलपथका यात्रीहरू सहलेखन ७९
४.९.३.१ विषयवस्तु ७९
४.९.३.२ निष्कर्ष ८०
४.१० हीरा पौड्याल ८०
४.१०.१ जीवन कवितासङ्ग्रह ८०
४.१०.१.१ विषयवस्तु ८१
४.१०.१.२. संरचना ८२
४.१०.१.३ निष्कर्ष ८२
४.११ कल्पना अधिकारी ८२
४.११.१ प्रेमदीप ८३
४.११.१.१. कथानक ८४
४.११.१.२ कथोपकथन ८५
४.११.१.३ संरचना ८५
४.११.१.४ निष्कर्ष ८६
४.११.२ आमा कथासङ्ग्रह ८६
४.११.२.१ कथानक ८६
४.११.२.२ संरचना ८९
४.११.२.३ कथोपकथन ८९
४.११.२.४ निष्कर्ष ८९
४.११.३ उत्ताउली ९०
४.११.३.१ कथानक ९१

४.११.३.२ कथोपकथन ९३
४.११.३.३ संरचना ९४
४.११.३.४ निष्कर्ष ९४
४.१२ विद्या भण्डारी 'चिराग' ९४
४.१२.१ नेपथ्यका कुरा ९६
४.१२.१.१ संरचनात्मक ढाँचा ९६
४.१२.१.२ विषयवस्तु ९७
४.१२.१.२.१ प्रेमी प्रेमिकाको प्रस• ९७
४.१२.१.२.२ देशभक्तिको भावना ९७
४.१२.१.२.३ जीवनजगत्को चित्रण ९८
४.१२.१.२.४ बालप्रेम र सन्देश ९८
४.१२.१.३ निष्कर्ष ९९
४.१२.२ नेपाली गजलमा नारी हस्ताक्षर ९९
४.१२.२.१ विषयवस्तु १००
४.१२.३ गजलपथका यात्रीहरू १००
४.१२.३.१ विषयवस्तु १००
४.१२.४ इन्द्रेणीको गेट १०१
४.१२.४.१ संरचना १०२
४.१२.४.२ विषयवस्तु १०२
४.१२.४.२.१ बालअधिकार बोध १०४
४.१२.४.२.२ बालमनोविज्ञान १०४
४.१२.४.२.३ बालज्ञान १०४
४.१२.४.२.४ उपदेशात्मकता १०५
४.१२.४.२.५ राष्ट्रियताको भावना १०५
४.१२.४.२.६ जीवन भोगाइका अनुभवहरू १०५
४.१२.४.२.७ समयको महत्त्व १०५
४.१२.४.२.८ प्रकृति चित्रण १०५

४.१२.४.२.९ शैक्षिक जागरण १०५

४.१२.४.२.१० मातृप्रेम १०६

४.१२.४.२.११ राष्ट्रिय विभूतिहरूको चिनारी १०६

४.१२.४.२.१२ राष्ट्रिय गौरव १०६

४.१२.४.३ निष्कर्ष १०६

४.१३ शीतल गुरूङ 'कादम्बिनी' १०७

४.१३.१ गजलपथका यात्रीहरू १०८

४.१३.२ नेपाली गजलमा नारी हस्ताक्षर १०८

४.१३.३ सुगन्ध यात्रा १०९

४.१३.३.१ विषयवस्तु १०९

४.१३.३.२ संरचना ११२

४.१३.३.३ निष्कर्ष ११३

४.१४ कृष्णकुमारी महत ११३

४.१४.१ संयोग-वियोग ११४

४.१४.१.१ विषयवस्तु ११४

४.१४.१.२ संरचना ११८

४.१४.१.३ निष्कर्ष ११८

४.१५ शारदा ढुङ्गाना ११९

४.१५.१ अन्तिम द्वन्द्व ११९

४.१५.१.२ कथानक १२०

४.१५.१.३ पात्रविधान १२१

४.१५.१.४ कथोपकथन १२१

४.१५.१.४ संरचना १२१

४.१५.१.५ निष्कर्ष १२१

४.१५.२ अचानो परेको जीवन १२१

४.१५.२.१ कथानक १२२

४.१५.२.२ पात्रविधान १२२

४.१५.२.३ कथोपकथन १२३
४.१५.२.४ संरचना १२३
४.१५.२.५ निष्कर्ष १२३
४.१५.३ प्रश्न चिह्न उपन्यास १२३
४.१५.३.१ कथावस्तु १२४
४.१५.३.२ पात्रविधान १२५
४.१५.३.३ कथोपकथन १२५
४.१५.३.४ संरचना १२६
४.१५.३.५ निष्कर्ष १२६
४.१५.४ बसुन्धरा स्मृतिकाव्य १२७
४.१५.४.१ विषयवस्तु १२७
४.१५.४.२ पात्र १२८
४.१५.४.३ वातावरण १२८
४.१५.४.४ संरचना १२९
४.१५.४.५ लय र छन्द १२९
४.१५.४.५ निष्कर्ष १३०
४.१७ तारा बराल १३०
४.१७.१ आक्रोश १३१
४.१७.१.१ विषयवस्तु १३१
४.१७.१.२ संरचना १३५
४.१७.१.३ निष्कर्ष १३५
४.१९ कृपा श्रेष्ठ १३५
४.१८.१ विश्वासपछिको वियोग १३६
४.१८.१.१ विषयवस्तु १३६
४.१८.१.२ संरचना १४०
४.१८.१.३ निष्कर्ष १४०
४.१९ गीता लामिछाने १४१

४.१९.१ म पनि गुराँस हुनपाए १४१
४.१९.१.१ विषयवस्तु १४२
४.१९.१.२ लय र बिम्बविधान १४७
४.१९.१.३ भाषाशैली १४७
४.१९.१.४ निष्कर्ष १४७
४.२० नमूना शर्मा १४८
४.२०.१ कुरीतिलाई फालौँ (तीज गीत सङ्ग्रह भाग - १) १४९
४.२०.२ कुरीतिलाईं फालौँ (तीजको गीत सङ्ग्रह भाग - २) १५०
४.२०.३ कोशेली १५०
४.२०.४ गजलपथका यात्रीहरू (सहलेखन) १४५
४.२० कल्पना आचार्य १५१
४.२१ शोभा वस्ती 'प्रतीक्षा' १५१
४.२२ सरिता गुरुङ १५१
४.२३ सामना पहाड १५२
४.२४ सजल नयन १५३
४.२५ निरुपा प्रसून १५४
४.२६ कृष्णा पौडेल १५५
४.२७ श्रीमती राधा पौडेल १५५
४.२८ मैना घिमिरे १५५
४.२९ सिन्धु गौतम १५६
४.३० ज्ञानु अधिकारी १५६
४.३१ कमला श्रेष्ठ १५६
४.३२ निष्कर्ष १५६

**परिच्छेद : पाँच**

**उपसंहार (१५७ - १६०)**

## सङ्क्षिप्त शब्दावली

**प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षिप्त शब्दहरू यस प्रकार रहेका छन् -**

| | | |
|---|---|---|
| अ.सा.प्र. | : | अभिव्यञ्जना साहित्य प्रतिष्ठान |
| आ.दी | : | आचार्य दीक्षित |
| उप.प्रा. | : | उप-प्राध्यापक |
| उ.मा.वि | : | उच्च माध्यमिक विद्यालय |
| एच.आई.भी. | : | हुमन इम्युनो डिफिसेन्सी भाइरस |
| एम्.ए | : | मास्टर्स अफ आर्ट्स |
| एस.एल.सी. | : | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| चि.वा.प्र. | : | चितवन वाङ्मय प्रतिष्ठान |
| चि.सा.प. | : | चितवन साहित्य परिषद् |
| जि.शि.अ. | : | जिल्ला शिक्षा अधिकारी |
| डा. | : | डाक्टर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| ने.प्र.प्र. | : | नेपाल प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| प्र. | : | प्रकाशक |
| प्र.जि.अ. | : | प्रमुख जिल्ला अधिकारी |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सा.प्र. | : | साझा प्रकाशन |
| स्व. | : | स्वर्गीय |

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

आधी आकाश ढाकेका नारीहरू मानवीय जसअपजसका हरक्षेत्रमा सहभागी बन्दै आएका छन् । साहित्यमा नारीहरूको अमूल्य योगदान रहने भएकाले चितवन जिल्लामा पनि नारी स्रष्टाहरूको अमूल्य योगदान रहेको छ । साहित्यका विविध विधामा कलम चलाउन सक्षम यहाँका नारी सर्जकहरू सजग र प्रख्यातसमेत रहेका छन् । नारीअस्मिता, महिला मुक्तिका टीकाटिप्पणीदेखि लिएर समीक्षा, समालोचना, निबन्ध, कथा, कविता, गीत र गजलका माध्यमबाट साहित्यलाई नै उर्वर बनाउँदै लगेका छन् । हालसम्म चितवनबाट नारी साहित्य स्रष्टाका विभिन्न विधाका कृतिहरू विभिन्न सालमा प्रकाशित भएका छन् , तिनको विवरण यसप्रकार रहेको छः

| क्र.सं | कृति | | लेखक | विधा |
|---|---|---|---|---|
| १ | मेरी धवला | २०४० | सुवर्ण कक्षपति | कविता |
| २ | देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण | २०४६ | गायत्री श्रेष्ठ | समालोचना |
| ३ | एक झुल्को घाम | २०५१ | सरस्वती रिजाल | कविता |
| ४ | बेवारिसे | २०५२ | शोभा राना | उपन्यास |
| ५ | प्रकृति-स्मृति | २०५३ | कल्पना कँडेल | कविता |
| ६ | श्वेता (दौहितृवियोग) | २०५६ | चन्द्रवदना घिमिरे | स्मृतिकाव्य |
| ७ | दुःखीको पुकार | २०५६ | श्रीमती मैना घिमिरे | कविता |
| ८ | शिकार | २०५७ | शोभा राना | उपन्यास |
| ९ | शब्दहरू अविराम यात्रामा | २०५७ | प्रभा बराल,लक्ष्मी ढकाल | गजल |
| १० | बुद्ध र लाभाहरू | २०५७ | सरिता तिवारी | कविता |
| ११ | अन्तिम स्वीकार | २०५८ | सरला जोशी | उपन्यास |
| १२ | माया तथा लीला | २०६० | कृष्णकुमारी सुवेदी | निबन्ध |

| | | | | |
|---|---|---|---|---|
| १३ | जीवन (कवितासङ्ग्रह) | २०६१ | हिरादेवी पौडेल | कविता |
| १४ | प्रेमदीप | २०६१ | कल्पना अधिकारी | कथा |
| १५ | आमा | २०६२ | कल्पना अधिकारी | कथा |
| १६ | इन्द्रेणीको गेट (बालकवितासङ्ग्रह) | २०६२ | विद्या भण्डारी "चिराग" | बालकविता |
| १७ | बादलको घुम्टोभित्र | २०६२ | गायत्री श्रेष्ठ | कविता |
| १८ | माडी शोक समुन्द्र भाग - १ | २०६२ | सविता बराल | कविता |
| १९ | सुगन्ध-यात्रा | २०६२ | शीतल कादम्बिनी | गजल |
| २० | संयोग-वियोग | २०६२ | कृष्णकुमारी महत | गजल |
| २१ | नारायणी अञ्चलका नारी साहित्य स्रष्टाहरू | २०६२ | गायत्री श्रेष्ठ र सरस्वती रिजाल | समालोचना |
| २२ | अन्तिम द्वन्द्व | २०६२ | शारदा ढुङ्गाना | उपन्यास |
| २३ | प्रबोधन | २०६३ | सरस्वती रिजाल | कविता |
| २४ | शब्दको सुवास | २०६३ | सरला जोशी | गजल |
| २५ | अचानो परेको जीवन | २०६३ | शारदा ढुङ्गाना | उपन्यास |
| २६ | नयन | २०६३ | जमुना अधिकारी | कविता |
| २७ | उत्तउली | २०६४ | कल्पना अधिकारी | कथा |
| २८ | आक्रोश | २०६४ | तारा बराल | कविता |
| २९ | नेपथ्यका कुरा | २०६४ | विद्या भण्डारी 'चिराग' | कविता |
| ३० | विश्वासपछिको वियोग | २०६४ | कृपा श्रेष्ठ | कविता |
| ३१ | म पनि गुराँस हुन पाए | २०६४ | गीता लामिछाने | कविता |
| ३२ | प्रसङ्ग, भ्रम र पात्रहरू | २०६५ | सरस्वती रिजाल | कथा |
| ३३ | आमाभित्र देश | २०६५ | कल्पना आचार्य | कविता |
| ३४ | केही कृति केही दृष्टि | २०६५ | गायत्री श्रेष्ठ | समालोचना |
| ३५ | प्रश्न चिन्ह | २०६५ | शारदा ढुङ्गाना | उपन्यास |
| ३६ | वसुन्धरा (स्मृतिकाव्य) | २०६६ | शारदा ढुङ्गाना | स्मृतिकाव्य |

चितवनका परिप्रेक्ष्यमा साहित्यको श्रीबृद्धिमा टेवा पुऱ्याउने यस्ता नारी साहित्य स्रष्टाको हालसम्म अध्ययन हुन नसकेकोले यिनीहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन अपरिहार्य छ। चितवन जिल्लामा रहेर साहित्यमा योगदान पुऱ्याउने नारी साहित्य स्रष्टाको सर्वेक्षण र विश्लेषण यस शोधपत्रको विषय रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र चितवनमा रहेका र यहीँबाट प्रकाशित नारी साहित्य स्रष्टाका कृतिहरूको सर्वेक्षण र विश्लेषणमा केन्द्रित रहेको छ । यो निम्न-लिखित समस्याहरूमा केन्द्रित रहेको छः

क) चितवनमा नारी साहित्यस्रष्टा केकति रहेका छन् र यिनीहरूको पहिचान केकस्तो रहेको छ?

ख) चितवनका नारी साहित्य स्रष्टाहरूको के कस्तो विधागत योगदान रहेको छ ?

ग) चितवनका नारी साहित्य स्रष्टाहरूका केकति कृतिहरू प्रकाशित भएका छन् ?

घ) चितवनका नारी साहित्य स्रष्टाहरूको परम्परा र विकास केकस्तो रहेको छ ?

ङ) चितवनका नारी साहित्यस्रष्टाहरूद्वारा प्रकाशित कृतिहरूको विश्लेषण के कसरी गर्न सकिन्छ?

यस प्रकारका समस्याहरूको हल गर्दै प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठाइएका प्रश्नहरूमा केन्द्रित रहेर चितवनका नारी साहित्यस्रष्टाहरूको सर्वेक्षण विश्लेषण र मूल्याङ्कन गर्ने प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) चितवनका नारी साहित्यस्रष्टाहरूको परिचय दिने ।

ख) चितवनका नारी साहित्यस्रष्टाहरूको विधागत रूपमा चिनारी दिने ।

ग) चितवनबाट प्रकाशित नारी साहित्यस्रष्टाहरूको साहित्यिक कृतिहरू र इतिहास उल्लेख गर्ने ।

घ) चितवनका नारी साहित्यस्रष्टाहरूको साहित्य सिर्जना परम्परा पहिल्याउने ।

ङ) चितवनका नारी साहित्यस्रष्टाहरूको कृतिहरूको अध्ययन र विश्लेषण गर्ने ।

यिनै उद्देश्यहरूको परिपूर्तिका लागि यो शोधकार्य गरिएको हो ।

## १.४ पूर्वकार्यको समीक्षा

चितवनबाट प्रकाशित नारी साहित्य स्रष्टाहरूको व्यवस्थित अध्ययन भएको पाइएको छैन। केही स्रष्टा र उनका लेखहरूको टिपोट तथा समीक्षा भने भएका भेटिएका छन् । चितवनबाट

प्रकाशित यस्ता साहित्यिक कृतिहरू र तिनका लेखकका सम्बन्धमा गरेका विभिन्न समालोचकीय टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ:

क) लक्ष्मणप्रसाद गौतमले **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (प्रकाशक: चितवन वाङ्मय प्रतिष्ठान २०५२ चैत्र २५) पुस्तकको पृष्ठ ६५–११२ मा चितवनका नारी साहित्य स्रष्टाहरू सरस्वती रिजाल र उनको **एकभुल्को घाम** सुवर्ण कक्षपति र उनको **मेरी धवला**, शोभा राना र उनको **बेवारिसे** उपन्यास र  गायत्री श्रेष्ठ र उनको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण**लाई चितवनका उत्कृष्ट साहित्यकारका स्थान दिएका छन् तर सम्पूर्ण नारी साहित्य स्रष्टाहरू भने समेटिन सकेका छैनन् ।

लक्ष्मणप्रसाद गौतमले **चितवन महोत्सव स्मारिका** (प्रकाशक: उद्योग वाणिज्य सङ्घ, २०५७) को पृष्ठ ९८-९९ मा *चितवनको साहित्य यात्रा र प्रवृत्ति* शीर्षकमा चितवनका साहित्य स्रष्टाको चिनारी गराउँदा यहाँका नारी साहित्य स्रष्टाहरू सरस्वती रिजाल, सुवर्ण कक्षपति, शोभा राना, कल्पना कँडेल, मैना घिमिरे, प्रभा बराल, लक्ष्मी ढकाल, कृष्णा पौडेल, राधा पौडेल र गायत्री श्रेष्ठका नाम समेत उल्लेख गरेका छन् । सम्पूर्ण नारी साहित्य स्रष्टाहरू र तिनका कृतिहरू भने समेटिन सकेका छैनन् ।

लक्ष्मणप्रसाद गौतमले **चितवन महोत्सव स्मारिका** (प्रकाशक: उद्योग वाणिज्य सङ्घ,२०५९) मा पृष्ठ ४३-४५ *पचासको दशकमा चितवनको कविता* शीर्षकमा दिएर कविता विधामा कलम चलाउने चितवनका नारी हस्ताक्षर सरस्वती रिजाल, सुवर्ण कक्षपति, शोभा राना, कल्पना कँडेल, मैना घिमिरे, प्रभा बराल, लक्ष्मी ढकाल, कृष्णा पौडेल, राधा पौडेल र गायत्री श्रेष्ठका नाम उल्लेख गरेका छन् । नारी हस्ताक्षरका कृतिहरू र फुटकर कलम चलाउने कवयित्रीका नाम समेत उल्लेख गरी योगदानको चर्चा गरेका छन् । सम्पूर्ण नारी साहित्य स्रष्टाहरूको योगदानका चर्चा भने समेटिन सकेका छैनन् ।

लक्ष्मणप्रसाद गौतमले **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (प्रकाशक: नारायणी कला मन्दिर २०६२) पुस्तकको पश्चआवरण पृष्ठमा स्रष्टाद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालका आञ्चलिक साहित्य इतिहास लेखनमा महत्त्वपूर्ण, ऐतिहासिक र पहिलो दस्तावेज हो भनी उल्लेख गरेका छन् तर यो विश्लेषण अपूरो नै रहेको छ ।

लक्ष्मणप्रसाद गौतमले **प्रबोधन** (प्रकाशकः चितवन साहित्य परिषद, २०६३) पश्च आवरण पृष्ठमा उक्त कृतिका लेखिका सरस्वती रिजाललाई कथा र समालोचना लेखनमा युगचेतना दिने नारी स्रष्टा भनी उल्लेख गरेका छन्  तर यो विश्लेषण अपूरो नै रहेको छ ।

लक्ष्मणप्रसाद गौतमले **प्रसङ्ग भ्रम र पात्रहरू** (प्रकाशकः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पुस्तकको (पृष्ठःट) *लघुकथाका संरचनात्मक बान्की* शीर्षकमा सरस्वती रिजाललाई मोफसलका गम्भीर र प्रतिबद्ध लेखन पहिचान भएकी लेखकको रूपमा चिनाएका छन् । यो विश्लेषण अपूरो रहेको छ ।

ख) नारायणप्रसाद खनालले **चितवन महोत्सव स्मारिका** (प्रकाशकः उद्योग वणिज्य सङ्घ, २०६३) पुस्तकको पृष्ठ ५७-६२मा *चितवनका छन्देली कविहरू* शीर्षकमा चितवनका सम्पूर्ण छन्देलीसाहित्य स्रष्टाहरूको परिचय दिने क्रममा चितवनका नारी साहित्यिक स्रष्टाहरू पनि परेका छन् । जसमा चन्द्रवदना घिमिरेलाई छन्देली कवयित्रीका रूपमा चिनाउदै उनको **श्वेता दौहित्रिवियोग** (२०५६) को परिचय दिएका छन् । चितवनका नारी छन्देलीसाहित्य स्रष्टाको रूपमा चिनारी पाउनु सकारात्मक पक्ष हो तर सबै साहित्यकार समावेश नहुनाले यो विश्लेषण अपूरो रहेको छ ।

ग) गायत्री श्रेष्ठ र सरस्वती रिजालले **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (प्रकाशकः नारायणी कला मन्दिर, २०६२) समालोचनाको पृष्ठ ११-३४ मा प्रसिद्ध चितवनका ९ जना नारी साहित्य स्रष्टाहरू गायत्री श्रेष्ठ, सरस्वती रिजाल, सुवर्ण कक्षपति, शोभा राना, जलेश्वरी श्रेष्ठ, भावना शर्मा, प्रभा बराल, लक्ष्मी ढकाल र कल्पना कँडेलका साहित्य कृतिको समीक्षा उल्लेख गरिए पनि यो विश्लेषण अपूरो रहेको छ ।

घ) दयाराम श्रेष्ठले **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (प्रकाशकः नारायणी कला मन्दिर, २०६२) को *भूमिका* शीर्षकमा पृष्ठः ङ मा प्रस्तुत कृतिका लेखकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले साहित्यलाई उर्वर बनाउन ठूलो हात रहेको उल्लेख गरेका छन् । सबै नारी साहित्य स्रष्टाहरूको योगदानको चर्चा भने समेटिन सकेको छैन ।

ङ) देवी शर्माले **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (प्रकाशकः नारायणी कला मन्दिर, २०६२) को *साहित्यका दुई साधक बहिनीलाई धन्यवाद* शीर्षकको पृष्ठ- छ मा

पुस्तकका रचनाकार गायत्री श्रेष्ठ र सरस्वती रिजाललाई शिक्षक, समालोचक, स्वतन्त्र स्रष्टा एवम् अन्य सामाजिक गतिविधिका बलिया खम्बा भनी उल्लेख गरेकी छन् तापनि यो विश्लेषण अपूरो रहेको छ ।

च) केदारनाथ खनालले **बादलको घुम्टोभित्र** (प्रकाशकः चितवन साहित्य परिषद, २०६२) पुस्तकको पृष्ठः छ को *प्रकाशकीय* शीर्षकमा स्रष्टा गायत्री श्रेष्ठलाई चितवनका नारी हस्ताक्षरहरू मध्ये अग्रपङ्तिमा आउने साहित्य सिर्जना र समाजसेवाको पर्याय बनेकी छन् भनी उल्लेख गरेका छन्। चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु यो सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचय पूर्ण हुनसकेको छैन ।

केदारनाथ खनालले **प्रबोधन** (प्रकाशकः चितवन साहित्य परिषद, २०६३) पुस्तकको पृष्ठ ५ को *प्रकाशकीय* शीर्षकमा सरस्वती रिजाललाई आध्यात्मिक, सामाजिक, शैक्षिक लगायत भाषा साहित्यको क्षेत्रमा प्रखर रूपमा प्रबोधित भएकी उल्लेख गरेका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्णता पाएको छैन ।

छ) माधवप्रसाद घिमिरेले **बादलको घुम्टोभित्र** (प्रकाशकः चितवन साहित्य परिषद, २०६२) पुस्तकको पृष्ठ ख को *सौन्दर्य र प्रेमकी नायिका गायत्री* शीर्षकमा श्रेष्ठलाई सौन्दर्य र प्रेमकी नायिका भनी उल्लेख गरेका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्णता पाएको छैन ।

ज) गोविन्दराज विनोदीले **बादलको घुम्टोभित्र** (प्रकाशकः चितवन साहित्य परिषद, २०६२) पुस्तकको पृष्ठ ख *बादलको घुम्टोभित्र गीतिकवितासङ्ग्रहमाथि एक दृष्टि* शीर्षकमा प्रस्तुत साहित्यका स्रष्टा गायत्री श्रेष्ठलाई सरल भावनाकी धनी र सौन्दर्यकी पारखी भनी चिनाएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु यो सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्ण भएको छैन।

झ) प्रेमविनोद नन्दनले **प्रबोधन** (प्रकाशक: चितवन साहित्य परिषद, २०६३) पुस्तकको पृष्ठ ७ मा *शुभेच्छा* शीर्षकमा सरस्वती रिजाललाई क्लिष्ट शब्दालङ्कार र कटु वक्रोक्तिभन्दा सुरुचिपूर्ण सोद्देश्य अभिव्यक्तिलाई आफ्नै सरस र सरल शैलीमा भाव सम्प्रेषण गर्ने विशेषता हो भनी चिनाएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु यो सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्यस्रष्टाको परिचय पूर्ण भएको छैन ।

ञ) परशुप्रधानले **प्रवोधन** (प्रकाशक: चितवन साहित्य परिषद, २०६३) पुस्तकको पश्च आवरण पृष्ठमा सरस्वती रिजाललाई **प्रवोधन** का माध्यमबाट सिर्जना, शिक्षा र समाजसेवाको त्रिवेणी भनेका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचयले चितवनका नारी साहित्यस्रष्टाको परिचय पूर्ण भएको छैन।

ट) सीताराम कोइरालाले **संवादमा स्रष्टाहरू** (प्रकाशक: प्रगतिशील लेखक सङ्घ, काठमाडौं, २०६४) पुस्तकको पृष्ठ १३१, १४३ मा चितवनकी साहित्यकार गायत्री श्रेष्ठ *गीतहरू मैले आत्मसन्तुष्टिका लागि लेखेकी हुँ* सरस्वती रिजाल *लेख्दा म कुन पक्ष कति सबल छु* शीर्षकमा अन्तरवार्ता विचार र समीक्षा समावेश गरी वरिष्ठ साहित्यकारका रूपमा लिएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु सकारात्मक पहल हो तर दुईजना स्रष्टाको मात्र परिचयले चितवनका नारी साहित्य स्रष्टाको परिचय पूर्ण भएको छैन ।

ठ) रमेश प्रभातले **रामेश्वर पुस्तकालय स्मारिका** (प्रकाशक: रामेश्वर पुस्तकालय २०६४) को पृष्ठ १७२ *चितवनको साहित्यिक इतिहास* शीर्षकमा लेखी यहाँको नारी साहित्य स्रष्टाका २०६४ सालसम्ममा प्रकाशित कृति र तिनका लेखकहरू विधागत रूपमा उल्लेख गरी इतिहास लेखनको थालनी निरन्तरता दिएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय पर्नु यसको सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचय पूर्णता पाएको छैन ।

ड) मोहनराज शर्माले **केही कृति आफ्नै दृष्टि** (प्र. नेपाली लेखक सङ्घ, काठमाडौं, २०६५) पृष्ठ छ-ट मा *यो कृति नियाल्दा* शीर्षकमा चितवनका नारी साहित्य स्रष्टा गायत्री श्रेष्ठलाई सरल, सहज र स्पष्ट बुझ्ने बुझाउने समालोचनाको विटो लिएर झुल्केकी नारी

समालोचकको रूपमा चिनाएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु यो सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचय पूर्णता पाएको छैन ।

ढ) गोपाल पौडेल **प्रसङ्ग भ्रम र पात्रहरू** (प्रकाशक: अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृष्ठ ङ-च मा *प्रकाशकीय* शीर्षकमा स्रष्टा सरस्वती रिजाललाई दुई दशकदेखिका नेपाली साहित्यमा कथा, कविता र समालोचनाका क्षेत्रमा समर्पित स्रष्टाका रूपमा चिनाउदै नवीन र समकालीन रचनामा लाग्ने महान स्रष्टाका रूपमा लिएका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचय पूर्णता पाएको छैन ।

ण) रामबाबु घिमिरे **प्रसङ्ग भ्रम र पात्रहरू** (प्रकाशक: अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृष्ठ छ-ञमा *लेखिका र कथाकारिताको सन्दर्भमा* शीर्षकमा सरस्वती रिजाललाई वर्तमान पुस्ताकी सुपरिचित लेखिकाको रूपमा स्थापित गर्दै मुलत कथा विधामा नै लेखिका सबैभन्दा बढी मुखारित भएकीछिन् भनी चिनाएकी छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनुसकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्णता पाएको छैन ।

त) प्रदीप नेपालले **दृष्टि साप्ताहिक** बर्ष १६ अंक “२९ जेठ २०६६” मा *तीन नेपाली महिला कथाकार* शीर्षकमा चितवनका स्रष्टा सरस्वती रिजाललाई उल्लेख गर्दै आधुनिक युगकी सक्रिय र सशक्त नारी साहित्यकारको रूपमा चर्चा गरेका छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिनु यो सकारात्मक पहल हो तर एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्णता पाएको छैन ।

थ) ज्ञानु अधिकारीले **सम्प्रेषण**को अङ्क १८ (२०६६) मा गीता लामिछानेद्वारा प्रकाशित कवितासङ्ग्रह *म पनि गुराँस हुन पाए कृतिमा नारीवादी स्वर* शीर्षकमा स्रष्टालाई नारीवादी स्वर सशक्त रूपमा चित्रणगर्ने अग्रगामी प्रवृत्ति बोक्ने कवयित्रीका रूपमा चिनाएकी छन् । चितवनका नारी साहित्य स्रष्टाको परिचय दिए पनि एकजना स्रष्टाको मात्र परिचय दिनुले चितवनका नारी साहित्य स्रष्टाको परिचयले पूर्णता पाएको हुदैन ।

चितवन जिल्लाका साहित्यकार र उनका रचनाका बारेमा विभिन्न टीकाटिप्पणी तथा समालोचना गरिए पनि यहाँका नारी साहित्य स्रष्टाका बारेमा विस्तृत अध्ययन हुन भने सकेको छैन। **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** कृति प्रकाशित भएको छ तापनि चितवनको नारी साहित्य स्रष्टाको विस्तृत अध्ययन गर्न भने सकेको छैन । यसरी चितवन जिल्लामा रहेका नारी साहित्य स्रष्टाको समग्र अध्ययन हुनु आवश्यक रहेकोले उक्त विषयमा चासो राखी अग्रसर भएर यो शोध कार्य गरिएको हो ।

## १.५ शोधपत्रको औचित्य

चितवनका नारी साहित्य स्रष्टाका सामान्य चर्चा परिचर्चा बाहेक व्यवस्थित अध्ययन हालसम्म हुन सकेको छैन । प्रस्तुत शोधकार्यले चितवनका नारी साहित्य स्रष्टाको पहिचान गराएर नारी साहित्य स्रष्टाका कृतिगत अध्ययन र विश्लेषण पश्चात् ती कृतिहरूको महत्त्व सबैले बुझ्न सक्नेछन् । चितवनका नारी साहित्य स्रष्टाहरूको खोजी गरिसकेपछि यस अनुसन्धान कार्यले भावी दिनमा साहित्यानुरागी, सर्वसाधारण तथा अनुसन्धानकर्तालाई मार्ग निर्देशन गर्न सक्ने भएकाले यसको औचित्य स्पष्ट देखिन्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षकले सङ्केत गरेअनुसार चितवन जिल्लाको भौगोलिक परिसीमामा बाँधिएर चितवन जिल्लामा रहेर साहित्य रचना गर्ने नारी स्रष्टाहरू र तिनका कृतिहरूको सर्वेक्षण र विश्लेषण गरिनेछ । २०६६ साल चैत्र मसान्तपछि प्रकाशन गरिएका नारी साहित्यस्रष्टाहरूका कृतिहरूको अध्ययन नगर्नु यस शोध कार्यको सीमा रहेको छ ।

## १.७. सामग्रीसङ्लन र शोध विधि

यस शोधकार्यको तयारीका लागि सामग्री सङ्कलनको लागि सम्बन्धित लेखिकाहरूका घरदैलोमा पुगी प्रतक्ष अन्तवार्ताबाट जानकारी लिइएको छ । सामग्री सङ्कलनको लागि पुस्तकालयीय विधि अबलम्बन गरिएको छ । सङ्कलित सामग्रीको वर्गीकरण र विश्लेषण गर्ने क्रममा आगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि यस शोधपत्रलाई विभिन्न पाँच परिच्छेदमा निम्नानुसार विभाजन गरिएको छः

**क) परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेद अन्तर्गत शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य, प्राक्कल्पना, शोधकार्यको क्षेत्र र सीमाङ्कन, शोध विधि, शोधपत्रको रुपरेखा र उपसंहार  प्रस्तुत गरिएको छ ।

ख) **परिच्छेद दुईः चितवनका नारी साहित्य स्रष्टाका कृतिहरूको परिचय**

प्रस्तुत परिच्छेदअन्तर्गत चितवनका नारी साहित्यस्रष्टाहरूले गरेका साहित्यिक योगदान र कृतिहरूको उल्लेख गरिएको छ । यसअन्तर्गत चितवनको भौगोलिक परिचय, चितवनका वर्तमानसम्मका नारी साहित्य स्रष्टाहरू र तिनको विधागत चिनारी गराइएको छ ।

**ग) परिच्छेद तीनः चितवनका नारी साहित्य स्रष्टाका विकाश र परम्परा**

यस अतर्गत चितवनका नारी साहित्य स्रष्टाहरूका वर्तमानसम्मका कृतिहरू साहित्य रचना तथा साहित्यिक योगदानका कालगत रूपमा चरणहरू विभाजन गरिएको छ ।

**घ) परिच्छेद चारः चितवनका नारी साहित्यस्रष्टाका कृतिहरूको विश्लेषणात्मक अध्ययन**

यस परिच्छेद अन्तर्गत चितवनका नारी सहित्य स्रष्टाहरूको सम्पूर्ण कृतिहरूको विश्लेषण गरी रचनागत वैशिष्ट्य प्रस्ट पारिएको छ ।

**ङ) परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेद अन्तर्गत राष्ट्रिय स्तरको तुलनामा चितवनका नारी साहित्य स्रष्टाहरूको सर्वेक्षण र विश्लेषण गरिएको छ । यस जिल्लाबाट प्रकाशित नारी साहित्य स्रष्टाहरूको कृति र तिनका अवस्थाको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रका प्रत्येक परिच्छेदमा आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकहरू दिइएको छ । यसपछि सन्दर्भ सामग्री सूची समावेश गरिएको छ । यसलाई पनि सन्दर्भ ग्रन्थ सूची र सन्दर्भ पत्रिका सूची गरी दुई रूपमा प्रस्तुत गरिएको छ। यसरी शोधपत्रका आन्तरिक र बाह्य संरचनालाई आदिभाग, मध्यभाग र अन्तभागमा विभाजन गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

## चितवनका नारी साहित्यस्रष्टाका कृतिहरूको परिचय

### २.१ चितवन : एक परिचय

मध्यमाञ्चल विकास क्षेत्रमा रहेको चितवन जिल्ला समकोणीय त्रिभुज आकारमा फैलिएर रहेको छ । यस जिल्लाको लम्बाइ अन्ठानब्बे कि.मी. र चौडाइ करिब पच्चिस कि.मी रहेको छ । उत्तरी भागमा नवलपरासी, तनहुँ र गोरखा रहेका छन् भने दक्षिणी भागमा पर्सा र भारतीय भूभाग पर्दछन् । चितवन जिल्लालाई बहुजात, बहुभाषी र धर्मको साझा स्थल मान्न सकिन्छ । धेरै पछि मात्र बस्ती बस्न सुरु गरेकाले अधिराज्यका विभिन्न स्थानबाट आएर चितवनको बर्षौबासमा बृद्धि भएको देखिन्छ । चितवनको इतिहास हेर्ने हो भने यो ठाउँ आदिकालदेखि नै ऋषिमुनिहरूको तपस्या स्थलको रूपमा रहेको देखिन्छ । यस जिल्लाको नामकरणको सम्बन्धमा विभिन्न मतमन्तारहरू पाइन्छन् । संस्कृत भाषा स्रोतबाट आएको "चित्र" र "वन" शब्दको योगबाट निर्मित समस्त शब्द "चित्रवन"को तद्भव रूप नै "चितवन" हो भन्ने नारायणप्रसाद खनालको अभिमत रहेको पाइन्छ।[1]

यसै गरी लक्ष्मणप्रसाद गौतमकाअनुसार चितवन, चिताउन, चितौन, चितुन आदि अपभ्रंश नामहरू देखिए तापनि "चितवन" यस जिल्लाको शिष्ट नामको रूपमा प्रयोग गरिँदै आएको छ भनिएको छ ।[2] यस नामका बारेमा धेरै व्यक्तिहरूले भिन्नभिन्न परिभाषा र परिचय दिएका छन् । देवीप्रसाद शर्माकाअनुसार थारु जातिका गुरौले चित्रसेन राजाका नामका आधारमा चितवन नाम रहेको बताएका हुनाले सोहीआधारमा चित्तलवन, 'चितुवावन' 'चितवन' भन्ने शब्दको उत्पत्ति भएको कुरा बताएका छन् ।[3]

साहित्य भाषा, धर्म, परम्परा आदिबाट प्रभावित रहन्छ । यातायात सञ्चार आदिका सुविधा भएर पनि यस जिल्लाका पहाडी भूभाग कम विकसित रहेका छन् । लक्ष्मणप्रसाद गौतमका अनुसार चेपाङ (प्रजा), थारु, ब्राह्मण, नेवार, क्षेत्री, गुरुङ, तामाङ आदि जातिहरू यस जिल्लाका मूल बासिन्दा हुन् भने आदिवासीका रूपमा प्रजा र थारु जातिलाई लिइन्छ ।[4] हाल आएर सबै जाति र

---

[1] नारायणप्रसाद खनाल, *चितवन शब्दः निर्वचन प्रक्रियाको कसीमा* **विवेक** (वर्ष ५ अङ्क २, २०४६) पृ. १५४ ।

[2] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२)पृ.१ ।

[3] देवीप्रसाद शर्मा, *चितवनको ऐतिहासिक रूपरेखा,* **विवेक** ( चितवनः वर्ष ५ अङ्क २ २०४६)पृ.१ ।

[4] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान., २०५२)पृ.७।

धर्म मान्ने मानिसहरू यहाँ रहेका छन् । अधिराज्यका विभिन्न स्थानबाट आएर बसोवास गरेको हुनाले चितवनलाई छयहत्तरौं जिल्ला समेत भन्ने गरको पाइन्छ । धेरै भाषा, संस्कृति, रीतिरिवाज तथा रहनसहनको मिश्रणले चितवनको साहित्यिक माहोल विचित्रसँग फस्टाएको छ । मौलिक रूपमा लोकगाथा, लोकगीत, लोकनाटक, गाउँखाने कथा र उखान आदि लोकसाहित्यको विधाहरूबाटै साहित्य सिर्जना सुरुवात भएका छन् ।[५] त्यसमा पनि चितवनका आदिवासीका पराँती, झुमरी, लगनी, रास, ढिकुना, विरधनी, रण्डहवा, निगुण, सोरठी नामका लोकगीतको आफ्नै स्थान रहेको छ । विभिन्न चाडपर्व तथा कर्ममा गाइने गीत तथा सवाइहरू मौखिक साहित्य सिर्जना परम्पराका बाहक हुन् । लक्ष्मणप्रसाद गौतमका अनुसार चितवनका आदिवासी मौलिक संस्कृति र नेपालका पचहत्तरै जिल्लाका संस्कृतिको सम्मिश्रण भएर यस जिल्लामा भाषिक सांस्कृतिक विचित्रता थपिएको देखिन्छ ।[६] वर्तमान समयमा चितवनको भाषिक स्थिति अवलोकन गर्दा यहाँको भाषिक विविधताले पनि यो कुरालाई पुष्टि गरेको छ ।

## २.२ नारी साहित्य स्रष्टा : एक परिचय

हार्दिकता र बौद्धिकताको सन्तुष्टि उन्नयन गर्ने साहित्यले जीवन, समाज र युगको आवाज बोल्दछ। समाज र समय सापेक्ष साहित्यले मानिसमा मार्ग निर्देशन गरिरहेको हुन्छ । सृष्टि सञ्चालक र संरक्षक समेत रहेका नारीका बारेमा लेखिएका लेख-रचनाले नारीहरूका पीडा, व्यथा, जीवनी र सन्देशहरू वहन गर्दछन् । सामाजिक संस्कार, रीतिरिवाजले नारीहरूलाई पुरुषसरह अग्रगतिमा बढ्न दिएका छैनन् । लेख्ने पढ्नेसम्म अधिकार गुमाएका नारीहरू हाम्रो विगतको सामाजिक स्थिति परित्याग गर्दै वर्तमानमा तीव्र गतिमा अघि बढ्न पुगेका छन् । यस्ता नारीहरूको कथाव्यथाले भरिएर साहित्यकारका दृष्टि नारीहरूसम्म पनि पुगेका छन् । एकातिर नारीका भाव व्यक्त हुनु, अर्कोतिर नारी साहित्यस्रष्टा सक्षम बनेर क्रान्तिकारी स्वर उचाली अग्रगमनको दिशामा अघि बढ्नुले समाज परिवर्तन र विकासको सुनिश्चितता थपेको छ ।

सृष्टि सञ्चालनमा आधा हक बोकेका नारीहरू आफ्ना भाव, विचार र सन्देशले युगान्तकारी चेतना भर्न सदैव सक्षम छन् । नेपाली साहित्यमा नारी साहित्य स्रष्टा दिनानुदिन बढ्दो क्रममा

[५] पूर्ववत् पृ.७ ।
[६] पूर्ववत् पृ.३ ।

रहेका छन् । चुलो-चम्को र घरधन्दाको रेखदेखमा सीमित नेपाली नारी वर्तमानमा साहित्य सिर्जनमा प्रमुख भूमिका खेल्न पुगेका छन् ।

## क) हालसम्मका चितवनका सक्रिय नारी हस्ताक्षरहरू

| क्र.सं. | लेखकहरू |
|---|---|
| १ | सुवर्ण कक्षपति |
| २ | गायत्री श्रेष्ठ |
| ३ | सरस्वती रिजाल |
| ४ | शोभा राना |
| ५ | कल्पना कँडेल |
| ६ | चन्द्रबदना घिमिरे |
| ७ | श्रीमती मैना घिमिरे |
| ८ | प्रभा बराल |
| ९ | सरिता तिवारी |
| १० | सरला जोशी |
| ११ | कृष्णकुमारी सुवेदी |
| १२ | हिरादेवी पौडेल |
| १३ | कल्पना अधिकारी |
| १४ | विद्या भण्डारी 'चिराग' |
| १५ | सविता बराल |
| १६ | शीतल कादम्बिनी |
| १७ | कृष्णकुमारी महत |
| १८ | शारदा ढुङ्गाना |
| १९ | जमुना अधिकारी |
| २० | तारा बराल |
| २१ | कृपा श्रेष्ठ |
| २२ | गीता लामिछाने |
| २३ | कल्पना आचार्य |
| २४ | भावना शर्मा |
| २५ | नमुना शर्मा |
| २६ | शोभा वस्ती |
| २७ | सरिता गुरुङ |
| २८ | सामना पहाड |
| २९ | सजल नयन |
| ३० | निरुपा प्रसून |
| ३१ | कृष्णा पौडेल |
| ३२ | राधा पौडेल |
| ३३ | मैना घिमिरे |
| ३४ | सिन्धु गौतम |
| ३५ | कमला श्रेष्ठ |
| ३६ | ज्ञानु अधिकारी |
| ३७ | लक्ष्मी ढकाल |

## ख) कविता विधामा चितवनका नारी हस्ताक्षर

| **क्र.सं.** | **लेखक** | **कृति** | **मिति** |
|---|---|---|---|
| १ | सुवर्ण कक्षपति | मेरी धवला | २०४० |
| २ | सरस्वती रिजाल | एक झुल्को घाम | २०५१ |
| ३ | कल्पना कंडेल | प्रकृति-स्मृति | २०५३ |
| ४ | चन्द्रबदना घिमिरे | श्वेता दैहितृवियोग | २०५६ |
| ५ | श्रीमती मैना घिमिरे | दुःखीको पुकार | २०५६ |
| ६ | प्रभा बराल | शब्दहरू अविराम यात्रामा (सहलेखन) | २०५७ |

| | | | |
|---|---|---|---|
| ७ | लक्ष्मी ढकाल | शब्दहरू अविराम यात्रामा (सहलेखन) | २०५७ |
| ८ | सरिता तिवारी | बुद्ध र लाभाहरू | २०५७ |
| ९ | हिरादेवी पौडेल | जीवन कवितासङ्ग्रह | २०६१ |
| १० | विद्या भण्डारी 'चिराग' | इन्द्रेणीको गेट (बालकविता) | २०६२ |
| ११ | गायत्री श्रेष्ठ | बादलको घुम्टोभित्र | २०६२ |
| १२ | सविता बराल | माडी शोक समुन्द्र भाग -१ | २०६२ |
| १३ | शीतल कादम्बिनी | सुगन्ध यात्रा | २०६२ |
| १४ | कृष्णकुमारी महत | संयोग-वियोग | २०६२ |
| १५ | सरस्वती रिजाल | प्रबोधन | २०६३ |
| १६ | सरला जोशी | शब्दको सुवास | २०६३ |
| १७ | जमुना अधिकारी | नयन | २०६३ |
| १८ | तारा बराल | आक्रोश | २०६४ |
| १९ | विद्या भण्डारी 'चिराग' | नेपथ्यका कुरा | २०६४ |
| २० | कृपा श्रेष्ठ | विश्वासपछिको वियोग | २०६४ |
| २१ | गीता लामिछाने | म पनि गुराँस हुन पाए | २०६४ |
| २२ | कल्पना आचार्य | आमाभित्र देश | २०६५ |
| २३ | भावना शर्मा | जूनको आतङ्क (सहलेखन) | २०६६ |
| २४ | शारदा ढुङ्गाना | वसुन्धरा स्मृतिकाव्य | २०६६ |

## ग) उपन्यासमा विधामा चितवनका नारी हस्ताक्षर

| क्र.सं. | कृति | मिति | लेखक |
|---|---|---|---|
| १ | बेवारिसे | २०५२ | शोभा राना |
| २ | शिकार | २०५७ | शोभा राना |
| ३ | अन्तिम स्वीकार | २०५८ | सरला जोशी |
| ४ | अन्तिम द्वन्द्व | २०६२ | शारदा ढुङ्गाना |
| ५ | अचानो परेको जीवन | २०६३ | शारदा ढुङ्गाना |
| ६ | प्रश्न चिन्ह | २०६५ | शारदा ढुङ्गाना |

### घ) कथा विधामा चितवनका नारी हस्ताक्षर

| क.सं. | कृति | मिति | लेखक |
|---|---|---|---|
| १ | प्रेमदीप | २०६१ | कल्पना अधिकारी |
| २ | आमा | २०६२ | कल्पना अधिकारी |
| ३ | उत्ताउली | २०६४ | कल्पना अधिकारी |
| ४ | प्रसङ्ग भ्रम र पात्रहरू | २०६५ | सरस्वती रिजाल |

### ङ) समालोचना विधामा चितवनका नारी हस्ताक्षर

| क.सं. | कृति | मिति | लेखक |
|---|---|---|---|
| १ | देवकुमारी थापाको व्यक्तिŒव र कृति विश्लेषण | २०४६ | गायत्री श्रेष्ठ |
| २ | नारायणी अञ्चलका नारी साहित्य स्रष्टाहरू | २०६२ | गायत्री श्रेष्ठ र सरस्वती रिजाल |
| ३ | केही कृति केही दृष्टि | २०६५ | गायत्री श्रेष्ठ |

### च) निबन्ध विधामा चितवनका नारी हस्ताक्षर

| क.सं. | कृति | मिति | लेखक |
|---|---|---|---|
| १ | माया तथा लीला | २०६० | कृष्णकुमारी सुवेदी |

## २.३ उपसंहार

हालसम्म चितवनमा पुस्तक प्रकाशन (सहलेखन समेत) गर्ने सक्रिय नारी हस्ताक्षरहरू जम्मा छत्तिस जना रहेका छन् । सबैभन्दा बढी कविता विधामा कलम चलेको छ र यसमा जम्मा चौविसवटा पुस्तकहरू प्रकाशित भएका छन् । दोस्रो स्थानमा उपन्यास ६ वटा छन् भने चार कथासङ्ग्रह, तीन समालोचना र एउटा निबन्ध प्रकाशित भएका छन् ।

# परिच्छेद : तीन

## ऐतिहासिक दृष्टिमा चितवनका नारी साहित्यस्रष्टा

### ३.१ चितवन जिल्लाको साहित्यिक इतिहास

विविध जाति, धर्म, संस्कृति आदि रहेका चितवन जिल्लामा भाषिक विविधता पाइन्छ। २०११ सालपछि औलो उन्मूलन भएपछि बस्ती बसाल्न सुरु गरेपछि अधिराज्यका विभिन्न ठाउँबाट चितवन बसाइँ सरेका थिए । वि.सं. २०११ साल पूर्व थारु र चेपाङ जातिको मूल थलोको रूपमा रहेको चितवन वि. सं. २०११ सालमा रापतीदून विकास परियोजनाद्वारा विकासका चरणहरू थालिएपछि क्रमशः औलो उन्मूलन पनि हुँदै यहाँको बस्ती बाक्लिदै गएको थियो ।[७]अलिखित लोकसाहित्य र पहाडका विभिन्न ठाउँबाट ल्याइएका लोक साहित्यिक परम्परा नै केही समयसम्म सक्रिय रहे रहेका थिए । वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले थारु लोककथा **जितिया पावनी**लाई थारु भाषामै लिपिबद्ध गरी प्रकाशनमा ल्याउने कार्य गरेका छन् ।[८] त्यसैताका केही विद्यालयहरू खुले र शैक्षिक जागरण आयो । फलतः पहाडबाट आई बसोवास गरेका व्यक्तिहरूले नेपाली साहित्यको अध्ययन गर्न थालेका थिए । त्यसैबाट चितवनको साहित्यिक सिर्जना परम्पराको थालनी गरे । रामपुर क्याम्पसमा वि.सं. २०२२ सालमा भएको राष्ट्रिय साहित्य गोष्ठीले चितवनलाई ठूलो प्रभाव पार्‍यो ।[९]

वि.सं. २०२४ सालमा चितवनका जिल्ला स्तरीय साहित्य गोष्ठीको आयोजना भएको थियो। त्यसपछि वि.सं. २०२५ सालमा चितवनका ९ जना वरिष्ठ साहित्यकारका नेतृत्वमा **दोभान** साहित्यिक पत्रिकाको जन्म भएको हो । चितवन जिल्लाको प्रथम लिखित साहित्यिक परम्पराको थालनी यसैबाट भएको मानिन्छ ।[१०] यस पत्रिकाले नविनतम आधुनिक नेपाली साहित्यको झलक दिन पुगेको छ। विधागत रूपमा कथा, कविता, समालोचना, निबन्ध आदि फुटकर रचनाहरू खारिँदै यसमा प्रकाशित हुन थालेका थिए । साहित्यकार प्रेमविनोद नन्दनले यसैबाट अघि बढेर वि.सं.

---

[७] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान,२०५२) पृ.७ ।
[८] पूर्ववत् पृ.७ ।
[९] हरिहर खनाल, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका**(चितवनःउद्योग बाणिज्य संघ, चितवन,२०५७) पृ.८५ ।
[१०] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान,२०५२) पृ.७ ।

२०२३ सालमा **सपनीबाट व्युझेर** कवितासङ्ग्रह प्रकाशित गरेका थिए ।[११] जुन चितवनबाट प्रकाशित प्रथम मौलिक कृतिका रूपमा देखापरेको थियो। यद्यपि नन्दनले बन्दीपुरमा रहँदा वि.सं. २०११ सालमा **झटारो** र वि.सं. २०१५ सालमा **अञ्जली** गरी दुई गीति सङ्ग्रह प्रकाशित गरिसकेका छन् । साहित्यमा खारिएका नन्दनले सहयोग बटुल्दै आफ्नो नेतृत्वमा वि.सं. २०१८ सालमा नारायणी कलामन्दिरको स्थापना गरेका छन् ।[१२] जुन चितवनमा कला र साहित्यको जगेर्ना गर्ने उर्जाघरको रूपमा हालसम्म नै स्थापित भएको छ ।

वि.सं. २०२२-२३ देखि चितवन जिल्लाको साहित्यिक माहोल उर्वर रहेको थियो । यस समयमा विशेष गरी लक्ष्मीप्रसाद देबकोटा र माधवप्रसाद घिमिरेबाट थालिएको स्वच्छन्दतावादी धारा अंगालेर अघि बढ्ने समूह नै देखा परेको थियो ।[१३] अर्कोतिर आनन्ददेव भट्टको क्रियाशीलताको कारण प्रगतिवादी साहित्यकार पनि देखा पर्न थाले जसमा प्रेमविनोद नन्दन, हरिहर खनाल, रविकिरण निर्जीव र पद्मपाणि विरक्तिका कवितासङ्ग्रह यसै समयमा प्रकाशित भएका थिए। यो उर्वरता वि.सं. २०३० सालसम्म चलिरह्यो। चितवनका वरिष्ठ साहित्यकार लक्ष्मणप्रसाद गौतमले यस अवधिलाई चितवनको साहित्यिक यात्राको प्रथम चरण वा प्रारम्भिक काल भनी नामकरण गरेका छन् । यस बेलासम्म चितवनका केही नारी स्रष्टाहरू सलबलाए पनि कृति प्रकाशनतर्फ भने अघि बढ्न सकेका पाइँदैनन् ।

वि.सं. २०२८ सालको नयाँ शिक्षा नीतिले शिक्षा क्षेत्रमा निकै परिवर्तन आएपछि साहित्य त्यसबाट प्रभावित भएको थियो । राजनैतिक र शैक्षिक सचेतता भएका केही व्यक्तिहरू नयाँ शिक्षाको विरोधमा लागेका थिए ।[१४] स्रष्टाहरूमा पनि पहिलेको साहित्यिक जोस कम भयो । वि.सं. २०३३ सालमा युवा प्रतिभा अनिल सिग्देलले खण्डकाव्य र समालोचना सङ्ग्रह प्रकाशित गरेका थिए । त्यसपछि वि.सं. २०३६ सालको राजनीतिक चहलपहलसँग साहित्यिक चहलपहल बढ्न थालेको थियो। कोमलनाथ कोइराला र अनिल सिग्देलका कृतिहरू प्रकाशित भएका थिए ।

---

[११] हरिहर खनाल, ***चितवनको साहित्यिक प्रकाशन,*** **चितवन महोत्सव स्मारिका** (चितवनः उद्योग बाणिज्य संघ, चितवन, २०५७) पृ.८५।

[१२] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२)पृ.४ ।

[१३] पूर्ववत् पृ.३ ।

[१४] पूर्ववत् पृ.३ ।

वि.सं. २०३७ सालपछि चितवनको साहित्यिक गतिविधिमा भिन्नै प्रवृत्ति देखापर्न थालेको थियो। खुमनारायण पौडेल, गोविन्दराज विनोदी, होमनाथ सापकोटा, किशोरकवि मित्रलाल ढकाल, रेशमविरही घिमिरे, हरिहर खनाल, पोषराज पौडेल अादि साहित्यकारहरू जोश र जाँगरले साहित्यिक क्षेत्रमा उत्रिएका थिए । सामाजिक जनचेतना, अन्याय अत्याचारको विरोध र जीवन भोगाइका अनुभवहरू समेटिएर साहित्य रचना भए ।[१५] वि.सं. २०४६ साल सम्मको अवधिमा कथा, कविता र समालोचना बढी लेखिएको पाइन्छ ।

वि.सं. २०४६-४७ पछि देशमा आएको परिवर्तनले चितवनको साहित्यलाई नयाँ मोड दियो। विभिन्न विधामा कृतिहरू लेखिए । रामबाबु घिमिरे र रविकिरण निर्जीवका निबन्ध सङ्ग्रहहरू देखा परे । केशव भट्टराई र लीलामणि भट्टराईले उपन्यास लेखे । खुमनारायण पौडेल, गोविन्दराज विनोदी र विजयराज भट्टराईका कवितासङ्ग्रहहरू प्रकाशित भए। यतिबेलाका चितवनको साहित्य समकालीन नेपाली साहित्यको समकक्षमा पुग्न थालेको पाइन्छ । यसरी चितवनको साहित्य यात्राको वि.सं. २०३७-४६ सम्मको अवधिलाई दोस्रो चरण र वि.सं. २०४६-४७ पछिको समय उर्वर वा तेस्रो चरण भनी वर्गीकरण गरिएको पाइन्छ ।

## ३.२ चितवनका नारी साहित्यस्रष्टाहरूको साहित्य यात्रा र चरणहरू

चितवनका नारी साहित्यकारहरूले पछिल्ला समयमा मात्र साहित्यलेखनको अवसर प्राप्त गरेका छन् । देशको राजनैतिक, सामाजिक अवस्थाको परिवर्तन सँगसँगै नारी हुनुको पीडा समाज र परम्पराले दिएको जिम्मेवारी र समस्याहरूसँग जुद्धाको पीडा भोगाइ साहित्यका रूपमा प्रस्तुत भएका छन् । विभिन्न जिल्लाबाट बसाईं सरेर आएका चितवनवासीले शिक्षाको अवसर प्राप्त गरे पनि धरधन्दा र चुलो चम्काबाट नारीहरूले उम्कने अवसर पाएनन् । सीमित महिलाहरूले मात्र लेख्ने पढ्ने अवसर प्राप्त गरेका थिए । विभिन्न स्कुल तथा क्याम्पसको स्थापना, कला मन्दिर तथा धार्मिक भजन, प्रवचन आदि जस्ता सिर्जनात्मक कार्यमा चितवनका युवाहरू वि.सं. २०२० को दशकबाटै लाग्न थालेका पाइन्छन् । वि.सं. २०२२र०२३ देखि वि.सं. २०३० सम्मको अवधिमा चितवनका साहित्यकारहरूले निकै सक्रिय रहेका थिए । यो समय चितवनको साहित्य यात्राको प्रथम चरण हो भनी साहित्यकार लक्ष्मणप्रसाद गौतमले **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**मा

[१५] पूर्ववत् पृ.३ ।

उल्लेख गरेका छन् ।[१६] त्यसबेलासम्म साहित्य सिर्जनामा आकर्षित भएका नारी साहित्य स्रष्टाहरूले खासै प्रगति गर्न भने सकेका थिएनन् । वि.सं. २०२९ सालमा आफ्ना फुटकर कविता र लेखहरू लिएर यहाँका नारीहरू देखा परे । चितवनमा सर्वप्रथम साहित्यकार सरस्वती रिजाल र गायत्री श्रेष्ठ देखापरेका छन् । साहित्यकार सरस्वती रिजाल **मधुपर्क**, **मारुनी**, **वागीश्वरी** आदि विविध साहित्यिक पत्रिकाका लेख रचनाहरूमा देखा परेकी हुन् । अर्की वरिष्ठ नारी साहित्य स्रष्टा गायत्री श्रेष्ठ यसै समयमा **मधुपर्क**, **गरिमा**, **समकालीन साहित्य**, **गोरखापत्र**, **मधूलिका मारुनी**, **वागीश्वरी**, **मधुश्री** आदि पत्रिकाहरूबाट चिनिन पुगेकी छिन् । यी दुई सहित्यकार समकक्षी हातेमालो गर्दै अघि लम्कने प्रयास गरिरहेका भेटिन्छन् ।

वि.सं. २०२८ सालमा चितवनमा प्रयोगको रूपमा नयाँ शिक्षा योजना लागु भएपछि शिक्षामा निकै परिवर्तन आएको हो । शैक्षिक सचेतता भएका केही व्यक्तिले त्यसको विरोध गरे । केही वर्षपछि फेरि यहाँका साहित्यकारहरूमा जोस र जाँगर आएको थियो ।[१७] वि.सं. २०३६ सालको राजनैतिक वातावरणले भने साहित्यिक चहलपहल बढेको थियो । चितवनका नारी साहित्य स्रष्टा केही पृष्ठभूमि मै रहे भने कोही पत्रपत्रिकामा अन्याय, अत्याचार, सामाजिक, राजनैतिक अन्यायको विरोधमा लागे । पत्रपत्रिकामा सीमित नारी साहित्य स्रष्टाहरूको इतिहासलाई तोड्दै वि.सं. २०४० सालमा चितवन नारायणगढमा केही समय स्थायी बसोवास गरेकी श्रीमती सुवर्ण कक्षपतिले **मेरी धवला** कृति प्रकाशन गर्न पुगिन् । चितवनका नारी साहित्य स्रष्टाहरूको इतिहासमा प्रथम पुस्तकका रूपमा प्रकाशित यस पुस्तकका केही सबल र दुर्बल पक्षहरू देखापरे । कविता र कथा दुबै विधा पुस्तकमा समावेश छन् । यसमा प्रकृतिलाई बिम्बका रूपमा स्थापित गर्दै समाजिक अन्याय, कुरीति र कुसंस्कारको विरोध छन् ।

यसरी नै वि.सं. २०४५ सालसम्म अघि बढेको चितवनको नारी साहित्य स्रष्टाहरूका प्रयासहरू मात्र पृष्ठभूमिमा रहेका छन् । कलात्मक सौन्दर्यवोधको कमी, मिश्रित साहित्यिक विधा भएका कारण र छोटो समय मात्र चितवनवासी बनेर कृति प्रकाशित भएका कारण तथा आन्तरिक र बाह्य संरचना शिथिल देखिए पनि **मेरी धवला**लाई चितवनका नारी साहित्य स्रष्टाहरूको प्रथम

[१६] पूर्ववत् पृ.४ ।
[१७] पूर्ववत् पृ.४ ।

कृतिको रूपमा लिइएको छ । यसरी २०४० सालभन्दा अघि नारीहरूका कृति प्रकाशन नभएकाले यस अघिको साहित्य लेखनका प्रयासहरूलाई पृष्ठभूमिकालमा राखिएको छ ।

चितवनका नारी साहित्य स्रष्टाहरूले गायत्री श्रेष्ठ र सरस्वती रिजालको सक्रियताबाट साहित्य लेखनको सुरुवात गरेका थिए । २०२० को दसकदेखि हालसम्म ४ दशक लामो इतिहास पार गरेर आएका देखिएका छन् । चितवनका नारी साहित्य स्रष्टाहरूको साहित्य यात्रा र चरणहरूलाई निम्न दुई चरणमा विभाजन गरिएको छः

**क) प्रथम चरण वि.सं. २०४०-२०६१**
**ख) द्वितीय चरण वि.सं. २०६२ देखि हालसम्म**

### ३.२.१ प्रथम चरण (वि.सं. २०४० देखि २०६१ सम्म)

चितवनका नारी साहित्य स्रष्टाहरूको प्रथम कृतिको रूपमा वि.सं. २०४० सालको **मेरी धवला**लाई लिइएको छ । सुवर्ण कक्षपतिको **मेरी धवला** कविता र कथाहरूको संगालो हो । दुबै विधामा उनको विद्रोहको स्वर पाइन्छ । उनी नारी मुक्तिको आवाज उठाउने कवयित्री हुन् । चितवनका नारी साहित्य स्रष्टाहरू विशेषतः २०४६ सालको आन्दोलन र परिवर्तनपश्चात् सक्रिय रहेका पाइएका छन् । लामो समय साहित्य साधनामा लागेकी चितवनकी साहित्यकार गायत्री श्रेष्ठको वि.सं. २०४६ सालमा **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** प्रकाशित भएको छ । मुख्यतः शोध कार्यमा आधारित यस कृतिलाई समालोचना ग्रन्थका रूपमा लिइएको छ। विशुद्ध समालोचना ग्रन्थ हो र विधागत रूपमा छुट्टिएको चितवनको नारी साहित्यस्रष्टाको प्रथम पुस्तकको रूपमा यसलाई लिइएको छ । समालोचना विधामा चितवनबाट प्रथम पटक कलम चलाएर नारी कै जीवनी विश्लेषित हुनु यसको सबल पक्ष मानिएको छ ।

यस अवधिमा भने धेरै नारीहरूले शिक्षाको अवसर प्राप्त गरेका थिए । सहरी क्षेत्रका नारीहरू साहित्य रचनामा लागेका थिए भने चितवनकै ग्रामीण तथा भारतको सिमानामा रहेका ठाउँहरूमा साहित्यिक चहलपहल भेटिएका थिएनन् ।[१८] यस अवधिमा प्रकाशित थप कृतिहरूमा सुवर्ण कक्षपतिको **मेरी धवला** सरस्वती रिजालको **एक झुल्को घाम** (२०५०), शोभा रानाको **बेवारिसे** (२०५२), **प्रकृति स्मृति** (२०५३) कल्पना कँडेलको कृति, चन्द्रवदना घिमिरेको **श्वेता**

---

[१८] सरस्वती रिजाल र गायत्री श्रेष्ठ, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.१३ ।

दौहितृवियोग (२०५६), मैना घिमिरेको **दुःखीको पुकार** (२०५६), शोभा रानाको **शिकार** (२०५६) उपन्यास, प्रभा वराल र लक्ष्मी ढकालको **शब्दहरू अविराम यात्रामा**, सरला जोशीको **अन्तिम स्वीकार** (२०५८), कृष्णकुमारी सुवेदीको **माया तथा लीला** (२०६०) निबन्ध, हिरादेवी पौडेलको **जीवन** कवितासङ्ग्रह (२०६१) र कल्पना अधिकारीको **प्रेमदीप** कथासङ्ग्रह (२०६२) रहेका छन् ।

यस अवधि वा चरणमा समालोचना, कथा, कविता र निबन्ध आदि विधागत विविधता रहको छ । संरचनात्मक दृष्टिले आन्तरिक र बाह्य संरचना सबल रहेको छ । देशको सामाजिक र राजनैतिक अवस्थाको प्रभाव रहेको छ । कृतिहरूको प्रकाशनको सुरुवात भएको छ । मानिसका जीवनमा आइपर्ने दुःख, पीर र पीडा आदिका कथाव्यथा रहेको छ । प्रेमप्रणयका कथा र जीवनको विविध पक्षको प्रस्तुति तथा प्रकृतिका विविध स्वरूपको चित्रण र वैयक्तिक तथा निजी अनुभूतिको प्रस्तुति रहेको छ । निरङ्कुश शासन व्यवस्थाप्रतिको असन्तुष्टि र विद्रोहको अभिव्यक्ति पाइएको छ। सरल भाषाशैलीको प्रयोग रहेको छ । भावानुकूलता तथा बिम्व र प्रतीकको प्रयोगका रहेको छ । यस कवितामा प्रयोगधर्मिता पाइएको छ । केही कृतिमा संरचनात्मक कमजोरीहरू पनि रहेका छन्।

### ३.२.२ द्वितीय चरणः वि.सं. २०६२ देखि हालसम्म

वि.सं. २०६२ सालदेखि चितवनका नारी साहित्यकारहरूमा पनि देशको विभिन्न परिवर्तनले प्रभाव पारेको देखिन्छ । जनआन्दोलन, दमन, बन्द, हत्या १० बर्से माओवादी सशस्त्र आन्दोलनको प्रभाव आदि विविध कारण नारी साहित्य स्रष्टाहरू खुबै चलमलाएका देखिएका छन् । बर्षमा एक-दुई कृति प्रकाशन हुने नारी साहित्य स्रष्टामा एकैचोटि वि.सं. २०६२ सालमा ८ वटा कृतिहरू प्रकाशन भएका छन्। संरचनाका दृष्टिले पनि उत्तिकै सशक्तता पाइन्छ । बाल गीत, बाल मनोविज्ञानको क्षेत्रमा नयाँ मूल्य स्थापित गर्न सफल विद्या भण्डारी 'चिराग'को पहिलो कृति **इन्द्रेणीको गेट** (२०६२) यसै चरणका आएको छ ।

गायत्री श्रेष्ठ र सरस्वती रिजालका **साहित्यमा नारी अञ्चलका नारी हस्ताक्षर** नामक समालोचना यसक्षेत्रको उच्च सफल कृति मानिएको छ । शीतल कादम्बिनीको **सुगन्धयात्रा** गजलसङ्ग्रह अर्को हलचल मच्चाउन सफल कृति यसै समयमा प्रकाशित भएको थियो ।

शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** (वि.सं. २०६२) उपन्यास, कल्पना अधिकारीको **आमा** कथासङ्ग्रह (२०६२), गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र** (२०६२), कवितासङ्ग्रह र सविता

बरालको **माडी शोक समुन्द्र भाग १** (२०६२), सालमा प्रकाशित कृतिहरू हुन् । त्यसैगरी वि.सं. २०६३ सालमा पनि नारी साहित्य स्रष्टाहरू पत्रपत्रिका तथा एफ. एम. हरूमा बढी सहभागी बनेका छन् । कविता र गजलका कार्यक्रममा सहभागी बन्दै चितवनलाई गजलको राजधानी बनाउने प्रयास थालेका थिए । कृति प्रकाशनलाई हेर्दा सरस्वती रिजालको **प्रबोधन** कवितासङ्ग्रह (२०६३), सरला जोशीको **शब्दको सुवास** गजलसङ्ग्रह(२०६३), शारदा ढुङ्गानाको **अचानो परेको जीवन** उपन्यास २०६२, जमुना अधिकारीको **नयन** (२०६३), कृष्णकुमारी महतको **संयोग-वियोग** गजलसङ्ग्रह (२०६३) प्रकाशित भएका छन् । यसरी वि.सं. २०६२-२०६३ लाई चितवनका नारी साहित्य स्रष्टाहरूको स्वर्ण समयको रूपमा लिन सकिन्छ । यस चरणका साहित्यानुरागी नारीहरूको संख्यामा बृद्धि भएको छ । यस चरणमा बालसाहित्य, बालमनोविज्ञान, गजल, उपन्यास तथा समालोचनामा कलम चलेको छ । नारी साहित्यनुरागीको बाहुल्य रहेको छ । नारी साहित्यस्रष्टाका लेखहरूमा उन्मुक्त वातावरण र चाहनाको प्रकटीकरण भएको पाइन्छ । बालचाहना र बालमनोविज्ञानलाई समेटेर बालसाहित्यिक कृतिहरू प्रकाशित भएको छ । प्राकृतिक वर्णन, स्वच्छन्दवादी कविताको रचना, जीवनी र समालोचना आदिमा कलम चलेका छन् । यथार्थवादी, समसामयिक र ग्रामीण परिवेशलाई लिएर साहित्य रचना भएको छ । पत्रपत्रिकाहरूमा कविता विधामा उल्लेख्य उपस्थिति रहेको छ । निरङ्कुश शासनव्यवस्थाप्रतिको असन्तुष्टि, विद्रोह र क्रान्तिचेतनाको अभिव्यक्ति पाइएको छ । नारी साहित्यकारहरूका लेखहरूमा प्रणयपरक र रागात्मक प्रस्तुति रहेको छ । लेख रचनाहरूमा बिम्व र प्रतीकको प्रयोग रहेको छ । समालोचना, हास्यव्यङ्ग्य, उपन्यास, कविता, कथा, गजल, लघुकथा आदि विधामा कलम चलेको छ । हत्या, हिंसा, आतङ्क, शोषण र पीडा आदिको कारूणिक अवस्थाको चित्रण पाइएको छ ।

यस चरणका सक्रिय नारी साहित्यकारहरू भावना शर्मा, नमूना शर्मा, सिन्धु गौतम, लक्ष्मी ढकाल, कल्पना कँडेल, सरिता तिवारी, मैना घिमिरे, राधा पौडेल आदि रहेका छन् ।

वि.सं. २०६४ सालदेखि चितवनका नारी साहित्यकारहरूको संख्या र कृति रचनामा बृद्धि भएको पाइन्छ । वि.सं. २०६२,६३ जस्तो सशक्तता नआए पनि वि.सं. २०६४ देखि हालसम्म नारी साहित्य स्रष्टाहरू निरन्तर संलग्न रहिआएका पाइन्छन् । राष्ट्रिय दैनिक पत्रिकादेखि लिएर स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरूमा दैनिकजसो गजल रचना गरेर सुनाउने लहर नै चलेको छ।

यस समयमा कल्पना अधिकारीको **उत्ताउली** कथासङ्ग्रह, (२०६४) र **आमाभित्र देश**(२०६५) प्रकाशित भएका छन् । त्यस्तै तारा बरालको चम्पूकाव्य **आक्रोश** (२०६४) विद्या भण्डारी 'चिराग'को **नेपथ्यका कुरा** गजलसङ्ग्रह (२०६४), गीता लामिछानेको **म पनि गुराँस हुन पाए** कवितासङ्ग्रह (२०६४), सरस्वती रिजालको **प्रसङ्ग भ्रम र पात्रहरू** लघुकथासङ्ग्रह (२०६५) तथा शारदा ढुङ्गानाको **प्रश्नचिन्ह** उपन्यास र **बसुन्धरा स्मृतिकाव्य** (२०६५) प्रकाशित भएका छन् ।

## ३.३ उपसंहार

वि.सं. २०६२ सालदेखि चितवनका नारी साहित्यकारहरूले कृति प्रकाशनमा तीब्रता दिएका छन्। चितवनका नारी साहित्य स्रष्टाहरू दिन प्रतिदिन चलमलाएका देखिएका छन् । नारी साहित्य स्रष्टाका लेखहरूमा उन्मुक्त वातावरण र चाहनाको प्रकटीकरण भएको छ । नारी साहित्यकारहरूको संख्या र कृति रचनामा बृद्धि भएको छ । समालोचना, हास्यव्यङ्ग्य, उपन्यास, कविता, कथा, गजल, लघुकथा आदि विधामा कलम चलेको छ । नारी साहित्यकारहरूका कृतिमा हत्या, हिंसा, आतङ्क, शोषण र पीडा आदिको कारूणिक अवस्थाको चित्रण पाइएको छ ।

# परिच्छेद : चार

## चितवनका नारी साहित्यस्रष्टाका कृतिहरूको विश्लेषणात्मक अध्ययन

चितवनका नारी साहित्यकारहरूमा देशमा भएको विभिन्न परिवर्तनले प्रभाव पारेको देखिन्छ। जनआन्दोलन, दमन, बन्द, हत्या १० बर्षको माओवादी सशस्त्र आन्दोलनको प्रभाव आदि विविध कारणवाट नारी साहित्यस्रष्टाहरू खुबै चलमलाएका छन् । चितवन जिल्लामा पनि नारी स्रष्टाहरूको अमूल्य योगदान रहेको छ । साहित्यका विविध विधामा कलम चलाउन सक्षम यहाँका नारी सर्जकहरू सजग र प्रख्यातसमेत रहेका छन् । नारी अस्मिता, महिला मुक्तिका टीकाटिप्पणीदेखि लिएर समीक्षा, समालोचना, निबन्ध, कथा, कविता, गीत र गजलका माध्यमबाट साहित्यलाई नै उर्वर बनाउँदै लगेका छन् । यहाँ हालसम्मका चितवनका कृतिहरू प्रकाशित गर्ने नारी साहित्य स्रष्टा र तिनका कृतिहरूको समीक्षा गरिएको छ ।

## ४.१ सुवर्ण कक्षपति

चितवनका नारी साहित्यकारहरूमा  सर्वप्रथम कृति प्रकाशन गर्ने नारी साहित्य स्रष्टाका रूपमा सुवर्ण कक्षपतिलाई लिइएको छ । उनी एक कुशल कथाकार र कवयित्रीका रूपमा चिनिन्छन्। **मेरी धवला** कथा र कविता दुबैको संगालोको रूपमा देखा परेको थियो । वि.सं. २०१५ सालमा तनहुँमा जन्मेकी कक्षपतिले बिवाहपश्चात् केही समय नारायणगढमा बिताएकी थिइन् । उनको **मेरी धवला** कवितासङ्ग्रह वि.सं. २०४० सालमा प्रकाशित भएको थियो । उनका कवितामा विद्रोही स्वर पाइन्छन् । यिनका कविताले नारी मुक्तिको लागि आह्वान, शोषणको विरोध, सामन्तप्रतिको व्यङ्ग्य, काल्पनिक र भावुक उडानको अभिव्यक्ति, उदात्तप्रेम, प्रकृतिप्रेम आदि विविध विषयवस्तुहरूलाई संवहन गरेका छन् ।

### ४.१.१ मेरी धवला

**मेरी धवला** सुवर्ण कक्षपतिको कविता र कथाहरूको संगालो हो । **मेरी धवला** कवितासङ्ग्रह वि.सं. २०४० सालमा प्रकाशित भएको थियो ।  उनी नारी मुक्तिको आवाज उठाउने

कवयित्री हुन् । यस सङ्ग्रहमा जम्मा दशवटा गद्य कविताहरू रहेका छन् । **मेरी धवला** शीर्षकबाट नै प्रकृतिप्रेमको अनुमान गर्न सकिन्छ । धवलागीरीलाई धवला भनी सम्बोधन गरिएको छ ।

## ४.१.१.१ विषयवस्तु

**मेरी धवला** उनको कविता र कथाहरूको संगालो हो । दुबै विधामा उनको विद्रोहको स्वर पाइन्छ। उनी नारी मुक्तिको आवाज उठाउने कवयित्री हुन् । यस सङ्ग्रहमा जम्मा दशवटा गद्य कविताहरू रहेका छन् । समालोचक लक्ष्मणप्रसाद गौतमका अनुसार **मेरी धवला**मा प्रकृति प्रेमको माध्यमबाट शोषित पीडित नेपालीहरूको अवस्थालाई देखाउन खोजिएको छ ।[१९] नेपाली जनताका बीचमा रहेका असमानता, शोषण, दमन, अन्याय र थिचोमिचो एवम् दुःखद अवस्था देखेर यहाँ धवलागीरी हिमाल रोइरहेको अनुभूति प्रकट गरिएको छ । यस कृतिमा नारी मुक्तिको स्वर, शोषणको विरोध पाइन्छ भने कतै पर्याप्त प्रकृतिप्रेमका भावहरू यसरी व्यक्तिएको पाइन्छन् :

धवला मेरी मायालु धवला, तिमी रोयौ, काला बादलको घुम्टोले मुख छोपेर
अनि ढुङ्गा बोकेर खोलामा बाँच्ने तिम्रा अभागी सन्तानहरू
त्यसैले तिम्रो नयनमा सधैं असह्य वेदनाका जल भरिएका हुन्छन् । (पृष्ठ १२)

धवलागिरिलाई नेपालीसँग सापेक्ष गर्दै धवलागीरीको आँशु पुछिनु नेपालीको आँशु पुछिनु हो भन्दै रोइरहेको धवालगिरिको आँसु पुछिने आशावादी स्वर अभिव्यक्त छन् :

अब नरोऊ तिम्रो व्यथा बुझ्ने यहाँ तिम्रै सन्तति जन्मिसकेका छन्
तिम्रो अनुहारको चाया हटाउने ज्योतिपुञ्ज उदाइसकेको छन् । (पृष्ठ १३)

जनबोली र जनआवाजलाई ज्वलन्त पार्दै उनको यस कृतिमा जन अभिव्यक्ति पाइन्छ । एक अनुभव एक अभिव्यक्तिका पङ्क्तिले समाजको स्वाभावलाई व्यक्त गरेको छ । आजका मानिसहरू शोषित पीडित छन् । जतिसुकै महल भए पनि मानवता हराएर दानवताको बास भएको छ । दुःखीको झुपडीमा मात्र मानवीयता भेटिन्छ । कर्मचारीतन्त्रद्वारा पीडित जनतालाई देखेर यस्ता भावहरू व्यक्त भएका छन् ।

[१९] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२)पृ.६७ ।

समाजमा विद्यमान आर्थिक विषमता, हुकुमी शासनको मनपरी, शोषित भएर बस्नुपर्ने पीडा आदिबाट जनता असन्तुष्ट देखिन्छन् । कवयित्रीले यिनै जनसाधरणका भावनाको प्रतिनिधित्व गरेको बोध हुन्छ । परजीवी भएर बाँच्नुलाई जीवनको सार्थकता होइन भन्दै धमिलिएको समाजलाई उनी स्वच्छ बनाउन चाहन्छिन् । *अतृप्त आत्माका सपनाहरू* यस सङ्ग्रह भित्रको उत्कृष्ट कविता हो । यो काव्यतार्Œवक दृष्टिले यिनका अरु कविताभन्दा उच्च रहेको देखिएको छ । समालोचक लक्ष्मणप्रसाद गौतमका अनुसार यस कवितासङ्ग्रहका अधिकांश कवितामा कलात्मक सौन्दर्यबोधको न्यूनता छ । मुक्तिका लागि सङ्घर्षका अभिव्यक्तिलाई कुनै न कुनै रूपमा देखाएर क्रान्तिका लाीग आह्वान नै कविताको साध्य बनेको छ ।[२०]

**मेरी धवला** भित्र केही कथाहरू पनि सङ्कलित भएका छन् । उनका कथामा चेतनशील युगको बारेमा उल्लेख छ । कतै प्रेम रसका कुराहरू उठेका छन् । सच्चा प्रेम सुदृढ हुन्छ भन्दै प्रेमको वर्णन गरिएको छ । जातीय भेदभाव त्यागेर समानताको आवाज उठाएको छ । सामाजिक अन्याय र अत्याचारको विरोध गर्दै आर्थिक विषमता, जातिवाद, हुकुमी प्रवृत्तिविरूद्ध आवाज उठाएर समाज परिवर्तन गर्न चाहेको देखिन्छ ।

### ४.१.१.२ संरचना

कविता र कथा दुबै विधालाई समावेश गरिएको यो सङ्ग्रह अलग्गै विशेषता बोकेको कृति हो । गद्य कविता तथा छोटा खालका कथाहरूबाट भने एकै खालको सन्देश प्राप्त हुन्छ । कवितासङ्ग्रहका अधिकांश कविताहरूमा कलात्मक सौन्दर्यबोधको न्यूनता पाइन्छ । बाह्य रूपमा कविताका विविध विषयवस्तु र आन्तरिक रूपमा क्रान्तिधर्मिता यस कविताको साध्य बनेको छ ।

### ४.१.१.३ निष्कर्ष

कवयित्री सुवर्ण कक्षपति प्रकृतिप्रेमी कवयित्री हुन् । उनी समाजका विभिन्न विकृतिको विरोधी हुन्। उनले सरल भाषाशैलीमा व्यक्ति मनका वास्तविक सोचलाई साहित्यिक रूपमा व्यक्त गरेकी छन् । नितान्त स्वान्तः सुखाय लेखिएको भनिए पनि समाजप्रति ठूलो योगदान रहेको छ ।

---

[२०] पूर्ववत् पृ.६८

## ४.२ गायत्री श्रेष्ठ

गायत्री श्रेष्ठको जन्म वि.सं. २००७ सालमा इलाम बजारमा भएको थियो । इलामको रसिलो, हरियाली र सुन्दर वातावरणले उनमा अमिट छाप परेको छ । बाल्यकालदेखि नै साहित्यप्रेमी बनेकी श्रेष्ठ समालोचना विधामा बढी प्रखर रूपमा उभिएकी छिन् । स्कुले जीवनदेखि नै उनी कथा, गीत, नियात्रा एवम् समालोचना लेखनमा लागेकी थिइन् । श्रेष्ठको जीवन चितवनका साहित्यिक धरोहरको उन्नतिसँग मलजल पाएर हुर्किएको देखिन्छ । गायत्री श्रेष्ठ चितवनकी सशक्त र क्रियाशील नारी हस्ताक्षर हुन् । समालोचना, निबन्ध, संस्मरण, गीत र अन्य लेखनहरूमा समेत कलम चलाउने गायत्री श्रेष्ठका रचनाहरू **मधुपर्क**, **गरिमा, समकालीन साहित्य, गोरखापत्र, मधूलिका मारुनी, वागीश्वरी, मधुश्री** आदि विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् ।[२१] **मारुनी, वनअङ्कुर, चितवन स्मारिका** आदि विभिन्न पत्रिकाको सम्पादन समेत गरेकी श्रेष्ठ लामो समयदेखि चितवनमै प्राध्यापकीय जीवन बिताइरहकी छन् ।

प्रभावपरक समालोचना, प्रणयपरक गीत, वस्तुपरक निबन्ध र आत्मपरक संस्मरण उनका रचनाहरूका विशेषता रहेका पाइन्छन् । श्रेष्ठका हालसम्म **देवकुमारी थापाको व्यक्तिŒव र कृति विश्लेषण** समालोचना (२०४६), **बादलको घुम्टोभित्र** गीतिसङ्ग्रह (२०६२), **साहित्यमा नारायणी अञ्चलका हस्ताक्षरहरू** समालोचना (सहलेखन २०६२) र **केही कृति आफ्नै दृष्टि** समालोचना ( २०६५) प्रकाशित भैसकेका छन् । फुटकर रचना तथा पत्रपत्रिकाहरूमा लेखनमा रूचि राख्ने श्रेष्ठका साहित्यिक रचनाहरू प्राप्त भएका छन् ।

समालोचक केदारनाथ खनालका अनुसार चितवनकी नारी हस्ताक्षरहरूमध्ये अग्र पङ्क्तिमा आएकी कवयित्री, गीतकार तथा समालोचक गायत्री श्रेष्ठ मोफसलमा रहेर पनि नेपाली भाषा साहित्यको श्रीबृद्धिमा महŒवपूर्ण योगदान पुर्‍याइरहकी छन् ।[२२] व्यक्तिगत रूपमा मृदुभाषी, मिजासिलो स्वभाव र सहयोगी भावनाले गर्दा चितवको साहित्य सिर्जनाको पूर्वार्द्धमा उनलाई प्राप्त गर्नु गर्वको विषय मानिएको छ ।

---

[२१] सरस्वती रिजाल, गायत्री श्रेष्ठ **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः :नारायणी कला मन्दिर, २०६२) पृ.१२ ।

[२२] केदारनाथ खनाल, *प्रकाशकीय* **बादलको घुम्टोभित्र,** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद् २०६२) पृ.६ ।

## ४.२.१ देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण

**देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** गायत्री श्रेष्ठको वि.सं. २०४६ सालमा प्रकाशित कृति समालोचनात्मक हो । चितवनका नारी साहित्य स्रष्टाहरूमा सर्वप्रथम समालोचना प्रकाशित गरेर उनले नेपाली साहित्यको समालोचना विधामा योगदान पुऱ्याएकी छिन् । यो शोधपत्रका बाह्य संरचनात्मक ढाँचामा लेखिएको कृति हो । ५४ पृष्ठको यस कृतिमा समालोचक श्रेष्ठले देवकुमारी थापाको कथाकारिताको अध्ययन गरेकी छन् ।[२३] यस कृतिमा थापाको कथाकारिता र पारिवारिक पृष्ठभूमि दुई क्षेत्र बनाउदै उल्लेख गरिएको छ । व्यक्तिको पारिवारिक व्यक्तिŒव र साहित्यिक व्यक्तिŒव दुई फरक दृष्टिबाट व्यक्ति परिचय दिँदै समालोचना तयार पारिएको छ ।

### ४.२.१.१ कृतिमा व्यक्त विविध पक्ष

**देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** समालोचना शीर्षकबाटै कृतिको विषयवस्तु बोध हुन जान्छ । यसमा थापाको दुई फरक व्यक्तित्वलाई फरकफरक रूपबाट अध्ययन गरी चिनाइएको छ । *पारिवारिक व्यक्तित्व* र *साहित्यिक व्यक्तित्व* फरक शीर्षक दिएर विस्तृत अध्ययन गरिएको छ । पहिलो शीर्षकमा देवकुमारी थापाको पूर्वज, उनको जन्मस्थान र बाल्यकालका बारेमा चिनारी दिइएको छ । शिक्षा र साहित्य व्यक्तित्वको पूर्वाभ्यासमा उनको शैक्षिक स्थिति र साहित्यिक क्षेत्रमा लागेको कुरा बोध गराइएको छ । विवाह, सामाजिक उत्तरदायित्व र गृहस्थमा देवकुमारीको वैवाहिक अवस्था, उनको सामाजिक र पारिवारिक व्यक्तित्वका बारेमा चिनारी दिइएको छ । पारिवारिक चिनारी दिने क्रममा यस खण्डमा थापाको सूक्ष्म र सामान्य पारिवारिक कुराहरू पनि समावेश भएका छन् ।[२४] घरको प्रकृति, घरकुरूवा कुकुरको चित्रण आदि उल्लेख गर्दै सतही प्रवृत्तिबाट लेखिएको देखिन्छ । दोस्रो खण्डको रूपमा थापाको साहित्यिक व्यक्तित्व अन्तर्गत नेपाली कथा साहित्यको सन्दर्भ र पृष्ठभूमि उपशीर्षकमा नेपाली कथालेखनको पृष्ठभूमि रहेको छ । त्यसमा देवकुमारी थापाको कथालेखन र योगदानबारे चर्चा गरिएको छ । थापाको कथालेखनको थालनी कथालेखनमा प्रेरणाका स्रोतको उल्लेख गर्दै *प्रवेश र प्रेरणा* शीर्षकमा साहित्यिक योगदानका

---

[२३] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान २०५२) पृ..११२ ।

[२४] पूर्ववत् ।

पूर्वाद्धको चर्चा गरिएको छ । समसामयिकता समवर्ती उत्तरवर्ती कथाहरू शीर्षकमा श्रेष्ठले देवकुमारी थापालाई केन्द्रविन्दु मानेर उनका विभिन्न समयका कथाहरूको नाम उल्लेख गरिएको छ। अर्को शीर्षक *देवकुमारी थापाको कथा विधाको सर्वेक्षण*मा देवकुमारीको कथासङ्ग्रहको नाम मात्र उल्लेख छ । लक्ष्मणप्रसाद गौतमका अनुसार बालकथा शीर्षकमा भने थापाका बालकथाका बारेमा चर्चा गरिएको छ र अन्तमा थापालाई जीवनीकार एवं सम्पादक व्यक्तित्वको रूपमा चिनाइएको छ ।[२५] *देवकुमारी थापाको प्रतिनिधि कथाको अध्ययन* शीर्षकमा विशेषरूपमा थापाको कृतित्वको अध्ययन गरिएको छ । थापाका कथाहरूलाई बालमनोवैज्ञानिक, मनोवैज्ञानिक, नारी समस्यामूलक, प्रेम र प्रणयप्रधान, सामाजिक र राष्ट्रिय संचेतनायुक्त कथाहरूका रूपमा ६ प्रकारमा विभाजन गरिएको छ ।[२६] *उपसंहार* शीर्षक दिएर निष्कर्षका रूपमा विश्लेष्य कृतिको सार प्रस्तुत गर्दै थापालाई विशिष्ट समसामयिक कथाकारका रूपमा उल्लेख गरिएको छ ।

### ४.२.१.२ संरचना

संरचनाका दृष्टिले हेर्दा यो मझौला खालको समालोचना कृति हो । सरस्वती रिजालका अनुसार व्यक्ति परिचय दिने क्रममा पारिवारिक र साहित्यिक व्यक्तिŒवका रूपमा दुई छुट्टाछुट्टै खण्डमा विभाजन गरिएको छ । यो शोधपत्रको ढाँचामा प्रस्तुत गरिएको छ।[२७] वर्णनात्मक शैलीमा ठाउँठाउँमा थापाका व्यक्तिŒव र कृतिŒवको उल्लेख गरिएको छ ।

### ४.२.१.३ निष्कर्ष

देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण समालोचक गायत्री श्रेष्ठको प्राध्यापकीय जीवनवृत्तको उपज हो । यसमा थापाको चरणगत र प्रवृत्तिगत वर्गीकरण हुन नसके पनि नेपाली कथाकारिताका क्षेत्रमा सशक्त रूपमा कलम चलाउने थापालाई सङ्क्षेपमा समेटिनु यसको उपलब्धि हो। थापाको चिनारी योगदान र कृतित्वको परिचय दिएर साहित्यमा पुऱ्याएको योगदानको चर्चा हुनु यसको प्रमुख उपलब्धि मानिएको छ ।

---

[२५] पूर्ववत् पृ..११२ ।

[२६] पूर्ववत् पृ..११२ ।

[२७] सरस्वती रिजाल र गायत्री श्रेष्ठ **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः :नारायणी कला मन्दिर २०६२) पृ.१३ ।

## ४.२.२ बादलको घुम्टोभित्र

**बादलको घुम्टोभित्र** साहित्यकार गायत्री श्रेष्ठको २०६२ सालमा प्रकाशित गीतिसङ्ग्रह हो । चितवनमै रहेर साहित्य सेवा गर्दै साहित्य रचना गर्नेहरूमा सर्वप्रथम विशुद्ध गीतहरूको सङ्गालो पुस्तक प्रकाशन गर्ने गीतकार तथा कवयित्री श्रेष्ठ नै हुन् । यो कृति उनको दोस्रो प्रकाशित कृति हो । २०४६ सालमा देवकुमारी थापाको व्यक्तिŒव र कृति विश्लेषण गरे तापनि समालोचनाभन्दा फरक विधामा देखा परेकी हुन् । निकै लामो र युगान्तकारी परिवर्तनका बेलामा पुराना गीतहरूको सङ्गालो मार्फत उभिएकी छन् । त्यसो त यस गीतिसङ्ग्रहमा भने देशको दुःखद अवस्था तथा आन्दोलन र त्यसबाट उब्जेका पीडाको थोरबहुत प्रभाव भने रहेकै छ । सरस्वती रिजालका अनुसार उनको यस गीतिसङ्ग्रहभित्र विशेषगरी प्रणयपरक, प्रकृति प्रेम एवं राष्ट्रिय भावना छचल्किएको छ।[२८] बादलको घुम्टो त्यही हो, जसले छिनमै लुकामारी खेल्दै समय बिताउँछ, भने छिनमै उघ्रिएर शीघ्र सूर्यकिरण बर्षाउँछ । मधवप्रसाद घिमिरेका अनुसार बादलको घुम्टोको रहस्य रहेको प्रस्तुत **बादलको घुम्टो**भित्रका गीतहरूलाई नियाल्दा स्रष्टा गायत्री श्रेष्ठ सौन्दर्य र प्रेमकी नायिका बनेकी छन् ।[२९] मानवता, प्रकृतिप्रेम, राष्ट्रियताका भावनाहरू र प्रेम प्रणयका रसिला शब्द र भाव यस कृतिभित्र परेका छन् । लोकलय र झ्याउरे छन्दमा सुन्दर अनुप्रासको प्रयोग गर्दै विभिन्न बिम्ब र प्रतीक लिएर खडा भएकी श्रेष्ठले यस कृतिमा विभिन्न समयमा पुस्तक र पत्रपत्रिकामा पूर्वप्रकाशित रचना पनि सङ्कलन गरेकी छन् । समग्रमा चितवनका नारी साहित्य स्रष्टाहरूको प्रतिनिधि बनेर अघि बढेकी साहित्यकार श्रेष्ठले चितवनको साहित्यिक क्षेत्रमा यस सङ्ग्रह मार्फत गीतिक्षेत्रमा ठूलो योगदान दिएकी छिन् ।

### ४.२.२.१ विषयवस्तु

**बादलको घुम्टोभित्र** गीतिकवितासङ्ग्रहका गीतहरूमा भावगत विभिन्नता पाइन्छ । जीवनका उकाली ओरालीहरूमा फरक समय, फरक प्रसङ्ग, फरक परिवेशमा उब्जेका फरक विचारहरूको प्रकटीकरणको रूपमा यसलाई लिन सकिन्छ । प्रेमविनोद नन्दनका अनुसार समग्रमा हेर्दा यस

---

[२८] सरस्वती रिजाल र गायत्री श्रेष्ठ **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर २०६२)पृ.१२ ।

[२९] माधवप्रसाद घिमिरे *सौन्दर्य र प्रेमकी गायिका गायत्री* **बादलको घुम्टोभित्र** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद् २०६२) पृ. क ।

गीतिसङ्ग्रहमा प्रणयजन्य भावनको प्रकटीकरण, राष्ट्रप्रेम, माटोप्रतिको ममता, जीवन भोगाइका सन्दर्भहरू, सौन्दर्यबोध, कर्मशीलता, आशा र उत्साहको अभिव्यक्ति, नारीमनको कोमलता, साहचर्य, मानवीय कर्तव्यबोध शैक्षिक अनुभूति आदिको सुन्दर अभिव्यञ्जना पाइन्छ ।[३०] गीतिचेतनाको तीव्रता रहेको नेपाली लोकलयात्मक शैलीका रसिला रचना यस सङ्ग्रहमा रहेका छन् । मनका भावहरूको निष्ठापूर्ण अभिव्यक्तिले गर्दा यसभित्रका रचना सहज, सम्प्रेष्य र हृदयस्पर्शी बन्न पुगेका छन् ।

### ४.२.२.१.१ प्रकृतिप्रेमको भावना

प्रकृतिमा रमाउन र हराउन चाहेका भाव धेरै गीतहरूमा पाउन सकिन्छ । यस्तै कविताको एक अंशलाई यसरी प्रस्तुत गरिएको छ :

तिमीजस्ती सौन्दर्यकी खानी कहाँ पाऊँ ?
तिमी जस्ती मायालुलाई कसो गरी भुलूँ ? (पृष्ठ-४५)

यसमा जुन ठाउँको याद आउँछ वा भ्रमण गरिन्छ त्यसै स्थलको प्रेमभाव छचल्किएको गीतिकविता प्रकट भएको छ । प्रकृतिलाई तिम भनेर सम्बोधन गरी आफूलाई अलग्याउन नसक्ने कुरा व्यक्त गरिएको छ ।

### ४.२.२.१.२ प्रेम प्रणय भाव

प्रेम, माया, स्नेह विभिन्न भावनाहरूलाई कवयित्रीले फरक फरक रूपमा व्यक्त गरेकी छन् । यस्तै कविताका केही अंशलाई यसरी प्रस्तुत गरिएका छन् :

**क) प्रेमको अनन्तता**

के चाँजोपाँजो मिलेन कुन्नि क्यै भन्न सकिन
मानिसलाई मानिस भई चिन्न नै सकिनँ (पृष्ठ-५३)

**ख) प्रेमप्रणयपरक अभिव्यक्ति**

यति ठूलो भीडभित्र आफू एक्लो देख्छु
जता हेर्छु उता सबै रित्तो रित्तो देख्छु

[३०] गोविन्दराज विनोदी, ***बादलको घुम्टोभित्र*** *गीति कवितासङ्ग्रहमाथि एक दृष्टि,* **बादलको घुम्टोभित्र,** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद, २०६२) पृ.छ ।

यसमा माया, प्रेम, स्नेहका विभिन्न भावनाहरूलाई फरक रूपमा व्यक्त गरिएको छ । मानिसलाई चिन्न नसकेको, भीडभित्र आफूलाई एक्लो देखेको कुरा व्यक्त गरिएको छ ।

**४.२.२.१.३ नीति सन्देशमूलक भावना**

तिमी त रैछौ झन पापी अनि साह्रै नै निकम्मा
समय त्यसै नफाल खेर विना है काममा (पृष्ठ-४४)

**४.२.२.१.४ आध्यात्मिक भावना**

चाहन्छु अब विश्रान्ति लिन सँधै नै सँधैलाई
ईश्वर तिमी शरण देऊ म जस्तो प्राणीलाई (पृष्ठ-२८)

**४.२.२.१.५ राष्ट्रियता र राष्ट्रप्रेमको भावना**

नेपाल रहे नेपाली हौं भन्न सकिएला
नेपाल नै नरहेमा हामी कहाँको हौंला ? (पृष्ठ-८८)

## ४.२.२.२ संरचना

**बादलको घुम्टो**भित्र गीतिसङ्ग्ह सरल, सरस, सहज र सुबोध्य गीति कवितासङ्ग्रहका रूपमा रहेको छ । जम्माजम्मी ५६ वटा साना ठूला गीति कविताहरू १०४ पृष्ठमा विभिन्न आकारमा फैलिएका छन् । सरल लयात्मक र सुस्पष्ट भाषाशैलीको प्रयोग गरिएको छ। फरक शीर्षकमा फरक विषयवस्तु प्राप्त हुनु यसको विशेषता हो। यो काव्यकृति कलात्मक र लयात्मक रहेको छ । संरचनात्मक रूपमा केही गीतहरू गद्य कविता जस्ता देखिन पुगेका छन् भने धेरैमा अनुप्रासयुक्त शब्द झङ्कारले श्रुतिमधुर बनाएको छ ।

## ४.२.२.३ निष्कर्ष

जीवनलाई भिन्न ढङ्गबाट चिनाउने प्रयास यस गीतिसङ्ग्रहमा गरिएको छ । सौन्दर्यकी पारखी, सरल, सरस र सुबोध्य भाषाकी धनी कवयित्रीको गीति सङ्ग्रहले चितवनको नारी साहित्य स्रष्टाहरूका इतिहासमा ठूलो योगदान रहेको छ । कवयित्री यस कृति मार्फत मातृहृदयको बात्सल्यप्रेम, नारी हृदयको कोमलता, प्रेमासक्त मर्मस्पर्शी भावना लिएर गीति कविताहरूले मानवीय हृदयलाई मधुर बनाउन सफल रहेकी छन् ।

## ४.२.३ नारायणी अञ्चलका नारी हस्ताक्षर

**साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (२०६२) चितवनका साहित्यकारद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालको समालोचनात्मक कृति हो । २०६२ सालसम्म नारायणी अञ्चलमा रहेर कृति प्रकाशित गर्न पुगेका तथा साहित्य साधिकाहरूको अध्ययन परिचय र विश्लेषण गरिएको छ । यस कृतिमा आञ्चलिक र जिल्लास्तरीय नारी स्रष्टा र द्रष्टाको उल्लेख गर्दै अतीतदेखि वर्तमानसम्मका नारीहरू प्रकाशमा ल्याएका छन् ।[३१] प्रेमा शाह जस्ता नारी आख्यानका हस्तीदेखि लिएर वर्तमान पुस्तासम्मका नवोदित प्रतिभासमेतलाई समेटेर पाठकसमक्ष राखिएको छ ।

### ४.२.३.१ विषयवस्तु

देवी शर्माका अनुसार आञ्चलिक तथा क्षेत्रीय अध्ययन क्षेत्र बनाएर साहित्यकारको चिनारी गराउनु नै यस पुस्तकको मुख्य उद्देश्य बनेको छ ।[३२] गायत्री श्रेष्ठ र सरस्वती रिजालका नारायणी अञ्चलका विभिन्न जिल्लाका छुट्टाछुट्टै नारी साहित्य स्रष्टाहरूको परिचय र तिनका कृतिको विश्लेषण यस कृतिभित्र परेका छन् । नारी साहित्यकारका साहित्यको काल विभाजन तथा चरण विभाजन र तिनका कृतिगत मूल्याङ्कन भनी नेपाली लेखिकाहरूको उल्लेख गर्दै तिनीहरूको चर्चा गरिएको छ । नारायणी अञ्चलभित्रका जिल्लाहरूमा रहेका नारी साहित्यकारहरूको चिनारी पाउनु यसको प्रमुख उपलब्धि बन्न पुगेको छ । कृतिगत मूल्याङ्कन साहित्यिक वस्तुगत मूल्याङ्कन समेत समावेश हुन पुगेको छ । यसभित्रका मुख्य विषयवस्तुहरू सङ्क्षेपमा यहाँ यसरी उल्लेख गरिएको छ

#### ४.२.३.१.१ काल र चरण विभाजन

क्षेत्रीय र आञ्चलिक अनि राष्ट्रिय कालगत रूपमा साहित्य र साहित्यकारको चिनारी गराउँदै इतिहास निर्धारण गरिएको छ ।

#### ४.२.३.१.२ साहित्यकारको परिचय

सबै साहित्यकारहरू समेटिन नसके पनि प्रमुख साहित्यकारको परिचय गराइएको छ, जसले राष्ट्रिय स्तरका साहित्यकारको पहिचान गराएको छ ।

---

[३१] देवी शर्मा, *साहित्यका दुई साधक बहिनीलाई धन्यवाद,* **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर,** सरस्वती रिजाल र गायत्री श्रेष्ठ (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.छ ।

[३२] पूर्ववत् ।

### ४.२.३.१.३ साहित्यको परिचय

नारायणी अञ्चलका प्रमुख नारी साहित्यकारहरूको साहित्यलाई आधार मानी पहिचान गराइएको छ भने कृतिको विषयवस्तु, संरचना, लय विधान आदिको विश्लेषण गरिएको छ ।

### ४.२.३.१.४ कृतिगत अध्ययन

कृतिगत विश्लेषण गरी साहित्यिक मूल्य स्थापना हुने हुनाले विभिन्न मूल्याङ्कनका तŒवहरूका आधारमा निर्दिष्ट कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको छ ।

### ४.२.३.१.५ साहित्यिक योगदानको चर्चा

कृति प्रकाशन नगरी विभिन्न पत्र पत्रिका तथा फुटकर रचना गर्ने नारी साहित्यकारहरूका नाम र सामान्य योगदानको चर्चा यसमा गरिएको छ । पत्रपत्रिका तथा फुटकर रचना गरेका साहित्यकारहरू सबैको उल्लेख हुन नसके पनि यस्ता कार्यको सुरुवात यसलाई मान्न सकिन्छ । यस क्षेत्रभित्र रहेका केही प्रमुख नारी साहित्यकारहरूको भने साहित्यिक व्यक्तित्व र कृतिगत मूल्याङ्कनका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.३.२ संरचनात्मक ढाँचा

प्रस्तुत पुस्तक आफैँमा समालोचनाको पुस्तक हो । नारायणी अञ्चलमा रहेका नारी साहित्यकारहरूको जिल्लागत रूपमा छुट्याएर विश्लेषण गरिएको छ । २०६२ साल सम्मका प्रमुख र ख्याति प्राप्त नारी साहित्यकारहरूको नाम समेत उल्लेख भएको छ । चितवन जिल्लाका १० नारी साहित्यकारहरू, बारा जिल्लाका १, पर्साका ४ र मकवानपुरका ५ साहित्यकारहरूको कृतिगत मूल्याङ्कन भएको छ । यस पुस्तकले जम्मा ८५ पृष्ठको रूप पाएको छ । यसमा भाषिक सरलता र सुबोध्यता पाइनुका साथै संरचनात्मक, वर्णानात्मक र इतिवृत्तात्मक रूपमा समालोचना भएको पाइन्छ ।

### ४.२.३.३ उपसंहार

आञ्चलिक र क्षेत्रीय रूपमा साहित्यिक विभाजन र साहित्यकारहरूको मूल्याङ्कन हुनु यसको महŒवपूर्ण उपलब्धि हो । मोफसलका स्तरीय प्रतिभाहरूको पहिचान गराउनु मात्र नभएर आलोचनात्मक व्याख्या विश्लेषणले साहित्यकारको प्रादुर्भावमा स्तरीयता प्रदान गर्नेछ भन्ने आशा

गर्न सकिन्छ । स्थान विशेषको लोक जीवन, लोक संस्कृति र भाषाका लिखित मौखिक परम्परामा बाँचेका साहित्यले मूल साहित्यलाई प्रभाव पार्ने हुनाले नेपाली भाषा र साहित्यमा यसले सकरात्मक प्रभाव पार्ने निश्चित रहेको छ । नारायणी अञ्चलका नारी साहित्यकारलाई चिनारी गराउँदै साहित्य र साहित्यकारको परिचय पाठकसामु पुऱ्याउनु यस कृतिको प्रमुख उद्देश्य हो ।

## ४.२.४ केही कृति आफ्नै दृष्टि

**केही कृति आफ्नै दृष्टि** साहित्यकार गायत्री श्रेष्ठको २०६५ सलामा प्रकाशित समालोचना सङ्ग्रह हो । यस कृतिले साहित्य-आकासमा उच्च कोटिको भूमिका खेलेको छ । कुनै पनि कृतिमा निहित गुणात्मक पक्षको स्पष्ट प्रकाशन र विशेषताप्रतिको बहस नै भूमिका लेखन हो ।[३३] यस कृतिमा पनि यो कठिन भूमिकालाई सफलतासाथ निर्वहण गरिएको छ । यो कृति सम्बन्धित विषयमा आफूले जे जति बुझेको छ, त्यसैमा टिप्पणी, धारणा र चर्चाको समन्वय गर्दै अभिव्यक्त गरिएको उत्तम प्रयास हो । यसमा कुनै एक पक्षमा केन्द्रित रही गहिरिएर खोजिनिती गर्ने गम्भीर र जटिल प्रयास नभई सर्वपक्षमाथि दृष्टिपात गर्दै आत्मबोधयुक्त अनुभूतिको सुन्दर संयोजन भएको छ।[३४] यिनले १७ वटा शीर्षकमा केन्द्रित रहेर नेपाली साहित्यका महान् सर्जकहरूका कृतिलाई आफ्नै तरिकाले विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेकी छन् । यो उनको प्राध्यापकीय जीवनवृत्तको उपज मानिनु उपयुक्त हुन्छ ।

### ४.२.४.१ विषयवस्तु

**केही कृति आफ्नै दृष्टि** समालोचनासङ्ग्रह भित्र जम्मा १७ वटा लेखहरू रहेका छन् । यसमा सँगालिएका सबै लेखहरू प्रभावपरकताको रङ्ग गाढा भए पनि वस्तुविश्लेषणको आधार समेत लिन खोजेको पाइन्छ ।[३५] यसैकारण लेखहरू पूर्ण प्रभावकारी नभएर सन्तुलित प्रकारका हुन पुगेका छन् । सन्तुलन र तटस्थता यस कृतिमा देखिएको छ ।

यस समालोचना सङ्ग्रहको पहिलो शीर्षक *प्रकृतिप्रेमी देवकोटा र म्हेन्दु* खण्डकाव्य हो । यसमा सारांशीकरणका विधिबाट विवेच्य कृति म्हेन्दुभित्र पस्ने बाटो उघारेकी छन् । कृतिगत भाव,

---

[३३] कपिल अज्ञात, **स्रष्टाबिम्ब व्यíŒÞत्व आरेख** (चितवनः चितवन साहित्य परिषद, २०६७) पृ. ११७ ।
[३४] पूर्ववत् पृ .११७ ।
[३५] मोहनराज शर्मा, *यो कृति नियाल्दा,* **केही कृति आफ्नै दृष्टि,** गायत्री श्रेष्ठ(चितवनः नेपाली लेखक संघ, काठमाडौं, २०६५)पृ.५।

पात्र प्रकृति चित्रण आदि माथि टिप्पणी गरिएको छ । देवकोटाको म्हेन्दु कृतिलाई एक उत्कृष्ट र अमूल्य रस भएको कृति भनी यसमा मूल्याङ्कन गरिएको छ । *देवकुमारी थापका प्रसिद्ध दुई कथामा परिक्रमा गर्दा* यस सङ्ग्रहको दोस्रो शीर्षक हो । यसमा थापाका दुई कथामध्ये भविष्य निर्माणलाई उनको कथालेखन अघिल्लो बिन्दु र *बाईलाई* पछिल्लो बिन्दु मानेर अध्ययन गरिएको छ। भविष्य निर्माणमा सन्ततिको भविष्य बनाउनु पर्छ भन्ने सन्देश बोकेको छ भने बाईले नारीको प्रताडना बन्द हुनुपर्छ भन्ने सन्देश बोकेको  भन्ने उनको मान्यता रहेको छ । अन्तमा थापाका यी दुबै शीर्षक प्रभावकारी र सार्थक रहेको निक्यौल गरिएको छ ।

तेस्रो शीर्षक पनि देवकुमारी थापाको *प्रलय प्रतीक्षा कथासङ्ग्रहको परिक्रमा* रहेको छ। यसमा प्रतीक्षा कथासङ्ग्रहको विश्लेषणात्मक परिक्रमा गरिएको छ । यसमा सङ्कलित तेह्रवटा कथाहरूको टिप्पणी गर्दै उनका कथाहरू यथार्थ, सरल र पारदर्शी, सूत्रात्मक, छरितो कुतूहलतापूर्ण, संशयात्मक र व्यङ्ग्यात्मक हुन्छन् भन्ने निष्कर्ष निकालिएको  छ । प्रत्येक कथा हाम्रो समाजको दिग्दर्शन गराउन सफल छ भनेर गायत्री श्रेष्ठले कथाहरूको वास्तविक लेखाजोखा गरेकी छन् ।

*कवि खुमनारायण पौडेलका अन्तिमेत्थम कवितासङ्ग्रहको परिक्रमा* गर्दा भन्ने शीर्षक चौथो क्रममा परेको छ । प्रस्तुत सङ्कलित कविताहरू अमूर्त र क्लिष्ट छन्  तर यी युग चेतना र मानवीय संवेदनायुक्त छन् भनिएको छ। यस सङ्ग्रहमा तीनवटै खण्डहरू पर्गेलेर प्रत्येक खण्डबाट समीक्षात्मक टिप्पणी गरिएको छ । कविताका प्रवृत्तिहरूलाई केलाउँदै यसमा कवि दुरुह भए पनि पलायनवादी होइनन् भन्ने निचोड निकालिएको छ । यसका क्लिष्ट कविताहरूलाई सरल भाषामा समीक्षा गरिएको छ ।

पाचौँ लेखमा भवानी भिक्षुको  **गुनकेशरी** कथाको गुणात्मक समीक्षा गर्ने प्रयास गरिएको छ। यस कथाको परिचयात्मक टिप्पणी गर्दै भिक्षुलाई भावमय पक्षको यथार्थता र मनोभाव केलाउने साहित्यकारको संज्ञा दिएर कथाकारको तर्कसङ्गत प्रशंसा गरिएको छ । छैटौँ लेखमा विजय मल्लको **सत्ताको खोजमा** एकाङ्कीको सरल सहज विवेचना गरिएको छ । यसमा मूलतः पात्रहरूको चरित्र चित्रण गर्दै प्रस्तुत रचनालाई नारी समस्याप्रधान एकाङ्की हो भनिएको छ । नारी अस्मिताको प्रसङ्गलाई सूक्ष्म रूपमा केलाउँदै नारी अस्तित्वको लागि जुझारू नाटककार भन्दै साहित्य सिद्धान्ततिर नलागी तर्कपूर्ण तरिकाबाट कथाकारको प्रशंसा गरिएको छ ।

इन्द्रबहादुर राईको **रातभरि हुरी चल्यो** कथालाई केलाउने काम सातौँ लेखमा भएको छ । कथासार प्रस्तुत गर्दै यसको अन्तर्निहित सन्देशलाई केलाउने काम भएको छ । गुणविवेचना गर्दै आस्वादनात्मक ढङ्गमा लेखिएको यस समीक्षामा मुख्यतः कथागत जीवन दृष्टिको खोजी गरिएको छ।[३६] निम्नवर्गमा भएको समस्याहरू प्रस्तुत गर्दै यस कथालाई यथार्थवादी कथाको कोटीमा राखेकी छन् । आयामेली आन्दोलनका प्रवर्तक राईको स्थानीयता एक महत्त्वपूर्ण विशेषता हो भनिएको छ ।

कथाको आठौँ लेखमा भीम विराग र उनको **अज्ञात प्रारम्भ** खण्डकाव्यलाई लिइएको छ । पाँच उपशीर्षकमा विभाजित यसका लेखहरूमा पहिलोमा कविको चिनारी, दोस्रो-तेस्रो र चौथोमा खण्डकाव्यको विश्लेषण र मूल्याङ्कन गरिएको छ, भने अन्तिममा निष्कर्ष रहेको छ । सकारात्मक पक्षको विवेचना गर्दै यस कृतिलाई गद्यकवितात्मक खण्डकाव्यका रूपमा चिनाएकी छन् । वर्तमान विसङ्गतिहरूप्रति प्रभावकारी ढङ्गमा व्यक्त गर्न सफल रहेको कुरा प्रस्तुत गरेकी छन् । *गाउँछ गीत नेपाली कवितामा राष्ट्रिय चिन्तन* यस सङ्ग्रहको नवौँ शीर्षक रहेको छ । आस्वादनपरक समीक्षा गर्दै राष्ट्रियताले ओतप्रोत यस रचनाको मूल अभिप्राय खोतल्ने प्रयास गायत्रीले गरेकी छन्। नेपाल र नेपालीको प्रेम नै यस गीतको अभिप्राय हो। देशभक्तिको विस्तृत विश्लेषण गर्दै राष्ट्रिय चिन्तन भएका कवि भन्दै राष्ट्रकवि माधव घिमिरेको उच्च मूल्याङ्कन भएको प्रस्ट पारिएको छ ।

दसौँ लेख पुनः देवकुमारी थापाको कथासँग जोडिएको छ । यसमा उनको *थोमसको टाउको* कथालाई लिएर यथार्थपरक र मनोवैज्ञानिक विश्लेषण गरिएको छ । कथाका चरित्र र घटनाको विवेचना गरेर यसका आन्तरिक मर्महरू केलाउँदै मानवमन पढ्न सफल थापाको *थोमसको टाउको* कथालाई सशक्त कथाको संज्ञा दिइएको छ । एघारौँ लेखमा समालोचनाभन्दा पनि तीजको बारेमा विश्लेषण गर्दै गुणदोष खुट्याउनेतर्फ लक्षित भएको छ । यो विचारप्रधान निबन्ध हो । यसमा गायत्रीले सबैबाट आफ्नो संस्कृतिको रक्षा गर्नुपर्छ भन्ने सन्देश दिन खोजेकी छन् । बाह्रौँ लेखमा शिवकुमार राईको *माछ्राको मोल* कथालाई हेर्ने प्रयास गरिएको छ। यसमा प्रस्तुत कथालाई मार्मिक, संवेदनशील, दुःखान्त, अल्पपात्रीय, सामाजिक, यथार्थवादी र प्रभावकारी रचनाका रूपमा अघि सारिएको छ। यसमा सफल कथाकारका रूपमा राईको मूल्याङ्कन गरिएको छ ।

[३६] पूर्ववत् पृ. झ ।

विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व र कथाकारितालाई मुख्य विषय बनाएर तेह्रौं लेखमा कोइरालाका कथा र कथाकारिताको सबिस्तार वर्णन गरिएको छ। कोइरालाका कथामा मुख्य दुई रूपमा फ्रायडवादी यौनदर्शन र नारी समाजको यथार्थ चित्रणको प्रभाव रहेको भनी व्याख्या विश्लेषण गरेकी छन् । यसमा विशेषगरी नारी पक्षको उपस्थिति गराइएको छ । कोइरालाका कथाहरूको चरणगत सूची प्रस्तुत गर्नु सबल पक्ष हो । चौधौं लेखमा समकालीन नेपाली द्वन्द्वकथा अन्तर्गत परेका चारजना नारी कथाकार र तिनका द्वन्द्वकथाको विवेचना गर्दै यी कथाहरू स्तरीय, प्रभावकारी र मार्मिक भन्दै प्रशंसा गरिएको छ । पन्ध्रौं लेखमा नीलम कार्की निहारिकाका कविताको भावभूमिको खोजी गरी उनका कविताको सङ्गीत, चित्र र बिम्बमा विशेषता देखाउँदै समयसापेक्ष विषय छान्ने तीव्र संवेदनकी कवयित्री संज्ञा दिइएको छ ।

सोह्रौं कथामा देवकोटालाई सबल निबन्धकारका रूपमा प्रस्तुत गर्दै निबन्धको विषयवस्तु, केन्द्रीय कथ्य र प्रस्तुतिको आधारमा विश्लेषण गरिएको छ । देवकोटाको *के नेपाल सानो छ* निबन्धको समीक्षात्मक टिप्पणी र व्याख्या गरिएको छ । यस सङ्ग्रहको अन्तिम शीर्षकमा नेपाली पूर्वेली कवि श्यामकृष्ण श्रेष्ठको कविताकृति माथि विवेचना गरिएको छ ।

### ४.२.४.२ निष्कर्ष

यस कृतिका लेखहरू सैन्द्धान्तिक जटिलतामा नअलमलिएर विषयको स्पष्ट प्रतिपादन गरेकाले सरल र सहज देखिएका छन् । समालोचानको जटिल लेखनलाई सरल, सहज र बोधगम्य रूपमा प्रस्तुत गर्नु समालोचकीय प्रवृत्ति हुन् । कृतिका दुर्बल पक्ष उल्लेख नगरी बयान मात्र गरिनु यस समालोचनाको दुर्बल र कमजोर पक्ष मानिएको छ । समालोचनाको क्षेत्रमा लामो समयदेखि कलम चलाउने श्रेष्ठको यस कृतिले उत्कृष्ट भूमिका खेलेको छ ।

## ४.३ सरस्वती रिजाल

साहित्यकार सरस्वती रिजाल चितवनकी क्रियाशील नारी हस्ताक्षर हुन् । उनको जन्म वि.सं. २०११ सालमा काठमाडौंको नयाँबजारमा भएको थियो। माता नर्मदा तिमिल्सिना तथा पिता लीलानाथ तिमिल्सिनाका साथमा चार वर्षको उमेरमा चितवन निवासी बन्न आइपुगेकी हुन् । आफ्नो जीवनको जोश, जाँगर आदिले यही माटोलाई सिञ्चित गर्दै आएकी रिजालले २०२९

सालदेखि साहित्य लेखनमा कलम चलाउँदै आएकी छन् । हालसम्म उनका चारवटा कृतिहरू प्रकाशित भइसकेका छन् भने विभिन्न पत्रपत्रिकामा कविता, समालोचना, लघुकथा, निबन्ध, लेख आदि प्रकाशित भएका छन् । साहित्य तथा समाजसेवाको कारण विभिन्न सङ्घसस्थाहरूबाट उनी सम्मानित हुँदै आएकी छन् । यसरी सम्मान गर्नेहरूमा ओम प्रतिभा प्रशिक्षण केन्द्र सम्मान (वि.सं. २०६१), कालिका एफ.एम.प्रा.लि. सम्मान (वि.सं. २०६२), पल्लव सम्मान (वि.सं. २०६२), चितवन साहित्य परिषद् प्रतिभा पुरस्कार तथा सम्मान जस्ता सङ्घ संस्थाहरू परेका छन् । जीवनको पूर्वार्द्धदेखि नै अध्यापन पेसामा संग्लन रहेकैले साहित्यप्रति उनको लगाव अत्यन्त गहिरो रहेको देखिन्छ । उनका हालसम्म प्रकाशित कृतिहरूमा **एक भुल्को घाम** कवितासङ्ग्रह (वि.सं. २०५१), **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** समालोचना (वि.सं. २०६२), **प्रबोधन** कवितासङग्रह (वि.सं. २०६३) र **प्रसङ्ग, भ्रम र पात्रहरू** लघुकथासङ्ग्रह (वि.सं. २०६५) रहेका छन् । यी बाहेक **मारुनी, मधुपर्क, वागीश्वरी** तथा अन्य धेरै पत्रपत्रिकाहरूमा यिनका लेखहरू प्रकाशित छन् ।

साहित्यकार सरस्वती रिजालले सहित्यका विविध विधामा सशक्त रूपमा कलम चलाएकी छिन्। लक्ष्मणप्रसाद गौतमका अनुसार अध्यापकीय जीवनवृत र सामाजिक सङ्घसंस्थासँगको सम्बद्धता र संलग्नताभित्र रहेर पनि सिर्जनधर्मिता देखिनु उनको वैशिष्ट्य हो ।[३७] गीत, लघुकथा, समीक्षा, निबन्ध आदिमा कलम चलाएकी रिजाल विशेष गरी कविता विधामा स्थापित देखिन्छिन् । पछिल्लो समयमा उनको लघुकथा चर्चाको शिखरमा पुगेको छ । छोटा, मिठा, व्यङ्ग्य, यथार्थता र नवीनताका छनकहरूले उनको लघुकथासङ्ग्रह **प्रसङ्ग, भ्रम र पात्रहरू** नेपाली सहित्यमा नै अमूल्य निधि सावित भएको छ । रिजाललाई साहित्य, सामाजिक एवम् आध्यात्मिक क्षेत्रमा चितवनकी क्रियाशील एवं सिर्जनशील नारीका रूपमा चिनिन्छ । आध्यात्मिक चिन्तन र प्रवचनले सबै मनलाई आकर्षित गर्ने उनको स्वभावको सबैले खुलेरै प्रशंसा गर्न थालेको भेटिन्छ ।

कविता विधामा गद्य र पद्य दुबै छन्दमा उनको कलम चलेको छ । यसमा समाजिक विषयवस्तु आधिक्य पाइन्छ । केही प्रेम, रतिराग जस्ता विषयहरू पनि समेटिएको छ । अन्याय र अत्याचारका बिरूद्धमा आवाज उठाउने प्रयास गरिएको छ । उनका रचनामा जीवनका कटु भोगाइका अनुभूतिहरू, नारी जातिका भावाभिव्यक्तिहरू र नारी अस्मिताको खोजी एवं युग

---

[३७] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२) पृ.६५।

जीवनका प्रतिध्वनि पाइन्छन् । मानवता, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, राष्ट्रिय सञ्चेतना, नारी जीवनको यथार्थता, स्वच्छन्दतावादी भाव धाराभित्र अन्तर्भूत कोमलता उनका साहित्यिक विशेषता हुन् ।

सङ्क्षिप्तता, प्रभावकारिता, सन्देशमूलकता, आध्यात्मिकता उनका कथात्मक प्राप्तिहरू हुन्।[३८] क्लिष्ट शब्दालङ्कार र कटु बक्रोक्तिभन्दा सुरूचिपूर्ण सोद्देश्य अभिव्यक्तिलाई आफ्नै सरस र सरल शैलीमा भाव सम्प्रेषण गर्ने उनको विशेषता हो । साहित्यिक फाँटमा उनको कथा, कविता, निबन्ध, गीत र समालोचनामा समेत व्याप्ति रहेको छ । साहित्यमा उनी जति प्रकट भएकी छिन् अनि जे-जति सम्भावना देखिन्छ ती दुबै आकर्षक छन् । आध्यात्मिक चेतनाले नै उनका रचनाहरू भिन्नै खालका बनेका छन् । उनी आकर्षक काव्य प्रदान गर्ने आफ्नै प्रकारको अध्ययन प्रणाली अनि शैली र शिल्प निर्माण गरिसकेकी लेखिका हुन् ।

## ४.३.१ एक झुल्को घाम

**एक झुल्को घाम** रिजालको वि.सं. २०५१ सालमा प्रकाशित कृति हो । लक्ष्मणप्रसाद गौतमका अनुसार यसमा जीवन भोगाइका कटु अनुभूति, नारीका भावाभिव्यक्ति आदिको खोजी गर्दै सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।[३९] राष्ट्रिय सचेतता, नारी जीवनका यथार्थता र स्वच्छन्दवादी भावधाराभित्र अन्तर्भूत कोमलता आदि प्रवृत्तिगत विशेषताहरू यस कृतिमा पाइन्छन् । उनको **एक झुल्को घाम**ले मानिसले बेहोर्नु परको पीडा, समाजको विसङ्गति र विकृति आदिसँगको असन्तुष्टिलाई स्पष्टरूपमा व्यक्त गरेको देखिन्छ भने सामाजिक र राजनैतिक विषमताहरू छरिएका पाइन्छन् ।[४०] समग्रमा समाजमा हुनेगरेका यथार्थ घटनाहरूलाई टपक्क टिपी आफ्ना सहित्यिक कृतिमा राख्ने क्रममा प्रस्तुत सङ्ग्रह तयार हुन पुगेको हो ।

### ४.३.१.१ विषयवस्तु

यस **एक झुल्को घाम** कवितासङ्ग्रहमा अनुभूतिका भावनात्मक पोखाइको आधिक्य पाइन्छ । जीवन भोगाइका पीडा, व्यथा अनुभूति तथा समाजका विसङ्गति र असङ्गत समाजका यथार्थता र

---

३८ सरस्वती रिजाल र गायत्री श्रेष्ठ, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.१२ ।

३९ लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२) पृ. ६५ ।

४० सरस्वती रिजाल, गायत्री श्रेष्ठ **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर**(चितवनः नारायणी कला मन्दिर २०६२)पृ.१५।

जटिलताहरू यस कवितासङ्ग्रहमा रहेका छन् । जीवनको अस्तित्व, जीवनमा देखापर्ने विसङ्गति र पीडाबोधका झङ्कारहरू यस सङ्ग्रहमा स्पष्ट भएका छन् । यहाँ विभिन्न शीर्षकमा यसको अध्ययन गरिएको छ ।

### ४.३.१.१.१ सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य

राजनीतिको कस्तो दाउपेच चल्न चल्यो देशमा
अलग्गिई जीवन बिताउन मुस्किल भो,
मानिसको हूलभित्र हराउन थाल्यो मानिस
आफू को हुँ अरुलाई चिनाउनै मुश्किल भो । (पृष्ठ- १)

### ४.३.१.१.२ राष्ट्र र राष्ट्रप्रति सचेतता

पौरख पोखे पसिना सिंचे सीप यहाँ फुल्दछ
सृष्टिको फूल सुँघेर यहाँ नेपाली भुल्दछ ।
म भेल बन्दै उर्लनेछु र प्रजातन्त्र जिन्दाबाद भन्दै ढल्नेछु (पृष्ठ- १८)

### ४.३.१.१.३ नारी हृदयको सशक्त अभिव्यक्ति

मैले नारी हुनुको अनर्थ भोगिरहेकी छु
मैले शिलामा जीवन खोजिरहेको छु
पीडा पोख्ने आँसु पाए हुन्थ्यो
तर जड भई बाँचिरहेछु (पृष्ठ- ३७ )

### ४.३.१.१.४ नारी हृदयको आशावादी स्वर र जीवन्त अनुभूति

मेरो रित्तिएको क्षणभित्र
कसैको हाँसोले भरिनुपर्छ (पृष्ठ- १२)
क्षितिजभरि रोएको जूनले
आज पतझडलाई अँगालेको छ (पृष्ठ- १४)

### ४.३.१.२ संरचनात्मक ढाँचा

**एक झुल्को घाम** कवितासङ्ग्रह मुख्य २ खण्डमा विभाजित छन् । प्रथम खण्डमा १५ वटा गद्यकविता रहेका छन् भने दोस्रो खण्डमा ६ वटा गीति कविताहरू रहेका छन् । छोटा ५ पङ्तिका

कवितादेखि उनान्नब्बे पङ्क्तिसम्मका कविता यसमा देखिन्छन् । अधिकांश कविताहरूमा लयात्मकताको निर्वाह भएको देखिन्छ । दोस्रो खण्डमा गीतिकविताभित्र भ्याउरे लगायतका अन्य गीतिलयहरू समेटिएका छन् । लयात्मकताका लागि शब्द भाँचिएका (जस्तै हिर्दय, मिर्ग) पनि छन्। एक थुप्रो आगो पस्कनु, हिँउ उमार्नु जस्तो अभिधा र व्यञ्जनामूलक टुक्काहरू पनि पाइन्छ।

### ४.३.१.३ निष्कर्ष

सरलता, सहजता, सरसता र कोमलता यस कृतिका विशेषता बनेका छन् । बौद्धिकताको सशक्तता नपाए पनि कोमलता र संवेद्यताले कृतिगत उच्चता प्राप्त गरेको छ । सामाजिक अन्याय र विसङ्गति विरूद्ध आवाज उठाउँदै समाज सुधार न्याय, समानता, गौरव तथा राष्ट्रिय सचेतता भर्न यस कृतिले पहल गरेको पाइन्छ ।

## ४.३.२ नारायणी अञ्चलका नारी हस्ताक्षर

**साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (वि.सं. २०६२) चितवनका साहित्यकारद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालको समालोचनात्मक कृति हो । वि.सं. २०६२ सालसम्म नारायणी अञ्चलमा रहेर कृति प्रकाशित गरेका साहित्य साधिकाहरूको अध्ययन, परिचय र विश्लेषण गरिएको छ । देवी शर्माका अनुसार यस कृतिमा आञ्चलिक र जिल्ला स्तरीय नारी स्रष्टा र द्रष्टाको उल्लेख गर्दै अतीतदेखि वर्तमानसम्मका नारीहरूलाई प्रकाशमा ल्याएका छन् ।[४१] नारी आख्यानकार तथा नवोदित प्रतिभासमेत समेटिएका छ । रिजालको योगदान साहित्य रचना मात्र नभएर नारी साहित्यकारहरूको चिनारी गर्नमा पनि सक्षम छन् ।

### ४.३.२.१ विषयवस्तु

आञ्चलिक तथा क्षेत्रीय अध्ययन क्षेत्र बनाएर साहित्यकारको चिनारी गराउनु नै यस पुस्तकको मुख्य उद्देश्य बनेको छ । रिजालका नारायणी अञ्चलका विभिन्न जिल्लाका छुट्टाछुट्टै नारी साहित्य स्रष्टाहरूको परिचय र तिनका कृतिको विश्लेषण यस कृतिभित्र परेका छन् । नारी साहित्यकारका साहित्यको काल विभाजन तथा चरण विभाजन गर्नु र तिनका कृतिगत मूल्याङ्कन

[४१] देवी शर्मा, *साहित्यका दुई साधक बहिनीलाई धन्यवाद*, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर**, सरस्वती रिजाल र गायत्री श्रेष्ठ (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.छ ।

भनी लेखिएको हो भन्ने उल्लेख गरिएको छ । यसमा कृतिगत मूल्याङ्कन र साहित्यिक वस्तुगत मूल्याङ्कन समेत समावेश हुन पुगेको छ । यसभित्रका मुख्य विषयवस्तुहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

**क) काल र चरण विभाजन**

क्षेत्रीय र आञ्चलिक अनि राष्ट्रिय कालगत रूपमा साहित्य र साहित्यकारको चिनारी गराउँदै इतिहास निर्धारण गरिएको छ ।

ख) **साहित्यकारको परिचय**

सबै साहित्यकारहरू समेटिन नसके पनि प्रमुख साहित्यकारका परिचय गराई राष्ट्रियस्तरका साहित्यकारको पहिचान गराएको छ ।

ग) **साहित्यको परिचय**

नारायणी अञ्चलका प्रमुख नारी साहित्यकारहरूको साहित्यलाई आधार मानी पहिचान गराइएको छ । कृतिको विषयवस्तु, संरचना, लय विधान आदिको आधारमा कृतिहरूको विश्लेषण गरिएको छ ।

घ) **कृतिगत अध्ययन**

कृतिगत विश्लेषण गरी साहित्यिक मूल्य स्थापना हुने हुनाले विभिन्न तŒवका आधारमा कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको छ ।

च) **साहित्यिक योगदानको चर्चा**

कृति प्रकाशन नगरी विभिन्न पत्र पत्रिका तथा फुटकर रचना गर्ने नारी साहित्यकारहरूका नाम र सामान्य योगदानको चर्चा समेत गरिएको छ ।

पत्रपत्रिका तथा फुटकर साहित्यकारहरू सबै उल्लेख हुन नसके पनि सुरूवात यसलाई मानिएको छ । यस क्षेत्रभित्र रहेका केही प्रमुख नारी साहित्यकारको साहित्यिक व्यक्तित्व र कृतिगत मूल्याङ्कनका आधारमा विश्लेषण गरिएको छ ।

### ४.३.२.२ संरचनात्मक ढाँचा

प्रस्तुत पुस्तक समालोचनापरक कृति हो । यसमा नारायणी अञ्चलमा रहेका नारी साहित्यकारहरूको जिल्लागत रूपमा छुट्याएर विश्लेषण गरिएको छ । वि.सं. २०६२ साल सम्मका

प्रमुख र ख्याति प्राप्त नारी साहित्यकारहरूका नाम उल्खेख गरिएका छन् । चितवन जिल्लाका १० नारी साहित्यकारहरू, बारा जिल्लाका १, पर्साका ४ र मकवानपुरका ५ साहित्यकारहरूको कृतिगत मूल्याङ्कन भएको छ । जम्मा ८५ पृष्ठमा पुस्तकले स्वरूप पाएको छ। यसमा भाषिक सरलता र सुबोध्यता पाइन्छ । संरचनात्मक, वर्णनात्मक इतिवृत्तात्मक रूपमा समालोचना भएको पाइन्छ ।

### ४.३.२.३ निष्कर्ष

नारी स्रष्टाहरूको आञ्चलिक र क्षेत्रीय रूपमा साहित्यिक विभाजन र साहित्यकारको मूल्याङ्कन हुन पाउनु यसको महŒवपूर्ण उपलब्धि हो । मोफसलका स्तरीय प्रतिभाहरूको पहिचान गराउनु मात्र नभएर आलोचनात्मक व्याख्या विश्लेषणले साहित्यकारको रचनामा स्तरीयता प्रदान गर्नेछ भन्ने आशा गर्न सकिन्छ । स्थान विशेषको लोक जीवन र  लोक संस्कृतिका लिखित र मौखिक परम्परा  बाँचेका छन् । समालोचकद्वयले नारायणी अञ्चलका नारी साहित्यकारहरूलाई चिनारी गराउँदै साहित्य र साहित्यकारको परिचय पाठकसामु पुऱ्याउनु यस कृतिको प्रमुख उपलब्धी हो ।

## ४.३.३ प्रबोधन

**प्रबोधन** कवितासङ्ग्रह साहित्यकार सरस्वती रिजालको वि.सं. २०६३ सालमा प्रकाशित कृति हो। प्रकाशित कृतिमा यो उनको तेस्रो क्रममा पर्दछ । **एक झुल्को घाम**सँगै खारिएकी कवयित्री रिजालको दोस्रो कविता कृति हो । समालोचना, कथा, कविता आदि विधामा कलम चलाएकी रिजाल यस कृतिमा प्रखर कवयित्रीका रूपमा चिनिएकी छन् । जीवन र जगत्बाट अनुभूति गरिने अनुभव तथा अनुबोधन साहित्यमा पनि पृथक् अस्तित्वबोधको स्वाभाविक रूपमा प्रबोधन भएको मानिएको छ । **प्रबोधन** आध्यात्मिक, भौतिक, सामाजिक, प्राकृतिक, राष्ट्रियता एवम् प्रेम र प्रणयसम्बन्धी भावाभिव्यञ्जनायुक्त विविध स्वाद र रसले आस्वाद्य बनेको छ।[४२] यो गद्यलय, गीतिलय, र शास्त्रीय छन्दमा संरचित ४४ वटा कवितात्मक रचनाहरूको मझौला आकारको सङ्ग्रह हो । **प्रबोधन**लाई राम्ररी नियाल्दा आधुनिकता र उत्तरआधुनिकताको छेउटुप्पो नभेटिने

[४२] केदारनाथ खनाल, *प्रकाशकीय,* **प्रवोधन,** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद, २०६३) पृ. ६।

कोलाज कविताहरूको दिमाग चाट्ने शैलीसित रिजालका गीत कविताहरू भौँतारिन चाहन्छन् ।[४३] सेवा, सद्भाव, प्रेम धर्म र सत्यका महŒव दर्शाउँदै उनका कविताहरूले राष्ट्रभाषा, राष्ट्रिय कला, सांस्कृतिक संरक्षण र संवर्द्धन गर्दै राष्ट्रिय गौरव कायम गर्न अनुरोध गरेका छन् । गद्य र पद्य लयका आधारमा कवितालाई दुई मर्मस्पर्शी भाषामा विभिन्न बिम्ब र प्रतिकाहरूको प्रयोग गर्दै यसमा जीवन र जगत्का विविध पक्षहरूको उद्घाटन गरिएको छ ।

### ४.३.३.१ विषयवस्तु

**प्रबोधन** विविध विषयवस्तुहरूलाई समेटेर रचना गरिएको छ । यस कवितामा उनी मूलतः प्रगीतात्मक कविताकी स्रष्टा हुन् । गोविन्दराज विनोदीका अनुसार उनका कवितामा सङ्क्षिप्तता आख्यानहीनता र अनुभूतिको तीक्ष्णता पाइन्छन् ।[४४] पौराणिक, प्राकृतिक, सामाजिक आदि बिम्बहरूको संयोजन गरी आत्मानुभूतिलाई निश्छल रूपमा प्रस्तुत गर्नु उनको वैशिष्ट्य हो । यी कविताभित्र आध्यात्मिक भाव, मानवीय अस्तित्व, राष्ट्रियता, विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्य, कला साहित्य संस्कृतिबोधी तथा नीति सन्देश र दार्शनिक चेतना भरिएको पाइन्छ । यस कवितासङ्ग्रहलाई विभिन्न शीर्षकहरूमा समेटिएको छ ।

#### ४.३.३.१.१ आध्यात्मिकता

उनका केही कविताका विषयवस्तुले आध्यात्मिक चेतनाले भरेर आत्मशुद्धि, आत्मचिन्तन र आत्मपहिचानका लागि आग्रह गरेका छन् । प्रस्तुत पुस्तकको शीर्षकको रूपमा रहेको प्रबोधन कवितामा पनि अध्यात्मिकताको समर्थन गरिएको छ । जस्तै *आफ्नो सम्पूर्णता, मृत्यु बोध* कवितामा मृत्युको शाश्वत सत्यलाई बोध गर्न आह्वान गरिएको छ ।

#### ४.३.३.१.२ प्रेम प्रणयजन्य अनुभूति

यस कवितासङ्ग्रहभित्र रतिरागजन्य शृङ्गाररसले युक्त विषयवस्तु बोकेका केही कविताहरू रहेका छन् र दाम्पत्य जीवनको रजतवर्षमा प्रणयवोधी अभिव्यञ्जना बोकी रजतबिम्ब कविता यस्ता प्रेमरसले भरिएको छ । यस्तै अरु कवितामा *थामूँ के त थामूँ, प्राण प्रिय तिमी मेरो* आदि पदावली रहेका छन् ।

---

[४३] प्रेमविनोद नन्दन, *शुभेच्छा,* **प्रबोधन,** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद, २०६३) पृ. ७।
[४४] गोविन्दराज विनोदी, *प्रबोधन एक दृष्टि,* **प्रबोधन,** गायत्री श्रेष्ठ (चितवनः चितवन साहित्य परिषद, २०६३) पृ. १।

### ४.३.३.१.३ मानवीय अस्तित्वबोध

यस कवितासङ्ग्रहका केही कवितामा रिजालले समाजमा हुने गरेका अन्याय अत्याचारको विरोध गर्दै स्वतन्त्र र उन्मुक्त वातावरणको आह्वान गरेकी छन् । मानव दुष्परिणतिको विरोध व्यक्त गरिएको छ। असीम चाहनाले मानवलाई दुःखमा परिणत गरेका भाव पनि यस सङ्ग्रहका कवितामा आएको छ । *नारी अस्मिता, उन्मुक्त आकाश देऊ,* आदि कविताहरूले यस्ता भाव वहन गरेको पाइन्छ ।

### ४.३.३.१.४ राष्ट्रियता र राष्ट्रप्रेम

आफ्नो राष्ट्रको माया र ममता हृदयभरि सँगाल्दै वर्तमानमा आएको देशको विडम्बनापूर्ण स्थितिको सटीक चित्र उतारिएको छ । आफ्नो कला, संस्कृति धर्मको जर्गेना गर्न सबैलाई आग्रह गरिएको छ । *अर्थ विच्छेद, शब्दको मारुनी* आदि कविताहरूले यस्ता भाव व्यक्त गर्दछन् ।

### ४.३.३.१.५ युगीन विसङ्गतिबोध

वर्तमानमा भोग्नुपरेका विकृति, विसङ्गति तथा झुट्टा अभिव्यक्तिहरूको विरोध गर्दै सुख र शान्तिपूर्ण परिस्थितिको वर्णन यस सङ्ग्रहका केही कविताहरूमा पाइन्छ । *एकादेशको कथा, सत्यता, परिवेश र भविष्य, देश दुख्दैछ, कोलाहलको संसारमा,* कविताले युगीन विसङ्गतिको भाव बोकेका छन् । कोलाहलको संसारमा कवितामा शान्ति, सद्भाव र मानवताको ह्रासप्रति चिन्ता व्यक्त गरिएको छ ।

### ४.३.३.१.६ साहित्य र साहित्यकारप्रतिको अनुराग

वरिष्ठ साहित्यकारहरूका साहित्यिक योगदनाको प्रशंसा र काव्यनुरागीका कलात्मक भावनाहरू अभिव्यक्त भएका छन् । राष्ट्रकवि माधवप्रसाद घिमिरे, गीतकार प्रेमविनोद नन्दन, र महाकवि देवकोटाप्रति श्रद्धा व्यक्त गरिएको छ । अभिव्यक्त सुन्दर एवम् कलात्मक भाव *स्मृतिमा महाकवि* कवितामा रहेको छ ।

### ४.३.३.१.७ प्रकृति चित्रण

जीवन-जगत्सँग सम्बद्ध आफ्नो मातृभूमि तथा विभिन्न प्राकृतिक रमणीयता तथा प्रकृतिमा प्रदूषण गर्ने मानवीय दुष्प्रवृत्तिको चित्रण गरिएको छ । *मेरो चितवन, अस्मिता नारायणीको* शीर्षकका कविताहरू प्रकृतिपरक कविताहरू रहेका छन् ।

यसमा रहेका कविताहरूको शीर्षक, लय र मूलभाव वा विचारका आधारमा सङ्क्षिप्त परिचय यसरी प्रस्तुत गरिएको छ:

**खण्ड क गद्य कविता**

१. *एउटा गोष्ठीको अन्त्य* कवितामा गद्यलय, निष्कर्षहीन, गन्तव्यहीन कथित गोष्ठीको यथार्थता प्रस्ट पारिएको छ ।

२. *वर्तमान* कवितामा वर्तमानलाई सुन्दर र सुखद बनाउन आग्रह गरिएको छ ।

३. *मलाई उन्मुक्त आकाश देऊ* कवितामा स्वतन्त्र र शान्त समाजका लागि उन्मुक्त आकाशको खोजी गरिएको छ ।

४. *अर्थ विच्छेद शब्दको* कवितामा देशको वर्तमान अवस्थाको चित्रण गरिएको छ ।

५. *देश सर्वाङ्ग दुख्दै छ* कवितामा राष्ट्रिय स्वाभिमान, मानवीय अस्तित्व र नैतिकताको ह्रासप्रति चिन्ता व्यक्त गरिएको छ ।

६. *सायद हिमाल बिटुलिँदै छ* कवितामा प्रतिकात्मक रूपमा हिमाली अवमूल्यन र ह्रासप्रतिको चिन्ता व्यक्त गरिएको छ ।

७. *अहम् दुई रूप* कवितामा मानिसको अहम्पनको भौतिकवादी र अध्यात्मवादी दुई रूपमा विश्लेषण गरिएको छ ।

८. *मृगतृष्णा र मानव* कवितामा भ्रमित मानवतृष्णाको दुष्परिणतिप्रति चिन्ता व्यक्त गरिएको छ ।

९. *नारी अस्मिता* कवितामा पौराणिक बिम्बमा नारीको अस्तित्वबोधी भाव व्यक्त गरिएको छ ।

१०. *आफ्नो सम्पूर्णता आफैँभित्र* कवितामा मानवजातिलाई आत्मपहिचानको लागि आग्रह रहेको छ।

११. *एकादेशको कथा* कवितामा विसङ्गत परिवेशको अन्त्य र सुखशान्तिपूर्ण परिस्थितिको स्थापनाको चाह रहेको छ ।

१२. *सार्थक मान्छेःनिरर्थक मान्छे* कवितामा असीम इच्छाले मानवलाई निरर्थक बनाएको भावाभिव्यञ्जना रहेको छ ।

१३. *भानूदय* कवितामा भानुभक्तप्रति श्रद्धाभाव र महिमागान गाइएको छ ।

१४. *क्यानभास र दृष्टि* कवितामा मानवीय दृष्टिकोण प्रस्तुत गर्न क्यानभासको सहारा लिइएको छ।

१५. *कुमाले र चक्र* कवितामा कुमालेलाई प्रतिकाका रूपमा लिई ईश्वरीय सृष्टिको वर्णन रहेको छ।

१६. *सत्यता, परिवेश र भविष्य* कवितामा अपराधी, व्यापारी र नेताद्वारा झुटो अभिव्यक्ति दिने चलनले भविष्यमा पर्ने प्रभावप्रति चिन्ता व्यक्त गरिएको छ ।

१७. *मनै त हो ⁄म नै त हो* कवितामा आत्मचिन्तनको अभिव्यक्ति प्रस्तुत गरिएको छ ।

१८. *प्रबोधन* कवितामा भौतिकताप्रति असहमति र आध्यात्मिकताको समर्थन गरिएको छ ।

१९. *अहम्को पराजय अर्थात् विजय सत्यको* कवितामा विजयादशमीलाई शान्ति, प्रेम, अहिंसा, धर्म र सत्यको स्थापनाद्वारा मनाउन आग्रह गरिएको छ ।

२०. *क्याक्टस्* कवितामा दुःखको बोध गराउने क्याक्टसप्रतिको धारणा रहेको छ ।

२१. *रुख र दुबो* कवितामा प्रकृति बिम्बका सहाराले अहङ्कारप्रतिको विकर्षण र निरहङ्कारी सरल जीवनप्रति आकर्षण भाव व्यक्त गरिएको छ ।

२२. *लीला बाजे* कवितामा पिताप्रतिको श्रद्धा, जीवन सङ्घर्षको कथा र व्यथा प्रकट गरिएको छ ।

२३. *मृत्युबोध* कवितामा मृत्यु र शाश्वततालाई बोध गर्नुपर्ने धारणा प्रकट गरिएको छ ।

२४. *छाता र म* कवितामा समयको परिवर्तनसँग दम्भको पतन एवम् विनाशको चित्रण रहेको छ ।

**खण्ड ख पद्य कविता**

१. *मेरो चितवन* कवितामा चितवनको प्राकृतिक रमणीयता र श्रममय जीवनको चित्रण गरिएको छ।

२. *मारुनी* कवितामा नेपाली कला र संस्कृतिको जर्गेर्ना गर्न आग्रह गरिएको छ ।

३. *अस्मिता नारायणीको* कवितामा मानवीय दुष्ट प्रवृत्तिको चित्रण गरिएको छ ।

४. *पुस्तुनपुत्र* कवितामा माधवप्रसाद घिमिरेको काव्यानुराग र योगदानबारे चर्चा गरिएको छ ।

५. *आफैँ नधाए* कवितामा आत्मतत्व चिन्नुपर्ने धारणा व्यक्त गरिएको छ ।

६. *रजतबिम्ब* कवितामा दाम्पत्यको रजतवर्षमा प्रणयबोधी र जीवनबोधी भाव व्यक्त गरिएको छ ।

७. *प्राणप्रिय तिमी मेरो* कवितामा प्रेमबिम्बको सहायताले ईश्वरीय आस्थाको प्रकटीकरण रहेको छ।

८. *थामूँ त के थामूँ* कवितामा प्रेममा समपर्ण रहेको भाव व्यक्त गरिएको छ ।

९. *नन्दन वनमा एकछिन* कवितामा नन्दनप्रतिको अनुराग र साहित्यप्रति श्रद्धा गरिएको छ ।

१०. *मान्छे आखिर बाँच्ने रैछ* कवितामा मान्छेको विवशता र बाध्यताको अभिव्यक्ति रहेको छ ।

११. *नदेखिने आँधी आई* हृदयको व्याकुलताका कारण सृजित विसङ्गतिबोध रहेको छ ।

१२. *म भित्रको माया* कवितामा प्रेमको शाश्वततालाई प्रकृतिसित सन्दर्भीकरण गरिएको छ ।

१३. *काँडाहरू माझ* कवितामा जीवनमा आइपर्ने दुःखमा पनि मुस्कुराउनु पर्ने सन्देश रहेको छ ।

१४. *लामो सफरमा* कवितामा जीवनको उद्देश्यको खोजी गरिएको छ ।

१५. *म बाचेँ यसरी* कवितामा अर्कालाई बाँच्नु पर्ने नारीको जीवनानुभूत सत्य प्रकट गरिएको छ ।

१६. *किन यस्तो लाग्छ* कवितामा पीडाको क्षणमा प्रकट हुने अनुभूति प्रकट गरिएको छ ।

१७. *कोलाहलको संसारमा* कवितामा शान्ति, सद्भाव र मानवताको ह्रासप्रति चिन्ता देखाइएको छ ।

१८. *म भित्र पनि* कवितामा अधिकांश अपूर्ण चाहना बोक्नुपर्ने जीवनको वास्तविकता रहेको छ ।

१९. *स्मृतिमा महाकवि* कवितामा देवकोटाप्रति अभिव्यक्त सुन्दर एवम् कलात्मक भावना रहेको छ ।

२०. *सत्य कुरा भन्छु भनी* कवितामा प्रणयबोधी चेतनामा नीतिपरक दृष्टिकोण रहेको छ ।

### ४.३.३.२ संरचना

आन्तरिक र बाह्य दुबै संरचनात्मक रूपले हेर्दा **प्रबोधन** कवितासङ्ग्रह सफल रहेको छ । यो कवितासङ्ग्रह दुई भागमा विभाजित छ । प्रथम खण्डमा २४ वटा गद्य कविताहरू रहेका छन् भने दोस्रो खण्डमा २० वटा पद्य कविताहरू रहेका छन् । लयका आधारमा खण्ड छुट्याएर विविध विषयवस्तु समेटिनुले यो कृति विशिष्ट श्रेणीमा उभिएको छ । पद्य कविताहरूको लय बुनोट गीतिलय, वर्ण मात्रिक, शास्त्रीय छन्दको अनुकरण, गजल आदिमा रहेका छन् । सुललित, श्रुतिमधुर र भावगाम्भीर्यले पद्य लयका कविता साङ्गीतिक र माधुर्ययुक्त बनेका छन् ।

### ४.३.३.३ निष्कर्ष

रिजालको **प्रबोधन** कवितासङ्ग्रहका कविताहरू सरल र सरस छन् । जीवन-जगत्बाट गरेको अनुभव तथा अनुबोधन आफ्ना साहित्यमा अन्तर्ध्वनित गरिएको पाइन्छ । दार्शनिक चेतबाट अनुप्राणित देखिन्छन् । फूलका थुङ्गामै टिपेरै गीतका मालाहरू उन्नु कविहृदयको सम्प्राप्ति बनेको छ। बहुमुखी प्रतिभाकी धनी रिजाल समकालीन संवेदनाका छट्पटी प्रस्ट्याउन सक्षम कवयित्री हुन्।

## ४.३.४ प्रसङ्ग, भ्रम र पात्रहरू लघुकथासङ्ग्रह

**प्रसङ्ग, भ्रम र पात्रहरू** लघुकथासङ्ग्रह सरस्वती रिजालको समाजका विकृति, विसङ्गति तथा कुरीतिहरूप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको लघुकथाहरूको सङ्ग्रह हो । समाजमा व्याप्त दुष्प्रवृित्तलाई चारैतिरबाट सोहोरेर छरपस्ट गरिएको छ भने विकास र सुधारतर्फ लम्कन आह्वान समेत गरिएको छ । यसमा रहेका ७७ वटा कथाहरू  साहित्य, शिक्षा, राजनीति, धर्म, मानवता आदि जस्ता विषयवस्तुलाई कथ्य बनाएर प्रस्तुत भएका छन् भने रचनात्मक दृष्टिले रिजालको वैशिष्ट्य फरक शैलीको फेला पर्दछ । यस सङ्ग्रहलाई नै हेर्दा यहाँका सबै कथा फरक प्रसङ्गका छन् र मानव समाजमा पैदा गरेका भ्रमलाई चिरफार गर्न पुग्छन् अनि क्रमिक रूपले यस्ता भ्रमले पात्रहरू भ्रमित बनेको यथार्थता प्रस्टिन्छ ।

### ४.३.४.१ विषयवस्तु

**प्रसङ्ग, भ्रम र पात्रहरू** लघुकथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा जीवनजगत्का विविध विषयहरू समेटिएका छन् । यसमा अहम्पन र प्रवृत्तिप्रतिको तीव्र व्यङ्ग्य तथा राजनैतिक विसङ्गति, मह्ङ्गी र गरिवीको चित्रण र नारीका मनोभाव, पीडा आदिका यथार्थ भावहरूको स्थापना गरिएको छ। घिमिरेका अनुसार लेखिकाद्वारा धर्मलाई मानवीय भाव र स्वाभावकै रूपमा ग्रहण गर्न चाहेको देखिन्छ । केही कथाहरूमा नारी पुरुषको सनातन विषयलाई कथानक बनाइएको छ । विषय सनातन भए पनि लेखकीय दृष्टिकोण नवीन छ । नारी स्वतन्त्रताका लागि नारीहरू परनिर्भरताबाट मुक्त हुनुपर्ने धारणा व्यक्त गरिएको छ भने पुरुषहरूको परम्परागत सोचाइ मुख्य बाधकको रूपमा रहेको छ ।[४५] केही कथाहरूले नारी स्वतन्त्रता र अस्मिता तथा नारीका सम्बन्धमा देखिएका द्वैध मानसिकतालाई जीवन्त रूपमा चित्रण गरेका छन् । लक्ष्मणप्रसाद गौतमका अनुसार यी लघुकथाहरू वर्तमानको सङ्गतिहीनताप्रति कतै व्यङ्ग्यको झटारो हान्छन् र अझ त्यहाँभन्दा बढी सुधारको सन्देश दिन्छन् ।[४६] नैतिक आदर्शका आडमा मान्छेलाई उभ्याएर आदर्शको सन्देश दिने

[४५] रामबाबु घिमीरे, *लेखिका र कथाकारिताका सन्दर्भमा* **प्रसङ्ग, भ्रम र पात्रहरू**, सरस्वती रिजाल(चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृ. झ ।

[४६] लक्ष्मणप्रसाद गौतम, *लघुकथाका संरचनात्मक बान्की,* ***प्रसङ्ग, भ्रम र पात्रहरू,*** **प्रसङ्ग भ्रम र पात्रहरू**, सरस्वती रिजाल (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृ. ज ।

उनका केही कथाहरू यसभित्र रहेको पाइन्छ । यथार्थको चित्रण र त्यसको सुधार तथा निर्माणतिर बढी सङ्केत गर्ने कथाहरू यसमा रहेका छन् ।

### ४.३.४.१.१ सामाजिक चित्रण

समाजका विविध विषयवस्तु बटुलेर यस लघुकथासङ्ग्रहमा उनिएको छ । समाजमा रहेका विकृति, विसङ्गति, स्वार्थ तथा मानवीय प्रवृत्तिका विविध पाटाहरू समावेश गरिएका छन् । खराब पक्षलाई छर्लङ्ग्याई सुधारको चेत छर्ने कथाहरूको कथ्य यसमा रहेको छ ।

### ४.३.४.१.२ सामाजिक कुसंस्कार र दुष्प्रवृत्ति

मानवीय व्यवहारको चित्र उतारी नकारात्मक प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने कथाहरू यस सङ्ग्रहमा रहेका छन् । कतै बाह्य रूपमा समाजसेवी र भलाद्मी देखिने व्यक्ति भित्रैदेखि आफ्नै परिवारभित्र शोषण गरिरहेको हुन्छ भन्ने यथार्थता प्रस्ट्याइएको छ भने कतै मृतकको नाममा गरिने विज्ञापनका साथै आडम्बरप्रति व्यग्ङ्य रहेको छ । आफ्नै घरका परिवारबाट टाढा सभ्भिmएको र आफ्नैले समवेदना श्रद्धाञ्जली दिएको प्रवृत्तिको यथार्थता रहेको छ । *अर्न्तघात* शीर्षकको कथामा छलकपट गर्ने मानवीय प्रवृत्तिको चित्रणका साथै बहुविवाह गर्ने पुरूषप्रति व्यङ्ग्य रहेको छ । स्वार्थ पूर्तिका लागि मानिसले देखाउने छेपारे प्रवृत्तिको चित्रण *छेपारो* कथामा रहेको छ । बाह्रौं कथा *कलाकार*मा कलाप्रतिको समर्पण भाव र समयको क्रूरताका चित्रणका साथै समवेदनाको यथार्थ अभिव्यक्ति रहेको छ । त्यस्तै सोह्रौं कथा *समाज सेवा*मा अरूलाई मात्रै दोषी देख्ने मानवीय प्रवृत्तिका साथै असामाजिक मान्छेको चित्रण गरिएको छ । समग्रमा मानिसको पतनोन्मुख प्रवृत्तिप्रति व्यङ्ग्य गरिएका मानवीय असामाजिक स्थिति र कुसंस्कार तथा दुष्प्रवृत्ति चित्रण गर्दै मानिसको असामाजिक अवस्था उतारेर प्रस्तुत लघुकथासङ्ग्रहमा समाजको चित्रण गरिएको छ ।

### ४.३.४.१.३ गरिबी र यथार्थता

समाजमा रहेको यथार्थता उतार्ने क्रममा कथाकारले समाजमा मानिसले भोग्न बाध्य गरिवीको अवस्था र उनीहरूको यथार्थतालाई प्रस्ट्याएकी छन् । *प्रसङ्ग भ्रम र पात्रहरू* कथासङ्ग्रहकै शीर्षक ओगट्न पुगेको छ । उक्त कथामा साहित्यिक क्षेत्रमा देखिएका यथार्थ र विकृत अवस्थाको चित्रण हुन पुगेको छ । त्यस्तै *सपनाको खण्डहर*मा मानवताको ह्रास र गरिवीको विदीर्ण कथाको प्रस्तुति रहेको छ ।

### ४.३.४.१.४ राजनैतिक परिवेश र दुश्चरित्रता

वर्तमान राजनैतिक अन्योलता र यस अवस्थालाई अवसर बनाई दुश्चरित्र प्रदर्शन गर्नेहरूको चरित्र बोकेर केही कथाहरू उपस्थित हुन पुगेका छन् । कथामा नेताहरूको दुश्चरित्रताको चिन्तन र तिनका देखावटी प्रवृत्तिको प्रस्तुति रहेको छ । समसामयिक राजनीतिक, विसङ्गति र यसप्रति व्यङ्ग्य रहेको छ । समाजसेवाको नाममा राजनीतिक खेलको चित्रण भएको कथा *सहयोग* हो भने *राजनीति* शीर्षकको एकचालीसौँ कथाले राजनैतिक विसङ्गत पक्षलाई उद्घाटन गरेको छ ।

### ४.३.४.१.५ सामाजिक विभेद र विरोध

गरिबहरूको उदारता र धनीहरूको असहिष्णुताको प्रस्तुति तथा धनाढ्यहरूप्रतिको व्यङ्ग्य यस कथासङ्ग्रहको पाँचौं क्रममा *अप्रत्यासित* शीर्षकमा रहेको छ । *मूल्याङ्कन* कथामा दलित चेतना, समवेदनाको चित्रण र कला चेतनाका अभिव्यक्तिका साथै छुवाछुतको विरोध गरिएको छ ।

### ४.३.४.१.६ पुरुष अहम्को चित्रण

चौधौँ कथा *उडायो सपना सबै हुरीले* शीर्षकमा पुरुषको अहम्वादी प्रवृत्तिको चित्रण गर्दै द्वैध मानसिकता र चरित्र उतारिएको छ भने *पीडाबोध*मा पनि पुरुष अहम्का कारण पीडित बनेकी नारीको चित्रण छ ।

### ४.३.४.१.७ मानवीय प्रवृत्तिको चित्रण

यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा मानिसका मनभित्रका विचार समेतले प्रवेश पाएको छ । मानिसमा रहेको क्रूरता, स्वार्थीपन, अहम्पन तथा मनोबिम्व र दुष्प्रवृत्तिलाई रिजालका केही कथाका विषयवस्तुले छोएका छन् ।

### ४.३.४.१.८ मानवीय अहम्पन र क्रूरता

कथाक्रमका नवौं कथा *सावधान*मा मानिसलाई पशु वा कुकुरसँग तुलना गर्दै मानवीय खराब प्रवृत्तिको चित्रण गरिएको छ भने दशौँ कथा *भगवान्को न्याय*मा मानिस आफैँ र आफन्तबाटै खण्डित हुने प्रवृत्तिको चित्रण पाइन्छ त्यस्तै मानवीयतापनको ह्रास र विदीर्ण कथ्यको प्रस्तुति *सपनाको खण्डहर*मा छ । *कलाकार* कथामा कलाप्रति समर्पण भाव र समयको क्रूरता तथा संवेदनाको यथार्थ चित्रण रहेको छ ।

### ४.३.४.१.९ मानवीय मनोबिम्ब र भौतिकवादी भावना

*साइनो* कथामा मनोलोकको चित्रणका साथै मानवीय मनोबिम्बको प्रयोग रहेको छ । त्यस्तै केही कथामा वैज्ञानिक आविष्कारको क्षणभङ्गुरताको चित्रणका साथै भौतिक वस्तुका नश्वरताको प्रस्तुति रहेको छ ।

### ४.३.४.२ संरचना

प्रस्तुत लघुकथा **प्रसङ्ग, भ्रम र पात्रहरू** मझौला आकारको देखिन्छ । कृतिभित्र पहिलो खण्डको पृष्ठभूमि २० पृष्ठ र दोस्रो खण्ड १ देखि ७८ पृष्ठमा रहेको छ । कथाक्रममा ७७ वटा शीर्षकका लघुकथाहरू छन् । यहाँ २ अनुच्छेददेखि २ पेजसम्म फैलिएका कथाहरूको संयोजन गरिएको छ । कथा लेखनका शैली फरकफरक खालका छन् । यस सङ्ग्रहमा प्रश्नोत्तर, व्यङ्ग्य, बुँदा टिपोट र गम्भीर अर्थ समातेका अनि कुनै एकोहोरो प्रवचन जस्ता देखिने कथाहरू छन् ।

### ४.३.४.३ निष्कर्ष

कथाकार सरस्वती रिजालको प्रस्तुत लघुकथासङ्ग्रह प्रसङ्ग, भ्रम र पात्रहरू कथा संरचनामा विधागत सचेतता पाइन्छ । लघुतम कथामा कथ्य प्रस्तुति शीघ्रातिशीघ्र गर्नुपर्ने हुनाले कथा ढाँचाका सबै कुरा मिलाएर बेलिविस्तार गर्न भ्याइन्न । त्यसैले यस सङ्ग्रहका कथाहरू कथानकहीन कथाहरू प्रतीत हुन्छन् । विचार वा कथ्यलाई प्रधानता दिइएकाले कथानक झिनो हुनु स्वाभाविकै लाग्छ । गोपाल पौडेलका अनुसार रिजालका कथामा सामाजिक विकृति र विसङ्गति एवम् अन्ध परम्पराप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।[४७] सङ्ग्रहमा धेरै कथाहरू लघुआयामका छन्। सङ्क्षिप्तता, प्रभावकारिता, सन्देशमूलकता, अध्यात्मिकता रिजालका कथात्मक प्राप्ति हुन् । लक्ष्मणप्रसाद गौतमका अनुसार रिजालका कथाहरू सामाजिक विसङ्गतिका साथै मानिसका प्रवृत्तिमाथि व्यङ्ग्यचित्र उतार्न सफल रहेका छन् ।[४८]

---

[४७] गोपाल पौडेल, *प्रकाशकीय* **प्रसङ्ग, भ्रम र पात्रहरू**, सरस्वती रिजाल (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृ. झ ।

[४८] लक्ष्मणप्रसाद गौतम, *लघुकथाका संरचनात्मक बान्की* ***प्रसङ्ग, भ्रम र पात्रहरू***, **प्रसङ्ग, भ्रम र पात्रहरू**, सरस्वती रिजाल (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६५) पृ. झ ।

समग्रमा भन्नुपर्दा रिजाल समाज सुधारक, विश्लेषक तथा ज्ञानको आलोक छर्ने साहित्यकार हुन् । सरल, सरस र मिठासपूर्ण भाषाशैली उनको विशेषता हो । समसामयिकता समेट्ने उनको आफ्नै शैली छ । यथार्थ र तथ्यपूर्ण घटनाका रूपमा पाठकसामु प्रस्ट भएर उभिने उनको कथाको विशेषता हो । व्यक्तिगत रूपमा उत्तरआधुनिक युगकी एक कुशल र सक्षम कथाकारका रूपमा सरस्वती रिजाललाई लिइएको छ ।

## ४.४ शोभा राना

शोभा राना चितवनकी प्रतिभाशाली नारी प्रतिभाका रूपमा चिनिन्छिन् । उनी वि.सं. २०३२ सालमा मङ्गलपुर गा.वि.स. ४ मोहनपुर चितवनमा जन्मिएकी हुन् । सानै उमेरदेखि साहित्यिक क्षेत्रमा रूचि राख्ने रानाले सामाजिक विषयवस्तुलाई आफ्ना कृतिमा मूल रूपमा देखाएकी छिन् । साहित्यको बृहद् विधाको रूपमा परिचित उपन्यास विधालाई सजिलो विधा मान्दै उपन्यास रचना गर्दै आएकी छिन् । उनको हालसम्म बे**वारिसे** उपन्यास (वि.सं. २०५२) र **शिकार** उपन्यास (वि.सं. २०५६) गरी दुईवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् । चितवनका नारी लेखिकाहरूमा उपन्यास क्षेत्रमा कलम चलाउने पहिलो युवा उपन्यासकारका रूपमा रानालाई लिइएको छ । सरल र सहज शैलीमा आफ्नो मनमा लागेको अनुभूतिलाई औपन्यासिक रूपमा व्यक्त गर्न सक्नु उपन्यासकार शोभा रानाको खुबी नै मान्नु पर्दछ ।[४९]

सामाजिक कुरीति, अन्याय र अत्याचारको विरोध गर्दै नारी जागरण र जनचेतना जगाउने उनका उपन्यासहरूले समाजका निम्न र उच्च वर्गलाई समेटेका छन् । विशेष गरेर युवा वर्गका लागि उनका सिर्जना सक्रिय रहेका छन् । राना आफ्नो साहित्यमार्फत समाजलाई चेतना भर्न चाहन्छिन् भन्ने कुरा स्पष्ट भएको छ ।

### ४.४.१ बेवारिसे उपन्यास

**बेवारिसे** उपन्यास शोभा रानाको वि.सं. २०५२ सालमा प्रकाशित भएको हो । यो सामाजिक विषयवस्तुमा आधारित रहेको छ । प्रजातन्त्र दिवसको अवसर पारेर प्रकाशित यो उपन्यास एक

४९ सरस्वती रिजाल र गायत्री श्रेष्ठ, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः :नारायणी कला मन्दिर, २०६२) पृ.१९।

बसाइमा पढिसकिने खालको रहेको छ । सामाजिक विषयवस्तुमा आधारित भएर भावनात्मक र नाता सम्बन्धलाई महान् तुल्याउँदै मानवीय कोमल भावनालाई झल्काइएको छ । उपन्यासकारले यसमा आफ्ना कोमल भावना र कोमल विचारलाई सरल, सहज, सुललित र कवितामय वर्णनयुक्त शैलीमा प्रस्तुत गर्दै उपन्यासलाई सुन्दर तथा सुवासयुक्त बासन्ती माला बनाउन खोजेकी छिन् । सालनाल सहितको बेवारिसे नानीलाई पालेर ठूलो भएपछि उसको रगतले जीवन बचाएको विषयवस्तु समेटिएको यस उपन्यासमा समाजमा रहेका नारीका पीडा र संवेदनालाई अङ्गीकार गरिएको छ ।

### ४.४.१.१ कथानक

उपन्यासकार शोभा रानाको **बेवारिसे** उपन्यासमा सामाजिक कथानक रहेको छ । समाजमा हुने गरेका तथा सम्भाव्य घटनाक्रमलाई जस्ताको तस्तै टिपेर उतार्ने काम यसमा भएको छ । शीर्षकलाई पुष्टि गर्दै एक बेवारिसे सालनालसहितको बच्चा फेला परेको घटनाबाट कथानक सुरु भएको छ । मास्टरले दिनभरिको स्कुल र स्कुल सकिएपछि ट्युसन पढाएर फर्कँदै गर्दा बाटोमा त्यो बेवारिसे बच्चा भेटेका हुन्। सुरक्षा नामकी बेवारिसे बच्चा नै उपन्यासकी नायिका हुन् । घर ल्याएर हेरचाह गर्नु, न्वारन गर्नु, लालनपालन गर्नु आदि कुनै पनि काममा मास्टर मास्टर्नी चुक्दैनन् । चार महिनापछि मास्टरकी अर्की छोरी विनीताको जन्म भयो । मास्टरका अब तीनवटै छोरीहरू बढ्दै र हुर्कंदै गए । मास्टर्नी भने सुरक्षाप्रति अति ईर्ष्यालु बन्दै गइन् । विभिन्न यातनासमेत दिन थालिन् । जेठी छोरी सपनाको रमेशसँग प्रेम सम्बन्ध गाँसियो । अन्तमा तिलस्मी रूपमा वैवाहिक बन्धनमा बाँधिन पुगे । मास्टर्नीको हेलाँपछि सुरक्षालाई अर्कै मास्टरले लगेर पाले । पढाएर ठूलो बनाई बिवाहसमेत गरिदिए । सुरक्षाले नर्समा नियुक्ति पाए । सानै छँदा उनलाई माया गर्ने उनकी दिदी सपनासँग भेट भयो । मास्टर्नी पनि सिकिस्त बिरामी हुन्छिन् । सबै छोरीहरू उही माइतीघरमा जम्मा हुन्छन् र मास्टर्नी बिरामी पर्दा उही सुरक्षाले रगत दिएर बचाएकी छिन् । यस्तै कथानक यसमा रहेका छन् । लक्ष्मणप्रसाद गौतमका अनुसार जीवनका आशा-निराशा, सुख-दुःख आदि संवेगहरूलाई उपन्यासमा देखाउन खोजिएको छ ।[५०] एउटी नारीको दुखद जीवनको सम्पूर्णता लिएर

५० लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२) पृ.११०।

सुरक्षा उभिएकी छन् । नाता रगतको मात्र नभएर भावनात्मक नाता ठूलो बन्दो रहेछ भन्दै उपन्यासकारले भावुकताको संसारलाई व्युझाउन खोजेकी छन् ।[५१] यसरी मानिसमा हुने ईर्ष्यालु स्वभाव, जीवनका आशा-निराशा, सुख-दुःख अनि मानवीयताका गुणहरू यस उपन्यसमा मुख्य रूपमा उपस्थित भएका छन् ।

### ४.४.१.२ पात्र

लघु आकारको उपन्यास भएकोले यस उपन्यासमा पात्रहरू पनि सीमित छन् । सुरक्षा यस उपन्यासकी केन्द्रीय पात्र हो । मुख्य चरित्र बोकेकी हुनाले नायिकाको रूपमा उपस्थित भएकी छ । बेवारिसे बालिका बनेर फ्याँकिएकी सुरक्षा जन्मदै अभागी छे । मास्टर्नीले देखिनसहेर यातनासमेत पाएकी छे । सुरक्षाले मास्टर्नीलाई रगतदान गर्छे, सेवा र कर्ममा समर्पित भएकी छे ।

नायकको चरित्रका रूपमा मास्टर नै देखिएका छन् । मास्टर सुरक्षालाई आफ्नी छोरी सरह नै ठानेर असाध्यै माया गर्ने पात्र हुन् । मास्टर्नीले गरेको व्यवहार उनलाई मन पर्दैन तर पनि उनको उपाय चलेको छैन । मास्टर समाज सेवक, मिहिनेती र कर्मशील पात्र बनेका छन् । मास्टर मास्टर्नीका चरित्रबाट मानिसमा रहेका आशा-निराशा सुख, दुःख आदि संवेगलाई देखाउन खोजिएको छ ।[५२] यस उपन्यासका सहायक चरित्रका रूपमा मास्टर्नी, सपना, विनीता, रमेश, सिकारी, संयोग, मीनबहादुर आदि रहेका छन् ।

### ४.४.१.३ कथोपकथन

यस उपन्यासमा बीचबीचमा संवादको प्रयोग भएको छ । भाषिक प्रवाहको कमी महसुस भए पनि प्रत्यक्ष, अप्रत्यक्ष संवादको प्रयोगले उत्सुकता जगाउँछ । छोटा र लामा दुबै खालका संवादहरू यस उपन्यासमा प्रयोग भएका छन् । मास्टर मास्टर्नीको संवाद, सुरक्षा र सपना, विनीता अीद बीचको संवाद यस उपन्यासमा प्रयोग भएका संवाद हुन् ।

### ४.४.१.४ संरचना

५१ पूर्ववत् ।
५२ पूर्ववत् ।

**बेवारिसे** उपन्यास लघु आकारको उपन्यास हो । नेपाली ग्रामीण समाजका पात्रहरूलाई उपस्थित गराएर सामाजिक यथार्थता बहन गरेको छ। भाषिक प्रवाहमा कहीँ कतै कमी भेटिए पनि पात्र, संवाद आदिले उपन्यासको कथानक स्पष्ट हुनजान्छ। तत्सम, तद्भव र आगन्तुक सबै खाले शब्दहरूको प्रयोगले उपन्यासले संरचना प्राप्त गरेको छ । सरल र सहज भाषाशैलीको प्रयोग भएको छ भने कतै कतै व्याकरणगत विचलन भेटिन्छ।

### ४.४.१.५ निष्कर्ष

जीवनको सुन्दर यौवनावस्थामा १८-२० बर्षको उमेरमा यस्ता कथानक र विषयवस्तुलाई समेटेर उपन्यासको सिर्जना गर्नु शोभा रानाको साहित्यप्रतिको अभिरूचि र सुन्दर भविष्यप्रतिको सङ्केत हो । यस उपन्यासले सामाजिक विषयवस्तुलाई समेटेर कलात्मकता प्रदान गर्ने जमर्को गरेको मानिन्छ । भाषिक त्रुटिलाई सुधारेर अघि बढ्न सकेमा रानाको कलात्मकताले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## ४.४.२ शिकार

**शिकार** उपन्यास शोभा रानाको वि.सं. २०५६ सालमा प्रकाशित भएको दोस्रो कृति हो । वि.सं. २०५२ सालमा प्रकाशित **बेवारिसे** उपन्यास पछि थुप्रै सुधार, जोस र जाँगर लिएर शिकारमा उपस्थित भएकी छन्। सामाजिक कथावस्तुलाई आफ्नै ढङ्गले गुथ्ने प्रयास गरिएको देखिन्छ। उखान टुक्काको प्रयोग, सरल र सरस भाषा शैलीमा रचना गरिएको यो उपन्यास नारी चेतना बोकेर खरो रूपमा उत्रिएको छ । पुरूषको अहम्वादी प्रवृत्तिलाई सहजै सहने नारीले भोग्नु परेको पीडा घटनात्मक रूपमा देखाइएको छ। आधुनिकताका नाममा मानिसले गरेका तडकभडक र उत्ताउलो प्रवृत्ति उल्लेख गर्दै स्वास्थ्य सम्बन्धी चेतना पनि फैलाइएको छ।

थाहै नपाई एड्स जस्तो ठूलो महामारीमा मानिसहरू दिनहुँजसो फसिरहेका छन् । मानिसको छाडा यौनजन्य प्रवृत्तिले संसारलाई नै निराश बनाइरहेको छ। प्रेम र प्रणयजन्य भावहरू पनि समावेश गर्दै यस उपन्यासमा यस्तो प्राणघातक रोगबाट सतर्क रहन आह्वान गरिएको छ। नारीचेतना छर्ने उद्देश्यले उपन्यासको अन्तमा पीडित पात्रका माध्यमबाट उपन्यासकारले दिदी बहिनीहरूलाई सम्बोधन गर्दै कुनैपनि लोग्ने मान्छेलाई झट्ट विश्वास नगर्न समेत आग्रह गरेकी

छन्। एच.आई.भी. , एड्सलाई सहरी प्रदूषणको संज्ञा दिँदै बाबुआमाका सपनामाथि कुठाराघात नगर्न सबैलाई आह्वान गरिएको सन्देशमूलक उपन्यासका रूपमा यसलाई उभ्याइएको छ ।

### ४.४.२.१ कथानक

सामाजिक विषयवस्तुलाई लिएर यस उपन्यासको कथानक तयार भएको छ । ग्रामीण परिवेशबाट भर्खर सहरी प्रभाव परेका बेलाका युवाहरूको अल्लारे प्रेम र असुरक्षित यौनसम्पर्कले निम्त्याएको पीडा र वियोग तथा युवतीहरूको छिटो विश्वास गर्ने बानीले भोग्नुपरको पीडाजन्य अनुभूतिहरू यसमा समावेश भएका छन् ।

आमालाई पत्थरी भएर उपचारार्थ अस्पतालमा बर्षकी नम्रताले पैसाको अभावमा घर फर्काउने सुरसार गरेको अवस्थाबाट कथानक सुरु हुन जान्छ । एक युवक निःस्वार्थ रूपमा सेवा र टहलमा जुट्छ । सम्पूर्ण खर्च र पीडाहरूमा साथ दिँदै सन्जोगले त्यहाँको हेरचाह गर्छ र मानवताका लागि भन्ने जबाफ दिन्छ । विदेशबाट फर्केको, खाइलाग्दो, कार चढ्ने अनि दिनरात सेवा र सहयोग गर्ने सन्जोग त नम्रताको जीवनमा वसन्त नै बनिदिन्छ । विस्तारै विस्तारै सन्जोगले नमुनाका आमाछोरीकै विश्वास जित्नपुग्छ । सन्जोगको घरको पार्टीबाट नम्रताको सहरी तडक-भडकमा प्रवेश गरेको सङ्केत मिल्दछ । आदर्शप्रेमका कुरा गर्ने सन्जोगले रक्सीको चुस्कीमा नम्रतालाई पनि डुबाउँछ । आफूलाई सर्वस्वहरण गराएर घृणित, निकृष्ट र थकित बन्नपुग्छे । सन्जोगकी बहिनी पनि अमेरिकामा पढ्न जान्छे । सन्जोगले नम्रताकी बहिनीलाई पनि खर्च हालेर पढाउँछ अनि बदलामा नम्रताको सुन्दर जवानीमा डुबुल्की मार्छ। सहरमा पढ्न गएकी बहिनी अन्तिमा पनि व्वाइ फेन्डस्सँग घुम्न जान्छे । जवानी लुट्न खप्पिस सन्जोगले बिरामी पर्दा पनि वास्ता गर्न छाडेपछि इरोज (नम्रताको कलेजको साथी) सहयोगी बनेर आइदिन्छ । नम्रता, अन्तिमा, तमन्ना सबै प्राणघातक रोग एड्सको शिकार बन्न पुग्छन्। यता एड्स रोगी बनेकी नम्रताले पनि असल प्रेमी इरोजसँग थाहै नदिई विवाह स्वीकार गर्छे । विषयवस्तु चारैतिर बढ्न खोज्नाले उपन्यासकारको विचार अन्त्यतिर परिवर्तन भएको अनुभव हुन्छ । अन्तमा सबै पात्रहरू पश्चात्तापमा परेका घटना देखाउँदै कथानक टुङ्गिएको छ ।

मेलापात गरेर जीवन गुजार्ने सोझी गाउँले केटीलाई लोभ, लालच देखाएर तनमन लुट्ने काम यस उपन्यासमा भएको छ । नारी सञ्चेतनाका लागि आजकालका बरालिएका युवायुवतीको अवस्था यस उपन्यासको कथानक बनेर उपस्थित भएको छ ।

### ४.४.२.२ पात्र

यस उपन्यासमा पात्रहरू कथानकअनुसार सीमित रहेका छन् । मुख्य नायिकाको रूपमा नम्रता उपस्थित छन् । चोखो प्रेम र शुद्ध यौवनको आश गर्ने नम्रतालाई थाहै नपाई सन्जोगलाई आफ्नो जीवन लुटाउँछे । सुन्दर र चोखो जीवनको रस चुस्न पल्केका रक्तपिपासुहरूका ताँतीमा सन्जोग खरो रूपमा उत्रिएको छ। सन्जोग यस उपन्यासको मुख्य नायक हो । ऊ सम्पति र तडकभडक देखाएर सहयोग गर्दै मनमा पस्छ र यौवन लुट्ने काम गर्छ । पत्तै नपाई उसमा एच.आई.भी. रहन्छ । त्यसैको कारण नम्रताको मृत्यु हुन्छ भने सन्जोग मृत्युको सङ्घारमा पुग्छ । तमन्ना सन्जोगकी बहिनी हुन् भने अन्तिमा नम्रताकी बहिनी । यी दुवै सहरीकरणको नाममा बाटो बिराउँछन् । इरोज चोखो प्रेम गरेर नम्रतालाई स्वीकार गर्छ तर ठूलो समस्यामा फस्दछ । यी यस उपन्यासका सहयोगी पात्रहरू हुन् । सहयोगी पात्रका रूपमा माहिला साहु, रामबहादुर, गाउँले साथीहरू, आमाबा आदि व्यक्ति आएका छन् ।

### ४.४.२.३ कथोपकथन

संवादका दृष्टिले **शिकार** उपन्यास सशक्त रहेको पाइन्छ । लामाछोटा दुबै थरी संवादको प्रयोग भएको छ । प्रत्यक्ष, अप्रत्यक्ष दुबै कथनमा संवाद तयार भएको छ। नम्रता र सन्जोजबीचको कुराकानी, नम्रता र अन्तिमा बीचको संवाद, सन्जोग र तमन्नाबीचको संवाद आदि संवादहरू उपन्यासमा रहेका छन्। यसमा प्रयोग भएका संवादहरू सहज, स्वाभाविक रोचक र घोचक छन् । यसमा प्रयोग भएका संवादका केही नमूनाहरू यसप्रकार रहेका छन्:

सन्जोग- म त पैसाले किनिदिन्छु । तिमीहरू जस्तालाई त हत्केलामा नचाइदिन्छु ।

नम्रता - यी सब तपाईंका काल्पनिक गफ हुन् । ( पृष्ठ-३६)

डाक्टर- नम्रता तिमीलाई एच.आई.भी. ले आक्रमण गरेको छ ।

नम्रता - तपाईंको दिमाग त ठीक छ ?

डाक्टर- त्यही भएर लाटी ! बेलैमा होस पुऱ्याउनु पर्छ । पुऱ्याएनौँ भने ज्यानै जान सक्छ।(पृष्ठ-४०)

संवादका महŒवपूर्ण बुँदाहरूलाई यसमा समावेश गरिएको छ । एच.आई.भी.को कारण मृत्युको सङ्घारमा पुगेको घटना यसमा राखिएको छ ।

### ४.४.२.४ संरचना

**शिकार** उपन्यास जम्मा ९१ पृष्ठमा संरचना भएको छ । स्वयम् उपन्यासकार प्रकाशक रहेको यस उपन्यासमा प्राणघातक रोग एड्सको शिकार भएको प्रसङ्ग उपस्थित गराइएको छ । जीवनको परिभाषा थप्दै विभिन्न उखान टुक्काको प्रयोग बीच बीचमा पाइन्छन् । सरल, सहज र सरस भाषाशैलीको प्रयोग यसमा पाइन्छ । उखान टुक्काको प्रयोग, स्वैरकल्पना समावेश भएका छन् । भावनामा बहने जस्ता कुराहरू समावेश भएका छन् । नम्रता यस उपन्यासकी केन्द्रीय पात्र हुन् ।

### ४.४.२.५ निष्कर्ष

**शिकार** पूर्णतया सामाजिक उपन्यास हो । नारी हृदयको कोमलता तथा आर्थिक अभावको फाइदा उठाउँदै नारी हृदयमा होली खेल्ने रक्तपिपासुको वर्णन गरिएको छ भने आधुनिकताका नाममा शहरमा भएको बिग्रँदो युवायुवतीका क्रमको बीचमा पात्र उपस्थित गराएर सत्पात्र नै असत् कार्य गर्न पुगेको यथार्थता प्रस्टिएको छ । नारी जागरण तथा युवायुवतीमा चेतना छर्न यो उपन्यास प्रयासरत देखिएको छ ।

## ४.५ कल्पना कँडेल

कल्पना कँडेलको जन्म वि.सं. २०२९ सालमा बाग्लुङ्गमा भएको हो । आफ्ना परिवारका साथमा सानै छँदा चितवनमा आएकी थिइन् । विवाहपश्चात् वर्तमान समयमा काठमाडौँमा रहेकी कँडेल सानैदेखि साहित्य सिर्जनशील थिइन् । दाजु कमल  कँडेल र बहिनी कल्पना कँडेल दुबैले सिर्जना गरेका कविताहरू सङ्कलन गरी २०५३ सालमा **प्रकृति स्मृति** नामक कवितासङ्ग्रह प्रकाशित गरेका छन् । *प्रकृति* शीर्षकमा कमल कँडेलका कविताहरू र *स्मृति* शीर्षकमा कल्पना कँडेलका कविताहरू सङ्कलित छन् ।

आधुनिक गद्यलयको प्रयोग गर्न रूचाउने कवयित्रीले वर्तमान विसङ्गतिको चिरफार गर्दै राष्ट्रियता र देशभक्तिको गीत गाएकी छन् । वर्तमान संहारकारी षड्यन्त्रकारी प्रवृत्तिले वितृष्णा जागेको भन्दै अहम्, स्वार्थीपन र पदलोलुपता त्याग गरी देश निर्माणमा सरिक हुनुपर्ने भाव आफ्नो कृति मार्फत प्रस्तुत गर्न पुगेकी छन् । उनका कविताहरू मूल्यवान् रहेका छन् ।

## ४.५.१ प्रकृति स्मृति

**प्रकृति स्मृति** कवितासङ्ग्रह कल्पना कँडेल र कमल कँडेलको संयुक्त लेखनको पुस्तक हो। वि.सं. २०५३ सालमा दाजुबहिनीको लेखनमा जनक कँडेलले प्रकाशन गरेका उक्त पुस्तकमा कमल कँडेल *प्रकृति* र बैनी कल्पना कँडेल *स्मृति* खण्डमा उपस्थित छन् । अशेष मल्लका अनुसार प्रस्तुत सङ्ग्रहमा मुक्ति, स्वतन्त्रता, विद्रोहको आभास पाइन्छ ।[५३] राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता जस्ता पक्षहरू यस कवितामा तीव्र रूपमा देखिएका छन् भने विसङ्गति, मानव मूल्य र वैयक्तिक पीडाहरू कल्पनाका कवितामा बढी पाइन्छन् ।

द रेयुकाई र एमनेस्टी इन्टरनेशनल जस्तो मानव अधिकारवादी संस्थासँग सम्बन्धित यी प्रतिभाबाट भविष्यप्रतिको विश्वास र कर्मप्रतिको अनुराग स्पष्ट भएको छ ।[५४] वर्तमानका विसङ्गति, मानवीय मूल्य-मान्यताको खोजी र स्थापनामा सशक्त आवाज घन्काउने अभिप्राय यसमा स्पष्ट भएको छ । यस पुस्तकमा विशेष गरी मानवीय मूल्य र मान्यताको खोजीका लागि राष्ट्रिय चेतना, कर्तव्य र युगबोधको भावना रहेको छ । समग्रमा समाजका असमानता बेथिती र दुष्प्रवृत्तिको नग्न रुपलाई यसमा प्रस्तुत गरेर जनजागरणको प्रयास गरेको पाइन्छ । शीर्षकभन्दा बाहिर रहेर स्वतन्त्रताको उद्घोष गर्दै पृष्ठ २५ देखि ५३ सम्म यिनका कविताहरू रहेका छन् ।

### ४.५.१.१ विषयवस्तु

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू विकृति र विसङ्गतिप्रति केन्द्रित छन् । मानवीय मूल्य र मान्यताको खोजी तथा स्थापनाको सशक्त आवाज घन्किएको पाइन्छ । यसका अतिरिक्त राष्ट्रिय चेतना, युगबोध, व्यङ्ग्य, विद्रोह आदिको यथार्थ चित्रणद्वारा असामनता र दुष्प्रवृत्तिको नग्न रूपलाई

---

[५३] अशेष मल्ल, *साहित्य साधकलाई धन्यवाद,* **प्रकृति स्मृति,** कल्पना कँडेल (चितवनः जनक कँडेल, २०५३) पृ. ख ।

[५४] सरस्वती रिजाल र गायत्री श्रेष्ठ, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.२८।

दोस्रो खण्डमा *स्मृति* शीर्षक दिएर प्रस्तुत गरिएको छ । यसभित्र रहेका कविताका भावलाई छोटकरीमा यसरी लिइएको छः

१ *नयाँ वर्ष आउदैछ* कवितामा दुःख र पीडा पार गरेर सुख शान्तिको आह्वान गरिएको छ ।

२ *मलाई स्वतन्त्रता देऊ* कवितामा क्रान्तिवीर र योद्धा बन्न आह्वान गरिएको छ ।

३ *विनिमय* कवितामा दुःख र पीडाको व्यथापछि साथीसँग वेदना व्यक्त गरिएको छ ।

४ *त्यसैले प्रियजन* कवितामा प्रियजनलाई आत्मीयता र माया गास्न आग्रह गरिएको छ ।

५ *एकपटक सोचिहेर* कवितामा लागुपर्दाथको कुलत छाडी सत्मार्गमा लाग्न आग्रह गरिएको छ ।

६ *आमाको प्रतीक्षा* कवितामा आमाको ममताको स्मरण सधैंभरि पाउने भाव व्यक्त गरिएको छ ।

७ *फगत एक्लै* कवितामा जीवनको निराशावादी, नश्वरता र एक्लोपनको महसुस गरिएको छ ।

८ *काठमाडौँ* कवितामा व्यस्त शहर र शहरीय जीवनप्रतिको व्यङ्ग्य गरिएको छ ।

९ *श्रद्धाका सुमनहरू* कवितामा बुद्धलाई राष्ट्रिय गौरवको मान्दै शब्दश्रद्धा अर्पण गरिएको छ ।

१० *यात्रा* कवितामा गन्तव्यहीन जीवन र नैराश्य भाव व्यक्त गरिएको छ ।

११ करेन्ट कवितामा आर्थिक, पारिवारिक र मानसिक पीडाले भयभीत भएको बयान गरिएको छ ।

१२ *मलाई बारुदको गन्ध ननिको लाग्छ* कवितामा वैज्ञानिक आविष्कारले निम्त्याएको पीडाप्रति घृणा भाव व्यक्त गरिएको छ ।

१३ *विडम्वना* कवितामा आपसी झगडा र कलह त्याग्न आग्रह गरिएको छ ।

१४ *परिभाषा डेराको* कवितामा नवदम्पतिको प्रेमोन्मादको चर्चा र डेरामा बस्दाको पीडा देखाइएको छ ।

१५ *टेलिफोन* कवितामा वैज्ञानिक आविष्कार खुसी र सहारा बनेको बर्णन गरिएको छ ।

१६ *ऊ* कवितामा सम्झना नै सहारा बनेर विभिन्न रूपमा आएको छ ।

१७ *बिहस्कीको कपभित्र* कवितामा मदिरा जीवनसहारा बनेर आफू रिŒाएको भाव व्यक्त भएको छ।

१८ *स्मृति* कवितामा विगतलाई व्युझाउने स्मृतिको सार्थक अनुभव व्यक्त गरिएको छ ।

१९ *सपनाहरू* कवितामा अधिकारका लागि सक्रिय रहन आह्वान गरिएको छ ।

२० *निद्रामा हो या तन्द्रामा* कवितामा आन्दोलन र सङ्घर्षमा एक्लो बनेको र विद्रोहको स्वर व्यक्त छ।

२१ *शिलान्यास* कवितामा सभ्यको नाममा माया स्नेह त्याग गरेको मानवीय प्रवृत्ति गरिएको छ ।

२२ *पहरामा फुलेको सुनगाभा* कवितामा अरुलाई हँसाएर आफू दुःखी रहेको सुनगाभाको पीडा व्यक्त गरिएको छ ।

२३ *श्रद्धाञ्जली* कवितामा लेखनाथ पौड्यालको साहित्यिक योगदान र श्रद्धाभाव व्यक्त गरिएको छ।

२४ *प्रेमका गीतहरू* कवितामा वेदना र विरहका पीडा साटी मिलापका लागि आह्वान गरिएको छ ।

२५ *उनीहरूको भविष्य हराएको छ* कवितामा युवाको चिन्ता गर्दै सन्मार्गमा लाग्न आग्रह गरिएको छ ।

२६ *प्रत्युत्तर* कवितामा सङ्घर्षमय जीवनको चुनौती र परिवेशको व्याख्या गरिएको छ ।

२७ *बधाइको बगैँचामा* कवितामा अभाव र पीडाको जीवनमा अर्थहीन बधाइको व्याख्या गरिएको छ।

२८ *शीर्षक विनाको मेरा कविता* कवितामा वेदना र अर्थहीन कवितामा साँगुरिएको विचार रहेको छ।

२९ *निषेधाज्ञा* कवितामा प्रेमी प्रेमिकालाई निःशेषको बाटो त्यागिएको विचार व्यक्त गरिएको छ ।

यस सङ्ग्रहअन्तर्गतका कविताहरूका केही अंशहरू यस प्रकार छन् :

**क) क्रान्तिकारी स्वर**

यतिखेर मलाई लाग्छ
समाजका यी सम्पूर्ण बन्धनहरू
चटाचट चुँडाएर म अघि बढूँ । (पृष्ठ-२७)

**ख) अस्तित्वहीन जीवनको भाव**

निस्तब्धता एउटा सिङ्गै कोठामा
मेरो नश्वरशरीर मात्रै छ
लाग्छ निर्जीव भित्ताहरू
मेरो एक्लोपनको
तमाशा हेरिरहेछन् (पृष्ठ-३१)

### ४.५.१.२ संरचना

प्रस्तुत सङ्ग्रह ५३ पृष्ठमा रहेको छ । पृष्ठ २५ देखि 'स्मृति' शीर्षक दिएर कल्पना कँडेलका कविता रहेका छन् । यस खण्डमा जम्मा २९ वटा कविताहरू छन् ।

### ४.५.१.३ निष्कर्ष

मानवता र नारीवादी स्वर उराल्दै स्वतन्त्रता, शान्ति र भातृत्वप्रेमको भावना जगाउने कविताहरू यस सङ्ग्रहको *स्मृति* खण्डमा रहेका छन् । संरचनात्मक तथा भावात्मक क्षीणता कतै कतै फेला परे पनि राष्ट्रिय चेतना र मानवीय कर्तव्य तथा युगबोधको भावना पाइन्छ। काठमाडौँका विभिन्न अवस्था र परिस्थिति नियाल्दै आफ्ना अनुभवहरू उनका साहित्यिक रचना बनेका छन् । कँडेलका यी कविताहरू चितवनको नारी साहित्य स्रष्टाहरूको इतिहासमा थप योगदान बनेका छन्।

## ४.६ साहित्यकार चन्द्रवदना घिमिरे

चितवन रत्ननगर नगरपालिका मोहना निबासी चन्द्रवदना घिमिरे चितवनको साहित्यकारहरूमध्ये भुल्नै नहुने नाम हो। उनी चितवनकी छन्दोबद्ध कवयित्रीहरूका अग्रपङ्क्तिमा रहेकी छन् । हाल लैनचौर काठमाडौंमा रहेकी घिमिरेको शोककाव्य **श्वेता दौहितृवियोग** वि.सं. २०५६ सालमा प्रकाशित भएको थियो । नरायणप्रसाद खनालका अनुसार छन्दमा खेलाएर मनमा उठेका भावहरू निपुणताका साथ पोख्ने क्षमता घिमिरेमा पाइएको छ। सरल, सरस र सहज शब्दावलीमा भावनात्मक झङ्कार प्रयोग गर्न पुगेकी छन् ।[५५] उनको कुशलताबाट नेपाली साहित्यमा नै उज्यालो भविष्यको कल्पना गर्न सकिन्छ । प्रस्तुत कृतिमा घिमिरेले आफ्नी छोरीकी छोरी (नातिनी) को २०५१ सालमा अमेरिकामा निधन भएको दुःखद परिस्थितिबाट उत्पन्न शोकलाई सत्यमा बदल्न प्रस्तुत काव्यरचना गर्न पुगेकी हुन् ।

विभिन्न २७ शीर्षकमा विभाजित यो काव्य अनुष्टुप्, उपजाति (इन्द्रवज्रा), वसन्ततिलका, वियोगीनी र स्वागता आदि अनेक छन्दोबद्ध २७४ पद्यमा रचिएको छ ।[५६] माधव घिमिरे सहित २३ जनाका १४ वटा मन्तब्य र लेखकीय शब्दहरू यसमा समावेश छन् । यसमा नातिनीप्रतिको स्मृति, अवरोध, कुण्ठा, इच्छा आदि अनेक भावलाई कारूणिक प्रश्रय दिँदै वर्णनात्मक प्रस्तुति रहेको छ ।

---

[५५] नारायणप्रसाद खनाल, *शोककाव्य सृजनपरम्परामा चितवनका स्रस्टाहरूको योगदान,* **चितवन महोत्सव स्मारिका** (चितवनः उद्योग वाणिज्य संघ चितवन, २०६३) पृ.६१ ।

[५६] पूर्ववत् ।

आफ्नी नातिनी स्वेतालाई भुल्न नसकेका क्षणमा कवयित्री विगतमा हराउन पुगेकी छन् ।[५७] असामयिक निधनबाट स्तब्ध मनलाई भावनात्मक विचरण गराई अमर राख्न चाहेको प्रस्ट हुन्छ ।

यस सङ्ग्रहमा कवयित्रीको शोक र भावगत तीव्रता पाइन्छ । यस्तो भाव झल्काउने एक श्लोकलाई यसरी उद्धृत गरिएको छ:

किन कोकिइ कोकिई कन
जति सम्झ्यो उति रुन्छ यो मन
मन यो कसरी बुझाउँ म
विधि१ खोस्नै छ भने दिइस् किन?

समग्रमा कवयित्री चन्द्रवदना घिमिरे कविता र काव्यरचनामा निपुण र पाको देखिन्छिन् । शास्त्रीय छन्दलाई यसरी आफ्ना भावनामा खेलाएर पोख्न सक्नु उनको कुशलता हो । नेपाली साहित्यमा उनको स्थान अतुलनीय रहेको पाइएको छ । उनका फुटकर रचना काव्य सृजनाले निरन्तरता पाएमा नेपाली साहित्यले राम्रो साधिका प्राप्त गर्ने कुरा निश्चित देखिएको छ ।

## ४.७ प्रभा बराल

प्रभा बराल चितवनकी वर्तमान युवा पिँढीकी सशक्त नारी हस्ताक्षर हुन् । चितवनमै जन्मेर साहित्य मार्फत यही सिंचित गर्दै अघि बढेकी देखिन्छिन् । **सौगात हवाइ पत्रिका**को सम्पादन गरेकी बरालको साहित्यप्रति गहिरो आस्था छ । उनका कविताहरूमा आफूले भोगको वा अनुभूत गरेका विषयहरू र जीवनको हुनु र नहुनुको अनिश्चितताको बारेमा उल्लेख भएको पाइन्छ ।[५८] विगतका भोगाइ र अनुभूतिहरूलाई सँगाल्दै अनिश्चित आगतलाई व्यक्त गरिएको पाइन्छन् । पत्रपत्रिकाहरूमा फुटकर रचना गर्ने बरालका रचनामा देश बोल्छ । मातृभूमि र हाम्रो समाज बोल्ने गरेका छन् । चितवन वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित नौ जना कवि कवयित्रीका संयुक्त **शब्दहरू अविराम यात्रामा** कवितासङ्ग्रहमा उनका ६ वटा कविता परेका छन् । उनका कवितालाई यसरी उल्लेख गरिएको छ:

---

[५७] पूर्ववत् ।

[५८] गायत्री श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.२४ ।

### ४.७.१ जैविक विसङ्गतिको अभिव्यञ्जना भएको अभिव्यक्ति

यहाँ बिहान नभई साँझ पर्छ
सूर्य नउदाई अस्ताउने गर्छ
कोपिला फूल नबनी ओइलाउने गर्छ
यहाँ जीवन सधैं सधैं अलिखित हुन्छ ।                (पृष्ठ-८६)

### ४.७.२ मनका संवेदनाहरू अभिव्यक्त भएको कवितांश

म चढ्ने गर्छु रङ्गी बिरङ्गी
यात्राको सोपानहरू सधैं सधैं
अलिकति खुसीमा त्यसै त्यसै
पुलकित हुन्छ मन                (पृष्ठ-८)

### ४.७.३ काव्यिक उच्छवासप्रतिको धारणा र अभिव्यक्तिहरू

ढुङ्गा ढुङ्गासँगै टकराउँदै
बग्ने अविरल नदी जस्तै
बग्न खोज्छ कल्पनाका
मचानहरूमा कवि                (पृष्ठ-८)

यस सङ्ग्रहमा सङ्ग्रहित अन्य कविताहरूमा बुद्ध शीर्षकको कवितामा संसारप्रतिको शान्तिप्रियताको भावना रहेको छ भने *मृत्युको सुली* शीर्षक कवितामा कवयित्रीको जीवनका विवशता र निरीहतालाई प्रकट गरिएको छ। त्यसैगरी *साइबाबा र म* शीर्षकको कवितामा साइबाबाको असाधारण व्यक्तित्वको चर्चा गर्दै सामान्य र असम्भाव्य मानवबीचको भिन्नताको रेखा खिच्न खोजेको देखिन्छ । समग्रमा प्रभा बराल (तिवारी) को साहित्यप्रतिको लगाव र योगदान सह्रानीय छ । उनी मानवता, देशप्रतिको चिन्ता अभिव्यक्त गर्ने कविताहरू राष्ट्रप्रेमी कवयित्री हुन् । उनको साहित्यप्रति उल्लेखनीय योगदान रहेको छ ।

## ४.८ सरिता तिवारी

सरिता तिवारी चितवनकी नवपुस्ताका सक्रिय र उल्लेखनीय कवयित्री हुन् । लेखनाथ नगरपालिका ४ कास्कीमा वि.सं. २०३६ सालमा जन्मिएकी तिवारीले उच्च शिक्षाको सुरुवात देखि नै साहित्यमा कलम चलाउन शुरु गरेकी हुन् । वर्तमानमा चितवनमा रहेकी तिवारीले पोखरा एक सुन्दर नगरीको पवित्रता, सुन्दरता र भावुकतासँगै रमाएर आफ्ना विचार उद्बोधन गर्ने मौका पाएकी छिन् । उनका कवितामा बौद्धिकता र क्रान्तिको स्वर पाइन्छ ।[५९] संरक्षण आन्दोलन, साहित्य सङ्गम चितवन आदि जस्ता साहित्यिक संस्थासँग आबद्ध रहेर अग्रगामी भूमिका खेल्दै आएकी छन्।

कवयित्री सरिता तिवारी कवितालाई संवेदनादेखि संवेदनाहरूसम्म तीव्र अनुभूतिगत घर्षणबाट सत्यताको उत्खनन गर्ने अभिव्यक्ति हो भन्दछिन् । तिवारीका कविता कविताको घोषणापत्र भएका छन् ।[६०] समग्रमा कवयित्री तिवारी बलशाली नारी चेतना र क्रान्तिको स्वर उराल्ने कवयित्री हुन् । हालसम्म उनका **बुद्ध र लाभाहरू** कवितासग्रह वि.सं. २०५७ पोखराबाट र **अस्तित्वको घोषणापत्र** वि.सं. २०६७ चितवनबाट प्रकाशित भएका छन् ।

राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरूमा साहित्यिक रचना प्रकाशित गरेकी तिवारीको पहिलो रचनाभन्दा दोस्रो बढी खारिँदै शिखरोन्मुख देखिन्छ । उनको योगदान चितवनमात्र नभई नेपाली साहित्यकै लागि अमूल्य ठहरिएको छ। यो शोधपत्र तयार पार्दासम्म वि.सं. २०६७ मा उनको दोस्रो कृति प्रकाशित भैसकेको छ । वर्तमानमा चितवनलाई स्थायी बसोवास र कार्य क्षेत्र बनाइसकेकी तिवारीलाई चितवनकी उत्कृष्ट साहित्यकारका रूपमा लिइएको छ । प्राध्यनपकीय जीवन बिताएर चितवनको साहित्यिक विकासमा ठूलो भूमिका खेलेकी हुनाले उनलाई चितवनकी कर्मशील साहित्यकारको रूपमा लिइएको छ ।

### ४.८.१ बुद्ध र लाभाहरू

**बुद्ध र लाभाहरू** कवितासङ्ग्रह सरिता तिवारीको पोखराबाट प्रकाशित कृति हो । समसामयिक आधुनिकताबोधी तिवारीका कविताले सामाजिक परिदृश्य ओगटेका छन् । प्रस्तुत गद्य कविता केही हदसम्म आन्दोलनकारी काव्यव्यक्तित्वका प्राप्तिहरू हुन् । सरिताका अन्तःप्रेरित

---

[५९] तीर्थ श्रेष्ठ, *शुभकामना,* **बुद्ध र लाभाहरू,** सरिता तिवारी (पोखराः विश्व तिवारी, २०५७) पृ. आवरण ।
[६०] पूर्ववत् ।

मनोवैज्ञानिक काव्य प्रवाह सम्प्रति पोखराका सम्प्राप्ति बनेका छन् । प्रस्तुत कवितासङ्ग्रहमा तिवारी पहिलोपल्ट तालमा जन्मेकी छन्, पानीको तालमा नभई कविताको तालमा ।[६१] तेत्तिसवटा कविताहरू रहेका यस सङ्ग्रहमा अस्तित्ववादी विचार, क्रान्तिकारी सोच, युगीन सचेतता भौगोलिक र सांस्कृतिक सम्पत्तिको संरक्षण तथा युगीन संवेदनाहरू पाइन्छन् । पोखरामा रहेर प्रकाशन गरिए पनि यो पुस्तक उनको सन्तान हो । उनी चितवनकी साहित्यकार हुन् । यसरी हेर्दा **बुद्ध र लाभाहरू** कृति चितवनको नारी साहित्य स्रष्टाको कृति ठहरिएको छ ।

### ४.८.१.१ विषयवस्तु

**बुद्ध र लाभाहरू** कवितासङ्ग्रहमा सामाजिक भावना, कवितात्मक अन्तश्चेत र युगीन संवेदनाहरू रहेका छन् । देशभक्ति, स्वदेश प्रेम र संस्कृति प्रेम, ज्ञानविज्ञान जगाउने विषयवस्तुहरू यसमा समावेश भएका छन् । यस सङ्ग्रहमा रहेका कविताहरूका विषयवस्तुलाई छोटकरीमा यसरी प्रस्तुत गरिएको छः

१. *अन्तर्बोधःबुद्धका आँखाहरू* कवितामा अहिंसा र शान्तिका अग्रदूत बुद्धले हिंसाग्रस्त समय र हाम्रो अवस्था देखेर टीठलाग्दो गरी करुणा भावले हेरेको कल्पना गरिएको छ ।

२. *जून, म र शहर* कवितामा वर्तमान शहरिया उन्माद, वितृष्णा उराठलाग्दो भयानक र निस्सासिँदो वातावरणप्रति घृणा व्यक्त गरिएको छ ।

३. *किशनवा* कवितामा कर्मठ तर गरिव दुःखी किसानको कारुणिकताको चित्रण गरिएको छ ।

४. *बालुवामाथिको देश* कवितामा देशका वर्तमान युद्धपीडित अवस्थाको चित्रण गरिएको छ ।

५. *निराश्रित कोपिलाहरू* कवितामा वर्तमानमा युवायुवतीहरू दर्दनाक र कठिन परिस्थितिसँग जुधेका र मानवताहीन बनेका अवस्थाको चित्रण गरिएको छ ।

६. *बुद्धम् शरणम् गच्छामि* कवितामा शान्तिका अग्रदूत बुद्धको शरणमा पुगेर उनले जस्तै शान्ति र तङ्खवज्ञानको वर्षा गराउने भाव व्यक्त गरिएको छ ।

७. *म तिमीसँग सह-अस्तित्व बाँच्दिन* कवितामा राष्ट्र र राष्ट्रियताप्रतिको समर्पण भाव रहेको छ ।

८. *फूलहरू* कवितामा नारीले भोग्नुपरेको अस्तित्वहीन जीवनको चर्चा गरिएको छ ।

९. *क्रमशः कवितामा जीवन कविताभित्र* कवितालाई आफ्नो जीवन ठानिएको छ ।

---

[६१] सरूभक्त श्रेष्ठ, *अभिलिखित सरिताका कविताहरू*, **बुद्ध र लाभाहरू,** सरिता तिवारी (पोखराः विश्व तिवारी, २०५७) पृ. भूमिका।

१०. *अलिखित इतिहास र अभिनव जिन्दगी* कवितामा वृक्षप्रतिको मोह तथा प्राकृतिक संरक्षणका लागि आह्वान गरिएको छ ।

११. *सत्याग्रहः घाइते भूगोलको सिमाना भरि* कवितामा हत्याहिंसा र युद्ध त्यागेर शान्तिमार्गमा हिँड्न आग्रह गरिएको छ ।

१२. *लालबहादुर* कवितामा गरिबीले भोग्नुपरेको पीडा र व्यथाको वर्णन गरिएको छ ।

१३. *मेरो प्यारो मुर्चुङ्गा* कवितामा आफ्नो परम्परा संस्कृति र रीतिरिवाजप्रतिको मोह रहेको छ ।

१४. *दुर्गाकुमारीलाई चिठी* कवितामा नारीलाई आफ्नो स्वाभिमान र स्वाधीनताको लागि जागरुक भएर उठ्न आग्रह गरिएको छ ।

१५. *ग्लोव : एक कैदी संवेदना* कवितामा युगीन युद्धपीडा र सन्त्रासले थलिएको जीवनको चर्चा गरिएको छ ।

१६. *अन्तः सम्बोधन-आफ्नै शब्दहरूसित* कवितामा कवि निःस्वार्थ सभ्य, वाहक, प्रगतिशील र भावनाको संवाहक हुने भएकाले आफू पनि कवि बन्न चाहेको अभिव्यक्ति रहेको छ ।

१७. *खेतहरू! म फर्केर आउँदैछु* कवितामा प्रकृतिमा नै सुख र आनन्द हुनेकुरा दर्शाइएको छ ।

१८. *असार* कवितामा कृषकको असारे रोपाइँ जस्तै आफ्नो कविताको खेती रहेको जानकारी छ ।

१९. *निरूलाई* कवितामा धरापमा परेको नारी अस्मिता, अभाव र हस्तक्षेपले विक्री भएका अस्मिताका महलहरूको चित्रण गरिएको छ ।

२०. *ऊ* कवितामा अन्यायको विरोध, राष्ट्रिय स्वाधीनताका लागि आक्रोश रहेको छ ।

२१. *अभिलेख* कवितामा मेरा कविताहरूः कवितामा अकविताका विरोध गर्दै सत्यवादी बनेर कविता रचना गर्ने प्रतिबद्धता गरिएको छ ।

२२. *साँझ निलेको पहाड* कवितामा स्थिर भएर पूर्व स्मृतिको स्मरण गरिएको छ ।

२३. *अन्तिम विदाई* कवितामा फरक विचारले बिछोड भएको वियोग पीडा अभिव्यक्त गरिएको छ ।

२४. *हिमाल र पेण्डुलमहरू* कवितामा मानवता र अस्तित्वको विरुद्धमा लड्नेहरूको हार हुन्छ भन्दै सत्यको विजयमा कुरुप बनेर उदाङ्गिने वास्तविकताको उद्घोष रहेको छ ।

२५. *नेपथ्य नाटक* कवितामा वर्तमानमा काँचो प्रेम र पेटको भोको रहेका युवाहरूको चित्रण छ ।

२६. *पारिजातको बोटमुनि-एक* कवितामा अस्तित्वको संरक्षणमा जागरुकता देखाइएको छ ।

२७. *पारिजातको बोटमुनि* - दुई कवितामा छोरीलाई स्वतन्त्र भएर बाँच्न आह्वान गरिएको छ ।

२८. *भग्नावशेष* कवितामा विध्वंस, हत्या, हिंसा आदिले ग्रस्त अवस्थाको चित्रण गरिएको छ ।

२९. *ऊ र म* कवितामा भिन्नता र कारुणिकतामा बाँचेको जीवनको चित्रण गरिएको छ ।

३०. *साथी* कवितामा अरुको खुसीमा बाँच्न चाहेकी कवयित्रीको आत्मिक भाव व्यक्त गरिएको छ ।

३१. *क्षयीकरण* कवितामा विस्थापित हुनु परेको सामाजिक अवस्थाको चित्रण गरिएको छ ।

३२. *कविको मृत्युमा* कवितामा वर्तमान मानवताहीन सहरको चित्रण गर्दै कविको कारुणिक अवस्थाको चित्रण गरिएको छ ।

३३. *युगीन कविताका लाभाहरू* कवितामा सत्यता, बिद्रोह र युगीन कविताबाट शान्ति, प्रेम र सद्भाव फैलाउने विचार प्रकट गरिएको छ ।

यस सङ्ग्रहमा सङ्ग्रहित केही महŒवपूर्ण कवितांशहरूलाई यसरी उल्लेख गरिएको छन् :

### ४.८.१.१.१ हत्या र आतंकित अवस्थाको चित्रणः

भर्खरै
नृशंस किसिमले मारिएको
एउटा भर्भराउदो बिहानको
सनाखत गरेर
फर्कदै छु हतार - हतार (पृष्ठ-१)

### ४.८.१.१.२ दुःख र गरिवीको चित्रण

कसैको बन्धक किसनवा
कसैको हरुवा किसनवा
मानौ, ऊ कुनै मान्छे नै होइन,
मानौ, ऊ मान्छेका वर्गभित्र नै पर्दैन (पृष्ठ-४)

### ४.८.१.१.३ मानिसवीचका भिन्नता

उसले खानका निम्ति बाँच्ने निधो गऱ्यो
मैले बाँच्नका निम्ति खाने निधो गरैं

खानेक्रममा

ऊ रवाफसहित बाँच्दै गयो,

बाँच्ने क्रममा म मुस्किलले खाँदै गएँ

अन्तमा

हामी दुबै मऱ्यौँ

ऊ-धेरै खाएर मऱ्यो

म -खान नपाएर मरेँ (पृष्ठ -५१)

### ४.८.१.२ संरचना

यस सङ्ग्रहमा जम्मा ३३ वटा कविताहरू रहेका छन् । गद्य कविता मझौला र छोटा खालका छन् । ५६ पृष्ठमा कविता खण्डको अस्थिपञ्जर उपस्थित छ भने कृतिको आकार मझौला खालको छ। आन्तरिक संरचना पनि सबल छ, फरक प्रसङ्ग र समयले सङ्कलित कविताहरूले फरक क्षेत्रलाई नै ओगटेका छन् । यसमा रहेका कविताहरू सरलदेखि जटिल र प्रतिकाात्मक रहेका छन् । शाब्दिक क्लिष्टता, बिम्ब र प्रतीकको प्रयोग आदिले बौद्धिक वर्गलाई निम्ता गरेको छ ।

### ४.८.१.३ निष्कर्ष

प्रस्तुत कवितासङ्ग्रहलाई हेर्दा सरिताका कवितात्मक भावहरू सवल देखिन्छन् । उनको शब्द चयन र भाषिक क्षमता उत्कृष्ट रहेको देखिएको छ । पोखरेली साहित्यकारहरूको कवितात्मक शैलीसँग मेल खान गएका कविताहरू भेटिएका छन् । उनका कवितामा सामाजिक अवस्थाको चित्रण स्पष्ट रूपमा झल्किन गएका छन् भने युद्ध र पीडा तथा सहरिया कुसंस्कारको विरोध गर्दै शान्ति, सद्भाव र सुमार्गमा हिँड्न अभिप्रेरणा दिने खालका छन् । उनका कवितालाई उच्च स्तरमा मूल्याङ्कन गर्दै सुनौलो साहित्यिक भविष्यको कामना गरिएको छ ।

## ४.९ सरला जोशी

साहित्यकार सरला जोशीको जन्म १३ कार्तिक वि.सं. २०२२ सालमा पिता राजकुमार श्रेष्ठ तथा माता दुर्गा श्रेष्ठको कोखबाट पर्वत, चुवामा भएको हो । हाल भ.न.पा. -१ महेन्द्र बसपार्क नारायणगढ, चितवनमा स्थायी बसोवास गर्दै आएकी छन् । उनको सानैदेखि साहित्यप्रति रूचि थियो । केही लेख्ने बानीले गर्दा नै उनमा साहित्यिक उच्चता प्राप्त हुँदै गएको देख्न सकिन्छ । उनको हालसम्म **अन्तिम स्वीकार** उपन्यास (२०५८) र **शब्दको सुवास** गजलसङ्ग्रह (२०६३) र **गजलपथका यात्रीहरू** (सहलेखन गजलसङ्ग्रह २०६१) प्रकाशित छन् । उनको साहित्यलाई अध्ययन गर्दा उनमा नेपाली नारीहरूको दुख, पीडा, कथा व्यथा र आकाङ्क्षाहरूको जीवन्त चित्र देख्न पाइन्छ । सरला जोशी बौद्धिकतालाई भन्दा हार्दिकतालाई आत्मसात् गरेर साहित्य सिर्जना गर्ने कवयित्री हुन् । आख्यान विधालाई हेर्ने हो भने पनि नारी पीडा र छटपटीका बिरूद्धमा आवाज उठाई पीडायुक्त अन्धपरम्परा र समाजको विरोध गर्न उद्यत देखिन्छिन् । गजलस्रष्टाका रूपमा उनका गजलहरूमा बहरको विविधता र अनुभूतिको सुकोमलताका साथै सुकुमार भावहरूले अभिव्यक्ति पाएका छन् । प्रणयको शाश्वतता, विसङ्गतिबोधको उद्‌बोधन र मानवीय संवेदनाको साधरणीकरणमै गजलहरू मौलाएका छन् ।

वि.सं. २०५८ सालमा चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा *स्मृतिका पानाहरू* कविता प्रकाशित गरेर वर्तमानमा आएर गजल लेखनमा सक्रिय रहेकी साहित्यकार जोशी हृदयभित्रका अनौठा अनुभूतिलाई मीठामीठा शब्द मार्फत काफिया, रदिफ, हमकाफियाको संयोजनसँगै प्रत्येक शेरमा जिन्दगीको सिङ्गो कथा हुनुपर्छ भन्छिन् । **अन्तिम स्वीकार** उपन्यासमा सामाजिक कथा र विषयवस्तु समेटिए पनि केही प्रयास गरिएको र सुरुवातको अवस्था हो भने **शब्दको सुवास** गजलसङ्ग्रह प्रकाशित गर्दासम्म साहित्य लेखनको तीव्र प्रयास रहेको छ । सरल शब्दजालबाट बौद्धिकतातर्फ उन्मुख उनका रचनाहरू प्रेम, प्रणय सामाजिक कथाव्यथा, नारी पीडा र दुःख आदिले भरिएका छन् । व्यक्तिगत रूपमा सरला जोशी शालीन, सभ्य, उदात्त र गम्भीरपनाले भरिपूर्ण साहित्यकार हुन् । शालीन शैलीमा प्रस्तुत गर्ने उनको सृजनात्मक अभिव्यक्ति सरलपनको परिचय हो। जीवनको उतार चढावमा धैर्यशील बनेर आफ्नै कसीमा विश्लेषण र मूल्याङ्कन  गर्ने उनको स्वाभाव रहेको छ ।

## ४.९.१ अन्तिम स्वीकार

**अन्तिम स्वीकार** उपन्यास सरला जोशीको वि.सं. २०५८ सालमा प्रकाशित सामाजिक उपन्यास हो। मुकेश प्रकाशन वाराणसी भारतबाट प्रकाशित यस कृतिमा मौलिकताभन्दा हार्दिकताको आधिक्य रहेको छ । थोरै पात्रको प्रयोग गरेर विभिन्न स्थान र सामाजिक अवस्थाको चित्रण गर्दै यस उपन्यासले नेपालको परम्परा र ग्रामीण परिवेशको परिचय दिएको छ । साहित्य यात्राको पूर्वार्द्धमा परेको यो उपन्यास काल्पनिक र व्याख्यात्मक भए पनि लेखिकाको विचार र उद्देश्य स्पष्ट रहेका छन् । प्रेमी-प्रेमिकाको प्रेमलाई बिथोल्ने, सामाजिक परम्परालाई कायम राख्ने पुरानो पुस्ताले नयाँ पुस्ताका नयाँ आह्वानलाई अन्ततः स्वीकार गरेको स्पष्ट पार्दै **अन्तिम स्वीकार** उपन्यासको संरचना भएको छ । वर्तमान समाजको चित्रण गर्दै जातिभेद, लिङ्गभेद, रूढिवादी परम्परा र सामाजिक विभेदको चिरफार गर्न वर्तमान समाजमा व्याप्त समस्या यसमा उपस्थित रहेको छ ।

विद्यार्थी जीवनमा भोग्नुपरको पीडा र कथाव्यथाले यस उपन्यासमा स्थान पाएका छन् भने थुप्रै मनोरञ्जनका कार्यहरूमा पनि सरिक भएको पाइन्छ । दुःख पर्दा हेराउन जाने चलन हाम्रो समाजमा छँदै नै छ भने धार्मिक आस्था र विश्वास पनि यस कृतिमा परेको छ । सरसर्ती हेर्दा व्यक्ति जीवनको उतारचढाव तथा मीठो कल्पना र बहकाउको प्रतिफल नै **अन्तिम स्वीकार** हो ।

हिन्दी शब्दहरूको बग्रेल्ती प्रयोगहरू र भाषिक विचलनहरू भएको देख्दा हतारमा प्रकाशन गरिएको अनुभव हुने कृतिले समाजमा केही सकारात्मक ज्ञान छर्न भने अवश्य नै सक्नेछ भन्ने कुरामा विश्वास गरिएको छ ।

### ४.९.१.१ कथानक

**अन्तिम स्वीकार** उपन्यासमा नेपालको अल्प विकसित ग्रामीण क्षेत्र र सहरोन्मुख क्षेत्रको परिवेश, परिस्थिति र समस्याहरू देखाइएको हो । नारीप्रधान प्रस्तुत उपन्यासमा सामाजिक तथा प्रेम-प्रणयको कथावस्तु रहेको छ । बाल्यवस्थादेखिको स्कुले जीवन, क्याम्पस समय र यौवन अवस्थासम्मका अुनभव तथा पीडाहरू यसमा रहेका छन् । मूल रूपमा प्रेमकथा प्रसङ्ग आए पनि धनी र गरिब बीचको खाडल जातीयताको स्वार्थ जस्ता हाम्रो समाजमा रहेका समस्याहरूलाई यसले खोतल्ने प्रयास गरेको छ । टाढा आफन्तको घरमा बसेर बिताएका स्कुले जीवनबाट कथा

प्रसङ्ग सुरुवात भएको छ । नौ कक्षामा पढ्दादेखि नै आपसी आकर्षण र सौहार्दमय वातावरणमा झ्याङ्गिदै आएको छ । नानु पात्र प्रेम बन्धनमा पर्न थाल्छिन् । गीत र कविता सुनाउने होड नै चल्छ । यो प्रेम प्रस्तावको सुरूवात मान्न सकिन्छ । एस.एल.सी. परीक्षा पास गर्दा त नानु ओमको प्रेम अंगालोमा नै बाँधिन चाहन्छिन् । ओमले पनि माया गर्नु पाप होइन, धोकादिनु पाप हो भन्दै समर्थन गर्छ । विवाहको भोजको रमझम आपसी भलाकुसारी तथा साथीसँगको भेटघाटले पूर्णता प्राप्त गर्दै क्याम्पस पनि पढिसक्छन् । अन्ततः नचाहँदा नचाहँदै नानुको बिहे अर्को एक डाक्टरसँग हुन्छ । दैवी पीडा आईपर्छ । बेहुला जन्ती नभित्रिँदै गाडी दुर्घटनामा मर्दछ । नानु नै अलच्छिनी भएकीले हो भनेर घरमा सासू-ससुराले हेँला गर्न थाल्दछन् । यसरी दिनरातको टोकसो खप्न नसकी नानु मर्ने सुरमा हुन्छे । ओमले फेला पार्छ र पुनर्मिलन हुन्छ । अन्तिममा नानुका अभिभावकले पनि यो स्वीकार गर्न पुग्दछन् । यसरी प्रेमकथा संयोगान्त बन्न पुगेको छ । उपन्यासको कथानक दाजुबहिनीको मायााको पर्व तिहारबाट सुरू भएर प्रेमी-प्रेमिकाको कथा र पुनर्मिलनमा टुङ्गिएको छ। मुख्य, सहायक र गौण पात्रहरूको उपस्थिति रहेको छ ।

## ४.९.१.२ पात्र विधान

पात्रविधानका दृष्टिले यो **अन्तिम स्वीकार** उपन्यास बहुपात्रीय उपन्यास हो । मुख्य, सहायक र गौण गरी जम्मा तीन किसिमका र ३० भन्दा बढी पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासका प्रमुख पात्र नानु र ओम हुन् । सहायक पात्रको रूपमा प्रवीण, प्रमोद, बिजु, काकाकाकी, इन्दु आीद रहेका छन् । त्यसैगरी गौण पात्रहरू अञ्जु, मञ्जु, देवान, मालती दिदी, चमेली, बिमु, नवीन, रविन, विपिन, माला, भूपाल आदि रहेका छन् । यसमा विद्यार्थी जीवनमा आइपर्ने साथीहरू जस्तै सानासाना भूमिका लिएर उभिएका छन् । नानु यस उपन्यासकी प्रमुख नायिका हुन् । प्रवीणकी बहिनी तथा ओमकी प्रेमिकाका रूपमा देखा पर्दछिन् । उनैको जीवन र सेरोफेरोको घटना वर्णन यसमा रहेको छ । अरूको घर बसेर पढेकी नारी हुनाकै कारण ठूलो लक्ष्य लिन नसकेकी र पुरुष विचार र निर्णयको समर्थन गर्न बाध्य बनाएर पीडित नायिकाका रूपमा उनलाई उपस्थित गराइएको छ । ओम यस उपन्यासका नायक र प्रमुख भूमिका भएका पात्र हुन् । गरिब तर जेहन्दार छात्रका रूपमा उनी देखापर्छन् । धनकै कारण ठूलो लक्ष्य लिन नसकेको तर नानुसँग प्रेम गर्ने असल प्रेमीका रूपमा देखापर्छन् । विवाह भैसकेकी पीडित नायिका

नारी पात्रलाई स्वीकार गरेर सामाजिक रूढिवादी परम्परालाई चुनौती दिन समेत पछि परेका छैनन्। प्रवीण नानुका दाइ हुन् । सँगै पढ्ने भए पनि अभिभावकको भूमिका खेलेका छन् । सामाजिक परम्परामा हिँड्ने कथाका सहायक पात्रका रूपमा उपस्थित छन् । शिक्षक प्रमोद र प्रवीणको सहयोग निर्देशनमा कथाले मार्गनिर्देशन प्राप्त गरेको छ ।

### ४.९.१.३ परिवेश

**अन्तिम स्वीकार** उपन्यासको प्रकाशन समय वि.सं. २०५८ साल रहेको छ । स्थान विशेष तोकेर नदिए पनि नारायणगढको सेरोफेरोको प्रभाव रहेको छ । यस उपन्यासमा वर्णित पात्र सामाजिक संस्कारगत परिवेशको वर्णनको आधारमा ग्रामीण तर सहरोन्मुख परिवेश पाइन्छ । स्कुलको परिवेश, क्याम्पस अवस्था र वातावरण, कालीको तीर, मन्दिर, ज्योतिष बाबा, कारमा चढेर घुमेको, विवाह, गाडीको दुर्घटना, विधवा बन्दाको अवस्था आदि चित्रण गरिएको छ । मूल रूपमा विद्यार्थी जीवनपछिको सफलता र असफलता आदिको प्रसङ्ग र परिवेश यहाँ स्पष्ट रूपमा उभिएको छ । सामाजिक परम्परा, सामाजिक अन्धविश्वास तथा प्रेम-प्रणयको अस्पष्ट वातावरण नै यस उपन्यासको परिवेश हो ।

### ४.९.१.४ कथोपकथन

**अन्तिम स्वीकार** उपन्यास संवादात्मक शैलीमा लेखिएको उपन्यास हो । लामाछोटा सबै खालका संवादहरू रहेका पाइन्छन् । सुरूसुरूमा ४ भन्छन् देवान, बोल्यो प्रवीन  भन्दै लेखिएको छ भने उपन्यासका मध्यभागबाट व्यक्त गर्ने व्यक्ति पछाडि लेखिएको छ । नानु र ओम बीचको प्रेमप्रणय संवाद, प्रवीण, प्रमोद, नानु आीद साथी-साथीवीचको संवाद जस्ता थुप्रै संवादहरूले उपन्यासको रूप लिएको छ। यस उपन्यासमा प्रयोग भएका केही संवादहरूलाई यसरी लिइएको छः

क) हो त मालती दिदी / सबै त्याग्न सकिन्छ तर साथी त्याग्न सकिँदैन । साथीलाई खेतको रमाइलो देखाउन ल्याएको । (पृष्ठ३४)

ख) तिमी मेरो जिन्दगीमा बसन्ती बहार बनी कहिले आँउछौ  ओम ? (पृष्ठ ३४)

घ) साहेब / हजुरको विवाह भएछ, साहै खुसी लाग्यो । (पृष्ठ ९६ )

### ४.९.१.५ संरचना

**अन्तिम स्वीकार** उपन्यास जम्मा ९६ पृष्ठमा संरचित भएको छ। संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरी यसको संरचना भएको छ । भाषा शैलीका दृष्टिले हेर्दा सरल सहज र स्वाभाविक देखिन्छ । हिन्दी भाषाको प्रयोग ठाउँठाउँमा पाउन सकिन्छ भने व्याकरणिक दृष्टिले केही कमजोर देखिन पुगेको छ । भाषिक विचलन पनि प्रसस्त पाइन्छन् । तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको प्रयोग पाइन्छ।

### ४.९.१.६ निष्कर्ष

**अन्तिम स्वीकार** सामाजिक कुसंस्कार र रुढिवादी परम्परा विरुद्धमा उभिएको उपन्यास हो। नारीका बाध्यता र कमजोर बन्ने अवस्थाबारे यसमा चित्रण गरिएको छ। जातपात, धर्म, धनीगरिब आदि त्यागेर आजका युवा पुस्ताले प्रेमबन्धनलाई सहारा लिएका छन् भन्ने जानकारी यसमा पाइन्छ।

## ४.९.२ शब्दको सुवास

**शब्दको सुवास** सरला जोशीको वि.सं. २०६३ सालमा प्रकाशित दोस्रो कृति हो। चितवनको गजल माहोलको मध्यभागबाट रङ्गीविरङ्गी फूलको गुच्छा लिएर टक्क उभिएझैं सरला जोशी शब्दको सुवासमा देखिन्छिन् । भिन्न शीर्षकमा जम्मा १०३ गजलहरूले भरिएको यो सङ्ग्रह विभिन्न विषयवस्तुहरू समेटेर संरचना गरिएको छ । यस कृतिमा सरला जोशी कोमलता, शालीनता, भावगाभ्भीर्य, संवेदनशीलता आदि लिएर प्रकट भएकी छन् । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगसँगै भावात्मक प्रवाहले भरिपूर्ण यस गजलसङ्ग्रहमा काव्यिक सुवास पाइन्छ।

### ४.९.२.१ विषयवस्तु

गजल विधा नेपाली साहित्यमा वर्तमानमा फस्टाएको विधा हो। धेरै विषयवस्तुलाई एकै गजलमा समेट्न कठिन हुन्छ । तसर्थ भिन्नभिन्न विषयहरूलाई समेटेर भिन्न वातावरण र शब्दहरूमा यस सङ्ग्रहमा गजलहरू सङ्कलित भएका छन्। प्रेमप्रणय, प्रेमबासना, मिलनबिछोड आदि विषयमा मात्र गजल नआएर वर्तमानमा केही फराकिलो बनेको छ । यस गजलसङ्ग्रहमा

प्राकृतिक वस्तुहरूको वर्णन, मानवदर्शन, नीतिसन्देश, माया प्रेम आदि जस्ता थुप्रै विषयवस्तुहरू छन् । केही विशिष्ट भाव भएका गजलांश यस प्रकार रहेका छन् :

क) युद्ध, पीडा र तज्जन्य क्रियाकलापबाट आहत अभिव्यक्ति र शान्तिको कामना भएको गजलः

तनै जल्यो मनै जल्यो धर्ती जल्ने डर
सृष्टि मास्ने नाता कस्तो लायौ फेरि तिमी ? (पृष्ठ-३)

ख) मानवीय क्रियाकलाप र युद्धको विभीषिकामा गुज्रिरहेको युगप्रतिको व्यङ्ग्य गरिएको गजलः

हिँड्दै पाइला मेट्ने डुँगाको चाल कस्तो
आफन्त पनि नचिन्ने बन्दुकको नाल कस्तो ? (पृष्ठ-५४)

ग) राष्ट्रियताको भावना र विदेशिएका नेपालीलाई आफ्नो मातृभूमि फर्कन आग्रह भएको गजलः

अश्रुबिन्दु डोलेर आमाको छाती नचिर
दुख्छ कति मुटु चर्केर हेर परदेशी । (पृष्ठ-४०)

घ) प्रेम प्रणय अभिव्यक्ति गरिएका गजलहरूः

मायाको अथाह सागर तिम्रै हो
भनेर जग नै ढलायौ छुपेर (पृष्ठ-८६)

ङ) नारी पीडा र दुःखका अभिव्यक्ति रहेका छन् ।

कैले मुटु साह्रै दुखेर रोएँ
कैले आफैसँग लुकेर रोएँ । (पृष्ठ-२६)

**विषयवस्तु र अभिव्यक्तिका दृष्टिले यस सङ्ग्रहमा परेका गजलहरूः**

१ *वसन्तका रसिला कोपिलामा* गजलमा प्राकृतिक छटाको वर्णन र त्यसैमा भुलेको स्मरण रहेको छ।

२ *चैत वैशाखका डालीमा* गजलमा प्रेमीसँगको मिलन र आकर्षण रहेको छ ।

३ *विशाल आँधी हुरी भै* गजलमा आपसी फुट र कलहले देश टुक्रिएको कुरा रहेको छ ।

४ *अतीतले छाती जलाए* गजलमा वियोगको पीडा खप्न नसकेको अतीतको चित्रण गरिएको छ।

५ *तिम्रो जीन्दगीका यात्रामा* गजलमा प्रेमीको धोकाबाट पीडित जीवन जिएको दुःखको भाव रहेको छ।

६ *आँखाले नै बोलीदेऊ* गजलमा निष्ठुरी प्रेमीलाई इशाराका लागि आग्रह गरिएको छ ।

७ *छाडी देऊ अब* गजलमा सबै आन्दोलन छाडेर सद्भावका लागि आह्वान गरिएको छ ।

८ *सितारा माझ्र चन्द्रमा* गजलमा अमिट प्रेमको रसस्वादमा भुल्दै मिलनको कल्पना रहेको छ ।

९ *उद्देश्यविना मानिस भई* गजलमा पीडा र व्यथाले छिन्नभिन्न भएको मानिसको चर्चा छ ।

१० *धरती हाँस्यो कलिलो मुना* गजलमा अमूल्य जीवनमा सधैँ सहारा दिने बाचा गरिएको छ ।

११ *अश्रुरहित तिमी बनी* कवितामा योग्य, कुशल र शिखर पुरुष बन्न आग्रह गरिएको छ ।

१२ *आँधी बेरी छल्न सके* गजलमा सम्पूर्ण बाधा भुलेर आफ्नो समर्पणप्रति दृष्टि दिन आग्रह छ ।

१३ *निराशा र अविश्वासको माझ्र* गजलमा निराशा, अविश्वास र बेचैन जीवनको प्रस्तुति छ ।

१४ *खुलायौ नयन* गजलमा माया जालमा परेर सुख र नयाँ जीवन पाएको स्पष्टोक्ति रहेको छ ।

१५ *चाहन्छु पोख्न* गजलमा प्रेमप्रणय र विश्वासको अभिव्यक्ति रहेको छ ।

१६. *रेशमी घुम्टोले* गजलमा प्रेमप्रणय क्रीडापछिको चेतनाको अभिव्यक्ति रहेको छ ।

१७. *आमाले ती* गजलमा हत्या हिंसा विखण्डन र विभाजित राष्ट्रिय अवस्थाको चित्रण गरिएको छ।

१८ *आकाशबाट नै* गजलमा माया, प्रेम र सद्भावका लागि विश्वास प्रकट गरिएको गरिएको छ।

१९ *तिम्रो दिलको आँगनमा* गजलमा प्रेमीको अमूल्य माया, प्रेम प्राप्तिको अभिव्यक्ति गरिएको छ।

२० *उनको बदनामको हल्ला* गजलमा प्रणय पिपासुको क्रीडापछि परेको बदनामीको चित्रण छ ।

२१ *यी नयनमा* गजलमा सच्चा प्रेमको अभिव्यक्ति रहेको छ ।

२२ *भोको पेटले* गजलमा गरिब दु:खीको जीवनमा परेको पीडाको अभिव्यक्ति रहेको छ ।

२३ *सौन्दर्यमा बाँध्ने* गजलमा प्रेमीसँगको भलाकुसारी र प्रेम प्रणयको अभिव्यक्ति रहेको छ ।

२४ *नयन झ्रुक्कियो* गजलमा मिलन र प्रणयक्रियापछिको प्रेमिकाको स्मरण अभिव्यक्ति रहेको छ।

२५ *सुरिलो त्यो बाँसुरीको* गजलमा अपूर्व माया, दया र प्रेमयुक्त प्रेमीको चर्चा गरिएको छ ।

### ४.९.२.२ संरचनात्मक ढाँचा

यस सङ्ग्रहमा जम्मा १०३ वटा गजलहरू रहेका छन् । आकर्षक आवरण तथा लामा छोटा गजलहरूको समावेश छ । *खुलायौ नयन* (पृष्ठ १४) सबैभन्दा छोटो गजलका रूपमा देखापर्छ । यस कृतिमा बिम्ब र प्रतीकको प्रयोग पइन्छ । जिन्दगीको बत्ती निभ्नु, आस्थाको दीप बाल्नु जस्ता शाब्दिक अर्थहरूको प्रयोग पाइन्छ । भाषिक विचलन स्वाभाविक देखिन्छ । केही गजलहरूमा क्रियापद बीचमा वा शुरूमा पनि प्रयोग भएका छन् । **अन्तिम स्वीकार** उपन्यासमा जस्तो हिन्दी भाषाका शब्दको प्रयोग यसमा देखिन्न । धेरैजसो गजलहरूमा लोक छन्दको प्रयोग गरिएको छ ।

### ४.९.२.३ निष्कर्ष

**शब्दको सुवास** सरला जोशीको एक उत्कृष्ट गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा उनको शालीनता, कोमलता, भावगाम्भीर्य, संवेदनशीलता अभिव्यञ्जित भएका छन् । कविताका भाषामा सुललित पदावली, सरल शब्दावली सान्दर्भिक शब्द चयन र जीवनका सम्पूर्ण पक्ष समेटिएका छन् ।

## ४.९.३ गजलपथका यात्रीहरू (सहलेखन)

**गजलपथका यात्रीहरू** (वि.सं.२०६१) सहलेखनको रूपमा रहेको पुस्तक हो । चितवनका विभिन्न स्थानमा रहेका र गजल लेखनमा कलम चलाएका गजलकारहरूका उत्कृष्ट रचनाहरू यसमा समेटिएका छन् । सरला जोशीका ५ वटा गजलहरू परिचयसहित पृष्ठ १६३ देखि १६८ सम्म रहेका छन्। प्रेम, प्रणय, सामाजिक र दयनीय अवस्था तथा राष्ट्रियताको चासो बोकेका गजलहरू यसमा रहेका छन्। जिन्दगीका दुःख, पीडा र व्यथाहरू गजलका माध्यमबाट प्रकटित हुने अवसर यसबाट पाएका छन् ।

### ४.९.३.१ विषयवस्तु

यस सङ्ग्रहमा उनका गजलहरूले जीवन सोचेजस्तो हुँदैन भन्दै टुक्रिएर दिशाबिहीन भएर र कहालीलाग्दा रातहरू पार गरेर बाँच्नु परेको उल्लेख गरिएको छ । जीवनमा खुसी कुर्दाकुर्दै कतै केही भेटिएमा गजल बन्छन्  भन्दै आफूले गजल लेखेको स्वीकारोक्ति गजलबाटै प्राप्त हुन्छ । पुरुषको निर्दयीपन र मनोरञ्जनको साधन बनेर क्षणभरमै इज्जतबिहीन, घृणित र टुक्राटुक्रा हुनुपरेको कुरा यसका गजलहरूमा परेका छन् । मातृत्वप्रेम र स्नेहको वास्ता नगरी तीर हान्ने सन्तानहरूलाई व्यङ्ग्यात्मक प्रहार गरिएको छ । माया, प्रेम र प्रीतिका गीत गाएर जीवनमा साथ दिने प्रेमी-प्रेमिकाका गन्थनलाई यसरी प्रस्तुत गरिएको छः

अनेक घुम्ती जिन्दगीसँगै काँचुली फेर्दछ
गौरव गर्नू जीतको बाटो पैलायो भनेर (पृष्ठ-१६३)

कान्तिबिहीन छ मुहार रङ्गहीन छ प्रभात सन्ध्या
गहमा अश्रुधारा बग्दा मुटुमा तीर हान्यौ किन ? (पृष्ठ-१६५)

### ४.९.३.२ निष्कर्ष

हृदयभित्रका अनौठा अनुभूतिहरूलाई गजलकार जोशीले मीठा शब्दहरूमा प्रस्तुत गरेकी छन्। रदिफ र काफियाको उचित प्रयोग भएको छ। सरल, सहज र स्वाभाविक शब्दको प्रयोग गर्दै जीवनका उकालीओरालीहरूका शब्दहरू स्वाभाविक र सहज देखिन्छन् । जीवनको कथाव्यथाहरू उनका गजलका शेर बनेर प्रस्तुत भएका छन् । सरल, सहज शब्दावली र भावात्मक उच्चताले यस सङ्ग्रहको स्तर बढेको छ ।

## ४.१० हीरा पौड्याल

साहित्यकार हीरा पौड्यालको जन्म वि.सं. १९९९ साल चैत ७ गते बगादी, स्याङ्जामा भएको थियो । साक्षर मात्र भएर पनि साहित्य रचना गर्न सफल पौड्याल लामो समयदेखि क्षेत्रपुर चितवनमा परिवारका साथमा बसोबास गर्दै आएकी छिन् । चितवनका नारी साहित्य स्रष्टाहरूमा सबैभन्दा बृद्धा पौड्याल अ.ने.म.सङ्घ, परिवार नियोजन, नारी शिल्पकला तथा नारी उत्थान केन्द्र नारायणगढसँग सम्बद्ध रहेकी छिन् । उनको हालसम्म एकमात्र कृति जीवन कवितासङ्ग्रह (२०६१) प्रकाशित छ । दधिराम पौड्यालको प्रकाशनमा प्रकाशित यस कृतिमा एक संस्मरणात्मक आत्मकथाका साथै अन्य कविताहरू रहेका छन् ।

### ४.१०.१ **जीवन** कवितासङ्ग्रह

**जीवन कवितासङ्ग्रह** साहित्यकार हीरा पौड्यालको वर्तमानसम्मको एकमात्र कृति हो । यो २०६१ सालमा प्रकाशित भएको थियो । राजनीतिमा लाग्दाको अनुभव तथा देशको राजनीतिक अवस्थाको चित्रणसमेत समावेश भएको छ भने छोरीको सम्झना जस्ता घरायसी माया प्रेमदेखि लिएर दुःखद दरबार घटनासमेत समावेश भएको छ । यसमा रूढिवादी परम्परा त्यागेर असल र आधुनिक बन्न आग्रह गरिएको छ। कविताका सबै शीर्षकहरूमा फरकफरक विषयवस्तुहरू रहेका छन् । *अतीतलाई सम्झँदा* (अनुभव), *अतीत र वर्तमान* (जीवनी), *राजनैतिक एवं सामाजिक गतिशीलताको झलक* लेखको रूपमा आएका छन् । यी सबैले आफ्ना जीवनका तीतामिठा अनुभव र मानवीय पीडा तथा संवेदनाका स्वरहरू, सामाजिक संरचना र नारी वर्गले भोग्नुपरेका उत्पीडनहरू, आफ्नो

कर्तव्यप्रतिको संवेदनाशीलता, समाजसेवाप्रति जागरूक भावना, पार्टीका नेताप्रतिको असन्तुष्टि आदि विषयलाई कलात्मक र सुकोमल ढङ्गबाट व्यक्त गरिएको छ। कविता, लेख, अनुभव तथा जीवनीहरू यसमा समावेश भएका छन् । अन्तमा दुई कविताहरू तोयानाथ पौड्याल र भविष्य पौड्यालका रहेका छन् ।

## ४.१०.१.१ विषयवस्तु

आफ्ना जीवनका तीतामिठा अनुभव, मानवीय पीडा तथा संवेदनाका स्वरहरू, सामाजिक संरचना र नारीवर्गले भोग्नुपरेका उत्पीडनहरू, आफ्नो कर्तव्यप्रतिको संवेदनाशीलता, समाजसेवाप्रति जागरूक भावना, पार्टीका नेताप्रतिको असन्तुष्टि आदि विषयलाई कलात्मक र सुकोमल ढङ्गबाट यसमा व्यक्त गरिएको छ । विषयवस्तु र अभिव्यक्तिका दृष्टिले यस सङ्ग्रहमा परेका कविताहरू यसरी व्यक्त गरिएको छ :

१ *अतीत र वर्तमान* कवितामा जीवनको पूर्वाद्धदेखि राजनीति गरेको अनुभव व्यक्त गरिएको छ ।

२ *तीर्थ जाने मूर्ख* कवितामा क्रूर बनेर अरूलाई दुःख दिनुभन्दा तीर्थ नजान सन्देश दिइएको छ ।

३ *संगठनलाई चिठी* कवितामा कर्मशील भएर समाजको विकास गर्न आग्रह गरिएको छ ।

४ *बुबाआमाको सम्झनामा* कवितामा बुबाआमाको सम्झना गर्दै धनको मोह त्याग्न आग्रह छ ।

५ *नियालेर हेर्दा* कवितामा लेखपढ गर्न नपाउँदा जीवन अन्धकारमय भएको अनुभव गरिएको छ ।

६ *मुकाविला गरौं* कवितामा सामन्तहरूसँग संघर्षशील भएर मुकाविला गर्न आग्रह गरिएको छ ।

७ *जुझारु संर्घषमा जुटौं* कवितामा लुट र हिंसा त्यागेर संगठन विस्तार गर्न आग्रह गरिएको छ ।

८ *दुःखद दरबार घटना* कवितामा जनताप्रेमी राजारानी भन्दै दरबार घटनाको बिलौना रहेको छ ।

९ *छोरीको सम्झनामा* कवितामा छोरीले हाम्रो समाजमा धेरै दुःख र कष्टपूर्ण जीवन बिताउनुपरेको आशय व्यक्त गरिएको छ ।

१० *सर्वहारालाई के छ ?* कवितामा कम्युनिष्टको खोल मात्र ओढेको भन्दै गाली गर्दै सर्वहारालाई नहेरिएको अभिव्यक्ति रहेको छ ।

११ *कमैयाको दुर्दशा* कवितामा कमैया हटाएर हेरचाह नगरी दुर्दशा भएको अभिव्यक्ति रहेको छ ।

१२ *जन्मभूमि प्यारो लाग्छ* कवितामा आफूले बुढेसकालसम्म देशको निम्ति राजनीति गरेको र आफ्नो धर्ती प्यारो लाग्ने अभिव्यक्ति रहेको छ ।

१३ *मामाको घर* कवितामा कवयित्रीले बाल्यकालमा मामाघरमा बिताएको क्षणको याद गरिएको छ।

१४ *बासल्य प्रेमको सम्झनामा* कवितामा बाल्यजीवन र प्रौढशिक्षाको अनुभवको स्मरण रहेको छ ।

१५ *साथीलाई सुझाव* कवितामा सुमार्गमा लागेर देशको हित हुने काम गर्न आग्रह गरिएको छ ।

१६ *राजनैतिक एवं सामाजिक गतिशीलताको झलक* कवितामा देशको राजनैतिक परिवेश व्यक्त गर्दै राजनैतिक एवं सामाजिक अवस्थाहरूसँग आफू जुधेको स्मरणात्मक अभिव्यक्ति रहेको छ।

### ४.१०.१.२. संरचना

प्रस्तुत पुस्तकको शीर्षक कवितासङ्गह भए तापनि यसमा संस्मरणात्मक लेख र जीवनी समेत रहेका छन् । १६ शीर्षकमा कवयित्री पौड्यालका रचनाहरू रहेका छन् । लयात्मक र लोकलय भाकामा रहेका कविताहरू आफ्नो जीवन वृत्तान्त र अनुभवसमेत समावेश गरिएका छन् ।

### ४.१०.१.३ निष्कर्ष

पौड्याल क्रान्तिकारी विचार र परिवर्तनशील मानसिकता बोकेकी कवयित्री हुन् । प्रौढ शिक्षा हासिल गरेर यत्तिको लेख र कविता लेख्न सक्नुमा उनको राजनैतिक संग्लनतालाई लिन सकिन्छ । भावको सबै ठाउँमा उचित संयोजन हुन नसक्नु, कलात्मक र लेखन शैलीमा कमजोरी देखिए पनि प्रौढा कवयित्रीले देश र समाजको परिवर्तनका लागि अझै केही गर्न चाहेको विचार व्यक्त हुनु ज्यादै सकारात्मक पक्ष मानिएको छ ।

## ४.११ कल्पना अधिकारी

सुश्री कल्पना अधिकारीको जन्म वि.सं. २०२२ साल भाद्र ३ गते भएको थियो । पिता स्व. सीताराम अधिकारी तथा माता स्व. मानकुमारी अधिकारको कोखबाट रत्ननगर चितवनमा जन्मेकी अधिकारी सानै उमेरदेखि नै आमाबुबाको मायाबाट वञ्चित भएकी थिइन् । जन्मदाता मानकुमारीको उनी १ बर्षकी छँदैमा मृत्यु भएपछि उनलाई सम्पूर्ण माया ममता दिएर रत्नकुमारीले हुर्काइन् । देशको बिग्रँदो अवस्थाबाट आक्रान्त बनेर आफ्ना भावुक विचारलाई देशभक्तितर्फ खिचेकी कथाकार अधिकारीले कहिले आमा सम्झन पुग्दछिन् भने कहिले मातृभूमि । मूलतः सामाजिक कथावस्तुमा अडेर कथा लेख्न बस्ने कथाकार अधिकारीको हालसम्म तीनवटा

कथासङ्ग्रहहरू **प्रेमदीप, आमा** र **उत्ताउली** प्रकाशित छन् भने **जीवन सहारा** भजन गीति एल्वम (संयुक्त) र **मनको ढोका** आधुनिक गीति एल्बम (संयुक्त) प्रकाशित भइसकेका छन् ।

समाजसेवा तथा ज्योतिषमा रूचि राख्ने अधिकारी विभिन्न सङ्घसंस्थामा संग्लन हुँदै आएकी छिन्। ग्रामीण समाजदेखि सहरिया वातावरणसम्म पुगेर समाजका सम्भाव्य र यथार्थ घटनाहरूलाई उद्घाटित गरेकी छिन् । नारीवादी कथाकार अधिकारीले कथाहरूमा मूलतः मानवता, मानवअधिकार र वर्तमान बिग्रँदो राष्ट्रिय अवस्थाप्रति बढी चिन्तित भएर साहित्य रचना गरेकी छन्। अविवाहित रहेर देश र जनताका  पक्षमा वकालत गर्दै शान्तिको सन्देश छर्ने उनको प्रयास रहेको देखिन्छ । कहीँ न कहीँ कतै न कतै धार्मिक पात्रहरूले उनका कृतिमा प्रवेश पाएका छन् । समग्रमा अधिकारी आधुनिक युगकी सशक्त कथाकार हुन् । यसमा उनको नारी सचेतता गर्ने प्रयास रहेको देखिन्छ । उनका कथाहरू खारिएका र उत्कृष्ट रहेका छन् ।

## ४.११.१ **प्रेमदीप** कथासङ्ग्रह

**प्रेमदीप** कथासङ्ग्रह कल्पना अधिकारीको वि.सं. २०६१ सालमा प्रकाशित प्रथम कृति हो । यस सङ्ग्रहभित्र जम्मा ५ वटा कथाहरू रहेका छन् । *प्रेमदीप, विक्षिप्त बुद्ध, भूल, तिमी बाँच्नुपर्छ* र *आमा रोइरहिछन्* भन्ने कथाका शीर्षकरु यसमा रहेका छन् । जम्मा ७ पृष्ठ देखि २५ पृष्ठसम्मका कथाहरू यसमा समावेश छन् । ओम श्रेष्ठका अनुसार प्रेमदीप सङ्ग्रहभित्रका कथाहरू मार्मिक र सम्प्रेषणीय छन्।[६२] कथाहरूमा धार्मिक ग्रन्थका घटना र पात्रहरूलाई उपयुक्त सन्दर्भमा उदाहरणीय रूपमा प्रस्तुत गरिएको छ । देशमा व्याप्त दुःखद असहज परिस्थितिहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु यसको सबल पक्ष मानिएको छ ।

सामाजिक कथावस्तु प्रस्तुत गरी देशको पीडा र हिंसाले ग्रस्त परिस्थितिको स्पष्टरूपमा देखाइएको यस कथासङ्ग्रहमा खुलासा गरिएको छ । ग्रामीण परिवेशका पात्रहरू चयन गरी यथार्थ र आदर्शको स्वीकार्य परिस्थितिहरू रहेका छन् । नारी हुनुको गर्व गर्दै सम्मान भाव व्यक्त भएका छन् ।

### ४.११.१.१. कथानक

[६२] ओम श्रेष्ठ रोदन, *प्रेमदीपका सार्थक सन्देशहरू,* **प्रेमदीप,** कल्पना अधिकारी(विराटनगरः वनिता प्रकाशन, २०६१) पृ. भूमिका ।

यस सङ्ग्रहमा जम्मा पाँचवटा कथाहरू रहेका छन् । *प्रेमदीप* यस कथा सङ्ग्रहको पहिलो कथा हो । यसभित्र देशको द्वन्द्वकालको चित्रण छ । कुनै एउटा घर विष्फोटन गर्ने उद्देश्यले एक युवक आतङ्ककारीको नाममा एउटा घरमा पुग्दछ । आकस्मिक मस्तिष्कको पीडाको कारण त्यहीँ बेहोस भएर लड्छ । घरमा एक्ली भएकी युवती मानवताको नाताले घरभित्र स्याहार सुसार गर्दछिन्। आतङ्कारी युवक हत्या हिंसाबाट पग्लिँदै प्रेम, सद्भाव, शान्ति र मानवतका पुजारी बन्दछ । एक अपरिचित त्यो पनि आतङ्कारी युवक जसलाई सम्मान र सद्भावले असल मानिसमा परिवर्तन गरिदिएको छ । घरमा एक्ली भएकी युवतीले एक अपरिचित युवकलाई कोठामा ल्याएर स्याहार गर्नु अलिक बढी आदर्श जस्तो अनुभूति हुन्छ । कथानक उद्देश्यमूलक र सार्थक देखिन्छ ।

कथासङग्रहको दोस्रो कथाको रूपमा *विक्षिप्त बुद्ध* रहको छ । यसमा एक आपसको फुट र विभाजनले विनाश ल्याउने, हिंसाबाट कोही बहादुर नबन्ने र शान्ति आजको प्रमुख आवश्यकता भएको छ भनिएको छ । मुलुकको वर्तमान समयमा भैरहेको भाइ-भाइको आपसी कलहले गर्दा भएको विनाशको चित्रण गर्दै शान्तिको चाहना गरिएको छ। बुद्ध नामक एक पात्र उभ्याइएको छ। जसले यात्राका क्रममा सुरक्षा सेनाले आफ्ना परिवारलाई आतङ्कारी भन्दै विनाकारण हत्या गरिदिएर ऊ विक्षिप्त बनेको छ । यसरी बुद्धले आफ्नो पीडा र दुःख व्यक्त गर्नुको अर्थ रहेको छैन । विक्षिप्त रोगी बनेको बुद्धमाथि लप्टनले पनि हात उठाएकोमा पश्चात्ताप गर्छ । शान्ति, बुद्ध जस्ता पात्र उभ्याएर देशमा दिगो शान्तिको कामना गर्नु यसको सार हो ।

यस सङ्ग्रहको तेस्रो कथा *भूल* हो । यसमा युवा-युवती वीचको निकटता प्रेमकै लागि मात्र नहुन सक्छ । आत्मीयता असल मित्रतामा पनि हुन सक्दछ । म पात्र सरितासँग आर्कषित हुन्छ र प्रेम प्रस्ताव राख्छ । सरिताको अल्लारेपन सेवा र बोली देखेर प्रेम गरेकै आभाष हुन्छ । कथामा भावनात्मक सम्बन्ध गाँस्ने तर प्रेम गर्न नसक्ने सरितामा दाम्पत्य रूप मात्र अस्वीकार्य भएको अनुभव हुन जान्छ । अन्तमा एक्लै भुटभुटिएको म पात्र आफ्नो भूल भएको अनुभव गर्दछ । *तिमी बाँच्नुपर्दछ* भन्ने कथा यस सङ्ग्रहको चौथो क्रममा रहेका छ । नारी अस्मितालाई मनोरञ्जनको साधन ठान्ने एक युवकबाट बलात्कृत भएपछि आत्महत्या गर्न पुगेकी सुन्तलीलाई अर्को युवकले बचाउँछ । बाँच्ने हिम्मत दिँदै रातसँग डराएर मर्नेहरू बिहानीको सूर्यको सुन्दरता देख्न पाउँदैनन् ।

यो संसार वीरहरूको हो, तिमी पनि वीर भएर बाँच्नुपर्दछ भन्न पुग्दछ । यसरी नारीलाई साहस बढाएर हौसला दिएर राम्रो काम गर्न प्रेरित गर्ने काम यस कथाले गरेको छ ।

यस सङ्ग्रहको अन्तिम वा पाचौँ कथा *आमा रोइरहिछन्* हो । यसमा मानिस जुनसुकै क्षेत्रमा लागेको भए पनि ऊ मूलतः मानिस नै हो । एकै आमाका सन्तान देशका नाममा एक अर्काको हत्या गरेर आफ्नै दाजुभाइको विनाश गरिरहेको विषय रहेको छ । सेना र माओवादीको भिडन्तमा घाइते भएका दुबैलाई मानवताका नाताले उपचार गरिदिने बूढीआमाले एक आपसमा शान्तिका लागि रगत होइन पसिना बगाउन सिकाउँछिन् । द्वन्द्वकालमा भएको देशको एक ज्वलन्त समस्यालई उदाहरणका रूपमा प्रस्तुत गर्दै यसमा कथाहरूको रूप दिइएको छ ।

### ४.११.१.२ कथोपकथन

कथाकार कल्पना अधिकारीको प्रस्तुत कथासङ्ग्रहमा संवादको प्रयोग राम्रो रहेको छ । विभिन्न भाव बहन गरेका केही संवादहरूलाई उदाहरण स्वरूपयहाँ प्रस्तुत गरिएको छ ।

**क) शान्ति र मानवताको भावना**

ज्वाला समूह र आतङ्कारी युवकबीचको कुराकानी भेटलाई खतम गरेर तपाईं तुरून्त समूहमा उपस्थित हुनुहोस् । म मेजर मात्र हैन अब कसैलाई पनि मार्दिन । (पृष्ठ-३७)

**ख) युद्ध र पीडाबोधी अभिव्यक्ति**

नाइँ नाइँ मलाई नमार । मेरो आमा बिरामी हुनुहुन्छ , सिकिस्त बिरामी

ए यसलाई लिएर हिँड, त्यसै छोड्नु हुँदैन । (पृष्ठ-३७)

**ग) माया प्रेमका प्रस्ताव र अस्वीकार्य अवस्थाका संवादहरू**

सुरु म तिमीलाई धेरै माया गर्छु ।

मैले तिमीलाई एउटा असल साथी सम्झेँ तर तिमी / तिमी त नीच रहेछौ । (पृष्ठ-३७)

### ४.११.१.३ संरचना

**प्रेमदीप** कथासङ्ग्रह पृष्ठ ८० सम्म फैलिएको छ भने पृष्ठ २५ देखि कथाहरू रहेका छन्।समग्रमा एकरुपता नपाएर केही लामा कथाहरू यसमा समावेश भएका छन् । सरल र मिठास कथाहरू पट्यारलाग्दा नभए पनि छोटो बसाइमा पढ्न केही कठिन देखिने हुनाले एकरुपताको आवश्यकता देखिन्छ । धार्मिक पात्रहरू नै कथाका पात्रहरू बनेका छन् ।

### ४.११.१.४ निष्कर्ष

**प्रेमदीप** कथासङ्ग्रहका कथाहरू मार्मिक र सम्प्रेषणीय छन् । हाम्रो देशमा भोग्नुपरेको हत्या, हिंसा तथा अमानवीय व्यवहारलाई सरल रूपले समेटिएका छन् । धार्मिक विषय पनि कथाहरूमा पाउन सकिन्छ भने कर्तव्य परायणताको पाठ सिकाउँदै देशभक्ति र शान्तिको सन्देश छर्नु कथाको मूल उद्देश्य रहको छ । आफ्ना सुन्दर काव्यहरूको माध्यमबाट मानवीयता र शान्तिको पक्षमा वकालत गर्दै कथाकार कल्पना अधिकारीले नेपाली साहित्य-जगत्‌मा नै ठूलो योगदान दिएकी छन् ।

### ४.११.२ आमा

**आमा** कथासङ्ग्रह कथाकार कल्पना अधिकारीको वि.सं. २०६२ सालमा प्रकाशित दोस्रो कृति हो। यो कथासङ्ग्रहको प्रकाशन चितवन साहित्य परिषद् भरतपुरले गरेको हो । **प्रेमदीपमा** जस्तै यसमा पनि *आमा, हतियार, फेरिएका भाकाहरू, म बाँच्न चाहन्छु र  नाङ्गो* गरी ५ वटा कथाहरू समावेश भएका छन्। सबै कथाहरूले मानवता, स्वतन्त्रता र राष्ट्रियताका पक्षमा वकालत गरेका छन्। केदारनाथ खनालका अनुसार विगत एक दशकदेखि हत्या, हिंसा र भयले आक्रान्त नेपाली समाजमा व्याप्त विकृति, विसङ्गति एवं ह्रासोन्मुख मानवीय मूल्य सभ्यता र संस्कृति अभिव्यञ्जित भइरहेको वर्तमान परिप्रेक्ष्यमा कल्पनाका कथाहरू उदात्त भावना र आध्यात्मिक चेतनाद्वारा उच्च मानवीय मूल्यको वकालत गर्न तथा संवेदनाहीन बर्बर एवं जर्जर मानव मनोमस्तिष्कलाई अमृतमयी वाणी र प्रेमरसद्वारा धोईपखाली स्वच्छ, स्वस्थ, शान्त र सुन्दर नेपालको पुनः निर्माणमा उद्यत छन् ।[६३] मानव अस्तित्व, मूल्य र मानवचेतना छर्ने उद्देश्य राखेर आमा शीर्षक दिइएको कथाकारले स्वीकार गरेकी छन् ।

### ४.११.२.१ कथानक

**आमा कथासङ्ग्रह**भित्रका कथाहरूले मानवजीवनका अन्तर्विरोध, द्वन्द्व, सङ्क्रान्ति वा क्राइसिसलाई समात्ने प्रयास गरेका छन् ।[६४] यस सङ्ग्रहका पाँचै कथामा फरक विषयवस्तुहरू प्रस्तुत भए पनि समग्रमा मानवीय मूल्य र मान्यता तथा सामाजिक नव निर्माणको उत्कृष्ट अभीप्साको गीत बनेको पाइन्छ । *आमा* यस कथासङ्ग्रहको पहिलो कथा हो । यसका प्रमुख पात्रहरू

---

[६३] केदारनाथ खनाल, *प्रकाशकीय,* **आमा कथासङ्ग्रह,** कल्पना अधिकारी (चितवनः चितवन साहित्य परिषद, २०६२) पृष्ठ. क ।
[६४] इशान गौतम, *भूमिका,* **आमा कथासङ्ग्रह,** *कल्पना* अधिकारी (चितवनः चितवन साहित्य परिषद, २०६२) पृष्ठ.ङ.।

आस्था र अजय हुन् । मागी विवाह गरेका यी दुवैको लामो मिलन हुँदैन तर एकअर्काप्रतिको आकर्षण र मायाप्रीति भने कायमै रहन्छ । अजयकी आमाल हरेक दम्पतिलाई सन्तान जन्माएर वंश बढेको देख्न चाहकी छिन् । आमाले लहैलहैमा आस्थाबाट सन्तान नभएपछि अजयले कान्छी स्वास्नी प्रभालाई भित्र्याउँछ । प्रभा घमण्डी र मुखाले छिन् भने आस्था शुशील र नम्र स्वाभावकी । आस्था एउटा विद्यालयमा पढाउने शिक्षिका भएर बाटुलीको छोरो माधवलाई धर्मपुत्रका रूपमा स्वीकार गर्दछिन् । प्रभा क्यान्सर भएर मर्छिन् तर रमेश काजकिरिया गर्न समेत आउँदैनन् । अजयको घर लथालिङ्ग हुन्छ । आफूले हेलाँ गरकी आस्थाको आश्रममा आश्रय लिन पुग्छन्। आस्थामा भने आफ्नो सन्तान मात्र होइन समस्त सृष्टिको आमा बनेर समस्त सृटिलाई अंगाल्न सक्नुपर्छ भन्ने विचार आस्थाको रहन्छ । मृत्युपछि उनले राष्ट्रिय सम्मान पाउँछिन् भने अजय पश्चाŒाापमा पर्छ । यसरी सन्तान जन्माउने प्रभाभन्दा समस्त सृष्टिलाई माया गर्ने आस्था नै एक असल आमा हुन् भन्ने आशय यसमा रहेको छ ।

*हतियार* यस सङ्ग्रहमा रहेको दास्रो कथा हो । यसका प्रमुख पात्रहरू आमा, छोरा रामु र शकुन्तला रहेका छन् । बर्दिया जिल्लाको एउटा भिडन्तमा सुरक्षाफौजको सिपाही रामु सख्त घाइते हुन्छ। घाइते रामुलाई विद्रोही पक्षले खोजिरहेको हुन्छ ।

घरमा आमा छोरा बीच कुराकानी चल्छ । हिंसाको बाटो नरोज्न, सम्झाएर जनताको मन जित्न र हिंसाले हिंसा निम्त्याउँछ भन्दै सम्झाउन खोज्छिन् भने छोरा रामु आफ्नी आमाको बोलीमा विद्रोही स्वर देख्छ । यस कथाले देशमा बढेको सशस्त्र विद्रोहले निम्त्याएको हत्या, हिंसा आतङ्कले ग्रसित नेपाली जनजीवनलाई विषयवस्तु बनाएर देशप्रेम र मानवाताको भावनाबाट ओतप्रोत भएर कथा लेखिएको देखिन्छ । हतियार विनाशक हो यसले देश बन्दैन भन्दै हतियार बोकेर सशस्त्र आन्दोलनको खेती नगर्न आह्वान गरिएको छ ।

*फेरिएका भाकाहरू* यस सङ्ग्रहको तेस्रो कथाको रूपमा उपस्थित छ । यसमा मनोज, हजुरआमा, पुजारी, मैया र शीला मुख्यरूपमा उपस्थित छन् । विवाहको खुशियालीमा जन्ती हिँडेका मनोजका आमा बाबु गाडी दुर्घटनामा परेर मरेपछि मनोज अनाथ बन्दछन् । बाबुआमा टोकुवा, कुल सङ्गारे जस्ता अपशब्दको सिकार भए पनि हजुरआमाको रेखदेखमा मनोज बस्दछ । हजुरआमाको मृत्युपछि काकाकाकीको दुर्व्यवहार सहन नसकेर मनोज घरबाट निस्कस्छ र वीरगन्ज

पुग्छ । कामको खोजीमा लाग्दा उसले कुटाई खान्छ, भोकभोकै पनि पर्छ र पान पसलका भैया र भावीले पाल्छन् । मैयाको बाबु बिरामी परेर घर जान्छन् र मनोजलाई होटलमा काम लगाइदिन्छन्। त्यहाँ पनि बस्न नसकेर ऊ निस्कँछ र आश्रममा पुग्छ । आश्रममा पुजारीको अवैध धन्दाले उसले पिटाइ खान्छ र छाडेर ऊ जनकपुरको प्रतिष्ठित व्यक्ति अरूणकहाँ पुग्दछ । अरूणले छोरो बनाउने त भन्छ तर उसको मृत्युपछि त्यहाँबाट छाडेर  ड्राइवरसँग भेट हुन्छ । ड्राइवर भएर मनोजले पैसा कमाउन थाल्छ र एउटा सामाजिक संस्था खोल्छ । केही अनाथ केटाकेटीलाई आवासीय विद्यालयमा भर्ना गरिदिन्छ । यत्तिकैमा जि.शि.अ. सँग भेट हुन्छ र उनैकी छोरीसँग विवाह गर्छ । यसरी मनोजले विभिन्न पीडा र व्यथा भोग्दै निराश नभई सुखी जीवनमा पुग्दछ । यस कथाबाट सत्कर्म, धैर्य र असल कार्य गरेर पुराना रुढिवादी परम्परा त्याग गर्नुपर्छ भन्ने सन्देश पाइन्छ ।

*म बाँच्न चाहन्छु* यस सङ्ग्रहको चौथो कथा हो । यस कथामा विकास, मेनुका र उस्ताद प्रमुख पात्रहरू हुन् । विकास सामुदायिक रेडियो एफ.एम. हरूमा गीत लेख्ने गर्दछ । उस्तादसँग वाद्यवादन सिक्न जाँदा विकासको मेनुकासँग भेट हुन्छ । मेनुकाको गीतमा भाव नझल्कने भन्दै विकासले जीवन्त गीत गाउन प्रेरित गर्छ । मेनुकाले भने पहिले त सङ्गीत सिकेकी हुँ तर तिमी भएकाले मात्र आएकी हुँ भनेर नारी आदर्शको पर्खाल नाघेर नारी सुलभ मर्यादा रुपी लुगाको घुम्टो फाल्न सफल हुन्छे । मेनुका भारततिर लाग्छे । विकास पनि मेनुकालाई भेट्न भारततिरै लाग्छ । मेनुका भने आफ्नै देशमा केही गर्छु भनेर नेपाल फर्कन्छे । औपचारिक भेट भने हुँदैन ।
यसरी यस कथामा एक थोपा पसिना चुहाए पनि स्वदेशमै पोख्नुपर्छ भन्दै स्वदेश प्रेम र देशभक्तिको भावना छताछुल्ल पोखिएको छ । मेनुकाले आफूले देशका निम्ति केही गर्न चाहेको कुरालाई लिएर प्रस्तुत शीर्षक राखिएको छ ।

*नाङ्गो* यस कथासङ्ग्रहको पाचौं र अन्तिम कथा हो । यस कथामा रामु, रमेश, वसन्त, शान्ता र सानु पात्रहरू रहेका छन् । रमेश कथाको प्रमुख पात्र हो । रमेश व्यापारी हो । ऊ व्यापारको सिलसिलामा नेपाल र भारत आवातजावत गरिरहन्छ । व्यापारकै क्रममा रमेशलाई सुरक्षा जाँचमा नाङ्गो बनाइन्छ । रमेशलाई राष्ट्रप्रेम गर्न प्रेरित गरिएको छ । यात्राको क्रममा पाएको हन्डर पछि ऊ तर्सन्छ र भन्छ,  व्यापारी मन लिएर आएको ममा नेपाली मन मात्र बोकेर फर्केको छु । यसरी दाजुभाइ बीचको झगडाले देश बर्बाद हुँदैछ । एक अर्काले नङ्ग्याउने खेल नेपालभित्र

नभई अन्तर्राष्ट्रिय भूमिमा पनि हुन थालेकोमा रमेशलाई चित्त दुखेको छ । यसरी एउटा नेपाली नाङ्गिनु भनेको नेपाल नै नाङ्गिनु हो भनिएको छ ।

### ४.११.२.२ संरचना

आमा कथासङ्ग्रह ७५ पृष्ठमा फैलिएको छ । १२ पृष्ठदेखि २१ पृष्ठसम्मका पाँचवटा कथाहरू यसमा रहेका छन् । यी कथा सरल, सरस र सहज भाषाशैलीमा रहेका छन् । २० पृष्ठमा भूमिका खण्ड र ७५ पृष्ठमा कथाहरू रहेका छन् ।

### ४.११.२.३ कथोपकथन

कथाकार कल्पना अधिकारीको प्रस्तुत कथासङ्ग्रहमा संवादात्मक शैलीको प्रयोग गरिएको छ। सरल र सरस भाषामा कथानक प्रस्तुत भएका छन् । यसका कथाहरूमा प्रयोग भएका केही कथोपकथनहरू यी रहेका छन् :

**क) सौतासौताको आफ्ना सन्तानप्रति चिन्ता व्यक्त भएका भनाइ**

जेठानी- खै आफ्नो त आमा बन्ने भाग्य नै रहेनछ ।

देवरानी- छि ! दिदीले पनि के कुरा गर्नु भएको होला ? यो चाहिँको त? (पृ-१३)

**ख) शान्तिको कामना गर्दै आमाछोरीबीच भएको संवाद**

शकुन्तला- जो मारिए पनि आमाको छाती उत्तिकै दुख्तछ छोरा १ गल्तीलाई गल्ती भन्नु पर्छ । सैनिककी आमा भन्दैमा सैनिकका गल्ती नदेखाउने हैन । म चाहन्छु तिमी पनि सत्यवादी बन ।

रामजी-साँच्चै भनुँ भने तपाईंको छोरा हुन पाएकोमा असाध्यै गर्व छ१ (पृ.२३)

**ग) पढाइ र प्रमाणपत्रबारे कुरा गर्दै प्रेमीप्रेमिका**

मनोज- शीला मलाई बुझ्ने कोसिस गर । म एउटा नपढेको मान्छे कसरी तिम्रो साथी बन्न सक्छु ?

शिला-त्यसो भए तिम्रो दृष्टिकोणमा कलेजको प्रमाणपत्र शिक्षा हो, हैन?(पृष्ठ-४३)

### ४.११.२.४ निष्कर्ष

कथाकार कल्पना अधिकारीको प्रस्तुत **आमा** कथासङ्ग्रह उच्च स्तरको कथासङ्ग्रह हो । वर्तमान अवस्थामा हाम्रो देशको अवस्था र बदलिँदो सन्दर्भको त्रासदीलाई आदर्शवादी र

मानवतावादी पात्रहरूको चरित्र गठन गरी संवेदनशीलता, मानवीयता, राजनैतिक दृष्टि, देशभक्ति र विडम्बना आदिको चित्रण पाइन्छ । मूल रूपमा देशलाई आफ्नो घर सम्झनु, आफ्नो राष्ट्रको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गर्नु र सुधारको चेतना फैलाउनु अधिकारीको उद्देश्य देखिन्छ। हत्याहिंसा त्यागेर देश निर्माणमा लाग्नुपर्दछ, कुरीति र रुढिवादी परम्परा त्याग्नुपर्दछ भन्ने भावना यस सङ्ग्रहमा पाइन्छ । समग्रमा कथाकारले सबै नेपालीमा देशभक्तिको भावना जागरूक गर्न चाहेकी छन्। अहिंसा, सद्भाव, दया करूणाले मानव संसारलाई सजाएर सुन्दर र शान्त मातृभूमिको कल्पना गर्ने अधिकारीले केही आदर्श र केही सत्यता भर्दै नेपाली साहित्यजगत्मा नै ठूलो योगदान पुऱ्याएकी छन् ।

## ४.११.३ उत्ताउली

**उत्ताउली** कथासङ्ग्रह कथाकार कल्पना अधिकारीको २०६४ सलमा प्रकाशित तेस्रो कृति हो। यस सङ्ग्रहमा अधिकारीका जम्मा सातवटा कथाहरू राखिएका छन् । चेतन प्रतिभा उन्नयन तथा संरक्षण प्रतिष्ठान नेपालद्वारा प्रकाशित प्रस्तुत कृति अधिकारीका यस अघिका दुई कृतिभन्दा परिमार्जित र परिष्कृत छन् । केही छोटा र उत्कृष्ट कथाहरू रहेका छन् । यस सङ्ग्रहभित्र विधाता, उत्ताउली, प्रेमाग्नि, देशप्रेम, अस्वीकार, समर्पण र आवश्यकता जस्ता शीर्षकका कथाहरू रहेका छन् ।

नारीवाद र मानवतावादका पक्षमा वकालत गर्दै शान्ति, अहिंसा, मुक्ति र सामाजिक परिवर्तन चाहने कथाहरू यस कथासङ्ग्रहमा पनि समावेश भएका छन् । प्रेम, प्रणय, युवायुवतीका मनोवैज्ञानिक आकर्षण जस्ता विषयवस्तु पनि कथाभित्र परेका छन् । मूलरूपमा नारी भोग विलासका साधन होइनन्। यस सुन्दर सृष्टिका सञ्चालक र सेवक हुन् । दधिराम सुवेदीका अनुसार वर्तमान परिस्थितिमा नारी मुक्तिको कामना गर्दै उनीहरूको अस्मिता रक्षार्थ कलम चलाउनु कथाकारको दायित्वबोध मानिन आएको छ ।[६५] यस कृतिले पनि केही हदसम्म यो प्रयासलाई अगाडि बढाएको छ ।

---

[६५] दधिराम सुवेदी, *कल्पनाका कथाको सार्थकता मानवतावादमा,* **उत्ताउली,** कल्पना अधिकारी (काठमडौँः चेतन प्रतिभा उन्नयन तथा संरक्षण प्रतिष्ठान नेपाल, २०६४)पृष्ठ भूमिका।

### ४.११.३.१ कथानक

प्रस्तुत कथासङ्ग्रहमा रहेका कथाहरूमा फरक-फरक प्रसङ्गहरू रहेका छन् । प्रेमप्रणय, मानवता र कर्तव्य अधिकार मुक्तिको स्वर, जीवन मूल्यको खोजी गर्नु कथाहरूको मूल आशय बनेका छन् । देशभक्ति राष्ट्रप्रति समर्पणभाव प्रस्तुत गर्न हाम्रो समाजमा रहेका यथार्थ र आधुनिक पात्रहरूलाई उपस्थित गराएकी छन् । सामाजिक कथावस्तु समेटेर शहरिया परिवेशमा कथानकले तीव्रता प्राप्त गरेको छ । *विधाता* यस सङ्ग्रहको पहिलो कथा हो । यसमा युवायुवतीको प्रेम प्रणयप्रसङ्ग तथा कर्तवयबोध र मानवतावादी विचारको प्रसङ्ग रहेको छ। यस कथाका प्रमुखपात्रहरू लिली र अनन्त हुन् । अनन्त धनी बाबुआमाको मात्तिएको छोरो हो । आफ्नै साथीहरूले मरणासन्न हुने गरी कुटेर सडक छेउ छाडिदिएपछि लिलीले भेटेर उसलाई घर लगी उपचार गर्दछिन् । लिली रेस्टुरेन्टमा रात्री नाच देखाएर जागिर खाने केटी हुन् । उनी सहरमा डेरामा बर्षेकी छन् । मानवताले उनले अनन्तको सेवा गर्दछिन् भने थाहै नपाई उनको माया बस्छ । भोलिपल्ट आमाबुवाले कार लिएर आउँछन् । अनन्तलाई घरै लैजान्छन् । तर उनको सम्बन्ध गाढा बन्दछ। केही समयपछि अनन्तले लिलीलाई त्यसरी राती रेस्टुरेन्टमा गएर ननाच्न भन्छ र लिलीले आफ्नो नराम्रो काम र गरिबी रहेको भन्दा पनि अनन्तले लिलीलाई स्वीकार गर्दछ । दुबैजना एक आपसमा प्रेम बन्धनमा बाँधिन कटिबद्ध हुन्छन् ।

*उत्ताउली* यस सङ्ग्रहको दोस्रो कथा हो । यसको प्रमुख नायिका उद्यमी र परिश्रमशील ३५ बर्से सुश्री नीताले आफ्नै घरमा डेरावालाको रूपमा बस्दै आएको विदुर विक्रमसँग उनकै इच्छाअनुसार शुद्ध मनले विवाहको प्रस्ताव गर्दा उसले उत्ताउली ठान्यो । असल मान्छे ठानेर भावनात्मक सम्बन्ध गाँस्ने र विवाहको प्रस्ताव राखेकी नीताले बैंसको उन्मादलाई धान्न नसकेर पोइ खोजेकी होइन भन्ने कुरा स्पष्ट पार्छिन् । यसरी विक्रम एक स्वार्थी पात्र बनेर उपस्थित छ भने नीता उत्ताउली नभई नारी अस्मिताको लागि लड्ने नारी पात्र हुन् भन्ने कुरा यस कथाको कथानकबाट स्पष्ट हुन्छ ।

*प्रेमाग्नि* यस सङ्ग्रहको तेस्रो कथा हो । किरण, राहुल र स्वस्तिका यस कथाका प्रमुख पात्र हुन् भने राहुल केन्द्रीयपात्र । राहुललाई किरण असाध्यै माया गर्छे । पक्षघात भएर शरीर राम्रोसँग नचल्ने अवस्थामा पनि किरणले राहुललाई साथ दिन्छे र विवाह गर्छे । समाजलाई वास्ता नगरी

व्यक्तिको भावनालाई पूजा गरी राहुलसँग बिहे गरेकी किरणले आफ्नी छोरी ठूलो भएर एकहात नभएको युवकसँग बिहे गर्न खोज्दा अस्वीकार गर्छे । अन्ततः राहुलको स्वीकृति र अतीत स्मरण गराएपछि स्वस्तिकाको पनि मानससँग बिहे हुन्छ । यस कथामा शारीरिक रुपमा अशक्त र अपाङ्ग व्यक्तिहरू पनि सक्षम र कुशल विचारका हुनसक्छन् भन्ने कुरा देखाइएको छ। केही आदर्श र ३ पुस्ताका पात्रहरूले लामो समय बोकेको हुनु कथाको दुर्बल पक्ष हो । समग्रमा मानव समाज कसैलाई शारीरिक अशक्त भनेर हेलाँ नगरुन् भन्ने ठान्नु कथाको मूल आशय हो ।

यस सङ्ग्रहको चौथो कथा *देशप्रेम*मा देशभक्ति र राष्ट्रप्रेमको भावना पोखिएको छ। सन्तोष यस कथाको प्रमुख पात्र हो । निर्वाचनमा जितेपछि बुबाले सहरमा लगेर एक सम्पन्नशाली परिवारमा ऊ हुर्किएको छ । विश्ववल्लभ (बुवा) विदेश भ्रमणमा पुग्छन् भने स्वदेशको ग्रामीण भेगमा फोटो प्रदर्शनका लागि गाउँगाउँमा र लेक, जङ्गलमा पुग्ने सन्तोषले विदेशीलाई आफ्नो फोटो देखाएर आकर्षित गर्छ । स्वदेशमा बसेर उन्नति गर्न चाहने सन्तोषले अरूलाई पनि आफैं देशका विकासमा जुटे देश विकास हुनसक्ने बताउँछ । गाउँमा युवतीले लाली गुराँस नभाँच भनेको सुनेर सबैमा देशप्रेमको भावना रहेको अनुभव गराएको छ । देशप्रेमको भावना जगाएर सबैमा उन्नति र प्रगति हुनपर्छ भन्ने भावना जगाउनु यस कथाको मूल उद्देश्य हो । कथा शीर्षक त्यति स्पष्ट रूपमा कथानकसँग मिसिएर बहन नसके पनि कथाको आशय भने स्पष्ट भएको छ ।

*अस्वीकार* यस सङ्ग्रहको पाचौँ क्रमको कथा हो । शालीन, प्रतिभा र सागर यस कथाका प्रमुख पात्र हुन् । सागर श्रीमती शालिनी र एक छोरी छाडेर अमेरिका लाग्छ । यौवन अवस्थाका मिठा कल्पनाहरू हावामा उडाइदिएर सागर अन्नासँग बिहे गर्दछ । अन्नाले छाडेर अर्कैसँग बिहे गरेपछि फेरि शालिनीलाई पहिले झैं माया गर्ने वाचा गर्छ र प्रस्ताव राख्छ । ७ वर्षकी छोरीलाई पढाएर प्र.जि.अ. सम्म बनाउँछिन् । कुनै असल पति र बुबा बन्न नसकेको हुनाले आफ्नो देश सेवा गर्ने इच्छा राम्रो छ भन्दै अस्वीकार गर्दछिन् ।

मौका पर्दा र अवसर पाउँदा विदेशमा गएर अन्नासँग बिहे गर्ने सागर जस्तो श्रीमानलाई देशप्रेम र कर्तव्यपरायण बनेर काम गर्न आह्वान गरिएको छ। नारीलाई खेलौना सम्झने पुरुषहरूले पश्चात्तापमा जल्नुपर्ने कुराको बोध गराइएको छ । नारी पीडा र अवहेलना गर्ने पुरुषलाई श्रीमान् बन्न र माफी दिन पनि अस्वीकार गरेकोले कथाको शीर्षक सार्थक रहेको छ ।

*समर्पण* यस सङ्ग्रहको छैटौँ कथा हो । क्षितिज र विद्या यस कथाका प्रमुख पात्रहरू हुन्। क्षितिज धन कमाउने उद्देश्यले विदेश जान्छ । आफू इमान्दार हुँदा हुँदै पनि गलत कार्यमा सरिक आफ्नो साथीको रगतदानबाट एच.आइ.भी पीडित बन्छ । घरफर्केपछि आफ्नी प्रेयसी विद्यासँग विवाह गर्न ऊ अस्वीकार गर्छ र सविस्तार बताउँछ । आमा र आफ्नी प्रेयसीका निम्ति मर्न पनि सक्दैन भने राम्ररी बाँच्न पनि सक्दैनन् । विद्याले जीवन र मृत्युको दोसाँधमा परेको क्षितिजलाई बाँच्ने र बिहे गर्ने वाचा गर्छे । यसरी एच.आई.भी. पीडित बिरामीसँग पनि बिहे गर्न खोज्नु केही आदर्शवादी विद्याको विचार देखिए पनि आदर्श प्रेमकथा यसमा सफल देखिन्छ ।

विदेशमा नेपाली युवाको अवस्था र एच.आइ.भी. बोकेर जीवन छोट्याएका देशका कर्णधार युवाको कथाव्यथा प्रस्ट्याउँदै आफ्नो प्रेमी लाग्दा पनि छोटो जीवनमा साथ दिने र रमाउने नारीको आदर्श प्रेमकथाले समाजलाई नयाँ बाटो र सन्देश छर्न सफल रहेको छ ।

*आवश्यकता* यस सङ्ग्रहको सातौँ र अन्तिम कथा हो । राजेन्द्र र विमला र सरोज कथाका प्रमुख पात्र हुन् । विमला र सरोजले पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाएका छन् । धनी र सम्पन्नशाली परिवारमा रहेका उनीहरूले नोकर्नी समेत राखेका हुन्छन् । सहरको एक सम्पन्नशाली परिवारमा रहेका सरोजले अब सरकारले गर्ने धनसम्पत्तिको विवरण र आय स्रोतको खोजीमा आफू पर्ने डरले धन लुकाउन पऱ्यो नत्र जीवन जान सक्छ र कार्वाही हुन सक्छ भन्दै रोएका छन् । राजेन्द्रले यसरी पदको दुरूपयोग गरेर धन कमाउनु पर्ने भन्दै अहिले नै गल्ती स्वीकारेमा सजाया कम हुने सल्लाह दिएका छन् । वर्तमान सहरिया परिवेशको चित्रण गरेर पदको दुरुपयोग गर्नेहरूलाई राम्रो बाटोमा हिँड्न र गल्ती सच्याउन अनुरोध गरिएको छ । समग्रमा देशको भलो गर्न पछि पर्नु हुन्न र समाज सेवामा लाग्नुपर्दछ भन्ने सन्देश यस कथाले बोकेको छ ।

## ४.११.३.२ कथोपकथन

उत्ताउली कथासङ्ग्रहमा प्रसस्त संवादको प्रयोग भएको पाइन्छ । ती केही छोटा र केही लामा रूपमा देखिन्छन् । केही महŒवपूर्ण संवादहरू यसप्रकार रहेका छन् :

**क) कला र प्रेमको भाव व्यक्त संवाद**

लिली - अनन्त! कला नराम्रो कुरा हो र ?

अनन्त - राम्रो हो, तर होटेलमा नाच्दै लिली लिली बनेको म हेर्न सक्दिन। (पृष्ठ-२)

**ख) विवाहको प्रस्ताव र अस्वीकृत धारणा व्यक्त संवाद**

जम्दाइ-चुप लाग्नोस्, एउटै घरको परिवार जसरी बसेको मान्छेमाथि पाप चिताउने? ल भैगो, मसँग बिहे गर्ने मन रहेछ, फुपूसँग भनेको भए पनि हुन्नथ्यो ?

निता- तपाई दुई जवान छोराका बाबु भएर त बिहे गर्छु भन्दै हिँड्न अप्ठ्यारो मान्नुभएन, म त अविवाहित/ मलाई केको लाज/ (पृष्ठ-९)

### ४.११.३.३ संरचना

संरचनात्मक दृष्टिले प्रस्तुत कथासङ्ग्रह सबल रहेको छ । अधिकारीको यस सङ्ग्रहका सबै कथाहरू करिब समान पृष्ठका र छोटा खालका देखिन्छन् । लामा उपन्यासका रूपमा अघि बढ्ने कथानक पनि छोटा र कौतूहलता प्रदान गर्ने बनेका छन् । जम्मा ३७ पृष्ठमा ७ वटा कथाहरू छन्। केही मसिना अक्षर पनि आकर्षक र सुन्दर छन् ।

### ४.११.३.४ निष्कर्ष

अन्य कथासङ्ग्रहमा जस्तै यस सङ्ग्रहमा पनि कल्पना अधिकारीले नारी सचेतता, नारी जागरण तथा नारी अधिकारका विषयमा वकालत गराइएका छन् । यस सङ्ग्रहमा हरेक कथामा फरक प्रसङ्ग र कथानक रहेका छन् । कतै भाग्यलाई स्विकारिएको छ भने कतै कर्मले भाग्य बदलिएको छ। पात्रहरू भने आधुनिक खालका प्रवेश गरेका छन् । आकारका दृष्टिले पट्यारलाग्दो लामा कथा यसमा समावेश छैनन्। अपाङ्गप्रति दया, नारी पीडाप्रति सहानुभूति, पदको दुरूपयोग गरी अकुत सम्पत्ति बटुल्ने ठूलाबडाहरूलाई सल्लाह दिँदै सुन्दर शान्त र विशाल मातृभूमि हेर्ने प्रयास यस सङ्ग्रहका माध्यमबाट अधिकारीले गरेको स्पष्ट भएको छ ।

## ४.१२ विद्या भण्डारी 'चिराग'

साहित्य साधनामा तल्लीन एक कुशल साधिकाको नाम हो विद्या भण्डारी 'चिराग' । उनको पिता डम्बरबहादुर के.सी. र माता ललिताकुमारी के.सीको कोखबाट वि.सं. २०२३ साल मङ्सिर १ गते स्वयम्भू, तुलसीटोल काठमाडौँमा जन्म भएको हो । पूर्ण परिवारका साथ बसाइँसराइ गरी चितवनलाई कर्मथलो बनाएकी 'चिराग'ले आफ्नो जीवनको अमूल्य र महŒवपूर्ण समय चितवनमा

खर्चिएकी छन् । कविता विधामा विशेष रम्न चाहने 'चिराग' ले बाल साहित्यमा बालकविता र गजलको रचना गरेकी छन् । हालसम्म **गजलपथका यात्रीहरू**(२०६१) सहलेखन, **नेपाली गजलमा नारी हस्ताक्षर** (२०६२), **इन्द्रेणीको गेट**(२०६२), बालकवितासङ्ग्रह र **नेपथ्यका कुरा**(२०६४) गजलसङ्ग्रह प्रकाशित छन् ।

वि.सं. २०५० सालमा **प्रेरणा साहित्यिक पत्रिका**मा *चीर शान्तिको खोजीमा* शीर्षकको कविता प्रकाशन गरी 'चिराग' साहित्य क्षेत्रमा देखापरेकी हुन् । उनी कविता विधामा गीत र गजल लेखनमा निरन्तर प्रयासरत देखिन्छिन् । सरल र सरस भाषाकी खानी 'चिराग'का साहित्यमा औपदेशिकता, राष्ट्रप्रेम, प्रकृतिप्रेम धार्मिक सहिष्णुता, राष्ट्रिय विभूतिप्रति सम्मान, भाषा र साहित्यप्रतिको श्रद्धा, स्वावलम्बी, आत्मनिर्भरता र अनुशासित बन्न प्रेरित भावहरू भेटिन्छन् ।[६६] मानवीय जीवन र उनीहरूको जीवन भोगाइका क्रममा देखापरेका विभिन्न उतारचढाव र अनुभूतिलाई नै आफ्नो लेखनको प्रेरणा ठानेको उनको साहित्यबाट बोध हुन्छ । एक्ली सुपुत्रीसँग निसास्सिदो र विरहलाग्दो समय व्यतीतमा साहित्यलाई सहारा लिई विनोदप्रिय बनेको आभास भएको छ ।

चितवनको गजलका लेखनको उत्कर्षतामा एक उर्वर, शब्दजाल, बुन्न उनी पनि सरिक भएकी पाइन्छन् । उनी भाव गाम्भीर्य र शब्दजालका साथ गजल लेखनमा **गजलपथका यात्रीहरू** मार्फत पुस्तक प्रकाशनको प्रेरणा प्राप्त गर्न पुग्छिन् । रमेश सुभेच्छुका अनुसार गजल विधालाई सहज र सटीक विधा ठान्ने 'चिराग' का गजलमा कोमलताभन्दा भावात्मक सशक्तता र हल्का प्रेम प्रसङ्गभन्दा पनि वास्तविक जिजीविषागत प्रणय प्रसङ्ग र सामाजिक पक्षहरू समेटिएका छन् ।[६७] बालसाहित्य र गजल लेखनमा सक्रिय 'चिराग' साहित्य सिर्जनाको उत्कर्षतालाई चुम्न सफल साधिका देखिन्छिन् । उनको प्रयासलाई नेपाली साहित्यमा सुनौलो भविष्यको रूपमा कल्पना गर्न सकिन्छ ।

विविध बिम्ब र प्रतिकाको प्रयोग गरी बालमनोविज्ञानका उतारचढाव प्रस्ट पार्न उनी सफल

---

[६६] ईन्दिरा कार्की, *शुभकामनाका दुई शब्द,* **इन्द्रेणीको गेट,** विद्या भण्डारी 'चिराग' (चितवनः अभिब्यञ्जना साहित्य प्रतिष्ठान, २०६४) पृ. २१ ।

[६७] रमेश सुभेच्छु, *नेपाली गजलमा नारी हस्ताक्षरका सम्वन्धमा,* **नेपाली गजलमा नारी हस्ताक्षर,** रमेश सुभेच्छु, (काठमाडौः पुष्पलता आचार्य, २०६४) पृ. ४९९ ।

देखिन्छिन् । लय सौन्दर्यभन्दा भावगत सशक्तता उनको वैशिष्ट्य रहेको प्रस्ट हुन्छ । चितवनका साहित्यकारहरूमा नै प्रथम र सशक्त रूपमा बाल मनोविज्ञानको क्षेत्रमा कलम चलाउने साहित्यकारका रूपमा कवयित्री 'चिराग' चिनिन पुगेकी छिन् ।

## ४.१२.१ नेपथ्यका कुरा

**नेपथ्यका कुरा** गजलसङ्ग्रह साहित्यकार विद्या भण्डारी 'चिराग' को वि.सं. २०६४ सालमा प्रकाशित कृति हो । **गजलपथका यात्रीहरू** (वि.सं.२०६१), सहलेखन, **इन्द्रेणीको गेट** (वि.सं.२०६२), बालकवितासङ्ग्रह, **नेपाली गजलमा नारी हस्ताक्षर** (वि.सं.२०६२) सहलेखन गरी तीनवटा कृतिहरू पहिले नै प्रकाशित भइसकेकाले 'चिराग' को खारिएको विचार प्रस्तुत कृतिमा प्राप्त हुन्छ । यो एक दशकको तयारी गरिएको परिष्कृत र परिमार्जित सङ्ग्रह हो । विचारका सँगालोमा भाव र विचार बोक्ने सचित्र अङ्कन हुनुले पनि यो विशिष्ट देखिन्छ ।

विगतको स्मरण, कल्पना, सुन्दर र स्वस्थताको आशाको उद्घोष गर्दै उनका गजल प्रस्तुत भएका छन् । कुनै जटिल पीडा, व्यथा र वेदनाले छट्पटिएको मनमा जे जस्ता कल्पना आउँछन् ती भाव यहाँ भेट्न सकेको अनुभव हुन्छ । रमेश प्रभातका अनुसार ज्यादा जसो निराशावादी भेटिन्छ भने कति त आशावादी भावका अतिरिक्त स्वदेश सुसंस्कृति र स्वाभिमान सशक्त भएका देखिन्छन्।[६८] नेपथ्यमै रमाउने अन्तर्मुखी स्वाभावकी 'चिराग' ले प्रायः प्रणयरागमा रमाउँदै पीडा, बिछोड, व्यथा र तिरस्कार जस्ता अनुभूतिलाई सङ्कलन गरेकी छन् ।

### ४.१२.१.१ संरचनात्मक ढाँचा

प्रस्तुत गजलसङ्ग्रह संरचनात्मक रूपमा सबल देखिन्छ। लोकलय छन्द, झ्याउरे भुजङ्गप्रयात, स्रग्विणी, तोटक तथा केही स्वनिर्मित छन्दमा संरचना भएको पाइन्छ। रदिफ र काफियाको प्रयोग उचित रूपमा भएको पाइन्छ । सिर्जन अविरलका अनुसार मीठो बिम्ब र प्रतीकालाई बडो कलात्मक रूपमा गजलका शेरमार्फत अभिव्यक्त गरेकी छन् ।[६९] 'चिराग' को कल्पनाशीलता र सिर्जनाशीलता कलात्मक देखिन्छन् ।

---

[६८] रमेश प्रभात, *नेपथ्यका कुराभित्र चिरागको खोजी,* **नेपथ्यका कुरा,** विद्या भण्डारी (चितवनः अभिब्यञ्जना साहित्य प्रतिष्ठान २०६४) पृ. झ ।

[६९] सिर्जन अविरल, *लेख्नु नपर्ने कुरा,* **नेपथ्यका कुरा,** विद्या भण्डारी (चितवनः अभिब्यञ्जना साहित्य प्रतिष्ठान, २०६४)पृ. ध।

### ४.१२.१.२ विषयवस्तु

**नेपथ्यका कुरा** गजलसङ्ग्रहभित्र भावगत विविधता रहेको छ । हरेक गजलका शेरहरूले भिन्नभिन्न प्रसङ्ग र विचारलाई उद्धृत गर्न पुगेका छन् । प्रेम प्रणयजन्य संयोग-वियोग, सन्तुष्टि असन्तुष्टि, सुख-दुखात्मक आरोह-अवरोह, आशा-निराशा, दमित आकाङ्क्षा, कुण्ठा मानसिक अशान्ति, जीवनपथका कटु परिवेश र ठेसहरू, स्वाभिमान, नारी अस्तित्व, नियति वा परिस्थितिका प्रहार आदि जीवन भोगाइका अनुभूतिहरूलाई कलात्मक, सरल र हृदयसंवेद्य रूपमा प्रस्तुत गरिएको छ ।

#### ४.१२.१.२.१ प्रेमी-प्रेमिकाको प्रसङ्ग

प्रेमी-प्रेमिकाको बिछोडको पीडा र प्रतीक्षामा कुर्दा कुर्दै जीवन ढल्केको कुरा गजलभित्र रहेका छन् । प्रेमीले आफूलाई छाडेर अर्को रोज्दा हुने पीडाको पनि प्रसङ्ग बनेका छन् भने पुनर्मिलनको आशा अँझै झिनो रूपमा रहेका अनुभव पनि छन् । प्रेमीले दिएको दुःख-सुख तथा प्रेयसीलाई बुझ्न नसकेका गुनासाहरू यहाँ गजलका शेर बन्न पुगेका छन् । प्रेमी-प्रेमिकाका तीतामिठा कल्पना र अनुभूतिहरू प्रस्तुत गरिएका केही गजलका शेरहरू यसप्रकार रहेका छन्ः

**क) प्रेमीले समर्पणको मूल्य खोज्दा**

आवेगी त्यो सम्मोहनको भो हिसाब नखोज
पापी मौसम क्षीण भूल भो निसाफ नखोज ।          (पृष्ठ-१८)

**ख) प्रेमीको प्रतीक्षाको पीडा**

म कुर्दै बसेकी जलाई 'चिराग'
उही प्रेमज्वाला उठाएर आऊ          (पृष्ठ-५)

#### ४.१२.१.२.२ देशभक्तिको भावना

प्रस्तुत गजलसङ्ग्रहभित्रका केही गजलहरू स्वदेश र स्वसंस्कृतिप्रतिको गाथा गाउन सफल देखिन्छन् । यही धरती र माटोमा आफ्नो परिचय भेट्ने कुराको यसरी उल्लेख गरिएको छः

**क) राष्ट्रसेवाको भावना**

म भित्रै चाह गरुँ देश सेवा
हटाई म आफैँ लुटाई रहुँला ।          (पृष्ठ-४३)

**ख) स्वसंस्कृतिप्रति गौरव**

वर पीपल, मन्दिर पाटी मेरै त हुन् पेवाहरू
मेला-पर्म, व्रतपूजा सँगसँगै भुल्छु म त । (पृष्ठ-२८)

**४.१२.१.२.३ जीवनजगत्को चित्रण**

जीवनको नैराश्यको, पीडा, कथाव्यथाहरू प्रस्तुत गर्दै मृत्युको पृथक् रूपमा वर्णन समेत गरेकी छन्। दुःख-सुखको थुप्रोबाट एकपल आशावादी स्वर सुसेलिएको छ भने मानिसमा रहेका लोभी र डाहाडेपनको बारेमा पनि बयान गरिएको छ। यस्ता केही अंशलाई यसरी प्रस्तुत गरिएको छः

**क) पीडाग्रस्त वर्तमानको चित्रण**

बारुदको गन्ध, हत्या र हिंसा समय निर्मोही
भय र त्रास छाउँदा यहाँ त्रसित जन आज । (पृष्ठ-२३)

**ख) जीवनप्रति आशावादी भाव**

हरेर रजनी आउलिन् बिहानी
यिनै रसिला कल्पना गुनी आएँ । (पृष्ठ-२०)

**ग) दुःखपूर्ण जीवनको प्रस्तुति**

दुःख मात्रै रहेछ जिन्दगीको खाताभरि
बादलुले छेकी रह्यो पूर्णिमाको साताभरि । (पृष्ठ-३२)

**घ) मृत्युको पृथक्ताको वर्णन**

ध्वजा औ पताका छ आँखा अगाडि
कुनै पर्व हो या कि हो काम बेग्लो । (पृष्ठ-३)

**ङ) लोभी प्रवृत्तिप्रति व्यङ्ग्य**

आफ्नो भाग रित्याएर पेटभरि खाएपछि
नजिकैको भाँडोहेरी काढ्छन् कोही राल यहाँ । (पृष्ठ-२४)

**४.१२.१.२.४ बालप्रेम र सन्देश**

आफ्नी सानी छोरीलाई सहाराको रूपमा चित्रण गर्दै बालकलाई असल र योग्य नागरिक बन्नका लागि आग्रह गरिएको छ। यस सङ्ग्रहमा यस्ता दुई गजलहरू यी रहेका छन्:

ताते गर्दै आँगनीमा आयौ मेरी नानु

उत्साहको आँधी बोकी छायौ मेरी नानु ।                    (पृष्ठ-३५)

### ४.१२.१.३ निष्कर्ष

नेपथ्यका कुरा सङ्ग्रहलाई हेर्दा गजलकार 'चिराग' सिर्जनशीलता र कल्पनाकी धनी देखिन्छिन्। आफूलाई भीडबाट एक्लो राखी नेपथ्यमै रमाउने प्रवृत्ति उनको यस कृतिमा प्राप्त गर्न सकिन्छ । लामो यात्राको क्रममा महŒवपूर्ण क्षणमा रचना हुन पुगेका मुख्यमुख्य गजलको संगालाको रूप हो भन्न सकिन्छ। अधिक गजलका शेरहरू प्रणय रागमा रमाएको पाइन्छ । रमेश प्रभातका अनुसार प्रणयजन्य अनुभूति, प्रणयपछिको पीडा, बिछोडको  व्यथा, तिरस्कार आदिलाई मूलभूत रूपमा गजलमा उतारिएको छ ।[७०] धेरैजसो गजलमा निराशावादी भाव भेटिन्छ भने आशावादी भावका अतिरिक्त स्वदेश, स्वसंस्कृति र स्वाभिमान सशक्त भएका देखिन्छन् । काल्पनिक सुखको अनुभूति गर्दै र संयमित बन्दै आफ्ना जीवन भोगाइका पीडालाई कृतिगत स्वरूपनिर्माण गरेकी 'चिराग'का **नेपथ्यका कुरा** गजलसङ्ग्रहबाट प्राप्त हुन्छ ।

## ४.१२.२ **नेपाली गजलमा नारी हस्ताक्षर**मा चिरागका गजलहरू

**नेपाली गजलमा नारी हस्ताक्षर** देशभरका नारी हस्ताक्षरका गजलहरू समेट्ने क्रममा १०१ जना नारी गजलकारका गजल सङ्कलन र समीक्षा हो । वर्तमान गजलकारिताको माहोलमा नारी हस्ताक्षरलाई अझै उच्चता प्रदान गर्न यस पुस्तकको महŒवपूर्ण स्थान रहेको पाइन्छ । रमेश शुभेच्छुका अनुसार गजललाई सटीक र सहज विधा ठान्ने 'चिराग' का यहाँ समेटिएका गजलमा कोमलताभन्दा भावात्मक सशक्तता र हल्का प्रेम प्रसङ्गभन्दा पनि वास्तविक जिजीविषागत प्रणय प्रसङ्ग र सामाजिक पक्षहरू समेटिएका छन् ।[७१] सम्पादक पुष्पलता आचार्यको उक्त कृतिभित्र चितवनकी साहित्यकार विद्या भण्डारी 'चिराग' का जम्मा ५ वटा गजलहरू सङ्कलित छन् ।

---

[७०] रमेश प्रभात, ***नेपथ्यका कुरा****भित्र चिरागको खोजी,* **नेपथ्यका कुरा,** विद्या भण्डारी (चितवनः अभिब्यञ्जना साहित्य प्रतिष्ठान २०६४) पृ. भ ।

[७१] रमेश सुभेच्छु, ***नेपाली गजलमा नारी हस्ताक्षर****का सम्वन्धमा,* **नेपाली गजलमा नारी हस्ताक्षर,** रमेश सुभेच्छु, (काठमाडौः पुष्पलता आचार्य, २०६४) पृ. ४९९ ।

#### ४.१२.२.१ विषयवस्तु

क) विछोडको पीडा र बेदनालाई लिएर रचिएका गजलको नमुना यसप्रकार रहेको छः

सहयात्री साथ रहे कति सरल हुन्थ्यो यात्रा
भन्दै एक्लै तर्नुपर्ने जङ्घार जिन्दगीको (पृष्ठ-५००)

ख) जीवनको नैराश्यता र दुःखदर्दको आर्तनाद प्रहार गरी शीतलता खोजिएको गजलको एक शेर नमुना यो रहेको छः

तिमी भित्रै जिन्दगीको अर्थ खोज्ने रहर लाग्यो
मनको सिंहासन तिम्रो आफू बस्ने रहर लाग्यो । (पृष्ठ-५०४)

ग) विगतको भूल र भविष्यप्रतिको झिनो आशा बटुल्दै गजलकार अघि बढेको गजलको एक शेर नमुना यो रहेको छः

म भित्र जरिएको एउटा सिङ्गो संस्कार थियो ।
सायद आफ्नै ठहरको भनूँ बहिष्कार थियो । (पृष्ठ-५०२)

### ४.१२.३ **गजलपथका यात्रीहरू**मा चिरागका गजलहरू

**गजलपथका यात्रीहरू** (वि.सं.२०६१), अभिव्यञ्जना साहित्य प्रतिष्ठानको प्रकाशनमा प्रकाशित भएको गजलसङ्ग्रह हो । चितवनमा रहेर साहित्य रचना गर्ने जम्मा ३० जना गजलकारहरूका केही गजलहरू परिचयसहित प्रकाशन गरिएको छ । केही नारी गजलकार पनि यसमा समावेश भएका छन् । साहित्यकार 'चिराग' का ५ वटा गजलहरू यसमा प्रकाशित छन् ।

#### ४.१२.३.१ विषयवस्तु

'चिराग' समस्यै समस्याको थुप्रो अनि आस्था र अनास्था बीचको द्वन्द्वको जीवन विभिन्न उतारचढावसँगै कहिले उन्माद र कहिले जबर्जस्ती अन्तहीन आफ्नो जीवन ठान्दछिन् । 'चिराग' का वास्तविक जीवनकै कथाव्यथा शब्दमा उतारिएको अनुभूति हुन्छ ।[७२] विवाह बन्धनको पवित्र नाता तनको मात्र प्यास मेटाउन रहेछ भन्दै तीब्र रोष प्रकट गर्दै र क्षणभरमै छुटेको त्यो मिलनप्रति दुखेसो गरेकी छन्। यस्ता केही गजलका शेरहरू यस प्रकार रहेका छन्ः

[७२] बालकृष्ण थपलिया, *मेरो भन्नु*, **गजलपथका यात्रीहरू** (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६४) पृ.६१।

नाता आखिर सुहागले मनको हैन तनको लाग्यो

सोचेँ अजीव आतङ्कले बेरिराथ्यो त्यस रात । (पृष्ठ ६२)

मिलन, बिछोड, प्रेम र जीवनको व्यर्थता आफ्नो अन्तस्करणको 'चिराग'स्वरूप बलेर झपक्क पोखिन खोजेको अनुभव हुन्छ । जन्मदैमा बिछोडिन पुगेको प्रेमको दुःखेसो, पीडा र व्यथा पोख्ने गजलकारका रूपमा यहाँ 'चिराग' को उपस्थिति यसरी रहेको छः

सबको परिभाषा बाहिर पऱ्यो मेरो प्रेम

विना पत्तै मन मन्दिरमा सऱ्यो मेरो प्रेम । (पृष्ठ- ६५)

यस सङ्ग्रहमा रहेका चिरागका गजलहरू ज्यादै उत्कृट छन् । कुनैमा विवाह बन्धनको पवित्र नाता तनको मात्र प्यास मेटाउन रहेछ भन्दै तीब्र रोष प्रकट गरेकी छन् भने कुनैमा क्षणभरमै छुटेको त्यो मिलनप्रति दुखेसो रहेको छ ।

## ४.१२.४ इन्द्रेणीको गेट

**इन्द्रेणीको गेट** बालकवितासङ्ग्रह विद्या भण्डारी 'चिराग' को वि.सं. २०६२ सालमा प्रकाशित कवितासङ्ग्रह हो । सबैका मन छुने, आँखाका नानी र सबैले भोगेका ती बाल्यावस्थाका भावना र अनुभूति, सरल र मर्मस्पर्शी भाषामा व्यक्त हुनुले यस पुस्तकको उत्कृष्टता थपिएको छ। गोविन्दराज विनोदीका अनुसार प्रौढहरूले बालकविता लेख्दा बालकको मनोविज्ञान बुझ्नु जरुरी छ।[७३] आफैँ बालक बनेर अर्थात आफूलाई कल्पनाको सहाराले बाल्यकालीन अवस्थामा पुऱ्याएर उनीहरूका कोमल भावना स्पर्श गरे मात्र बालकविता बन्छ । 'चिराग'ले ती बालबालिकाको मनमा उठेको भावना, जिज्ञासा सहजाकर्षण आदिलाई स्पर्श गरेकी छन् र उनको अनुभूतिले बालकविताको रूप लिएको छ । कवि हृदयकी एक शिक्षिकाद्वारा सिर्जित यी कोमल भावना पुष्पहरू मालाका रूपमा उनिन पुगेको छ ।[७४] कलिला मुनारूपी बालकहरूसँगको सम्पर्कबाट उनीहरूकै क्रियाकलाप, हाउभाउ र व्यवहारबाट उनी प्रभावित देखिन्छिन् । एक असल शिक्षिका, ममतामयी आमा र कवयित्रीको मन जस्तो त्रिकोणात्मक सन्तुलनबाट यी बालकविताहरू सृजित छन् ।

---

[७३] गोविन्दराज विनोदी, *शुभकामनाका अक्षरहरू*, **इन्द्रेणीको गेट**, विद्या भण्डारी (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६२) पृ. ५।

[७४] पूर्ववत्

### ४.१२.४.१ संरचना

प्रस्तुत बालकविताभित्र जम्मा ३९ वटा कविता र एउटा लोरीहरू रहेका छन्। बालकवितामा हुनुपर्ने सहजता, बोधगम्यता, कलात्मकता, कोमलता तथा वर्णानात्मक र उपदेशमूलकताले परिपूर्णता प्राप्त गरको छ । बिम्ब र प्रतीकको प्रयोग गरिएको छ भने बालबालिकाको मनमा पसेर उनीहरूको भावना र क्रियाकलाप बुझ्न सक्नु निकै जटिल कुरा हो । बाल भाषा, सरल शैली र लयात्मकताले कृतिमा मिठास थपेको छ । लोकलय छन्दमा भाका हालेर गाउन मिल्ने कविता भएकाले श्रुतिमधुर बनेको छ । बिम्ब र प्रतिकाको प्रयोग पनि कवितामा पाइन्छ ।

### ४.१२.४.२ विषयवस्तु

बालमनोविज्ञानलाई पहिचान गरी लेखिएको बालसाहित्य नै सान्दर्भिक हुनजान्छ । लय, सौन्दर्य, भाव पक्षले बालकविता सशक्त बन्दछ । बालबालिकाहरूसँग उठबस गर्नु, खेल्नु र भिज्न सक्नुबाट नै यस्ता बालमनका कुरा बुझ्न सकिन्छ । बालकका निर्दोष आँखाभित्र हेरी तिनका भावहरू पढ्न सकिन्छ । एक आमा, एक शिक्षिका र गृहिणीको संयुक्त रुपबाट बालमनका यावत् प्रसङ्गहरू समेटेर कवितात्मक सूत्रमा उनिएको छ। कविताका भावहरूलाई छोटकरीमा यसरी प्रस्तुत गरिएको छः

१. *तिनकै सम्झनामा* कवितामा बाल्यवस्था र बालक्रीडाको स्मरण गरिएको छ ।

२. *नगर्नु है भूल* कवितामा बालकलाई भूल नगर्न अनुरोध गरिएको छ ।

३. *टि.भी. हाम्रो साथी* कवितामा अध्ययनका साथै टि.भी. हेर्नुपर्ने आवश्यकता बताइएको छ ।

४. *आफ्नो काम आफैँ गर्ने* कवितामा बालबालिकालाई स्वावलम्बी बन्न आग्रह गरिएको छ ।

५. *सपनीको कुरो* कवितामा बालबालिकालाई कुमार्गमा नहिँड्न सन्देश दिइएको छ ।

६. *एकताः* कमिलालाई प्रतीक बनाएर एकता गर्न आग्रह गरिएको छ ।

७. *भँगेराको परिवार* कवितामा पारिवारिक आत्मीयताको वर्णन गरिएको छ ।

८. *डुल्ने हाम्रो मन छ* कवितामा बालक्रीडाको वर्णन गरिएको छ ।

९. *विवाद टुङ्गियो* कवितामा धार्मिक सहिष्णुताको आवश्यकता रहेको वयान गरिएको छ ।

१०. *पिपलुको बोट* कवितामा कविताले पिपलको महङ्खव दर्शाएको छ ।

११. *ऋृतु र महिना* कवितामा ऋतुको वर्णन गरिएको छ ।

१२. *पुतलीको हुल* कविताम पुतलीले खेलेको वर्णन गरिएको छ ।

१३. *हरियो चउर* कवितामा खेल्ने परम्पराको वर्णन गरिएको छ ।

१४. *बादल* कवितामा प्राकृतिक स्वरूपको वर्णन गरिएको छ ।

१५. *गुलाफको फूल* कवितामा हामी पनि त्यस्तै बन्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

१६. *हाट* कवितामा हाटबजारबारे जानकारी दिइएको छ ।

१७. *घडी* कवितामा समयको महŒव बताइएको छ ।

१८. *कुहिरो घाम* कवितामा प्राकृतिक दृश्यको वर्णन गरिएको छ ।

१९. *असिना* कवितामा आकाशबाट असिना परेको क्षणको वर्णन गरिएको छ ।

२०. *ट्राफिक नियम* कवितामा ट्राफिक नियमबारे जानकारी गराइएको छ ।

२१. *राष्ट्रिय फूल* कवितामा राष्ट्रिय फूलको उपयोगिता र दृश्यको शब्दचित्रण गरिएको छ ।

२२. *नदी* कवितामा नदीको प्राकृतिक स्वरूपको वर्णन गरिएको छ ।

२३. *बाटो* कवितामा बाटो स्वरूपको वर्णन गरिएको छ ।

२४. *जन्मदिन* कवितामा जन्मदिनमा हुने उत्साह र उमङ्गलाई प्रस्ट्याइएको छ ।

२५. *सानो डायरी* कवितामा डायरीको उपयोगिता बताइएको छ ।

२६. *फलफुलको बोट* कवितामा घरको वरिपरिको वातावरणको वर्णन गरिएको छ ।

२७. *कुन तरकारी मिठो ?* कवितामा तरकारीको महङ्खव बताउँदै उपदेश दिइएको छ ।

२८. *नेपालको झन्डा* कवितामा नेपालको झन्डाको मान राख्नुपर्ने कुराको सन्देश दिइएको छ ।

२९. *उज्ज्वल नक्षत्र* कवितामा महाकवि देवकोटाको वर्णन गरिएको छ ।

३०. *चिडियाखाना* कवितामा प्राकृतिक दृश्यको वर्णन गरिएको छ ।

३१. *हाम्रो फुलबारी* कवितामा फुलबारीका फूलहरूको वर्णन गरिएको छ ।

३२. *इन्द्रेणीको गेट* कवितामा इन्द्रेणीको शव्दचित्रण गरिएको छ ।

३३. *यस वर्षको होली* कवितामा होलीको वर्णन गरिएको छ ।

३४. *क्षितिज* कवितामा भौगोलिक यथार्थताको वर्णन गरिएको छ ।

३५. *गोलो झकुन्डो* कवितामा मनोरञ्जन र बदमासी व्यवहारको चित्रण गरिएको छ ।

३६. *सानो चौतारो* कवितामास्यालबाट डराएको बालमनोविज्ञानको चित्रण गरिएको छ ।

*३७. चुलबुले बानी* कवितामा बालक्रीडाको वर्णन गरिएको छ ।

*३८. सानो मान्छे* कवितामा बालक्रीडाको वर्णन गरिएको छ ।

*३९. छोरी हराई* कवितामा सपनीमा छोरी हराएको प्रसङ्ग र चिन्ता व्यŒ गरिएको छ ।

*४०. लोरी* कवितामा बालमनोविज्ञानको वयान गरिएको छ ।

समग्रमा यस कृतिलाई विषयवस्तुका उपयुŒ कुरालाई दृष्टिगत गर्दै विभिन्न बाह्र शीर्षकमा अध्ययन गरिएको छः

### ४.१२.४.२.१ बालअधिकार बोध

सानाको पनि आफ्नै अस्तित्व हुन्छ । हाँस्ने, खेल्ने, रमाउने, र टि.भी. हेर्ने जस्ता अधिकार बालबालिकाले पाउनुपर्दछ भन्दै बाल अधिकारका बारेमा ज्वलन्त आवाज उठाउँदै केही कविताहरू समावेश भएका छन् ।

### ४.१२.४.२.२ बालमनोविज्ञान

कवयित्री 'चिराग' मा बालमनोविज्ञानको सशक्तता पाइन्छ । आफ्नो मनलाई बाल्यअवस्थामा राखेर बालमनका आवाज बुलन्द बनाएको पाइन्छ । बाल्यमनमा उब्जने डर, त्रास, मायाको चाहना तथा बालक्रीडाका विविध रूपलाई यथार्थ रूपमा खुलस्त पारेको पाइन्छ । *सानो चौतारो, तिनकै सम्झनामा, डुल्ने हाम्रो मन छ* आदि कविताहरू यसका उदाहरण बनेका छन् । बालबालिकाकै शब्द र भाषामा बालमन, मुटु, भावना र कल्पनाशक्तिसित परिचत भई उनीहरूसँगै रमाउँदा हाँस्दा र खेल्दाका अनुभवहरू यस सङ्ग्रहमा रहेका छन् ।

### ४.१२.४.२.३ बालज्ञान

बालबालिकालाई बाल स्वास्थ्य ज्ञान, शैक्षिक जागरण र भौगोलिक यथार्थताको वर्णन गर्दा त्यसबाट बालबालिकाले आवश्यक ज्ञान आर्जन गर्न सक्दछन् । यसमा समय मूल्यवान् छ, खेर फाल्नु हुँदैन र बाटोमा हिंड्दा पैदलपथमा हिँड्नुपर्दछ भन्ने जस्ता ट्राफिक नियम र समयको जानकारी रहेको छ । ऋृतु र महिनाहरू कुन कुन हुन्छन् भन्दै विविध विषयवस्तुलाई समेटेर बालज्ञान समावेश भएका छन् ।

#### ४.१२.४.२.४ उपदेशात्मकता

**इन्द्रेणीको गेट** कवितासङ्ग्रहका कविताहरूमा बालमनका संवेदना, बालक्रीडाका प्रसङ्गलगायत मानिस असल, चरित्रवान्, नैतिकवान्, मिहिनेती, इमान्दार, सामाजिक एवं मिलनसार हुनुपर्छ भन्ने जस्ता उपदेशात्मक भावनाहरू पाइन्छन् ।

#### ४.१२.४.२.५ राष्ट्रियताको भावना

राष्ट्रियता, राष्ट्रियभावना, राष्ट्रिय गौरव एवं राष्ट्रिय एकताका भावनाहरू उनका कवितामा पाइन्छन्। उनका कवितामा देशप्रेमको भावना यसरी छताछुल्ल पोखिएको पाइन्छ ।

तराईका तराईबासी हिमालको हिमाली
नेपालमा बस्ने हामी सबै नेपाली । (पृष्ठ-३०)

#### ४.१२.४.२.६ जीवन भोगाइका अनुभवहरू

जीवन सुख, दुःख, घामछायाँको शृङ्खला हो । दुःखलाई झेलेर नै जीवन जिउनु पर्दछ भन्ने आशयका केही कविता छन् ।

#### ४.१२.४.२.७ समयको महŒव

मूल्यवान् समयको महŒवका बारेमा बताइएको छ । समयलाई बुझेर बाधाहरू छिचोलेर नदी जस्तै गरी अगाडि जो बढ्छ उसैले नै प्रगति गर्न सक्छ भन्ने भाव रहेको छ ।

#### ४.१२.४.२.८ प्रकृति चित्रण

प्रकृति र मानवबीच सम्बन्ध रहेको छ । प्रकृति र मानवजीवन अभिन्न छ भन्दै प्राकृतिक वस्तुहरू असिना, नदी, कुहिरो, घाम, इन्द्रेणी, फुलबारी आदि थुप्रै विषयलाई लिएर वर्णन गरिएको छ । कवितामा प्रकृतिको वर्णन गरी बालबालिकालाई त्यस सम्बन्धी ज्ञान दिने उद्देश्य रहेको छ ।

#### ४.१२.४.२.९ शैक्षिक जागरण

बाल बालिकाले खेल्नु, रमाइलो गर्नु, अध्ययन गर्नु र नयाँ ज्ञान हासिल गर्नु पनि आवश्यक रहेको हुन्छ भन्दै बालबालिकालाई विविध विषयमा ज्ञान दिइएको पाइन्छ । यस सङ्ग्रहमा *कुन तरकारी खाने ?, प्राकृतिक वस्तु कस्ता छन् ?, एकता के हो?* जस्ता थुप्रै प्रश्नहरूका उत्तर समेट्दै बालबालिकालाई शैक्षिक जागरणको प्रयास गरिएको छ ।

### ४.१२.४.२.१० मातृप्रेम

यसमा विभिन्न प्रसङ्गहरू उठाएर कविताका माध्यमबाट मातृप्रेम उजागर हुन पुगेको छ । सपनीमा छोरी हराएको देख्नु मातृप्रेमको ज्वलन्त उदाहरण हो । आमाका मनमा रहने आफ्ना सन्तानप्रतिको चिन्ता र असल बनाउने भावना सपनामा पुग्दो रहेछ भन्ने कुराहरू यसमा छन् ।

### ४.१२.४.२.११ राष्ट्रिय विभूतिहरूको चिनारी

उज्ज्वल नक्षत्र महाकवि लक्ष्मीप्रसाद देबकोटाको वर्णन गर्दै आफ्ना राष्ट्रिय विभूतिको सम्मान गर्नुपर्ने जानकारी गराइएको छ । राष्ट्रिय विभूतिको जानकारी दिनु, उनीहरू जस्तै हामी पनि असल बन्नुपर्ने सन्देश यस कवितामा रहन गएको पाइन्छ ।

### ४.१२.४.२.१२ राष्ट्रिय गौरव

आफ्नो स्वाभिमान र अस्तित्वको पहिचान गराउँदै यस सङ्ग्रहमा कतै वीरताको गौरवगाथा यसरी गाइएको छः

नेपालीले राख्नुपर्छ यो झन्डाको मान
त्यसैमा बढ्नेछ हाम्रो देशको शान ।                    (पृष्ठ-५१)

### ४.१२.४.३ निष्कर्ष

कवयित्री 'चिराग'का प्रस्तुत **इन्द्रेणीको गेट** कवितासङ्ग्रहमा देशभक्ति र वीरताको गाथा गाइएको छ। विभिन्न विषयवस्तुलाई उद्धृत गर्दै आत्मनिर्भरता, धर्तीप्रतिको आस्था र श्रद्धाको भावना व्यŒफ गरिएको छ । गोपाल पौडेलका अनुसार सुन्दर र कोमल शब्द संयोजनद्वारा विविध भाव र विषयवस्तुमा आधारित कविताहरू अनुभूति र भावनात्मक अभिव्यक्तिका रूपमा प्रतिकात्मक एवम् कलात्मक शैलीमा सृजना भएका छन् ।[७५] बालमनोविज्ञान र बालसंवेदनाका भावहरू समेट्दै कोमल र सुन्दर शब्दमा सृजित **इन्द्रेणीको गेट** सबैको मन जित्न सफल रहेको छ।

---

[७५] गोपाल पौडेल, ***इन्द्रेणीको गेट****भित्रका शब्दचित्र,* **इन्द्रेणीको गेट,** विद्या भण्डारी (चितवनः अभिब्यञ्जना साहित्य प्रतिष्ठान २०६२) पृ. १४।

## ४.१३ शीतल गुरुङ 'कादम्बिनी'

गीतकार तथा गजलकार शीतल गुरुङ 'कादम्बिनी' वर्तमानको परिचित नाम हो । उनको जन्म वि.सं. २०२५ सालमा गोरखा जिल्लाको सिरान्चोकमा भएको हो । विवाहपश्चात बर्दिया जिल्लाको गुलरियामा समय बिताएकी गुरुङको अर्को बसाइ चितवनमा हुनपुग्यो । छोटो समय बसेर चितवनबाटै साहित्य सिर्जनामा तीव्रता लिएकी गुरुङ आफ्नो शब्दमा मिठो लय हालेर गजल गाउने गर्छिन् । जीवनलाई चारैतिरबाट भोग्दै नियाल्दै र तीता मिठा अनुभूतिहरूलाई संगाल्दै स्थापित हुन पुगेकी गजलकार गुरुङ वर्तमान समयमा काठमाडौँमा दिन बिताइरहेकी छन् ।[७६]

गजलकार गुरुङको साहित्यिक नाम शीतल 'कादम्बिनी' हो । उनी चितवनमा रहँदा थुपै फुटकर रचनाहरू गरेकी छन् । यहाँ रहँदा उनका **गजलपथका यात्रीहरू** संयुक्त गजलसङ्ग्रहमा ५ वटा गजलहरू, **नेपाली गजलमा नारी हस्ताक्षर**मा ५ वटा गजलहरू प्रकाशित गरेकी छन् भने एकल गजलसंग्रह **सुगन्ध यात्रा** प्रकाशित भएको छ । मिठो बोली, सरल र शान्त स्वाभावकी गुरुङले यहाँ रहँदा रामेश्वर पुस्तकालयद्वारा वि.सं. २०६० र गुरुङ छोजँधिबाट वि.सं. २०६१ मा अभिनन्दित पनि भइसकेकी छन् । रमेश शुभेच्छुका अनुसार **सुगन्ध यात्रा** वि.सं. २०६२ प्रकाशन गरी नेपाली गजल परम्परामा सङ्ग्रह प्रकाशनमा ल्याउने १४औं नारी हस्ताक्षरका रूपमा देखा परेकी छन् ।[७७] गजलचेतना र भाव वैशिष्ट्यका आधारमा उनका गजल यसप्रकार देखिएका छन्:

क) लयगत माधुर्यता    ख) चिन्तनको गहिराइ र भाव घनŒव

ग) विषय वैविध्य    घ) अनुभूतिको यथार्थ प्रकटन

ङ.) उक्ति बैचित्र्य    च) बिम्ब र प्रतिकाको मधुर योजना

छ) शब्द चयनमा उत्कृष्टता र कलात्मक चातुर्यता ज) तीव्र कल्पनशीलता

झ) रदिफ र काफियाको रमणीय संयोजन तथा सार्थक तखल्लुसको प्रयोग र

ञ) अरवि काव्यशास्त्रीय बहरहरूका साथै लोककल्यात्मक र स्वनिर्मित बहरहरूको प्रयुक्ति पाइन्छन् ।

---

[७६] गायत्री श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर,२०६२) पृ. ३१ ।

[७७] रमेश शुभेच्छु, ***नेपाली गजलमा नारी हस्ताक्षर****का सम्बन्धमा,* **नेपाली गजलमा नारी हस्ताक्षर** सम्पा. रमेश शुभेच्छु (काठमाडौँः पुष्पलता आचार्य, २०६४) पृ.११६।

### ४.१३.१ **गजलपथका यात्रीहरू**मा कादम्बिनीका गजलहरू

अभिव्यञ्जना साहित्य प्रतिष्ठानद्वारा वि.सं. २०६१ सालमा प्रकाशित संयुक्त गजलसङ्ग्रह **गजलपथाका यात्रीहरू**मा गजलकार शीतल कादम्बिनीका ५ वटा गजलहरू रहेका छन् । प्रेम प्रणय नयाँ समयमा राम्रो हुने मिठो आशा, प्रेमीको धोकाको पीडा, जीवनमा आफूले केही हारेको जस्ता अनुभवहरू गजलहरू मार्फत यसरी व्यक्त भएका छन्:

क) नयाँ साल आयो रसायो दिलै यो
यहाँ फूल जस्तो रसायो दिलै यो । (पृष्ठ-३८)

ख) फेरि आउँला सानु भनी फकाएर गए
बिलाएका इच्छाहरू जगाएर गए (पृष्ठ-४०)

यस सङ्ग्रहमा प्रयोग भएका गजलहरूलाई हेर्दा उनका गजलहरू सरल र सरस छन् । कसैप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको भन्ने आभास पनि हुन जान्छ ।

### ४.१३.२ नेपाली गजलमा नारी हस्ताक्षर

नेपालभरिका नारी गजलकारहरू समेट्ने गरी प्रकाशित **नेपाली गजलमा नारी हस्ताक्षर** कृतिभित्र जम्मा १०१ जना गजलकारहरू र तीनका गजलहरू समेटिएका छन् । शीतल कादम्बिनी र उनका गजलहरू प्रथम खण्डको १६औं क्रममा पृष्ठ ११६ मा रहेका छन् । गद्यात्मक, गीतिलयात्मक, लोकलयात्मक र शास्त्रीय बहरमा समेत गजल सिर्जना गर्न सक्ने यी प्रतिभाका गजलहरूमा नारी जीवनका वास्तविकता, नारी पुरूषको असमानताप्रति व्यङ्ग्य स्वार्थी प्रवृत्तिको विरोध तथा युगचेतना पाइन्छ । तिनको विवरण यस प्रकार रहेको पाइन्छ:

क) बनायौ तिमीले बहाना अनौठो
बुझ्रै नसक्ने जमाना अनौठो (पृष्ठ-११८)

ख) प्रतीक्षामा बिताएको छु दिन महिना साल मैले
तिमीलाई माया गरी निम्त्याएछु काल मैले (पृष्ठ-१२०)

यसमा रहेका गजलहरूमा पनि शीतलका पहिलेकै प्रवृत्तिहरू रहेका छन् । भेट हुन अनौठो बहाना बनाएको, शीतललाई बुझ्न अनुरोध, प्रतीक्षामा दिन बितेका तथा उठेर, जागेर संसारलाई बदल्नु पर्छ भन्ने आह्वान गरेकी छन् ।

## ४.१३.३ सुगन्ध यात्रा

**सुगन्ध यात्रा** गजलसङ्ग्रह शीतल कादम्बिनीको वि.सं. २०६२ सालमा प्रकाशित प्रथम एकल कृति हो । यो उनी चितवनमा रहँदा चितवन साहित्य परिषदद्वारा प्रकाशित भएको हो । यस सङ्ग्रहमा विभिन्न अवस्था, विषयवस्तु र भाव बोकेका जम्मा ६२ वटा गजलहरू सङ्कलन गरिएका छन् । विभिन्न लय र छन्दमा रचना हुन पुगेका यसभित्रका गजलहरू सुललित र सरल खालका रहेका छन् । प्रेम प्रणयका, जीवन र जगतका, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य तथा मानवताका पक्षमा वकालत गर्ने गजलहरूले **सुगन्ध यात्रा**मा प्रवेश पाएका छन् । उनका यसमा रहेका गजलहरू पनि जादूमय र आकर्षक रहेका छन् । यिनका गजलमा पाठकहरूको मनोमस्तिष्कलाई सहजै प्रभावित पार्ने खुबी पाइन्छ ।

### ४.१३.३.१ विषयवस्तु

प्रस्तुत गजलसङ्ग्रहमा विभिन्न खालका विषयवस्तुहरूलाई लिएर गजल सङ्कलन गरिएको पाइन्छ । यसमा प्रेमप्रणयका कुराहरू, प्रेमको शाश्वतता र चिरनूतनता, जीवनमा प्रेमको विशिष्टता र महत्त्व, प्रेमको विविध रुप, प्रेम संयोग, प्रेम वियोग, प्रेम पीडा तथा प्रेम आहत, प्रेम निवेदन, प्रेम प्रतीक्षा, प्रेमोपाख्यान, प्रेमव्यङ्ग्य, प्रेमसचेतता आदि पाइन्छन् । त्यसैगरी राजनैतिक, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पनि रहेका छन् । यस सङ्ग्रहमा नारीमनको यथार्थता, अस्तित्वबोधी, जीवनबोधी चिन्तन जस्ता अनेक विषयवस्तु र भावहरू रहेका छन् । यसमा रहेका हरेक शीर्षकलाई यसरी प्रस्तुत गरिएको छ:

१ *मेरो बचपन* गजलमा समर्पण र आनन्द प्रकट गरिएको छ ।

२ *तिमीलाई नै* गजलमा प्रेमाभिव्यक्ति रहेको छ ।

३ *जीवनसँग* गजलमा जिजीविषाजन्य अभिव्यञ्जना व्यक्त भएको छ ।

४ *क्रय विक्रय नहुने* गजलमा अस्तित्वको खोज गरिएको छ ।

५ *आधा घडा* गजलमा वेदनाजन्य जीवनको अनुभूति प्रकट गरिएको छ ।

६ *हृदयको बाटिका* गजलमा प्रीतिसित राष्ट्रभावको समिश्रण रहेको छ ।

७ *कस्तो जाती* गजलमा नारीपीडाको व्यङ्ग्यात्मक चित्र प्रस्तुत गरिएको छ ।

८ *यौवनको उपहार* गजलमा यौवनको अपरिमितताको अभिव्यक्ति रहेको छ ।

९ *उड्न खोज्छु* गजलमा प्रेममा इमान्दारिताको आग्रह गरिएको छ ।

१० *मृत्यु खोज्दा* गजलमा प्रेममा नै जीवन छ भन्ने अभिव्यक्ति रहेको छ ।

११ *नसोधी गयो* गजलमा जीवनानुभूत सत्यको प्रकट गरिएको छ ।

१२ *मुटु सानो* गजलमा प्रेम प्राप्तिको उल्लासमय अवस्थाको चित्रण गरिएको छ ।

१३ *चिनिसकेँ* गजलमा सुख दुःखात्मक जीवनको रहस्यबोध रहेको छ ।

१४ *हृदयरूपी त्यो* गजलमा प्रेमाभिव्यक्तिको आग्रह गरिएको छ ।

१५ *नियतिले हिर्काएको* गजलमा प्रेमजन्य व्यङ्ग्य गरिएको छ ।

१६ *भिजेका यी परेली* गजलमा त्याग र समर्पणको अभिव्यक्ति रहेको छ ।

१७ *बनायौं तिमीले* गजलमा प्रतिकाहरूको सहाराले व्यङ्ग्य प्रक्षेपण रहेको छ ।

१८ *मेरो लोचनको* गजलमा प्रेमाभिव्यक्तिको भावना रहेको छ ।

१९ *तिमी नै* गजलमा प्रेमाभिव्यक्तिको भावना रहेको छ ।

२० *शीतलको अर्थ* गजलमा अदृष्ट स्वार्थी प्रेमीप्रति व्यङ्ग्य गरिएको छ ।

२१ *जो कोहीले* गजलमा विविध भावयोजना/व्यङ्ग्यात्मक अभिव्यक्ति रहेको छ ।

२२ *वाङ्मयी बागमा* गजलमा साहित्यानुराको रमणीय अभिव्यक्ति रहेको छ ।

२३ *तिमी मेरो* गजलमा प्रेममय मधुमिलनको चाहना गरिएको छ ।

२४ *यौवना रातको* गजलमा प्रीतिरागको अभिव्यञ्जना रहेको छ ।

२५ *हाँसे पनि* गजलमा पीडाको अभिव्यक्ति रहेको छ ।

२६ *हरिया फाँटमा* गजलमा जीवन र साहित्य रहेको छ ।

२७ *उनका सुन्दर* गजलमा प्रीतिजन्य अभिव्यक्ति गरिएको छ ।

२८ *जिन्दगीको पत्थर* गजलमा अतृप्तिको पीडा रहेको छ ।

२९ *आफ्नै घर* गजलमा प्रतीकाको सहाराले व्यङ्ग्य गरिएको छ ।

३० *फक्रन अझ बाँकी* गजलमा आत्मपीडा र राष्ट्रपीडाको अभिव्यक्ति रहेको छ ।

३१ *तिमीले त* गजलमा स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

३२ *तिम्रो सहरमा* गजलमा अस्तित्वको खोजी गरिएको छ ।

३३ *हरपल पोल्छ* गजलमा स्मृति बिम्बले जीवनको पीडामय यथार्थता प्रकट भएको छ ।

३४ *अमृतमय प्रीतवाणी* गजलमा प्रेम व्यङ्ग्याभिव्याक्ति रहेको छ ।

३५ *जली स्वयम्* गजलमा आशावादी स्वर रहेको छ ।

३६ *कल्पना होइन* गजलमा यथार्थ बोध गर्न आग्रह गरिएको छ ।

३७ *प्रतीक्षामा* गजलमा साहचर्यको आवश्यकता रहेको छ ।

३८ *शून्यतामा* गजलमा *एक्लै* आत्मपीडा/आत्मज्वलनको अभिव्यक्ति रहेको छ ।

३९ *पवित्र छौ* गजलमा ा जीवनका व्यावहारिक सत्यको अभिव्यक्ति रहेको छ ।

४० *सधैँ सधैँ एकान्तमा* गजलमा प्रेमाभिव्यञ्जना रहेको छ ।

४१ *यसो हेर्दा* गजलमा वियोगमा संयोगको भ्रान्ति रहेको छ ।

४२ *अझै पनि गुन्गुनाउछु* गजलमा सशङ्कित प्रेमीप्रति स्पष्टीकरण रहेको छ ।

४३ *ल्याएको छु मुटुभरि* गजलमा आत्मसौन्दर्य प्रकटनको चाहना रहेको छ ।

४४ *तिमीभित्रै भेटेको* गजलमा *छु* अकेलापनको पीडाको मार्मिक अभिव्यक्ति रहेको छ ।

४५ *तरुण दिलको* गजलमा तारुण्य मनका रहरिला भावहरूको अभिव्यञ्जना रहेको छ ।

४६ *जीन्दगी नै तिम्रै नाउँमा* गजलमा रूढिवादी र सङ्कीर्णताप्रति व्यङ्ग्य गरिएको छ ।

४७ *नयाँ साल आयो* गजलमा सौन्दर्यनुराग, परिवर्तन र आशाको अभिव्यक्ति रहेको छ ।

४८ *किन किन* गजलमा सेवामा त्यागको चाहना गरिएको छ ।

४९ *कहाँबाट ज्ञात भयो* गजलमा समर्पणको अभिव्यक्ति रहेको छ ।

५० *सम्झनाको त्यहाँ* गजलमा दमित प्रीतिरागको प्रकटन गरिएको छ ।

५१ *मलाई थाहा छैन* गजलमा प्रेमसम्बन्धी दार्शनिक अभिव्यक्ति रहेको छ ।

५२ *पलास या मखमली* गजलमा प्रेममा आत्मपराजयको चाहना रहेको छ ।

५३ *तिमीलाई मनरूपी* गजलमा प्रेमप्रस्तावको अभिव्यञ्जना रहेको छ ।

५४ *नयनपटलाई* गजलमा प्रेममय आगमनको प्रतीक्षा गरिएको छ ।

५५ *मेरो निम्ति* गजलमा प्रेमाभिव्यक्ति रहेको छ ।

५६ *रुधिर त पिउछन्* गजलमा साहचर्यबोधको लागि आग्रह गरिएको छ ।

५७ *यो आँखाको शहरमा* गजलमा आशा र विश्वासको अभिव्यक्ति रहेको छ ।

५८ *फेरि आउँला* गजलमा स्वार्थी भम्र र प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

५९ *म नाजुक* गजलमा नारी मनको कोमलता माथि खेलवाड नगर्न आग्रह गरिएको छ ।

६० *यदि तिमी सुत्यौ* गजलमा *भने* मातृत्वको अभिव्यक्ति भएको छ ।

६१ *खै किन* गजलमा विडम्बनापूर्ण वर्तमानको चित्र उतारिएको छ ।

छोटकरीमा उनका गजलगत विशेषता यसप्रकार रहेको देखिन्छ :

क) प्रणयजन्य पीडाको अभिव्यक्ति ।

ख) वियोगजन्य स्थितिको मार्मिक चित्र ।

ग) नारी जीवनको वास्तविकता ।

घ) नारी र पुरुषवीचको असमानतप्रतिको व्यङ्ग्य ।

ढ) आत्मपीडाको अनुभूतिजन्य अभिव्यक्ति ।

ण) विसङ्गत जीवनप्रतिको व्यङ्ग्य ।

त) स्वार्थी प्रवृत्तिप्रतिको व्यङ्ग्य ।

थ) युगचेतना र उत्थानको आग्रह ।

### ४.१३.३.२ संरचना

प्रस्तुत गजलसङ्ग्रहको संरचना ज्यादै उत्कृष्ट ठहरिएको छ । ६२ वटा गजलहरू ६२ पृष्ठमा नै फैलिएका छन् । अन्तका तीन पृष्ठहरूमा ६ वटा फर्दहरू रहेका छन् । बाँकी २४ पृष्ठ भूमिकाले भरिएका छन् । उत्कृष्ट शब्दचयन र भावको प्रधानताले आन्तरिक र बाह्य दुबै संरचना उत्कृष्ट देखिएका छन् । लयगत माधुर्य छ । इवारत, इशारत र अदा (शैली, प्रतिका, भाव छाया) गजलमा हुनुपर्ने तीनै गुणहरू यसमा छन् । गोविन्दराज विनोदीका अनुसार गजलका शेरहरूमा काफिया ( समानुप्रासिक), तुकान्तक वा उपान्त्य (समानुप्रास) र रदिफ (अन्त्यानुप्रास) को उपस्थिति महङ्खवपूर्ण मानिन्छ । यस्तै उपयुक्त प्रयोगले यस सङ्ग्रहका हरेक गजलहरू उत्कृष्ट र चामत्कारिक बनेका छन् ।[७८] यसमा बहरे मुतकारिफ(भुजङ्गप्रयात) र लोकलयात्मक छन्दको उपस्थिति रहेको छ ।

[७८] गोविन्दराज विनोदी, ***सुगन्ध यात्रा****माथि दृष्टि प्रक्षेपण,* **सुगन्ध यात्रा,** शीतल गुरूङ 'कादम्बिनी' (चितवनः चितवन साहित्य परिषद, २०६२) पृ. भूमिका ।

#### ४.१३.३.३ निष्कर्ष

शीतल गुरुङ कादम्बिनीको सुरिलोपनको मादकतासँगै चमत्कारपूर्ण, सुकोमल र कालजयी शेरहरू कृतिभरि रसस्वादन गर्न पाइन्छ । केशवराज आमोदीका अनुसार उनको यस सङ्ग्रहका हरेक गजलले शान्त सरोवरमा तरङ्गित गर्ने सम्मोही काव्यशिल्पी छटा तरङ्गलाई प्रकट गरेकी छन् । शास्त्रीय, स्वनिर्मित, कर्णप्रिय र गेयात्मक शेरहरूले रसोल्लास, हृदयसंवेद्य र भावगाम्भीर्य प्रदान गरेको छ ।[७९] नेपाली भाषा र साहित्यकै लागि अमूल्य साबित सुगन्धयात्रा कलात्मक गजलसृजनाको उत्कृष्टतामा उभिएको छ । कादम्बिनीको गजलयात्राले भविष्यमा नेपाली साहित्यको भण्डार भर्न सहयोग गर्ने आशा गरिएको छ ।

## ४.१४ कृष्णकुमारी महत

कृष्णकुमारी महत वि.सं. २०१८ सालमा गण्डकी अञ्चलको तनहुँमा पिता हिरण्यबहादुर महत र माता राधा महतको कोखमा जन्मेकी हुन् । नयाँ बानेश्वर काठमाडौँमा स्थायी ठेगाना भएर पनि लामो समयदेखि भरतपुर चितवनको जिल्ला दूरसञ्चार कार्यालयमा कार्यरत रहेकी छिन् । चितवनको बसाइमा उनले यहाँका विभिन्न सङ्घ संस्थाहरूमा समावेश भएर साहित्य क्षेत्रमा अघि बढ्ने मौका प्राप्त गरेकी छन् । चितवन साहित्य परिषद्, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, अन्तर्राष्ट्रिय मानव अधिकार, नेपाल मानव धर्म सेवा समिति जस्ता सङ्घ संस्थाहरूमा संग्लन भएर आफ्ना साहित्यिक तथा आस्थाका स्वरहरू गुन्जाउन थालेकी हुन् । स्नातकसम्म अध्ययन गरेकी कृष्णकुमारी महत गाम्भीर्य, भावुकता र उच्च कल्पनाशीलतामा निमग्न गजलकार हुन् ।[८०] गजलविधामा भने उनले वि.सं. २०५९-२०६० बाट मात्र कलम चलाउन थालेकी हुन् । उनको हालसम्म **संयोग-वियोग** (२०६३) गजलसङ्ग्रह प्रकाशित भएको छ। राजनीतिमा त्यति चासो नराख्ने तर स्वाध्ययन तथा भ्रमणमा उनको रूचि रहेको छ । उनमा छोटो अवधिमै कवितात्मक सञ्चरण, भाव, बिम्ब र प्रतीकाको सन्तुलन, शिल्पगत सुन्दरता र भावगत मधुरतामा प्रचुरता र बिन्दुमा सिन्धु भर्नुपर्ने गजलको शैल्पिक चमत्कार पाइन्छन् ।

---

[७९] केशवराज आमोदी, *शुभाशंसा,* **सुगन्ध यात्रा,** शीतल गुरूङ 'कादम्बिनी' (चितवनः चितवन साहित्य परिषद, २०६२) पृ. भूमिका।

[८०] केशवराज आमोदी, **संयोग-वियोगबाट उत्पन्न केही अनुभूतिहरू, संयोग-वियोग**, कृष्णकुमारी महत (चितवनः चितवन साहित्य परिषद, २०६३) पृ. ५५।

### ४.१४.१ संयोग-वियोग

**संयोग-वियोग** गजलसङ्ग्रह कृष्णकुमारी महतको वि.सं. २०६३ सालमा प्रकाशित कृति हो । चितवनमा एफ. एम. रेडियोहरूको स्थापनापछि एक नयाँ लहर आएको छ । वि.सं. २०६० सालबाट त चितवनले गजल विधामा युगान्तकारी परिवर्तन ल्याएको छ । यहाँका प्राज्ञ व्यक्तिहरूको सुधार हौसला र गोरेटोमा बच्चादेखि वृद्धसम्म सबैका नसानसामा गजल चढ्न थालेको छ । कृष्णकुमारी महतले पनि त्यही वि.सं. २०५९-२०६० बाट गजल लेखन सुरुवात गरेर यो कृति तयार गरेकी हुन्। गजलकार महतले संयोगका सुमधुर रातहरू र वियोगका दुर्दान्त वेदनाहरूलाई एक साथ बेहोर्नु परेका असहज परिस्थितिका कष्टकर अनुभूतिहरूले काव्य रङ्गिएको छ । चितवन साहित्य परिषद्ले प्रकाशन गरेको प्रस्तुत **संयोग-वियोग** गजलसङ्ग्रह संरचना र भावगत उच्चता प्राप्त कृति मानिएको छ ।

#### ४.१४.१.१ विषयवस्तु

**संयोग-वियोग** गजलसङ्ग्रह नितान्त शृङ्गार रसले भरिएको छ । प्रेममा हुने मिलन र बिछोडका विभिन्न अवस्था वा परिस्थितिको सामना गर्दै भोगेको जीवन यसमा परेको छ । प्रेमीसँग सुखद जीवन भोग्दाको क्षण, सुन्दर जवानी सुम्पँदा, जीवनभर साथ दिने वचनबद्धता, प्रेमीले धोका दिएको, बाचा पूरा गर्न नसकेको, प्रेमीले बदनाम गरिदिएको विश्वासघात भएको, सधैंभरि प्रतीक्षामा कुरेर बसेको जस्ता विषयवस्तु र प्रसङ्ग यसमा परेका छन् ।

यस सङ्ग्रहमा समाविष्ट गजलहरूको निष्कर्ष भावलाई यसरी प्रस्तुत गरिएको छः

१ *जहिलेदेखि* गजलमा मिठो मिलनको अनुभूति व्यक्त गरिएको छ ।

२ *घुम्न थाल्यो* गजलमा प्रियजनको भेटले प्रसन्नता प्राप्त गरेको भाव व्यक्त गरिएको छ ।

३ *चियो गर्छे* गजलमा प्रियजनलाई अश्वीकार नगर्न आग्रह गरिएको छ ।

४ *उदास मेरो* गजलमा प्रियजनको आगमनले जीवन अमृतमय बनेको कुरा व्यक्त गरिएको छ।

५ *लाली छरिदियौ* गजलमा प्रेमप्रकाश आएर जीवनमा लाली छरिदिएको भनिएको छ ।

६ *तिम्रो साथ* गजलमा प्रियसँग आजन्म रहने स्वीकारोक्ति रहेको छ ।

७ *निदरीले आँखा* गजलमा प्रियलाई नदेख्दा छट्पटिएको मनको कथा व्यक्त गरिएको छ ।

८ *पलपल तिम्रै* गजलमा प्रियको यादले हरपल सताएको अभिव्यक्ति रहेको छ ।

९ *सम्झनाले बेरेको* गजलमा प्रियलाई आफूमाथि राज गर्न स्वीकारोक्ति रहेको छ ।

१० *सुनौलो गाऊँ* गजलमाा प्रणयसुखको क्षणको स्मरण अनुभूति व्यक्त गरिएको छ ।

११ *पखालिदेऊ स्नेहले* गजलमा प्रेमीलाई आ्नो मनमा बास गर्न आग्रह गरिएको छ ।

१२ *उपहार हो कि* गजलमा गजल मोहले ढाकेको अनुभूति व्यक्त गरिएको छ ।

१३ *स्नेहको छहारीमा* गजलमा जिन्दगीमा मोड र परिवर्तन आएको अनुभव व्यक्त गरिएको छ ।

१४ *बाँचुन्जेल पोलिरने* गजलमा प्रियले दुःख र वेदना दिएको पीडाको अभिव्यक्ति रहेको छ ।

१५ *धमिलो त्यो तलाउमा* गजलमा फोहोरी प्रेममा आफूलाई नफसाउन आग्रह गरिएको छ ।

१६ *जीवनभरकै नाता* गजलमा मायालुले धोका दिएको गुनासो व्यक्त गरिएको छ ।

१७ *हिँड्दा हिँड्दै* कवितामा आफन्तले दिएको धोकाले व्यथित जीवनगाथा व्यक्त गरिएको छ ।

१८ *दिलको हवेलीमा* गजलमा प्रियलाई सिउँदो सजाउन आउन आग्रह गरिएको छ ।

१९ *यो बैँस* गजलमा आफ्नो मन जितेको प्रियप्रति समर्पित भएको व्यक्त गरिएको छ ।

२० *एकला र एकान्त* गजलमा जीवनप्रति नैराश्य अभिव्यक्ति रहेको छ ।

२१ *जता टेक्यो* गजलमा जीवनले धोका खाएको अभिव्यक्ति रहेको छ ।

२२ *पाल्तु कुकुर जस्तो* गजलमा आफू इमान्दार र सेवामा रहँदा मूल्यङ्कन नभएको कुरा छ ।

२३ *चाहन्छु बिर्सिदिन* गजलमा प्रेमको प्यालापछि धोका र बज्रपात खेप्नुपरेको अभिव्यक्ति छ ।

२४ *स्वतन्त्रता चाहन्छ* गजलमा जीवनमा अरुप्रति पापकर्म नगर्न आग्रह रहेको छ ।

२५ *डढाउँछ आफैँलाई* गजलमा कमजोर नबनी अघि बढ्नुपर्ने नीति सन्देश रहेको छ ।

२६ *तिमीलाई दोषी* कवितामा मायालुलाई बुझ्न नसकेको हो कि भन्ने आशङ्का रहेको छ ।

२७ *रिसाउनु पर्ने* गजलमा रिसाएको प्रेमीलाई नसताउने स्वीकारोक्ति रहेको छ ।

२८ *प्रहार थियो* गजलमा चोटिलो प्रहारमा परी सहराबिहीन बनेको घटनाको प्रस्तुति रहेको छ ।

२९ *शकुनीको भेषमा* गजलमा प्रेमीले अविश्वासमा जीवनभर कलङ्क लगाएको गुनासो रहेको छ ।

३० *जीवन के हो ?* गजलमा आफ्नो सुन्दर जीवन दुखै दुःखमा बिताएको कथा रहेको छ ।

३१ *जिजीविषा संगालेर* गजलमा सुखको आसगरी पीडा खप्नुपरेको कुरा व्यक्त गरिएको छ ।

३२ *गुनासो छैन* गजलमा आफन्तबाट एक्लिएको जीवनको अनुभूति व्यक्त गरिएको छ ।

३३ *बस्न पनि गाह्रो* गजलमा ईर्ष्या र वैरभावले ढाकेको निन्दित सहरको आलोचना छ ।

३४ *सहयात्री कहाँ* गजलमा लुकिछिपी आफ्नो जवानी समर्पण गरिदिएको खुलासा गरिएको छ ।

३५ *किशोरीमा सिउँदोभरि* गजलमा सिउँदो सजाएर प्रियले जीवन हराभरा बनाएको स्मरण रहको छ ।

३६ *गाथमा आराम छैन* गजलमा प्रियको माया र प्यारले भाव बिह्वल भएको अभिव्यक्ति छ ।

३७ *फक्रिएको फूल जस्तै* गजलमा प्रियको धोकाबाट क्षतविक्षत भएको मनको कथा व्यथा छ ।

३८ *आएनौ किन* गजलमा प्रियको यादले सताएको अभिव्यक्ति रहेको छ ।

३९ *देवधाम भन्दा अझै* गजलमा प्रियको प्रेमले शालिग्राम बनेको भाव व्यक्त गरिएको छ ।

४० *बोलिरह्यौ सुस्त सुस्त* गजलमा मनोरम दृश्यमा प्रेमीसँग भेटको अपेक्षा गरिएको छ ।

४१ *हटेको छ* गजलमा कसैको दासताबाट मुक्ति लिन चाहेको अभिव्यक्ति रहेको छ ।

४२ *छोड्नै सकेनौ* गजलमा जवानीमा आफ्नो बनाएका प्रेमीले धोका दिएको अभिव्यक्ति छ ।

४३ *लज्जित भएँ* गजलमा आफ्नो गल्तीको प्रायश्चितका लागि माफी माग्न नसकेको गुनासो छ ।

४४ *जवानीमै* गजलमा जीवनको खोजीमा सफलता प्राप्त गर्न नसकेको गुनासो रहेको छ ।

४५ *खोजिरहेँ तिमीलाई* गजलमा प्रेमीलाई प्रतीक्षामा रहेको जानाकारी दिइएको छ ।

४६ *बनाउन नखोज* गजलमा निर्दोष भएर पनि आफूलाई दुनियाको नजरबाट गिराएको कुरा छ ।

४७ *छरिएर मनका* गजलमा मायामा सफलता प्राप्त गरेको खुसी व्यक्त गरिएको छ ।

४८ *झरेको फूल* गजलमा सङ्कटावस्थामा साथ दिएर ठूलो गुन लगाएको सम्झना गरिएको छ ।

४९ *प्रतीक्षाका दुई नयन* गजलमा प्रियको अनुपस्थितमा चिन्तित भई जलिरहेको गुनासो छ ।

५० *दुख्छ मुटु* गजलमा धोका पाएको दुःखी जीवनको बिलौना व्यक्त गरिएको छ ।

५१ *आँखाभरि* गजलमा प्रियसँगको विछोडबाट अभिशप्त मनको भाव व्यक्त गरिएको छ ।

५२ *अधुरै भो* गजलमा प्रियले जीवनमा धोका दिएको गुनासो व्यक्त गरिएको छ ।

५३ *मानिसलाई जिउन* गजलमा मानिसलाई माया र आधारको खाँचो रहेको विचार रहेको छ ।

५४ *मेरो आँगनीमा* गजलमा मायाको पीडाबाट राहत पाएको अनुभूति व्यक्त गरिएको छ ।

५५ *भोग्नुपर्ने पिरतीको* गजलमा जीवनमा संयोग हुँदा नहुँदै वियोग भोग्नुपरेको कुरा रहेको छ ।

५६ *तिमी मेरै* गजलमा प्रियको पर्खाइमा छट्पटाइरहेको कुरा व्यक्त गरिएको छ ।

५७ *कल्पनाको आकाशमा* गजलमा प्रेयसी प्रियसँगको मिलनमा खुसी भएको कुरा व्यक्त छ ।

५८ *झ्यालबाट चन्द्रमाले* गजलमा मृदुलहर बोक्ने रात सधैं मिठो लाग्ने अभिव्यक्ति रहेको छ ।

५९ *सम्झौताको मजबुत* गजलमा सधै पुज्दा पनि प्रियले धोका दिएको कुरा व्यक्त गरिएको छ ।

६० *बोलायो जूनले* गजलमा आफन्तबाटै लुटिएर घर गाउँ त्यागेको कुरा व्यक्त गरिएको छ ।

६१ *सबैभन्दा फिका* गजलमा रङ्गीन जिन्दगीको चाहनामा कुठाराघात भएको गुनासो रहेको छ ।

६२ *मेरो खुसी* गजलमा सर्वस्व दिएर सर्वस्व लुटेको प्रेमीलाई सम्बोधन गरिएको छ ।

६३ *जीर्ण भइसकें* गजलमा थकित र जीर्ण जीवनको अर्थ नरहेको विचार व्यक्त गरिएको छ ।

समग्रमा हेर्दा कृष्णाको **संयोग-वियोग** गजलसङ्ग्रहमा उनको आफ्नै जीवन कथा रहेको छ। थोरै गजलमा आध्यात्मिक भावना र नीति सन्देश रहेका छन् भने धेरैमा मिठो मिलन र त्यसमा पनि बढी वियोगका पीडाहरू झल्किएका छन् ।

क) जीवनमा प्रेम, सद्भाव र विश्वास पाउन उत्सुक र लालायित भएर कोमल भावनाको लहरो झ्याङ्गिए पनि साकार रूप पाउन नसकेको प्रसङ्गका केही शेरहरू यसप्रकार रहेका छन्:

जीवन के हो ? बुझ्नै नपाई बित्यो जवानी
जति भोगेँ आसुले नै लेखें कहानी । (पृष्ठ-४२)

चाहन्छु म बिर्सिदिन सुहागरातको कुरा
फेरि किन दोहोरिए बज्रपातका कुरा । (पृष्ठ-३५)

ख) कृष्णाले नारीलाई सहनशील अदम्य साहस, अपरिमेय धैर्य, अनन्त माया र ममता सन्निहित रहन्छ भनेकी छन् । यस प्रसङ्गको गजलको शेर यसप्रकार रहेको छ:

मनको असीम गहिराइमा आफैँलाई हेर्दा
बाँचेर केही गरौं भन्ने चाहत आएको छ । (पृष्ठ-६६)

ग) प्रियको यादले छटपटिएको अनुभूति प्रकट भएका गजलका शेरहरू यसप्रकार रहेका छन्:

निँदले आँखा छोड्यो बेचइन भो तन मेरो
तिम्रो यादल् चारै प्रहर छट्पटियो मन मेरो । (पृष्ठ-१९)

घ) प्रियको आगमनको अझै प्रतीक्षा गरेको भनाइ गजलका शेरहरूमा यसरी आएको छ:

जुनी जुनी दासी बन्न तत्पर छे कृष्णा
मालिक झैँ आलिङ्गनमा कस्न आऊ स्वागत छ । (पृष्ठ-३०)

ङ) प्रियले धोका दिएको अभिव्यक्ति रहेका गजलका शेरहरू यसप्रकार रहेका छन्:

बाँचुन्जेल पोलिरहने चोट दिई गयौँ
कहिल्यै नमेटिने मलाई खोट दिई गयौ (पृष्ठ-३६)

शकुनीको भेषमा आई दाउ लगायौ मलाई
बाचुन्जेल दुःखी रहने घाउ लगायौ मलाई । (पृष्ठ-४१)

च) निराशावादी जीवनको प्रस्तुति रहेको गजलको शेर यसप्रकार रहेको छ:

जता टेक्यो उतै भूमि मेरो लागि पहिरो भयो
नफक्रँदै मन कलिलो रुखिएर खैरो भयो । (पृष्ठ-३३)

जिउँदै मरेजस्तो लाग्छ श्वासै चले पनि
कहिले हुन्छु काँचो दाउरा कहिले खरानी । (पृष्ठ-४२)

## ४.१४.१.२ संरचना

**संयोग-वियोग** गजलसङ्ग्रहमा जम्मा ६३ वटा गजलहरू रहेका छन् । ६३ पृष्ठमा गजलहरू र भूमिका गरी जम्मा ७५ पृष्ठको संरचना ज्यादै आकर्षक देखिएको छ। सुन्दर र सुललित शब्दहरूभित्र प्रेममा हुने मिलन र बिछोडका सरल, सरस र सहज शब्दहरू परेका छन् । आन्तरिक रूपमा हेर्दा गजलको नियममा बाँधिएको छ । यस सङ्ग्रहमा रदिफ र काफियाको उपयुक्त प्रयोग गरी शास्त्रीय लय तथा स्वनिर्मित लयका गजलहरू समावेश भएका छन् ।

## ४.१४.१.३ निष्कर्ष

**संयोग-वियोग** जीवनमा देखेका र भोगेका घटनाहरू हुन् । मिलन र विछोड त हरेकको जीवनमा आँउछ नै । कृष्णाका अभिव्यक्तिशिल्पका सुन्दर सिर्जनाहरू आफ्नै माटो र पानीको, आफ्नै जग र जीवनका अनि आफ्नै संयोग र वियोगजन्य क्षणहरूका दृष्टान्तस्वरूपकृतिका शेर-शेरमा ओर्लिएका छन् । भावात्मक र संरचनात्मक दुबै दृष्टिबाट सशक्त र सबलता प्राप्त गरेको छ । प्रेम र वियोगका कथा धेरै मिलन र आशालाग्दा किरणहरू केही मात्रामा प्रयोग भएको यस सङ्ग्रहले चितवनको गजल यात्राको इतिहासमा ठूलो भूमिका खेलेको पाइएको छ । छोटो प्रयास र अभ्यासमै यति मिठा र सुन्दर गजल सिर्जना गर्न सक्ने कृष्णाका जीवनमा वियोग र नैराश्य हराउन र अझै थप सिर्जनाले चितवनको नारी साहित्यकारको छविलाई उकास्न थप प्रेरणाको अपेक्षा गरिएको छ ।

## ४.१५ शारदा ढुङ्गाना

शारदा ढुङ्गानाको जन्म वि.सं. २०२२ साल आश्विन २ गते कास्की पोखरामा भएको हो । उनी बुबा मुरलीधर सुवेदी तथा माता रूक्मिणी सुवेदीकी पहिलो सन्तान हुन् । उनको जन्म कुण्डलीको नाम भोजकुमारी रहेको थियो भने शारदा (सरस्वती) पछि बोलाउने नाम स्वरूप राखिएको हो । आफ्नो बुबाको जागिरको सरूवा सँगसँगै यिनी भैरहवा, भरतपुर, जनकपुर, दाङ हुँदै पुनः भरतपुरमै बाल्यकाल बिताउन पुगेकी थिइन् । विवाहपश्चात चितवन शरदपुरमा बसोबास गरेकी थिइन् भने हाल काठमाडौँमा रहेकी छिन् । शोधनायिकाबाट प्राप्त जानकारीअनुसार उनी १८ बर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी थिइन् । शिक्षाको अवसर भने उनले पाएकी थिइन्।[८१] उनले २०६० सालमा त्रि-चन्द्र क्याम्पसबाट नेपालीमा स्नातकोत्तर पास गरेकी छन् । ढुङ्गानाका हालसम्म ४ वटा कृतिहरू प्रकाशित भैसकेका छन् । उनका प्रकाशित कृतिहरूमा **अन्तिम द्वन्द्व** (उपन्यास २०६२), **अचानो परेको जीवन** (उपन्यास,२०६३), **प्रश्न चिह्न** (उपन्यास, २०६५) र **बसुन्धरा** स्मृतिकाव्य (२०६६) रहेका छन्। उनले आख्यान र कविता विधामा कलम चलाएकी छन्। उनका कृतिहरूमा मूल रूपमा महिला वर्गले भोगेका समस्या, सामाजिक विसङ्गति र विकृति, गरिबी, वैदेशिक रोजगार, सामाजिक अन्धविश्वास जस्ता विषयवस्तुहरू समेटिएका छन् ।

### ४.१५.१ अन्तिम द्वन्द्व

नारी साहित्य प्रतिष्ठान काठमाडौंद्वारा प्रकाशित गरिएको **अन्तिम द्वन्द्व** उपन्यास (२०६२) बाट नेपाली सहित्यमा पुस्तकाकारका रूपमा सर्वप्रथम शारदा ढुङ्गाना देखापर्दछिन् । यो उनको सामाजिक उपन्यास हो । समाजकेन्द्रित सामाजिक यथार्थवादी उपन्यासको रूपमा यसलाई लिन सकिन्छ । मोहनराज शर्माकाअनुसार समकालीन युगमा सबैभन्दा विराट, विकसित महाकाव्यको रूपान्तरण प्रक्रियाबाट विकसित विधाको रूपमा उपन्यासलाई मान्न सकिन्छ ।[८२] यस्तो विधामा उनले नारी अन्तर्मनका वेदनालाई प्रस्फुटन गर्न मार्ग खोलेकी छन् ।

[८१] शोधनायिकाबाट प्राप्त जानकारी
[८२] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (काठमाडौँः नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, २०५५) पृ. ४५१

### ४.१५.१.२ कथानक

**अन्तिम द्वन्द्व** उपन्यास नेपालको पहाडी ग्रामीण क्षेत्रका नारीहरूको भोगाइ र समस्यालाई लिएर लेखिएको उपन्यास हो । ग्रामीण परिवेशमा भएका बालविवाह, बहुविवाह, अनैतिक यौन सम्बन्ध आदिको पराकाष्ठा र घरपरिवारमा भएका घटनाहरूलाई स्पष्टसँग देखाइएको छ । यस उपन्यासकी मूल पात्र रमा हुन् । उनको आठ वर्षको उमेरमा विवाह हुन्छ । केही वर्षपछि आफू जवान भएर पनि आफ्नो पति रामचन्द्रेलाई आकर्षण गर्न नसकेको स्विकार्छे । आफ्नो पति जेठानीसित नराम्रो सम्बन्ध राखेको कुरा जेठाजुलाई भन्दा झन् घर छाडेर माइतमा शरण लिन पुग्दछे । आमा बुबाको मृत्युपछि माइतमा पनि हेलाँ हुन्छे । फेरि घर फर्कन्छे तर घरमा श्रीमान्ले अर्को बिहे गरेर ४ छोराछोरी जन्माइसकेका हुन्छन् । यौन सन्तुष्टिको अर्को आधार पाएर रामचन्द्रेले रमालाई माया त गर्छ तर सौताले देखिसहन्न । दोजिया भई सुत्केरी भएकी रमालाई सौताले विष खुवाएर मारिदिन्छे । यसरी मारेको कुरा रामचन्द्रेले पुलिसलाई खबर गर्छ । सौता जेल जान्छे भने रमाको इहलीला समाप्त हुन्छ। यसरी ग्रामीण समाजमा हुने गरेका बहुविवाह, बालविवाह, महिला शोषण आदि कुराहरू प्रमुख घटनाका रूपमा उभिएका छन् ।

### ४.१५.१.३ पात्रविधान

अन्तिम द्वन्द्व बहुपात्रीय उपन्यास हो । मुख्य सहायक र गौण गरी जम्मा जम्मी पच्चीस पात्रहरूको प्रत्यक्ष अप्रत्यक्ष भूमिका रहेको यस उपन्यासका प्रमुख पुरुष पात्र रामचन्द्र र नारीपात्र रमा रहेका छन् । सहायकमा पौडेल कान्छा (बुवा), रमाका ३ वटी आमाहरू, गोमा, मसिनी आदि छन् भने मुखिनी, कृष्णे, गुरुमा, हजुरआमा आदि रहेका छन् । रमा नेपाली पीडित नारीहरूको अवस्था बहन गरेकी पात्र हो भने आदर्श पत्नी भए पनि प्रताडित र पीडित पात्र हो । अन्त्यमा मृत्युवरण गर्न समेत पुग्छे । वाङ्खोले माहिला पुरेतपुरेत्नीको आशाको केन्द्र भई पुलपुलिएको छोरो हो । बनारसबाट मध्यमा पास गरेको  र गाउँमै पढाउने मास्टर भएपनि यौन प्यास मेटाउन तल्लीन देखिन्छ । भाउजूसँग नराम्रो सम्बन्ध राख्ने, बहुविवाह गर्ने, श्रीमतीलाई पीडा दिने ऊ खराब नायक भए पनि अन्तमा माया गर्दछ र त्यही मायाले रमा सौताबाट मारिएकी छे ।

### ४.१५.१.४ कथोपकथन

लामाछोटा विभिन्न खालका संवादहरू यस उपन्यासमा प्रयोग भएका छन् । हास्यव्यङ्ग्यात्मक, गीतात्मक, सूक्तिमय र वैचारिक संवाद प्रयोग भएका छन् । अंग्रेजी पदावलीहरू पनि देखिन्छन् । यसरी प्रस्तुत भएका केही संवादहरू यसप्रकार रहेका छन्:

क) नाइँ म त जान्न घरसर, हजुर नै जानोस् । (पृष्ठ २४)

ख) आजकल रामचन्द्रका देवरभाउजूको लसपस छ अरे नि त ! (पृष्ठ ३९)

केवल नारी हुनुका कारणले मात्र विना कुनै गल्ती नारीले भोग्नुपरेको हृदयविदारक घटनाको सत्यतालाई प्रकाश पार्ने काम यस कृतिका माध्यमबाट भएको पाइन्छ ।

### ४.१५.१.४ संरचना

यस उपन्यासमा ग्रामीण परिवेश, सहज सरल र स्वाभाविक भाषा शैलीको प्रयोग भएको छ। वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गरिएका जम्मा ७७ पृष्ठ रहेका छन् । यो लामा र छोटा गरी एघार खण्डमा फैलिएको छ ।

### ४.१५.१.५ निष्कर्ष

**अन्तिम द्वन्द्व** उपन्यासमा सामाजिक यथार्थलाई प्रस्ट्याइएको छ। नेपालको विगतका परिवेश बोकेर आएको हुनाले इतिहास जस्तो पनि बन्न पुगेको छ । नारीले भोग्नु परेका पीडा र कथा व्यथाको स्पष्टोक्ति यसमा प्रस्ट भएको छ ।

## ४.१५.२ अचानो परेको जीवन

प्रस्तुत उपन्यास उपन्यासकार शारदाको **अन्तिम द्वन्द्व**पछि २०६३ सालमा प्रकाशित कृति हो। नेपालका पहाडी क्षेत्रका नारीहरूको भोगाइ र समस्याहरूलाई नै निरन्तरता दिइएको छ । नारी प्रधान रहेको यस उपन्यासमा सामाजिक कथावस्तु रहेको छ । नेपालको परम्परागत गाउँले नारी जीवनलाई अचानो बनेर चोट थाप्न तेर्स्याइएको निरीह प्राणीको जीवन सरह छ भन्ने सन्देश प्रवाह गर्न यस उपन्यासको संरचना भएको देखिन्छ ।[८३]

---

[८३] गीता केशरी, ***अचानो परेको जीवन**लाई नियाल्दा,* **अचानो परेको जीवन,** शारदा ढुङ्गाना (काठमाडौँः नारी साहित्य प्रतिष्ठान, २०६३) पृ.छ।

### ४.१५.२.१ कथानक

यस उपन्यासकी प्रमुख नायिका नारी पवित्रा हुन् । यसमा पुरुषहरूको अहम् प्रवृत्तिले पवित्रालाई आत्महत्या गर्ने अवस्थाको सिर्जना गराएको छ । यस उपन्यासमा छोरी सानै छँदा बाबु बेपत्ता भएका, बाबुले माया दिन नसकेका र मामाघरमा आश्रय लिएका पवित्राका आमाछोरीको जीवनकथा यहाँ छ । आठवर्षे पवित्रालाई साठी वर्षे माइलाबाजेसँग विवाह गरिदिन्छन् । पवित्रा २ सन्तानकी आमा पनि बन्छिन् । श्रीमानको मृत्युपश्चात् आफूमा सन्तानको भार थपिन्छ। त्यसै बीच आफन्तको असहयोग र कामीकान्छाबाट बलात्कृत भएपछि बाध्य भएर आत्महत्या गर्न पुग्छिन् । यौवन अवस्थाको क्षणिक सुख बित्दा नबित्दै एकल जीवन साना दुई बालकलाई लिएर लामो सङ्घर्षमय अवस्थामा जीवन बिताउन बाध्य भएपछि झन् सबैले न्याय कानुन दिनुको सट्टा आफन्त नै पर भैदिएको अवस्था छ । आफ्नै देवरको गोप्य सल्लाहबमोजिम कामी कान्छाबाट बलात्कृत भएकी माइलीले बाँच्नु भन्दा मर्नु वेस ठानी खनियोको बोटमा झुन्डिएर मरेकी छिन् ।

मूल कथावस्तुलाई अगाडि बढाउने सिलसिलामा सहयोगी भएर अन्य प्रासङ्गिक कथाहरू पनि आएका छन् । पवित्राकी आमा जागिर खान गएको प्रसङ्ग पवित्राको आमालाई सम्झाएको प्रसङ्ग, रोपाईंको प्रसङ्ग, पञ्च भलादमी बर्षको प्रसङ्ग यस उपन्यासको मूल कथानकसँग जोडिन आएका प्रासङ्गिक कथानक हुन् ।

### ४.१५.२.२ पात्रविधान

**अचानो परेको जीवन** बहुपात्रीय उपन्यास हो । मुख्य, सहायक र गौण पात्रहरूको प्रत्यक्ष-अप्रत्यक्ष भूमिका रहेको छ । प्रमुख पुरुष पात्र माइला बाजे र प्रमुख नारी पात्र सानी माइली बजै रहेका छन् भने सहायक पात्रका रूपमा गोतामे कान्छो(पुण्यप्रसाद) कामीकान्छो, बूढो बाहुन, मावली दाइ आदि छन् । गौण पात्रहरू भने निम्तालुहरू, रमितेहरू, गोविन्द, बसन्ते आदि छन् । पवित्रा प्रमुख नारी पात्र हुन्। यिनका बुबा एक बर्षकी छँदा नै बेपत्ता भएका थिए । यिनले सुखदुःख आमासँग मामाघरमा बाल्यकाल बिताइन् । आठ वर्षकी हुँदा नै विवाह भयो । यिनी उपन्यासमा सम्पूर्ण दु:ख र पीडाको सिकार बनेकी छन् । साठी वर्षे माइला बाजेले सन्तानको मुख हेर्ने र परत्र सुधार्ने आशामा विवाह गरेका छन् । यस उपन्यासका प्रायः सबै पात्रहरू विशृङ्खल र विसङ्गत जीवन गुजारा गर्दै आ-आफ्नै अस्तित्वको खोजीमा रहेका छन् ।

### ४.१५.२.३ कथोपकथन

संवादका दृष्टिले **अचानो परेको जीवन** उपन्यासलाई हेर्दा यस उपन्यासमा संवादको अधिक प्रयोग पाइन्छ । केही संवाद लामा त केही छोटा भएकाले एकरुपता भने पाइँदैन । यस उपन्यासमा

प्रयुŒm केही संवादलाई यसरी लिइएको छ :

क) बालविवाहको प्रसङ्गगमा पवित्राका आमा छोरीको संवाद

अनि नि आमा हामीलाई दुलाहाले नै पाल्छन् हो ? तिमीलाई पाल्छन् छोरी। (पृष्ठ ८)

ख) बाध्यता र अनौठो जीवनका पवित्रा र आमाछोरीको संवाद

कस्तो छ नि बा घर ?

घर त राम्रो रहेछ, टिनले छाएको । अनि नि आमा सौता दिदीले त मलाई कस्तो माया गर्नुहुन्छ। म त उनैसँग सुत्छु । (पृष्ठ-१४)

### ४.१५.२.४ संरचना

**अचानो परेको जीवन** बाह्र खण्डमा विभाजित छ । यस उपन्यासका सम्पूर्ण पात्रको गतिविधि र क्रियाकलापको द्रष्टा उपन्यासकार हुन् । समाख्यता म भएकाले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। सरल, सरस र सहज ग्रामीण परिवेशको भाषाको प्रयोग छ । तत्सम, तद्भव र आगन्तुक सबैखाले शब्दहरूको प्रयोग गरिएको छ ।

### ४.१५.२.५ निष्कर्ष

हाम्रो समाजमा रहेको नारीको असुरक्षित अवस्था, अस्तित्वहीन जीवनको मूल्य, बालविवाह, सामाजिक कुरीति आदिलाई प्रस्ट पार्दै पवित्र प्रेम र अपराधरहित जीवनको शङ्खघोष गरिएको छ। बलात्कार, शोषण र अन्यायका कारण आत्महत्या गर्न बाध्य नारीको कारूणिक जीवनको माध्यमबाट नारी अस्मितालाई अचानोमा पारिएको कुरा प्रस्ट्याइएको छ ।

## ४.१५.३ **प्रश्न चिह्न** उपन्यास

**प्रश्न चिह्न** उपन्यास शारदा ढुङ्गानाको २०६५ सालमा प्रकाशित भएको सामाजिक उपन्यास हो। यसमा सामाजिक कुरीति एवम् छोरी, स्वास्नी र बुहारी हुँदै आमाको स्थानमा आइपुग्दा पनि यिनले निर्वाह गर्नुपरेको कष्टमय व्यवहारको उल्लेख गरिएको छ । दाइजोको

लालचले जन्माएको परिस्थिति, बहुविवाह, सौताने नाताले बाँधेको सम्बन्ध र यसले व्यवहारमा ल्याएको अशान्ति र निष्ठुरी आदि समस्यालाई यसमा उद्घाटन गरिएको छ । अझै पनि हाम्रा गाउँघरमा महिलाहरू अन्याय, अत्याचार भोग्न बाध्य छन् । समाजमा विकास र जनचेतना पुग्न सकेको छैन । तसर्थ विशृङ्खल र विङ्सगत जीवन विताउन बाध्य पात्रहरू आफ्नो अस्तित्वको खोजीमा भौँतारिएका कुरा यसमा रहेका छन् ।

### ४.१५.३.१ कथावस्तु

नारीलाई कोमलाङ्गी र सौन्दर्यमयी भन्दै उनको शारीरिक शक्तिको उपेक्षा गर्दै बौद्धिकताको प्रयोग घर गृहस्थीको क्षेत्रमा मात्र सीमित गरिएको छ । यसमा पुरुषमुखी समाजको अवस्था, बहुविवाह, दाइजोप्रथाले हुने अवहेलना आदि घेरोमा बाँधिएर नारी पीडा वेदना र छट्पटीहरूलाई समावेश गरिएको छ । गीता केशरीका अनुसार नेपालको पहाडी र तराइका ग्रामीण परिवेशमा घट्ने गरेको घटनाहरूलाई कथावस्तु बनाएर यो उपन्यासको संरचना गरिएको छ ।[ङ्ढ] बालविवाह हुनु, सासूससुराको कडा खटनमा बस्नु, छोरो जन्माउन नसक्दा सौता हाल्नु र बहुविवाह गर्नाले थपिएको नारी पीडाहरूलाई यस उपन्यासमा स्पष्ट रूपमा देखाइएको छ ।

यस उपन्यासकी म पात्रलाई सरिताले आफ्नो जीवनगाथा सुनाएकोबाट कथानक सुरु हुन्छ । सरिताकी आमाको पालादेखि सरिताको छोरीका पालासम्म उस्तै समस्याहरू जुन चातुर्यपूर्ण तरिकाले घटिरहेका छन् । बालविवाहको शिकार हुन पुगेकी आमा, माया बस्ने बेलामा बाको पढाइलाई लिएर बादेखि छुट्टिएर घरमा सासूससुरासँग बस्नुपर्दा भोग्नुपरको बुहार्तनका दिनहरू एवम् बाले शहरमा नोकरी शुरु गरेपछि भात पकाउन र सेवा गर्न आमालाई बोलाएपछि दाम्पत्य जीवन खुसीले नै बित्दै गएको आमा गर्भवती नभएपछि बुबाले दोस्रो विवाहका तयारी गरेका थिए । सरिता त्यसैवेला जन्मन पुगेकी थिइन् । सुरुमा छोरीलाई डाक्टर बनाउने सपना देखेपनि पछि छोराका लागि दोस्रो विवाह गर्नपुग्छन् । उजुरी म्याद टार्न कान्छीलाई माइतमै राख्छन् । सरितालाई बुबाले थाहै नपाई विवाह गरिदिन्छन् । दाइजो नल्याएको भनी सासू र लोग्नेबाट तनाब दिइन्छ । घर बस्न नदिएर अर्को बिवाह गरिदिन्छन् । बुबाको सहयोग लिई उजुरी हाल्न कस्सिएकी सरिता बाटोबाटै परिवर्तन हुन्छिन् । आमाको मन दुख्ने सम्झेर अनिश्चित गन्तव्यमा लाग्दछिन् । त्यही

[८४] गीता केशरी, **प्रश्न चिह्न किन?, प्रश्न चिह्न,** शारदा ढुङ्गाना (प्रकाशकः नारी साहित्य प्रतिष्ठान २०६५) पृ.५।

अनिश्चितततालाई प्रश्न चिह्न राखिएको छ । मूलकथासँगै केही प्रासङ्गिक कथावस्तुहरू पनि यसमा रहेका छन् । बुवाले सौता हालेको प्रसङ्ग, बुबाले गुण्टा बोकी गाडीसम्म पुऱ्याएको प्रसङ्ग, दाइजोको प्रसङ्ग, सरितालाई खान नदिएको प्रसङ्ग, सरिताले प्रतिकाार स्वरूप ताल्चा ठोकेको प्रसङ्ग आदि आएका छन् ।

### ४.१५.३.२ पात्रविधान

**प्रश्न चिह्न** बहुपात्रीय उपन्यास हो । मुख्य, सहायक र गौण गरी जम्मा जम्मी अट्ठाइस पात्रहरूको प्रत्यक्ष र अप्रत्यक्ष भूमिका रहेको छ । यस उपन्यासका प्रमुख नारी पात्र सरिता र पुरुष पात्र उसको लोग्ने भीम पराजुली हुन् । सहायक पात्रहरू आमा, बुबा, कान्छी आमा, सासू, ससुरा र छोरी छन् । गौण पात्रहरू हरि, बसुधा, शोभा, रामु, भाउजू, पसल्नी दिदी आदि रहेका छन् । यस उपन्यासकी प्रमुख नायिका नारी पात्रका रूपमा सरिता रहेकी छन् । उपन्यासकी मुख्य पात्र सरिताको जीवनका उकाली ओराली दुःख र पीडा यसको कथावस्तु बनेर आएको छ । नारी हुनाकै कारण भोग्नुपरेको पीडाले उनी अनिश्चित गन्तव्यतिर लागेकी छन् । आदर्श पात्र हुँदाहुँदै पनि बेखबर बनाइएको हुँदा उनीमाथि न्याय नगरिएको देखिन्छ ।

रिस्ती सिम्पानीका पराजुली मुखियाका छोरा एवम् स्कुलका मास्टर भीम उपन्यासका प्रमुख पुरुष पात्र हुन् । दाइजोमा लालच देखाउने, मानवता नभएका, छोरो नपाएर अर्को बिहे गर्ने क्रूर र पीडक पात्रका रूपमा उनी उपस्थित देखिन्छन् ।

### ४.१५.३.३ कथोपकथन

**प्रश्नचिह्न उपन्यास**मा संवादात्मक सशक्तता पाइन्छ । लामा छोटा सबैखाले संवादको प्रयोग गरिएको छ। सरिता र भीम वीचको संवाद, सरिता र सासूवीचको संवाद, सरिता र म पात्रवीचको संवाद आदि प्रसस्त संवादहरू यसमा रहेका छन् । यसमा प्रयोग भएका केही संवादहरू यसप्रकार रहेका छन्:

क) सरिताका आमा बुवावीचको घरव्यवहार कुराकानी भएका संवाद यसप्रकार रहेको छः

आमा- भान्सामा त पकाएका भाँडा छोपेर राखेको छ नि

बुवा- किन नखाएकी त? जानु त एकपटक हेर्नुस् । (पृष्ठ २८)

ख) कुलको रक्षक छोरा ठान्ने प्रवृत्तिको प्रदर्शनमा सरिताका बुवा र हजुरआमाबीचको कुराकानी यसप्रकार रहेको छः

हजुरआमा- ए बाबु, बूढो भैसकिस् । छोराछोरी भएनन्, केही सोच्नै पर्नै हो कि ?

बुवा- बिहे त ज्यान गए गर्दिन, भए यसैबाट सन्तान होलान् नभए यसै बसुँला।(पृ. ३४)

ग) बालअधिकारबाट वञ्चित झल्काउने सरिता र बुवाबीचको संवाद यसप्रकार रहेको छः

सरिता- बा किन हामीलाई माया गर्नुहुन्न ? किन चाहिने कुरा दिनुहुन्न ?

बुवा- म तिमीहरूको ठेकेदार हुँ र ? तिमीहरूको सबै माग पुऱ्याउने । (पृष्ठ-४८)

घ) अधिकार र बहुविवाह बारे सरिता र उनको लोग्नेबीचको कुराकानी यसप्रकार रहेको छः

सरिता- अर्की बिहे गर्ने हल्ला सुन्छु , फेरि कठघरामा परिएला नि

लोग्ने- तैँले लागेपुगेको गर । तर यहाँ नआइज । ( पृष्ठ ७०)

### ४.१५.३.४ संरचना

**प्रश्न चिह्न** उपन्यास जम्मा ८ खण्डमा पूरा गरिएको उपन्यास हो । सतसठ्ठी पृष्ठमा कथावस्तु फैलिएको छ । ग्रामवासीले बोल्ने सहज, सरल र स्वाभाविक भाषाको प्रयोग भएको छ । उपन्यासका पात्र सरिता र सरिताको कुरा सुनिदिन म पात्र आएका यो उपन्यासमा म समाख्याता भएकाले प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा वर्णनात्मक र संवादात्मक दुबै शैली अपनाइएको छ । सामान्य पदरचना र उखानको प्रयोग पनि पाइन्छ । पूर्वस्मृति पद्धतिको प्रयोग, साहित्यिक भाषाको प्रयोग गरिएको यो उपन्यासको भाषा स्वाभाविक र प्रतीकात्मक छ ।

### ४.१५.३.५ निष्कर्ष

**प्रश्न चिह्न** उपन्यासले नेपालको ग्रामीण परिवेशमा नारीले भोग्नुपरेका अन्याय, अत्याचार दमन, हिंसा, बहुविवाह, बालविवाह दाइजो प्रथा र यसबाट सृजित अवहेलना र तिरस्कार नारीले भोग्नुपर्ने विडम्बनालाई उजागर गरेको छ । यसमा आनुप्रासिकता, श्रुतिमधुरता, पदलालित्यको चमत्कारिता, व्यङ्ग्यात्मकता, सरल भाषा, शैली कौतुहलता र तीव्र अनुभव रहेको छ । नारी अस्तित्वलाई स्वीकार गर्दै लिङ्गभेद अन्त्यको लागि आह्वान गरिएको छ । नारी हिंसा विरूद्ध ज्ञान फैलाएर समाजलाई सचेत बनाउन यो उपन्यास सफल रहेको छ ।

### ४.१५.४ **बसुन्धरा** स्मृतिकाव्य

**बसुन्धरा** स्मृतिकाव्य शारदा ढुङ्गानाको २०६६ सालमा प्रकाशित भएको शोककाव्य हो । आफ्नी सासू बसुन्धरा ढुङ्गानाको मृत्युपछि शोकस्तब्ध भएर रचना गरिएको खण्डकाव्य हो । गोविन्दराज विनोदीका अनुसार यो कृति शोककाव्य परम्पराकै नयाँ उपलब्धि हो । यो नितान्त नवीन छ । मूलतः सासूको चिरवियोगद्वारा सृजित शोकका भावनाहरू उद्गारित प्रस्तुत काव्य नेपाली काव्य परम्परामा नौलो रूपमा देखा परेको छ ।[८५] सासूलाई बुहारीले आमाका रूपमा हेर्नुपर्ने र सासूले पनि बुहारीलाई छोरीकै स्थानमा राखी स्नेह दिनुपर्ने शिक्षा र सन्देश यस काव्यवाट प्राप्त गर्न सकिन्छ । मूलतः नारी पीडा र वेदनाका कथा व्यथालेख्ने ढुङ्गाना काव्यमा नारी आफ्नी सासूकै जीवन कोर्न चाहेकी छन् ।

### ४.१५.४.१ विषयवस्तु

**बसुन्धरा** स्मृतिकाव्यमा सासूको वियोग बुहारीलाई सहन कठिन भएको र जीवनमा उराठ महसुस गरेको शोककाव्य हो । यसमा सासूआमाले बेहोरेका दुःख र बुहारीमाथि प्रदान गरेको आत्मीयतालाई प्रकट गरिएको छ। यसमा छुट्टाछुट्टै ६ वटा शीर्षक रहेका छन् । *के लेख्नु पऱ्यो ?* भन्ने शीर्षकमा शारदाकी सासूआमा बसुन्धराको देहावसानले कवयित्री शारदाको मन व्यथित भएको र मानव जीवनको नश्वरताको हृदयस्पर्शी बर्णन रहेको छ । यसमा बसुन्धराकी आमाले बाल्यकालमा मामाघरमा बिताउँदा भोगेका क्षण र आठ वर्ष उमेरमा चालीस बर्षे बूढासँग गरेको अनमेल विवाहको मार्मिक कथा छ । तेस्रो क्रमको शीर्षक *नयाँ सिर्जनाको खोजी*मा बसुन्धराको विवाह, सन्तानप्राप्ति तिनलाई शिक्षादीक्षा र काठमाडौंमा उपचार गर्न बुनिएका घटनाको प्रसङ्ग रहेको छ । चौंथो क्रमको *पोखिएका विरहमा* सासू आमाको वियोगले शारदामा सिर्जित पीडा र पूर्व स्मृतिहरू समेटिएका छन् । आमाविनाकी छोरी भन्ने शीर्षकमा शारदाले आमा नहुँदा छोरीले बेहार्नुपर्ने मनोदशाको मार्मिक चित्रण गरेकी छन् । यस शीर्षकमा शारदाले विवाहपश्चात् माइतीका आमाबाट बिछोडिनु परे पनि सासूआमा माइतकै आमाको प्रतिरूप देखेको र सासूआमाको समेत

---

[८५] गोविन्दराज विनोदी, *आदर्श सासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान,* **बसुन्धरा स्मृतिकाव्य,** शारदा ढुङ्गाना (चितवनः ब्रह्मवसुन्धरा स्मृति प्रतिष्ठान, २०६६) पृ. क।

देहावसान हुँदा आफू विक्षिप्त भएको चर्चा गरेकी छिन् । *बुहारीको बिलौना* भन्ने शीर्षकमा मातृवियोगका पीडाजन्य अनुभूतिको मर्मस्पर्शी अभिव्यक्ति रहेको छ ।

यसरी शारदाले यस खण्डकाव्यमा मावलीको शरणले निम्त्याएको तिक्तता र रिक्तता एवम् आठवर्षे बालककालमा चालीस बर्षे प्रौढसँगको विवाहले देखाएको छोरीको जस्तो जीवनप्रति पीडाका भावहरू उजागर गरेकी छन् । त्यस्तै सासूआमाको देहान्तले आफ्नो मनलाई घायल पारिदिएको र आत्ममल्हम स्वरूपदुईचार शब्द लेख्दा यस बसुन्धरा स्मृतिकाव्यले स्वरूपप्राप्त गरेको जानकारी स्वयम् शारदाबाट प्राप्त भएको छ ।

### ४.१५.४.२ पात्र

खण्डकाव्यमा कार्यव्यापारलाई अग्रगति दिन पात्रको ठूलो भूमिका हुन्छ । पात्र वा चरित्र विना कथानकलाई गतिशील बनाउन सकिँदैन । यस खण्डकाव्यकी नायिका बसुन्धरा हुन् । उनको चालचलन, बोली, संस्कार, हिन्दू संस्कृतिअनुरुप छ । घर परिवारमा सदैव शान्ति स्थापना गर्ने, परिवारमा बुहारीलाई छोरीसरह व्यवहार गर्ने सामर्थ्य छ । उनको जीवनमा धेरै दुःख पीडा र व्यथाहरूलाई पचाएर पनि कुशल गृहिणीको भूमिका निर्वाह गरेकी छन् । नायिका बसुन्धरा सानी छँदा टुहुरी भएकी र आठ बर्षको उमेरमा चालीस बर्षे प्रौढसँग विवाह भएको प्रसङ्गबाट यिनले सङ्घर्षपूर्ण जीवन बिताएको प्रस्ट हुन्छ । यस खण्डकाव्यका नायक ब्रह्मप्रसाद हुन् । यसमा सहायक र गौणपात्रहरू क्रमशः छोराछोरी, नाति, नातिनी, बुहारी, छिमेकी आदि रहेका छन् ।

### ४.१५.४.३ वातावरण

खण्डकाव्यमा प्रयुक्त चरित्रले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र स्थितिलाई वातावरण भनिन्छ । त्यस्तै यस काव्यको परिवेश पनि मूलतः देवघाट धाम लगायतका पाखा, पखेरा गाउँले परिवेशमा सृजित रहेको छ। यसका अतिरिक्त काठमाडौँ वरपरको वातावरणलाई स्पर्श गरिएको कुरा यसरी व्यक्त गरिएको छः

संसारी रीत के थियो हिजो के आज हुँदैछ
गाह्रो छ भन्न हिजोको खुसी आँशुले धुँदैछ । (पृष्ठ- २४)
नगर कर नपर भर काठमाडौँ शहर
म कैलेकाहीँ आउँला भेट्न पुग्ला नि रहर । (पृष्ठ- ७०)

### ४.१५.४.४ संरचना

सासू र बुहारीको सम्बन्धलाई माध्यम बनाएर घरको सौहार्दमय वातावरणको कल्पना यस काव्यमा गरिएको छ। खण्डकाव्य आयामका दृष्टिले यो लघुकाव्यको रूपमै देखापर्छ । यस कृतिमा २७ पृष्ठमा कवितात्मक भाव अटेको छ । जम्मा उनन्पचास पृष्ठको यस काव्यमा जम्मा ६ शीर्षकहरू रहेका छन् । यस काव्यमा प्रयोग गरिएको भाषा सरल सहज र सरस छ । खण्डकाव्यमा संङ्क्षिप्तता र तीव्रता हुनाले वर्णनमा सहजता हुन पुगेको छ । लयात्मक, कलात्मक सरल र सुबोध्य भाषाले यस काव्यको उचाइ थपेको छ ।

यस काव्यमा बिम्ब र प्रतीकाको प्रयोग भएको पाइन्छ । आफ्नी सासूआमाको निधन पश्चात् छाएको निराशालाई कोइलीका धुन एवम् झ्याउँकिरी चर्ने झाडी एवम् बत्ती र चाँदनीसँग तुलना गरिएको छ । त्यस्तै मृत्युलाई बतास र अँधेरा जस्ता बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । केही श्लोकहरू यसप्रकार रहेका छन् :

त्यो मिठो धुन बोकेर कोइली छाडिएजस्तो छ
झ्याउँकिरी चर्ने त्यो झाडी पनि फाँडिएजस्तो छ । (पृष्ठ- ७)
फारोस् बादल पूर्ण क्रान्ति भरियोस् श्री चन्द्रको चाँदनी
आई टप्प टिपेर पार गरिद्यौ इन्द्रादिको आँगनी । (पृष्ठ- १६)

### ४.१५.४.५ लय र छन्द

लय खण्डकाव्यको प्रमुख तङ्घव हो । खण्डकाव्यमा प्रयुक्त प्रवाह, गति, यति, आघात आदिको परस्पर क्रमिक मेलबाट लयको उत्पत्ति हुन्छ । ध्वनि ढाँचाका समान एकाइहरूको नियमित वा प्रायः नियमित पुनरावृत्तिबाट एवम् खण्डकाव्यमा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ । छन्दले खण्डकाव्यमा मिठास ल्याउनुका साथै भाषिक प्रयोगमा समेत विशिष्टता प्रदान गर्दछ। छन्द मूलतः शास्त्रीय, लोक र मुक्त गरी ३ प्रकारका हुन्छन् ।

क) शार्दूलविक्रीडित छन्दको प्रयोग भएको एक पद्य यस प्रकार रहेको छः

लानैको पहिले थियो मन भने हेरी बसेको किन ?
मार्ने नै मन हो तथापि सजिलै मर्नै दिइनस् किन ?
आमाको मनमा थिए कति कुरा खेल्नै दिइनस् किन ? (पृष्ठ- १७)

यसमा म स ज स त त गण र अन्त्यमा दुई गुरुको प्रयोग भएको छ ।

ख) झ्याउरे छन्दको प्रयोग भएको एक पद्य यस प्रकार रहेको छः

चारैदिन अघि थिएन नाता चिनजान थिएन
दैवले रच्यो सम्बन्ध नयाँ मौलिन दिएन
नाताले सासू परे तापनि आमा नै भनियो
आमाको पनि छोरी नै ठानी ममता खनियो । (पृष्ठ- २४)

यसमा लोकलय झ्याउरे छन्दको प्रयोग गर्दै आमा र सासूआमाको सम्वन्धमा केही फरक नरहेको र दुबै आमा आफ्ना सन्तानप्रति उत्तिकै ममतामयी रहने भाव व्यक्त गरिएको छ ।

### ४.१५.४.५ निष्कर्ष

सासूको चिर वियोगद्वारा सृजित शोकका भावनाहरूलाई बुहारीका माध्यमबाट शोककाव्य तयार पारिएको छ । बसुन्धरा जस्तै सासू र शारदाजस्ता बुहारी भएमा प्रत्येक घरमा सुख, शान्ति र सद्भावको मन्दिर बन्न सक्छ भन्ने लेखकीय प्रण रहेको छ । करुण रसमा रचिएकोले कारुणिक र संवेदनशील छ । उनका काव्यमा अनमेल विवाह र नारीहरूका पीडाजन्य अनुभूति मर्मस्पर्शी रूपमा अभिव्यक्त भएका छन् ।

## ४.१६ तारा बराल

तारा बराल चितवनबाट प्रकाशित **आक्रोश** नामक गाइजात्रे कवितासङ्ग्रहका रचनाकार हुन्। उनको जन्म साब्लाखु -६, ताप्लेजुङ्गमा भएको थियो । विवाहपश्चात् लामो समयदेखि सपरिवार अस्थायी रूपमा चितवनको भरतपुरमा रहेर अध्ययन गरेकी बरालको स्थायी ठेगाना गौरादह ९ झापा भए पनि जीवनको उकाली ओराली चितवनमै गरेकी छन् । **आक्रोश** पुस्तक प्रकाशन पनि यहीँबाट भएकोले उनलाई चितवनकी नारी साहित्य स्रष्टा मानिएको छ ।

गाइजात्रे विशेषाङ्कको रूपमा देखापर्ने **आक्रोश**ले देशभरका जनताको आक्रोशलाई व्यक्त गरेको छ। मधुसुदन घिमिरेका अनुसार हाल देशमा भैरहेको विकृति र विसङ्गतिहरूको विविधताहरूलाई विभिन्न दृष्टिकोणबाट नियाल्ने र त्यही भावलाई जानी नजानी व्यङ्ग्यवाणी रूपी

सुसेलीहरू यस गाइजात्रे सङ्ग्रह **आक्रोश**मा मुखारित भएका छन् ।[८६] यसरी हेर्दा देशको बिग्रँदो स्थितिलाई असह्य ठान्दै कवयित्रीका मनमा उठेका तरङ्ग नै यस पुस्तकमा प्रकाशित छन् । ठूला ठालु भएर मनपरी गर्नेहरूलाई भूत भन्दै भूतका गाइजात्रे कथाहरूको नामकरण स्वरूप**आक्रोश** शीर्षक राखिएको छ ।

तारा बरालका साहित्यिक रचना संरचनात्मक दृष्टिले केही कमजोर देखिए पनि देश र जनताको बारेमा यसरी चासो राख्नु एक कुशल र देशभक्त नागरिकको कर्तव्य हुन आउँछ। द्वन्द्व, पीडा, विरोध, युद्ध, आदि देशका अवनतिका कारणहरू हुन् । यी गर्ने र गराउनेबाट देश जोगाउनुपर्छ भन्दै विरोध र सुन्दर भविष्यको कल्पना गर्नु तारा बरालको उत्कृष्ट विचार मानिन्छ । भाषा र संस्कृतिलाई चासो दिने राष्ट्रप्रेमी बरालमा साहित्यिक चासो र निखारता बढेको छ ।

## ४.१६.१ आक्रोश (भूतका गाईजात्रे कथाहरू)

प्रस्तुत पुस्तक तारा बरालको वि.सं. २०६४ सालमा प्रकाशित गाइजात्रे कृति हो । विभिन्न शीर्षकमा रहेको यस पुस्तकले कविता कृतिको स्वरूप प्राप्त गरेको छ। १९ वटा शीर्षकहरूमा रहेका कविताहरूले व्यङ्ग्य बोध गराउँछन् । भिन्नभिन्न व्यक्तिहरूको भिन्नभिन्न क्षेत्रको विकृत र विसङ्गत परिस्थितिहरूलाई सिस्नुपानी लगाउने काम यस पुस्तकमा भएको छ। अर्थ, अनर्थ, अपभ्रंश र विरोध देखिने कविताहरू यथार्थ र आरोप प्रत्यारोपमा अघि बढेका छन् ।

वि.सं. २०६४ सालमा यो कृति प्रकाशनको समय निकै भिन्न र जनयुद्धले थलिएको देश र जनताका पीडामा अन्तरिम सरकारका अभिनेताहरूले मलमपट्टी लगाउनुको साटो आपसी भालेजुधाइ मै व्यस्त रहेको पीडा एकातिर थियो भने राजतन्त्रको मनपरी र जनताको आहूतिको आर्तनाद सुन्नै नसक्ने थियो । यस्तै समय र परिस्थितिको स्मरण नेपाली परम्पराअनुसार गाइजात्रे विशेष पारेर गरिने व्यङ्ग्यको अनुसरण गर्दै प्रस्तुत कृति **आक्रोश**को प्रकाशन भएको पाइएको छ ।

### ४.१६.१.१ विषयवस्तु

**आक्रोश** कवितासङ्ग्रह गाइजात्रे पुस्तक हो । वि.सं. २०६४ सालमा र यसपूर्वका राजा ज्ञानेन्द्र र उनका सरकार, १० बर्से सशस्त्र जनआन्दोलन तथा अन्तरिम सरकार आदिका नराम्रा

---

[८६] मधुसुदन घिमिरे, शुभकामनाका सुमनहरू, **आक्रोश, तारा बराल** (चितवनः गणेश गौतम, २०६४) पृ.भूमिका ।

पक्षहरूको भन्डाफोर गर्दै सुधारको चेत भर्नु नै यस सङ्ग्रहको प्रमुख विषयवस्तु बनेको छ । यसमा रहेका हरेक शीर्षकका हास्यव्यङ्ग्य रचनालाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) गाजाः** *गाजा* शीर्षक गाइजात्राबाट बनेको देखिन्छ । यसको अङ्ग्रेजी शब्द *एडिक्ट* (लत) लागेको राखिएको छ भने विषयसूचीमा चाहिँ दैत्यकथा पनि थपिएको छ । यसमा दैत्य भनेर पूर्व राजा ज्ञानेन्द्रलाई भनिएको छ । वि.सं. २०५८ साल जेठमा आफ्नै दाजुको परिवार र वंश नाश गरी आफू हाँस्दै बग्गी चढेको भनी आरोप छ । प्रमाणहरू मास्न परिवारकै सदस्यलाई रारा तालमा हेलीकोप्टर डुबाएर मारिएको भनिएको छ। सेनापति, प्रधानमन्त्री गृहमन्त्री सबैले साथ दिएका र ज्ञानेन्द्रले जथाभावी बजेट खर्च गरेर मनपरी गर्दै गाइजात्रा देखाएको कुरा व्यक्त भएका छन् ।

**ख) सपथग्रहणः** कविता यस सङ्ग्रहको दोस्रो क्रममा रहेको छ । *सपथग्रहण*लाई अङ्ग्रेजीमा फरक अर्थ *परमिसन* भनिएको छ । वंश नाश हुँदाको बेलामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र ज्ञानेन्द्र शाहवीच संवाद भएको शैलीमा व्यङ्ग्य रहेको छ । हास्यास्पद रूपमा कोइरालाले हजुरको माया लाग्यो भनेका छन् भने शाहले सहयोग गरिदिन अनुरोध गरेका छन् । गोप्य रुपले दुबै जुटौँ भनी सल्लाह भएको यसमा आरोप रहेको छ ।

**ग) शोक दोहोरीः** यस शीर्षकमा ज्ञानेन्द्र र जनताको संवाद देखाइको छ । अस्वाभाविक रूपमा नेताको साथ पाएको छु भन्दै ज्ञानेन्द्रले जनता जति मरे पनि मतलब नभएको र अन्धा जनतालाई जे गरे पनि हुने कुरा व्यक्त गर्छन् भने जनताले गणतन्त्र ल्याउछौँ भनेका छन् ।

**ध) धनकी खानीः** यसलाई अंग्रेजी शीर्षक *पिल्ड अर्थ* भनिएको छ । यसमा रानी बन्न पाएकोमा खुसी व्यक्त गर्दै कोमलले आफ्नै बैनीको मृत्यु भएर पनि गोली लागी घाइते भएको बहाना गरिएको, पूजनीय हुन पाइएको, राजगद्दी प्यारो लागेको जस्ता खुसीका कुरा व्यक्त गरिएको छ ।

**ङ) भाइरसः** यस शीर्षकमा राजा ज्ञानेन्द्रले शाखा सन्तान नष्ट पार्न ठूलो दुःख गरेको र नारायणहिटी कब्जा गरेकोमा व्यङ्ग्य गरिएको छ। छोराको लागि धेरै गरेको अघि अघि विरोध भए पनि आफूले मनपरी गर्न पाएको व्यक्त गर्दै व्यङ्ग्यको झटारो आएको छ ।

**च) युवराँगीः** यस व्यङ्ग्य सङ्ग्रहको छैटौँ क्रमको विषयको शीर्षक *युवराँगी* रहेको छ। युवराज र युवराज्ञी घोषणापछिको उनका कर्तुत बयान र व्यङ्ग्य गर्ने क्रममा यसको प्रयोग छ । अंग्रेजीमा

यसलाई *योङ्ग बफेलो* पनि भनिएको छ। धन सम्पत्ति उडाउन देशको बेहाल अवस्था भए पनि मोजमस्तीमा हिँड्न पाएर खुसी रहेको प्रथम पुरुष शैलीमा लेखिएको छ । रानी बन्ने आशा र विश्वास लिएको भन्दै युवराज्ञी बनेकी हिमानी राज्यलक्ष्मीलाई यसमा व्यङ्ग्य गरिएको छ ।

**छ) चाँडो गिरः** शीर्षकलाई अंग्रेजीमा *डाउन फल* भनी व्यङ्ग्य गरिएको छ। यसमा विशेष गरी नेता गिरिजाप्रसाद कोइरालालाई व्यङ्ग्य गरिएको छ । राजा ज्ञानेन्द्रलाई लुकी लुकी सहयोग गरेका आफ्नी छोरीलाई ठूलो बनाएको राष्ट्रपति बन्ने रहर भएको प्रचण्डलाई झुक्याउँछु भन्ने विचार भएको भनी आरोप गरिएको छ ।

**ज) नेपालः** यस शीर्षकलाई *अण्डर डेभलप* भनी नाम दिइएको छ । यो माधवकुमार नेपाललाई व्यङ्ग्य गरिएको हो । मालेको महासचिव भएर हालसम्म मन्त्री नपाएको, कार्यकर्ता असन्तुष्ट भएका, सरकार नचाहने आफ्नो जिम्मेवारी पूरा गर्न नसकेका धेरै पार्टी फुटेर एमालेलाई नङ्ग्याएको र सरकारमा गएर गल्ती गरेको भन्दै पश्चात्ताप गरेको आरोप गरिएको छ ।

झ) **फूलकलम दाल्ह (प्रचण्ड)** अंग्रेजीमा *लोटस टेम्पल* भनिएको छ। यो पुष्पकमल दाहाल माओवादी अध्यक्षलाई व्यङ्ग्य गरिएको गीति कविता हो । यसमा जङ्गलमा बस्दा पाएको भाउ सरकारमा गएपछि हराएको भनिएको छ। अनि बोलीमा सोचविचार गर्न नसक्ने, टाउकाको मूल्य तोकेर भाषणको अभ्यासमा जान नपाएको, वाई. सि. यल. ले बदनाम भएको, राष्ट्रपति बन्ने रहर भएको, भण्डारी र गान्धीहरू सम्झी सातो गएको भन्दै व्यङ्ग्य गरिएका छन् ।

**ञ) शेरबहादुर देउवाः** यसमा काङ्ग्रेसको नेतालाई बाँडिएको बहादुर भन्दै अंग्रेजीमा *सियर्ड बहादुर* भनिएको छ । यसमा उनलाई भ्रष्टाचारमा परेको, पार्टी फुटाउनमा हात भएको भाषण मात्र दिने भनी आरोप गरिएको छ ।

**ट) कमलो पापाः** यसमा राजाबाट मनोनित मन्त्री रा.प्र.पाका वरिष्ठ नेता कमल थापालाई कमलो पापा भनी व्यङ्ग्य गरिएको छ । राजाको दाहिने हात भएका मनपरी अर्थतन्त्र बिगार्ने अख्तियारमा परेका, जनतामारा भन्दै अहितकारी सिंहको रूपमा आरोप गरिएको छ ।

**ठ) महिला अधिकारः** यस शीर्षकमा *डर्ट राइट* भन्दै व्यङ्ग्य गरिएको अर्को शीर्षकमा पनि गाइजात्रे गीति व्यङ्ग्य रहेको छ । जति भाषण दिए पनि सांसद भएर सभाभवन पस्ने मात्र हुन्। महिलाले नै महिलाको अधिकार खोसेका हुन्छन् । धेरै दुःख र कष्ट महिलाले नै भोगका हुन्छन् सासूले

बुहारी, बुहारीले सासूलाई हेप्छन् । यति प्रतिशत भन्ने भन्दा पनि व्यवहारमा लागूहुने संविधान बन्नुपर्दछ भनिएको छ ।

**ड) गलित** यस शीर्षकलाई *टायर्ड* नामकरण गरी यस शीर्षकमा छुवाछुत प्रथाको विरोध गरिएको छ। पुरानो चलनले समाज, छिमेक र दलितलाई ठूलो प्रभाव पारेको छ भन्दै संविधानमा लेखेर मात्र होइन, छुवाछुत प्रथा र जातीय विभेद हामी सबै मिलेर हटाउनु पर्छ भनिएको छ ।

**ण) मूलामाभ्fी आयोग** यसमा अग्रेजी *रेडिस फाम* भनी रायमाझी आयोगलाई मूलामाझी भनी व्यङ्ग्य गरिएको हो । रायमाझीले राजा राख्न हरतरह प्रयास गरेका होसियार रहन निर्देशन दिइएको छ ।

**त) अख्तियार** अख्तियार पनि यस गाइजात्रे हास्यव्यङ्ग्य अन्तर्गत परेको छ । अख्तियारले पनि सरकारमा पुगेकालाई छुन नखोज्ने गरेको, मन्त्रीको निर्देशनमा डराएको आरोप यसमा गरिएको छ। देउवा, कमल थापा थुन्न खोजेर चटक गरेको अनि माकुने र प्रचण्डलाई निष्पक्ष रूपमा सरकार र अख्तियारले कार्वाही नगरे सुरक्षित नहुने कुरा बताइएको छ ।

**थ) बजेट कि कचेट** शीर्षकमा देशको बजेट जनतामुखी छैन भन्दै ठूलाबडाले जथाभावी खर्च गरेका छन् । यसमा महतले बजेट कुम्ल्याएको प्रचण्ड, माकुने र गिरिजा अब नचाहिने, मन्त्री कुकुर जस्ता पैसा ढुक्ने, जनता चाहिँ भोक भोकै पर्ने जस्ता कुराहरूको उद्घाटन गरिएको छ ।

**द) शिक्षा** *शिक्षा* शीर्षक यस सङ्ग्रहको १७ औँ क्रममा परेको छ । यसमा बोर्डिङमा शुल्क बटुलेर शिक्षकलाई थोरै दिने गरेको र शहरमा घर किनेको भन्ने बोर्डिङ सञ्चालकलाई आरोप रहेको छ। शिक्षामा एस.एल.सी. बोर्डले पनि राम्रो काम नगरेको भन्दै मनपर्दी र लापरबाहीले शिक्षा क्षेत्र धाराशयी बन्न पुगेको कुरा उल्लेख गरिएको छ ।

**ध) लोकतन्त्र** लोकतन्त्र नेताको पेवा बनेको, दोषी कार्वाहीमा नपरेको, देशलाई-प्रदेश प्रदेशमा बाँडेर टुक्र्याउन खोजिएको भन्दै करोडौँ र अरबौँ खर्च गरेर बर्थ डे मनाउने कुरालाई यसमा तेस्रो पटक उठाइएको छ । राजावादी फेरि उठ्न थालेका, कोही विद्रोहमा पल्किएर मात्तिएका र बन्द हड्ताल आदि चलिरहेको भन्दै लोकतन्त्र नभएर शोकतन्त्र बनेको कुरा उल्लेख गरिएको छ ।

**न) इच्छा** यो यस सङ्ग्रहको अन्तिम व्यङ्ग्य हो । गरिब दुःखीलाई कहिल्यै ठग्न नपरोस् बरू भोकै मरुँ भनी देशभक्तिको गाना गाइएको छ ।

### ४.१६.१.२ संरचना

प्रस्तुत गाइजात्रे कवितात्मक सङ्ग्रहको रूपमा उपस्थित **आक्रोशमा** ४८ पृष्ठमा भित्री विषयवस्तुहरू रहेका छन् । व्यक्तिगत रूपमा एकएक शीर्षक छुट्याएर व्यङ्ग्य गरिएको छ । अंग्रेजी अक्षर नै प्रयोग गरी लेखिएको छ । गीतिलय, लोकलय आदि छन्दमा यसको संरचना तयार भएको छ ।

### ४.१६.१.३ निष्कर्ष

चितवन जिल्लाबाट हास्यव्यङ्ग्यमा कलम चलाउने एक मात्र नारी साहित्यकार तारा बराल हुन्। हास्यव्यङ्ग्य अन्तर्गत गाइजात्रे गीतिकवितामा प्रस्तुत यस सङ्ग्रहले हाम्रो संस्कृति र परम्परालाई जगेर्ना गरेको छ । देशमा भएको विभिन्न विकृति र विसङ्गतिको चिरफार गर्दै सुधारको अपेक्षा गरिएको छ। तीखा व्यङ्ग्यहरू सँगालिएको यस पुस्तकमा केही संरचनात्मक कमजोरीहरू भने नरहेका होइनन् । व्यक्तिलाई पशुसरह ठानेर निकृष्ट गाली गरिनु त्यति उपयुक्त देखिँदैन । बरालको यस प्रयासले चितवनको साहित्यिक इतिहासमा थप टेवा पुऱ्याएको छ ।

## ४.१७ कृपा श्रेष्ठ

कृपा श्रेष्ठ भ.न.पा. १ पोखरा बसपार्क नारायणगढ निवासी कवयित्री हुन् । उनी १९ भदौ २०४३ सालमा पिता गुणराज श्रेष्ठ तथा माता लक्ष्मीदेवी श्रेष्ठको कोखबाट जन्मेकी हुन् । आफ्ना श्रीमान् विश्वासकुमारको मृत्युपछि वेदना र पीडा भोग्न बाध्य भएकी श्रेष्ठले भाव विह्वल भएर **विश्वास पछिको वियोग** (वि.सं. २०६४) कृति प्रकाशन गरेकी छन् ।

गोरी र सुन्दर कद भएकी कृपा श्रेष्ठ नारी पीडा, व्यथा, रुढीवादी परम्परा, नारीमाथिको आरोप तथा बुहारीले भोग्नुपरेको समस्या आदिका बारेमा लेख्ने कवयित्रीका रूपमा चिनिन्छिन्। सहयात्रीले बाटो मोडिदिँदा एक्लो र निराशपूर्ण जीवन भोग्नुपरेको व्यथा उनीबाट व्यक्त भएका छन्। सरला जोशीका अनुसार विधवालाई बन्धनमा बाँधेर, सेतो पहिरन लगाएर सधैँ शोक मान्न लगाउनु नारी कमजोर बन्नु हो भन्दै विधवाले पनि स्वतन्त्र भएर जिउन पाउनुपर्छ भन्ने उनको आह्वान रहेको छ ।[८७] सरला जोशीले नारीमाथि भएको अन्याय, थिचोमिचो र पीडालाई सहेर

[८७] सरला जोशी, **विश्वास पछिको वियोग**लाई शब्द पुष्प, **विश्वास पछिको वियोग,** कृपा श्रेष्ठ (चितवनः गुणराज श्रेष्ठ, २०६४) पृ.ज

नबसी त्यसको विरुद्धमा लड्नुपर्छ भन्ने क्रान्तिकारी विचार लिएकी कृपा श्रेष्ठले आफ्नो सुन्दर सम्पूर्ण जवानी, जोस र जाँगर दुःखमा बिताउन बाध्य हुन नपरोस् भनेकी छिन् ।[८८]

## ४.१८.१ विश्वासपछिको वियोग

**विश्वासपछिको वियोग** कवितासङ्ग्रह कवयित्री कृपा श्रेष्ठको वि.सं. २०६४ सालमा प्रकाशित कृति हो । आफ्ना श्रीमान् विश्वासकुमार श्रेष्ठको कलिलो उमेरमै मृत्युभएपछि त्यसको वार्षिकीको पुण्य तिथिमा प्रस्तुत पुस्तक प्रकाशित गरिएको छ। एस.एल.सी. पास नगर्दै प्रेम विवाह गरेकी कृपाले केही बर्ष नबित्दै विधवा हुन पर्दाको पीडा भोग्नु परेपछि त झनै आरोप र अन्धविश्वासको भुमरीमा फस्नुपऱ्यो । यसरी नारी हुनाकै कारण गर्नु पर्ने त्याग र तपस्या, व्यथा र वेदना, श्रीमान्को मृत्युले थपेका वेदना तथा जीवनमा भोगेका तीतामिठा संझनालाई संगालेर संस्मरणात्मक रूपमा प्रस्तुत कवितासङ्ग्रहमा व्यक्त गरिएका छन् । **विश्वासपछिको वियोग** भित्र सुख र दुःख दुवै क्षणको चित्रण छ। यो कवयित्री श्रेष्ठको एकमात्र कृति हो । वियोगपछि मात्र कविता लेख्न मन लागेको भन्ने कुरा उनको मन्तव्यबाट प्रस्ट भएको छ ।

### ४.१८.१.१ विषयवस्तु

**विश्वासपछिको वियोग** कवितासङ्ग्रहमा पूर्णतया प्रेम, मिलन र वियोग गाथा रहेको छ। एउटी नवयौवना जब विधवा बन्छे, उसमा धेरै चोट हुन्छन् । तिनै चोटमा मलमपट्टी लगाएर सहारा दिनुको साटो नेपाली समाज र परम्पराले अमानवीय लाञ्छना लगाउँछ भने जीवनभर शोक र पीडामा आफ्ना विचारहरू डढाउनुपर्ने परिस्थिति सिर्जना हुन्छ। यस्तै अवस्थामा उनले विवाह, सुहागरात, विश्वास, बिछोड, सहयात्रीको मृत्यु र वेदना प्रस्तुत कवितसङ्ग्रहमा लेखेकी छन् ।
यस सङ्ग्रहमा रहेका कविताहरूको विषयवस्तुहरूलाई यसरी प्रस्तुत गरिएको छः

१ *थाहै नपाई जन्म्यो कविता* कवितामा प्रियजनको स्मरणका लागि कविता आफै सिर्जना भएको कुरा व्यक्त गरिएको छ ।

२ *सपनाको जन्ती बिपनाको मलामी* कवितामा विवाह गरेर साथ दिने भन्ने प्रियको मृत्युले वियोग

---

[८८] पूर्ववत्

भएको चित्रण गरिएको छ ।

३ *कसले भन्छ* कवितामा विधवा भएर चोट सहनुपरेको अवस्थाको वर्णन गरिएको छ ।

४ *कस्तो रित बनाइदिन्छ* कवितामा विधवाले शोक र पीडा भोग्नुपर्ने परम्पराको चित्रण गरिएको छ ।

५ *ताज त्यो वेश्याको* कवितामा विधवालाई नौटङ्की, वेश्या जस्ता आरोप नगर्न आग्रह गरिएको छ ।

६ *दोहोरिने प्रथा* कवितामा मान्यजनको अपमान गर्नेलाई त्यस्तै व्यवहार हुने विचार व्यक्त छ ।

७ *तड्पिएको यो मन* कवितामा आफूलाई छाड्ने श्रीमानलाई सम्बोधन गर्दै फर्कन आग्रह रहेको छ ।

८ *सोध्छे छोरी खै बाबा भनेर* कवितामा आफ्नी छोरीले बाबा भनी अतीतलाई सम्झाएको भनिएको छ।

९ *आजकल त* कवितामा वियोगले मन भावुक, कठोर र अन्धकार देखेको वर्णन गरिएको छ ।

१० *आउँछ काल एकदिन सबैलाई* कवितामा दुःख मनाउ गर्नुभन्दा जे छ त्यसमा सन्तोष गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।

११ *मायाको बीज के रोप्छौ तिमी?* कवितामा आफ्नो विछोडको पीडा कसैले नबुझेको भनिएको रहेको छ।

१२ *मेरो सोचाइ गलत रहेछ* कवितामा आफ्नो श्रीमानलाई मृत्युपछिको डोलीमा देख्नुपरेको अवस्थाको चित्रण गरिएको छ ।

१३ *अहो कति भयावह दृश्य* कवितामा जीवनमा मिलनको मिठो कल्पना गर्न नपाउँदै प्रियको मृत्यु भयावह दृश्य देख्नुपरेको स्पष्टोक्ति रहेको छ ।

१४ *मविना स्वर्गमा डेरा कसरी जमायौँ त?* कवितामा आफूलाई एक्लै छोडेर स्वर्गेवास भएका श्रीमान्लाई सम्बोधन गरिएको छ ।

१५ *मेरो अधुरो सपना* कवितामा प्रियसँगै पुनर्जन्म पाउने सपना देखिएको व्यक्त गरिएको छ ।

१६ *उनको मृत्यु र मेरो पर्खाइ भएछ* कवितामा अन्तिम अवस्था स्वथ्य भई फर्कने आशा गरिरहँदा मृत्युभएको सुन्दाको अवस्थाको चित्रण गरिएको छ ।

१७ *पछि फर्केर नहेर* कवितामा नारी पीडा र देहव्यापार भएका कथा-व्यथा रहेको छ ।

१८ *कस्तो यो धर्म* कवितामा छुवाछुत र रूढिवादी परम्पराको विरोध गरिएको छ ।

१९ *कोसेली* कवितामा चेलीलाई देखावटी मायामा नफस्न आग्रह गरिएको छ ।

२० *मान्दिन म भगवान् छ भनेर* कवितामा संसारमा भगवान् नभएको शङ्का गरिएको छ ।

२१ *प्रेमको दियो अब जलाउन्न* कवितामा धोका दिने प्रेमीलाई साथ दिन नसक्ने स्पष्टोक्ति रहेको छ ।

२२ *मायामा अंशबन्डा* कवितामा वाचा तोडेर माया छुटाएको वियोग वेदना व्यक्त गरिएको छ ।

२३ *शरीर हुँदा माया त आत्मा हुँदा छायाँ* कवितामा मरेर पनि आफू टाढा नभएको, सधैँ छाया बनेर समीपमै भएको प्रेमीका कुराको स्वैरकल्पनात्मक प्रस्तुति रहेको छ ।

२४ *सुरुवात जिन्दगीको* कवितामा जीवनको अनिश्चित गन्तव्य र भोगाइको अभिव्यक्ति रहेको छ ।

२५ *पत्तै भएन दिन ढलेको* कवितामा साथ दिने वाचा पूरा गर्न प्रेमीलाई मृत्युबाट फर्कन आग्रह छ ।

२६ *आँखाबाट आँसु झर्दैन* कवितामा प्रेमीको वियोगले आफू मर्माहत भएको अभिव्यक्ति रहेको छ ।

२७ *के भूल भो* कवितामा विना कसुर जीवनभर रुनुपरेको पीडा व्यक्त गरिएको छ ।

२८ *मौन भई बस्छ यो ईश्वर* कवितामा एकजोडी प्रेमीलाई ईश्वरले विनाकसुर छुटाई दिएको आरोप छ।

२९ *वचन हारेँ* कवितामा प्रेमीलाई जीवनभर साथदिने वचन पूरा गर्न नसकेको आक्षेप रहेको छ ।

३० *स्वार्थी माया तिम्लाई प्यारो भो* कवितामा पीडाको अभिव्यक्ति रहेको छ ।

३१ *मनको व्यथा* कवितामा प्रेमीसँग बिछोडिँदाको पीडाको अभिव्यक्ति रहेको छ ।

३२ *चाहन्छौ स्वतन्त्रता* कवितामा नारी मुक्ति र स्वतन्त्रताको आवाज उठाएको बताइएको छ ।

३३ *आज घर भोलि घाट पुग्ने पो हो* कवितामा भरोसाविहीन जिन्दगीको अस्थिरताको अभिव्यक्ति रहेको छ।

३४ *सुरूवात नभै अन्त्य भएछ* कवितामा विवाहपश्चात्को नयाँ जीवनमै अन्त्य भएको बताइएको छ ।

३५ *मध्यरातको सपनी त्यो* कवितामा सपनामा पुनर्मिलन भएको अभिव्यक्ति रहेको छ ।

३६ *दोष मेरो हैन प्रिय* कवितामा आफ्नो प्रेमले प्रियको मृत्यु नभएको विचार व्यक्त गरिएको छ ।

३७ *विपनै भो अधुरो* कवितामा प्रियको मृत्युले सपना र विपना दुबै अधुरो बनाएको व्यक्त गरिएको छ ।

३८ *छोरी टुहुरी होली कि भन्ने डर* कवितामा यो समाज र संसारबाट टाढा जान आफ्नी छोरीले नदिएको कुरा व्यक्त गरिएको छ ।

३९ *नवयुगका युवाहरू* कवितामा युवाहरूलाई कुलतमा नफस्न आग्रह गरिएको छ ।

४० *तिम्रो अन्त्य मेरो सुरुवात* कवितामा पतिको मृत्युपछि नारीले विधवा बन्नु परेका चित्रण गरिएको छ।

४१ *यो अविरल यात्रामा* कवितामा जमेर नबसी नयाँ ज्योति फैलाउने प्रगतिवादी विचार व्यक्त गरिएको छ।

४२ *चाहिँदैन अब* कवितामा टुटेका आश्वासन जोडेर केही नहुने विचार व्यक्त व्यक्त गरिएको छ ।

४३ *आकाशको जून तिमी धरती धुलोमा* कवितामा आफू र आफ्नो माया अक्षम रहेको भनिएको छ।

४४ *झुल्न देऊ मलाई* कवितामा प्रेम प्रणयमा डुब्न चाहेकी विचार व्यक्त गरिएको छ ।

४५ *नेपालकी छोरी हुँ म त* कवितामा सहरिया वातावरणभन्दा आफ्नै संस्कृतिमा रम्न चाहेको विचार व्यक्त गरिएको छ ।

४६ *तिहार* कवितामा तिहारको बेलाको रमझमको अवस्थाको चित्रण गरिएको छ ।

४७ *तिम्रो यादमा* कवितामा मिठो मिलनपछिको वियोग सहन गाह्रो भएको विचार व्यक्त भएको छ ।

४८ *पुरानो व्यथा* कवितामा वियोगपीडा र सन्तानप्रतिको ममताका द्वन्द्वमा परेको कुरा व्यक्त गरिएको छ।

४९ *आँसु यो जुनीभरको* कवितामा प्रियको वियोगले जीवनभर आँसु पाएको अभिव्यक्ति रहेको छ ।

५० *तिम्रो साथ नपाएर हो कि* कवितामा प्रेमीको वियागले संसारै अँध्यारो देखेको अभिव्यक्ति छ ।

५१ *कहाँ म खोजूँ* कवितामा मृत्युपछि पनि आफ्नो प्रियलाई फर्कन आग्रह गरिएको छ ।

५२ *काटिएको पतङ्गसरि मेरो यो जीवन* कवितामा आफ्नो जीवन लडखडाएको अभिव्यक्ति रहेको छ ।

५३ *बिन्ती हजार गर्दछु* कवितामा नेपाली संस्कृति र रीतिरिवाज नबिर्सन आग्रह गरिएको छ ।

५४ *खडेरी नआउँदा पनि उजाड भएछ* कवितामा प्रियको बिछोडले जीवन उजाड भएको विचार रहेको छ।

५५ *छोरी पुकार* कवितामा आमाको मृत्यु, बाबाले अर्की बिहेपछि भोग्नुपर्ने छोरीको पीडा व्यक्त गरिएको छ।

५६ *बेरङ्गीन तीज* कवितामा विधवाले पनि रङ्गीन तीज मनाउन आग्रह गरिएको छ ।

५७ *जालोभित्र लुकेको चेहरा* कवितामा वियोग पीडा अतीत बनेर झस्काएको अभिव्यक्ति रहेको छ ।

५८ *सपनाको महल कवितामा* सपनमा बितेका प्रिय आएको र हाँसखेल गरेको सम्झना छ ।

५९ *तिमीलाई भन्दा मलाई बढी चोट* कवितामा सन्तानले आमालाई पीडा नहोस् भनी लुकाएको अभिव्यक्ति रहेको छ ।

६० *लोकतन्त्र आएको छैन कवितामा* देशभक्ति र राष्ट्रप्रेमको अभिव्यक्ति रहेको छ ।

६१ *सुहागरात* कवितामा सुहागरातको क्षणको संझना गरिएको छ ।

६२ *थाहै नपाई जन्मेछ कवि* कवितामा वियोगपीडा र अशान्तिले आफू कवि बनेको अभिव्यक्ति छ।

६३ नारी भई जन्मनु गर्व हो कि श्राप कवितामा नारीले भोग्नुपर्ने दुःख, वेदना र कष्टको चित्रण गरिएको छ ।

६४ *म अछुत होइन* कवितामा अछुत भनी कसैप्रति नराम्रो भाव राख्न नहुने अभिव्यक्ति रहेको छ।

६५ *नयाँ नौलो साथी कुनै रोज्नु* कवितामा सपनामा आएर नयाँ साथी रोज्न भनेको कुरा छ ।

६६ हजार पुरुषको शक्ति समेटेर बनेकी एक महान् नारी कवितामा नारीको शक्तिशाली स्वरूपको चर्चा गरिएको छ ।

सालु- यो संवादात्मक कथाको रूपमा उपस्थित छ । यसमा मुख्य पात्र सालु राजा छन् जो भागेर दार्जलिङ्गमा गई विवाह गर्दछन् । उनकी छोरी जन्मने बेलामा बाबुको मृत्यु हुन्छ । सालु छोरी लिएर श्रीमान्को घरमा पुग्छे । जेठाजुद्वारा बलात्कृत बन्न पुग्छे । अन्तमा वेश्या जीवन बिताउँछे । यसै क्रममा एक होटलको मालिकले छोरीसहित उसलाई स्वीकार्छ र सुखसँग जीवन बिताउँछन् । यसमा नारीलाई गरिएको दुर्व्यवहार, अत्याचार र अन्यायको पर्दाफास गरी सबै नारीलाई असल आँखाले हेर्न अनुरोध गरिएको छ ।

### ४.१८.१.२ संरचना

आफ्नो जीवनीको दुःख, पीडा र वियोग गाथा जस्तो देखिएको प्रस्तुत कृतिमा ६८ वटा कविताहरू र एउटा कथा जम्मा ८२ पृष्ठमा फैलिएका छन् । सरल, सहज र सरस सामान्य बोलीचालीको भाषामा यस सङ्ग्रहको संरचना तयार भएको छ । वार्णिक अशुद्धि र घटनाक्रमको क्रमभङ्गता यसमा भेटिएका छन् । अङ्ग्रेजी शब्दहरू अङ्ग्रेजीमै लेखिएका छन् । यो सङ्ग्रह शोककाव्यको रूपमा मिल्दो खालको देखिएको छ । २-३ वटा कविताबाहेक सबै कविताहरू वियोग पीडाका कथाव्यथा र भावनात्मक तथा सरल बिम्बमा आधारित रहेर निर्माण गरिएका छन् ।

### ४.१८.१.३ निष्कर्ष

**विश्वासपछिको वियोग** कवितासङ्ग्रह वियोग गाथा र शोक काव्यको रूपसँग मिल्दो छ । यो पढेर कृपा श्रेष्ठको जीवनी थाहा पाएजस्तो अनुभव हुन्छ । यसको कथा व्यथाले दया जगाउँछ । सहानुभूति दिन मन लाग्छ । भर्खर लेख्न थालेकी कृपा श्रेष्ठको साहित्यप्रतिको झुकाव विश्वास र आस्था रहिरहोस्। यस कृतिले चितवनका नारी साहित्यिक इतिहासमा योगदान पुऱ्याएको छ ।

## ४.१९ गीता लामिछाने

गीता लामिछानेको जन्म वि.सं. २०१९ श्रावण ५ मा दमेक गा.वि.स. ४ , बाग्लुङमा भएको थियो । चितवनलाई कर्मथलो बनाएर रत्ननगर न.पा. ३ मा स्थायी बसोवास गर्दै आएकी लामिछानेले आइ.ए. सम्मको अध्ययन गरेकी छन् । सानै उमेरदेखि साहित्य लेखन र अध्ययनमा रूचि राख्ने  गीता लामिछानेको संयुक्त कृतिका रूपमा **गण्डकी साहित्य पीयूष** (२०६२) प्रकाशित छ भने पुस्तकाकार कृतिका रूपमा पहिलो कृति **म पनि गुराँस हुन पाए** कवितासङ्ग्रह प्रकाशित छ। चितवनको साहित्यिक विकासमा लामो समयदेखि सङ्घर्ष गरेर साहित्यिक उन्नति र विकासमा योगदान पुऱ्याउने एक कुशल शिल्पी, भद्र, शालीन र मृदुभाषी स्रष्टाको रूपमा यिनलाई लिइएको छ । विशेषगरी कविता विधामै रमाउन चाहने लामिछानेले निकै ओजपूर्ण र सशक्त रचना गरेकी छन् ।

केशवराज आमोदीका अनुसार कवयित्री गीता लामिछाने नेपाली कविता काव्य फाँटकी उदीयमान, प्रतिभाशाली तथा स्वतन्त्र चिन्तन परायणा नारी स्रष्टा हुन् ।[८९] विगत केही बर्षदेखि निरन्तर रूपमा काव्य साधनमा लागेकी गीता लामिछाने साहित्यिक सचेतना, देशभक्ति, राष्ट्रियता, नारीलाई भोग्याका रूपमा मात्र लिने सामन्तवादी प्रवृत्ति र संस्कारको विरोध गर्दै अमानवीय व्यवहारप्रति तीव्र व्यङ्ग्य गर्न सफल रहेकी छन् ।

### ४.१९.१ म पनि गुराँस हुनपाए

**म पनि गुराँस हुन पाए** गीता लामिछानेको २०६४ सालमा प्रकाशित कवितासङ्ग्रह हो । नारी सचेतना, हक र अधिकार, राष्ट्रियताप्रति सचेत रहँदै बुलन्द आवाज उठाउने कविताहरू यसमा सङ्कलित छन् । यसमा जम्मा ५२ वटा गद्य कविताहरू सङ्कलन भएका छन् । केशवराज आमोदीका अनुसार यस सङ्ग्रहका कविताहरू स्तरीय र तिख्खर बन्दै चुलिँदै गरेका छन् । पिएर तलतल नमेटिने, उकालीको चिसो पानी जस्तै निर्मल, शीतल, मधुर र पेयात्मक बन्दै गएका उनका कविताहरू सामाजिक विकृति र विसङ्गतिका विरोधमा उत्रिएका जनलहर जस्तै ऊर्ध्वगामी

[८९] केशवराज आमोदी, *विम्व प्रतीकको सुन्दर संयोजनमा* ***म पनि गुराँस हुन पाए,*** **म पनि गुराँस हुन पाए,** गीता लामिछाने (चितवनः वाल्मीकी साहित्य सदन, २०६४) पृ.भूमिका ।

अविजयोन्मुख छन् ।[९०] स्वदेश प्रेम र मातृभक्तिको गुणगान गाउनु, युद्ध विभीषिका, नेतृत्वपङ्तिका भेदभावपूर्ण कार्यशैलीप्रति असन्तुष्टि र व्यङ्ग्यका स्वरहरू गुञ्जयमान गर्दै यस सङ्ग्रहका कविताहरू अघि बढेका छन् ।[९१] यस कृतिमा प्रेम प्रणयका, नारी पीडा, नारी हुनुको वेदना, समाजले गरेको अन्याय र शोषण तथा अस्तित्वविहीन जीवनको उपज मानिएको छ ।

### ४.१९.१.१ विषयवस्तु

**म पनि गुराँस हुन पाए** कवितासङ्ग्रहमा विभिन्न खालका विषयवस्तुहरू रहेका छन् । विशेष गरी नारीवादी अस्तित्वका लागि सङ्घर्ष र विद्रोहात्मक स्वर यसमा पाइन्छ । यसमा कविता दर्शन, प्रकृति दर्शन, सस्कृति दर्शन, धार्मिक दर्शन, आर्थिक दर्शन, राजनितिक दर्शन, सामाजिक दर्शन, नारी मानवतावादी र युगबोध दर्शनले सुन्दर कृतिको निर्माण भएको छ । विषयवस्तुको तारतम्यमा आफ्नै मातृभूमि नेपालका सुरम्य हिमशृङ्खला र यिनैको आङ्गिक परिवेश अनि जीवनका प्राप्ति वा अप्राप्तिजन्य परिवृत्तहरू नै छन् । विभिन्न बिम्ब र प्रतिकाहरूको प्रयोग गर्दै कतै प्राकृतिक चित्रण पाइन्छन् भने कुनै कविताले मानवीय विनाशको भविष्यवाणी गर्न पुग्दछन् । कुनै कविताका विषयवस्तु कर्मशील बनेर आफ्नो राष्ट्रलाई अगाध माया गर्नुपर्ने रहेको छ भने कुनै कवितामा नारीले आफ्नो हक र अधिकारका लागि सङ्घर्ष गर्न आव्हान गरिएको छ । यसरी प्रेमप्रणयदेखि देशप्रेम, क्रान्ति, विद्रोह, सङ्घर्ष, शान्ति आदि विभिन्न विषयवस्तुलाई समेट्दै यस सङ्ग्रहका कविताहरू आएका छन् । यसमा रहेका कविताहरूका भावहरूलाई छोटकरीमा निम्नलिखित रूपमा उल्लेख गरिएको छ :

१ *आँखा* कवितामा सार्थक जीवनका लागि परोपकार र शान्तिका लागि आह्वान गरिएको छ ।

२ *मेरो माटो र म* कवितामा मानव अस्तित्वको उल्लेख गर्दै दिगो शान्तिको कामना गरिएको छ ।

३ *मन* कवितामा प्रतीकाात्मक रूपमा नारी वेदना अस्तित्वहीन जीवनको उल्लेख गरिएको छ ।

४. *आजकाल म झस्किन थालेको छु* कवितामा हत्या, हिंसा र पीडाग्रस्त देशको चित्रण गरिएको छ।

५. *आकाशको गहिराइ* कवितामा अशान्ति हटाई दिगो शान्ति कायम गर्न चाहेको अभिव्यक्ति

[९०] पूर्ववत्
[९१] पूर्ववत्

रहेको छ ।

६. *कालीगण्डकीसँग साक्षात्कार* कवितामा कालीगण्डकीसँग भलाकुसारी र प्राकृतिक मोह रहेको छ।

७. *जिन्दगी* कवितामा सङ्घर्षशील र जोखिम जीवनको अर्थ व्यक्त गरिएको छ ।

८. *जिजीविषा* कवितामा दुःख र पीडाले ग्रसित र त्रसित भएर सार्थक जीवनको प्रार्थना गरिएको छ।

९ *अनुहार* कवितामा सत्य र सत्मार्ग बिर्षेका आजका मान्छेप्रति व्यङ्ग्य गरिएको छ ।

१०. *बा खोइ हाम्रो घर?* कवितामा पूर्व स्मृतिबाट सुखदुःखको चर्चा र सुन्दर घरको खोजी गरिएको छ।

११. *बादल* कवितामा सुन्दर प्रकृतिको चर्चा गर्दै धर्तीको सुन्दरताको हराएको भनिएको छ ।

१२. *ऊ मरेकै छैन* कवितामा देशका लागि ज्यान दिने देशभक्त अमर सहिदको चर्चा गरिएको छ ।

१३. *काठमाडौं* कवितामा अभाव, पीडा र खतरापूर्ण अवस्था र काठमाडौंप्रतिको मोह रहेको छ ।

१४. *जीवन कवितामय छ* कवितामा जीवन र कविताको तादात्म्य देखाउँदै जीवन बुझ्न कविता बुझ्नुपर्ने अनि मात्र सुखद जीवन पाउने भाव व्यक्त गरिएको छ ।

१५. *पानी र जीवन* कवितामा सुख-दुःखमा पानी झैँ बग्नुपर्ने कुरा व्यक्त गरिएको छ ।

१६. *विचार* कवितामा शुद्ध विचार, उत्साह, जाँगरले संसार परिवर्तन गर्न सक्ने कुरा प्रस्तुत गरिएको छ ।

१७. *म पनि गुराँस हुन पाए* कवितामा दीनदुःखीको सेवामा लागेर गुराँस बन्ने कल्पना गरिएको छ ।

१८. *बाँचेको अभिनय* कवितामा विकृति, अभाव आदि अर्थहीन जीवनको निराशाजनक प्रस्तुति छ ।

१९. *दासता* कवितामा नारी हुनुको पीडा, पुरुषले गरेको अन्याय र शोषणको यथार्थता रहेको छ ।

२०. *फूल हो जीवन* कवितामा जीवनलाई घाम पानी शीत सहेर बाँच्ने फूलसँग तुलना गर्दै अरुलाई खुसी पार्न बाँचेको तथ्य पेस गरिएको छ ।

२१. *यो असार हो* कवितामा नयाँ सिर्जनाको समयका रूपमा असार महिनालाई उल्लेख गरिएको छ।

२२. *परदेशमा रोएको मन* कवितामा मातृभूमिको अगाध आस्था र मायाले सताएको भनिएको छ ।

२३. *आमा* कवितामा आमाको त्याग, निःस्वार्थ प्रेम र विशाल हृदयको चर्चा गर्दै उनकै इच्छाअनुसार सन्तान बनून् भन्ने भावना व्यक्त गरिएको छ ।

२४. *गुलाफ* कवितामा आफ्नो वात्सल्य प्रेमले स्थान नपाएको गुनासो गरिएको छ ।

२५. *देउराली* कवितामा सबैको भलो चाहने र सुख र आराम दिने देउरालीको चर्चा गरिएको छ ।

२६. *म त सिङ्गो देश रहेछु* कवितामा राष्ट्रिय स्वाभिमानको गीत गाएर स्वदेशमै पुनर्जन्म पाउने आशय छ ।

२७. *यात्रा इराकको* कवितामा मातृभूमिलाई छाडेर विदेशिने नेपालीको कारुणिकताको चित्रण गरिएको छ ।

२८. *पसिना* कवितामा मिहिनेत र परिश्रमले मानिसलाई उच्च स्थानमा राख्ने धारणा रहेको छ ।

२९. *घरहरू* कवितामा घरले निर्जीव भएर मानिसलाई बास र सास धानेको उदाहरण दिइएको छ ।

३०. *उनको छोरो हरायो* कवितामा परिस्थिति र दैवले ठगेर जीवनको एकमात्र आशा र भरोसा छोरा हराएको आमाको अवस्थाको चित्रण गरिएको छ ।

३१. *सफल जीवन* कवितामा झरना झैँ आफ्नो कर्तव्यमा तिरोहित भएर राष्ट्रको स्वभिमान बोक्ने सफल जीवन पाउने आशा व्यक्त गरिएको छ ।

३२. *फूल र जीवन* कवितामा विभिन्न दुःख भोग्दै मर्नुपर्ने जीवनको चर्चा गरिएको छ ।

३३. *कान्छा दाइ* कवितामा कर्मशील बनेर यही धर्तीमा पसिना चुहाउनु पर्ने उल्लेख गरिएको छ ।

३४. *चितवनको सम्झना* कवितामा आफ्नो दुःखसुखको थलो चितवनको वियोगको पीडा व्यक्त छ ।

३५ *षोडशीलाई देखेपछि* कवितामा प्रतिकाात्मक रूपमा प्रकृतिलाई षोडशीको रूपमा वर्णन गरिएको छ ।

३६. *स्वयम् ईश्वर हुन नारी* कवितामा सृष्टिका वाहक, कर्मशील, कर्तव्यपरायण शान्त, निःस्वार्थ नारी जातिलाई ईश्वरको रुप दिइएको छ ।

३७. *विचलित मन* कवितामा नारीले परघर गएर पराइलाई आफ्नो मान्नु पर्ने अवस्थाको चित्रण छ ।

३८. *दुर्घटना* कवितामा मायाजालमा परेर सुन्दर जीवन समाप्त भइसकेको चर्चा गरिएको छ ।

३९. *लोकतन्त्र* कवितामा नाम मात्र फेरिएर आएको लोकतन्त्रले देशमा कुनै परिवर्तन नआएको, सुख, शान्ति देख्न नपाएको अवस्थाको चित्रण गरिएको छ ।

४०. *सम्बन्ध* कवितामा लिङ्गभेद, भ्रम मात्र भएको धारणा व्यक्त गरिएको छ ।

४१. *आँसु* कवितामा मातृप्रेमको पीडाको वर्णन गरिएको छ ।

४२. *सहरमा* कवितामा सहरका असभ्य सभ्यताप्रतिको व्यङ्ग्य गरिएको छ ।

४३. *आजकल मान्छेहरू* कवितामा मान्छेको स्वार्थी र दानवीय प्रवृत्तिको खुलासा गरिएको छ ।

४४. *तिमी आऊ* कवितामा गरिबीले विदेशिएका आफन्तलाई घर फर्कन सन्देश व्यक्त गरिएको छ ।

४५. *माकुरी* कवितामा नारीलाई माकुरोको संज्ञा दिँदै दासी र बुहार्तनको परम्परा त्यागेर क्रान्ति र परिवर्तनका लागि आह्वान गरिएको छ ।

४६. *नारायणीको तीरमा* कवितामा परिश्रमी नारायणी नदीलाई आफ्नो जीवनसँग तुलना गरिएको छ।

४७. *म रुँदा* कवितामा रुनुलाई स्वाभाविक प्रकृया ठान्दै रुनुमा सन्तुष्ट भएको अभिव्यक्ति रहेको छ ।

४८. *मान्छे* कवितामा संसार विजयी मान्छे सृष्टिको परिपालक र संहार हातमा लिएको छ भन्दै मान्छेलाई प्रकृतिको उपहार मानिएको छ ।

४९. *कैद भएँ म* कवितामा नारीलाई पराइघरमा पराइको इसारामा चल्ने कुकर्म र कुसंस्कारभित्र जकडिएर आजीवन नजरबन्दमा बस्नुपरेको संज्ञा दिइएको छ ।

५०. *ऊ नेता बन्न लायक छ* कवितामा भ्रष्ट र फटाहा नेताहरूको व्यवहारको खुलासा गरिएको छ।

५१. *दृष्टिभित्रको आकार* कवितामा आफूमाथि विजयोत्सव मनाउने आकारप्रति हार स्वीकार गरिएको छ।

५२. *रङ्गमञ्च हो जीवन* कवितामा हाँसो, खुसी, राग, अनुराग, उमङ्ग देखाएर उकाली ओराली र रगतले रङ्गाउनुपर्ने जीवनलाई रङ्गमञ्चको प्रतिकाका रूपमा पेस गरिएको छ ।

यसरी विभिन्न भाव वा विचारलाई आफ्ना दृष्टि मिसाउँदै कवयित्रीले वैयक्तिक पीडा, मानसिक उद्विग्नता, प्रकृति प्रेम, राष्ट्रिय समुन्नति र विकास, युद्ध विभीषिका आदि भावनालाई छताछुल्ल पारेकी छन् । समग्रमा केही पर्ङ्Œhहरूलाई यसरी प्रस्तुत गरिएको छः

क) धर्म, संस्कृति र परम्पराको जालोमा जकडिएको, पीडा र वेदना भोग्नु परेको अभिव्यक्ति रहेको एक कवितांश यसप्रकार रहेको छः

मलाई नै अचानो बनाएर
मेरै घाँटी रेटिरहेछ मेरो जीवन
जीउने आशामा बाँचेको मलाई (पृष्ठ - ११)

ख) मान्छेको बुद्धि, विवेक र चतुरताले निम्त्याएको समस्या रहेको कवितांश यसप्रकार रहेको छः

कतै मुटु जुटाउने अणु हो मान्छे

कतै मुटु टुटाउने परमाणु हो मान्छे

मृत्युपछि फुल्ने सृष्टिको सार (पृष्ठ-६५)

ग) मातृभूमिप्रति आस्था र भक्ति रहेको एक कवितांश यसप्रकार रहेको छः

म बाँच्छु जति बाँच्छु यहीँ बाँच्नु रहेछ

शरीर छोडेर गए पनि

फेरि यहीँ जन्मनु रहेछ। ( पृष्ठ-३७)

घ) आफ्नो कर्मथलो चितवनलाई बिर्सन नसकेको भाव रहेको एक कवितांश यसप्रकार रहेको छः

तिम्रा हरेक गोरेटोहरू

मेरा नशा बनिसकेका रहेछन्

हरेक गाउँ टोल मेरा अभिन्न अङ्ग ( पृष्ठ-४०)

ङ) मातृपीडाको अभिव्यक्ति रहेको एक कवितांश यसप्रकार रहेको छः

मेला पातमा आँसु

हुर्क्यो बढ्यो छोरो

जाज्वल्य बन्यो

एकदिन छोरो नै हरायो

आखिर आमाहरूको

जीवन नै आँसु (पृष्ठ- ५७)

च) नीति सन्देशमूलक अभिव्यक्ति रहेको एक कवितांश यसप्रकार रहेको छः

बिस्तारै चाल्नुपर्छ

जिन्दगीका पाइला

हल्का हावाले निभ्न सक्छ

सिसमहलभित्रको दियो

छ) परदेशिएका व्यक्तिका मनका पीडाको अभिव्यक्ति रहेको कवितांश यसप्रकार रहेको छः

किन दुख्छ मातृत्व परदेशमा यसरी

किन चस्किन्छ छाती परदेशमा बेसरी (पृष्ठ- ६०)

समग्रमा मानिसका  कथाव्यथाहरू खरोरूपमा उभिएका छन् । राष्ट्रभक्ति, नारी पीडा धर्म, संस्कृति र परम्परा जस्ता अभिव्यक्तिबाट यसमा ज्ञानको सन्देश छर्न खोजिएको छ ।

### ४.१९.१.२ लय र बिम्बविधान

**म पनि गुराँस हुन पाए** कवितासङ्ग्रह मुक्तलयमा रचना गरिएको छ । गद्य शैलीमा रचित

कविताहरूभाव र शैलीको दृष्टिकोणबाट जति संप्रेषणीय हुन्छन् उति नै बिम्ब र प्रतिकाको सुन्दर संयोजनमा बान्किँदै पदलालित्य र अर्थ गौरवले ओतप्रोत हुन्छन् ।[९२] यसमा बिम्ब र प्रतिकाका सुकुमार प्रस्तुति पाइन्छ । कवयित्रीले षोडशीलाई देखेपछि प्रस्तुत गरेको विम्वलाई यसरी लिन सकिन्छः ए रूपकी रानी

तिमी घाम झैँ पवित्र छौ

पानीभन्दा कञ्चन छौ

फूलभन्दा कोमल (पृष्ठ-४८)

यसमा रानी प्रजावत्सल बनेर घामले जस्तै संसारलाई पवित्र बनाउनु पर्ने भाव व्यक्त गरिएको छ।

### ४.१९.१.३ भाषाशैली

प्रस्तुत कवितासङ्ग्रह सरल, सहज र सरस रहेको छ । नेपाली ग्रामीण परिवेशमा हुने गरेका शब्दहरूले बढी महŒव पाएका छन् । कविता विधा भएकाले भाषिक विचलन भने यदाकदा पाइन्छन्। शब्दढुकुटीबाट उपयुक्त शब्द झिकेर उपयुक्त प्रयोग गरिनु बाटै उनको ज्ञानभण्डार विस्तृत रहेको बुझ्न सकिन्छ । समग्रमा कृतिको बाह्य संरचनामा भने केही कमजोरीहरू रहे पनि बिम्ब र प्रतिकाको प्रचुर प्रयोग शाब्दिक छनौट मिठासयुक्त भएकोले यस सङ्ग्रहका कविताहरूका भाषाशैली सरल, सरस र श्रुतिमधुर बनेका छन् ।

### ४.१९.१.४ निष्कर्ष

गीता लामिछानेको **म पनि गुराँस हुन पाए** कवितासङ्ग्रहका कविताहरू स्तरीय र भाव गाम्भीर्यपूर्ण छन् । जीवन र जगत्को वास्तविक छवि चित्राङ्कन गरिएको छ । धर्म, संस्कृति,

---

[९२] पूर्ववत्

परम्परा आदिले परिपूर्ण छन् । पुराना मूल्य र मान्यताहरूलाई हटाउँदै नयाँ मूल्य र मान्यता स्थापनामा कविताहरू सक्रिय छन् । यस कविताकृतिभित्र प्रेम, प्रणय चेतना, वैयक्तिक पीडा, मानसिक उद्‌विग्नता, लोकसमुन्नति, राष्ट्रप्रेम, प्रकृतिप्रेम, युद्ध र क्रान्तिको विरोध पाइन्छ । समग्रमा नारी अस्तित्व र महिलामुक्तिको आवाजलाई सशक्त रूपमा उठाएर आफ्नो कविता कृतिका माध्यमबाट लामिछानेले नेपाली साहित्यमा उत्तर आधुनिक युगमा नयाँ उचाइ थप्ने कार्यमा हातेमालो गर्न पुगेकी छिन् । ज्ञानु अधिकारीका अनुसार यस कविताकृतिभित्र मुख्य रूपमा नारीवादी स्वरलाई सशक्त रूपमा चित्रण गर्ने कवयित्रीका काव्यिक चेतना अग्रगामी प्रवृत्ति बोकेर अगाडि बढेको देखिन्छ ।[९३] समग्रमा भन्नुपर्दा मुक्तलय वा गद्यशैलीमा भाव वा शैलीका दृष्टिकोणबाट संप्रेषणीय छन्। **म पनि गुराँस हुन पाए** कवितासङ्ग्रह बिम्ब र प्रतीकको सुन्दर संयोजनमा बान्किदै पदलालित्य र अर्थ गौरवले ओतप्रोत रहेको छ ।

## ४.२० नमूना शर्मा

नमुना शर्मा चितवनकी प्रगतिशील साहित्यकार हुन् । कविता, गीत र गजलमा लामो समयदेखि कलम चलाउँदै आएकी शर्मा सिर्जनशील गीतकार र मधुर स्वरकी धनी मानिन्छिन् । वि.सं. २०२५ साल फागुन २५ गते पोखरीथोक गोरखामा जन्मेकी शर्मा तनहुँको पुर्कोटमा हुर्केकी थिइन् । हाल भरतपुर नगरपालिका क्षेत्रपुरमा उनको स्थायी बसोवास छ । जनसांस्कृतिक मञ्चकी केन्द्रिय सदस्य प्रगतीशिल लेखक संघ, नेपाल, साहित्य सङ्गम चितवन, अभिव्यञ्जना साहित्य प्रतिष्ठान चितवन, शब्द संयोजन साहित्यिक मासिक चितवन आदि जस्ता थुप्रै संघ संस्थाहरूमा संग्लन रहँदै आएकी शर्माले पारिजात बालसाहित्य पाण्डुलिपि विशेष सम्मान २०६३ समेत प्राप्त गरिसकेकी छन् । आफ्नो माता शारदा तथा पिता खेम भण्डारी दुबै गीतकार हुनाले साहित्यिक र सङ्गीतमय बातावरणमा हुर्केकी शर्मा चार पाँच वर्षको उमेरदेखि नै गीत गुनगुनाउथिन् । नमुना शर्माका हालसम्म २ वटा तीजको गीत **कुरीतिलाई फालौं** र एउटा तीजको गीत **कोशेली** प्रकाशित भइसकेका छन् । उन्मुक्तिका पाइलाहरू गीतिसङ्ग्रह पूर्णतः प्रकाशनका लागि तयारी भइसकेको छ

[९३] ज्ञानु अधिकारी, *गीता लामिछानेका **म पनि गुराँस हुन पाए** कवितामा नारीवादी स्वर*, सम्प्रेषण पत्रिका (चितवनः सम्प्रेषण पत्रिका समसामयिक संकलन, २०६६) पृ. ८१ ।

भने आकाश छानो मेरो बालकविता सङ्ग्रह तथा भविष्यका तारा बालकविता सङ्ग्रह प्रकाशोन्मुख कृतिहरु हुन् ।

शर्माका गीतहरुमा देशभक्ति, राष्ट्रियता, स्वतन्त्रता प्रगतिशिल जनचेतना तथा क्रान्तिकारी श्वर पाइन्छन् । नारी हक र हीतका लागि मुट्ठी कसेर लड्न नारीहरूलाई अनुरोध गरिएका छन् । रुढीवादी परम्परालाई तोड्दै सबैलाई एकजुट हुन अनुरोध गरिएका छन् । लोकतान्त्रिक जागरण, महिला श्रमजीवि र दलित, सास्कृतिक आलोकको विकास, राष्ट्रिय एकताको उद्घोष, अन्याय अत्याचारको विरोध आदि आ□ना गीत र सुरिलो कण्ठबाट खुलेर गुञ्जाउने शर्माले गजलहरूमा पनि देशभक्ति र ज्ञानका कुरा दर्शाउन पुगेकी छन् । अध्यापन पेशा अंगालेर घर परिवार, विभिन्न कार्यक्रम र सभा समारोहमा उपस्थित हुनु नै उनको साहित्यप्रतिको झुकाव हो भन्न सकिन्छ ।

### ४.२०.१ **कुरीतिलाई फालौं** (तीज गीत सङ्ग्रह भाग - १)

सुरिलो स्वरकी धनी नमूना शर्मा सानै देखि सभा समारोह तथा विभिन्न गायनका क्षेत्रमा सहभागी हुँदै आए पनि गीत प्रकाशन भने वि.सं. २०६१ सालमा प्रथमपटक **कुरीतिलाई फालौं** नामक तीज गीतबाट सुरू गरेकी हुन् । कृष्णहरि देवकोटाले प्रकाशन गर्नुभएको उक्त पुस्तकमा २१ वटा शीर्षकहरु रहेका छन् । *घरभित्रको लडाई, हामी रोयौ भने पृथ्वि रुनेछ, माइतीको दुर्दशा, नपढेकी छोरीको बिलौना, माइतीघरको सम्झना हाम्रा, बाबले दिएको पछ्यौरी फेसन, दुःखीको जीवन, किसानको व्यथा, कसैले नि बुझ्नेन मेरो बेदना, प्रजातन्त्र झुत्रे झाम्रेलाई आएन, परदेशीको सम्झना, रक्सीको विकृती। लडाईँ र झगडाको बाटो रोकिदेऊ, दाइजोको कुचलन, घुम्दै आयो तीज, बाढी र पैह्राको क्षति, छोरा र छोरीमा भेदभाव नगर, सुन्दिन बाबा, नरोइ बस, र गरौँ रमाइलो* शीर्षकका गीतहरू यस सङ्ग्रहमा संकलित गरिएका छन् ।

आकार प्रकारले सानो देखिए पनि खाँदिएका अक्षरहरू अनि शब्दावलिले धेरै विषय र पक्षलाई छुन पुगेका छन् । मुलतः नारीका पीडा, परिवर्तन र क्रान्तिकारी स्वर सुसेल्दै तीजकोलाई तयार पारिएको कोशेली गीतको रूपमा यसलाई प्रकाशन गरिएको पाइएको छ । यसभित्र दुःखी जीवनको कथा व्यथा, किसानका दुःख देखि लिएर दैवी प्रकोप बाढी र पहिरोको क्षतिजस्ता कुराहरूलाई पनि उठाइएको छ ।

### ४.२०.२ कुरीतिलाईं फालौँ (तीजको गीत सङ्ग्रह भाग - २)

प्रस्तुत कृति नमूना शर्मा देवकोटाको वि.सं. २०६३ सालमा प्रकाशन भएको हो । यो उनको प्रकाशित दोस्रो कृति हो । पहिलो शीर्षककै भाग - दुई भनेर यसलाई नामाकरण गरिएको छ । कृष्णहरि देवकोटाको प्रकाशनमा प्रकाशित यस कृतिमा जम्मा ८ शीर्षकहरूका गीत समावेश गरिएका छन् । आकार प्रकारको दृष्टिले यो अलिक सानो देखिन्छ । *बार्ता सफल पारौँ, गणतन्त्रको लहर, लोकतान्त्रिक आन्दोलन, रक्सी बन्द गरौँ, चाहिदैन शिरफूल, नेताहरू हाँसि राखे, दाइजोको कुप्रथा, आफ्नो शक्ति चिनौ* शीर्षकका गीतहरू यसमा रहेका छन् ।

समग्रमा हेर्दा यो शीर्षकका गीतहरू देश र जनताका चिन्ता गरी राष्ट्रप्रेमी गीतकरका रूपमा शर्मालाई लिइएको छ । गणतन्त्रको माग बढेको बेला खुलेर तानाशाहको विरोध गर्ने शर्माले कुप्रथा हटाउनुपर्ने जनताको शक्तिले देश अघि बढाउनु पर्ने आदि कुरा गीतका माध्यमबाट व्यक्त गरेकी छन् । गीतमा बलत्कार गर्ने र दाइजो लेनदेनलाई कडा कारबाही गर्नुपर्छ भन्दै नेताहरुलाई होसियार रहन समेत चेतावनी दिइको छ ।

### ४.२०.३ कोशेली

समाज परिवर्तनका लागि नारी आवाज (तीजको गीत) प्रस्तुत कृति नमूना शर्मा देवकोटाको वि.सं. २०६४ सालमा प्रकाशित कृति हो । यसका प्रकाशक पनि कृष्णहरि देबकोटा रहेका छन् । यस सङ्ग्रहभित्र जम्मा १५ शीर्षकमा गीतहरू रहेका छन् । शहिदलाई श्रद्धाञ्जली, नारीले सोचेजस्तो भाछैन, नारीलाई धार्मिक बन्धन, संसारलाई हँसाउने बालकविता, सविधान सभा चाहिन्छ, एकता टुट्नु हुँदैन, स्वदेशमै श्रम पोख्नुपर्छ, नयाँ नेपाल बनाऊँ, बर्षदिनको तीज, छोराछोरी बराबरी, चेली बेटी बेचविखन, आमको सम्झना, नाङ्गेझार पारौँ, छोरीलाई दाइजो हैन शिक्षा देऊ, रक्सी  र चुरोट नखाउँ शीर्षकका गीतहरू रहेको यो गीत सङ्ग्रहमा मूलतः देश निर्माण, एकता, स्वदेशप्रेम जस्ता कुराहरू रहेका छन् । रक्सी र चुरोट हटाउनु पर्ने तथा दाइजो लिन नहुने अनि चेलीबेटी बेचविखनका कुराहरू यस पुस्तकमा परेका छन् ।

समग्रमा उनका गीतहरूले समाज परिवर्तन गर्न चाहेका छन् । देश निर्माणका लागि उद्यत छन् । अनि कुरीति र कुसंस्कारका जालो फाल्न तयार देखिन्छन् । नारी मुक्ति आवाज उठाएका छन् भने तीजपर्वको बारेमा रमझम र खुसी तथा आमाको सम्झना समेत गरिएको छ ।

### ४.२०.४ गजलपथका यात्रीहरू (सहलेखन)

प्रस्तुत गजलसङ्ग्रह चितवनका ३० जना गजलकारका उत्कृष्ट गजलहरूको सङ्ग्रह हो । जसमा शर्माका जम्मा ५ वटा गजल रहेका छन् । उनका संकलित गजलहरुमा ज्ञान र सन्देश, राष्ट्रिय एकता, प्रकृति प्रेम र स्वार्थी प्रवृत्तिको विरोध गरेको पाइन्छ । यस्ता गजलका शेरहरूः

हृदयको चिराग बालेर हेर
कल्मश जति फालेर हेर (पृष्ठ-८६)

मेची काली एक भई आउनुपर्छ अब
शान्तिका यी किरणहरू छाउनुपर्छ अब (पृष्ठ-८७)

समग्रमा उनका गजलहरूमा ज्ञान र सन्देश, राष्ट्रिय एकताको भावना, प्रकृति प्रेम र मानिसको स्वार्थी प्रवृत्तिको विरोध पाइन्छ ।

## ४.२० कल्पना आचार्य

कल्पना आचार्यको जन्म वि. सं. २०४२ साल वैशाखमा चितवन माडीको देवेन्द्रपुरमा भएको हो । वर्तमान समयकी सक्रिय र जल्दोबल्दो नवयुवा कवयित्री आचार्य काठमाडौँमा बसेर स्नातकोत्तर अध्ययन गर्दैछिन् । डी. आर. पोखरेलका अनुसार समसामयिक विषयवस्तु समेटेर आफ्ना विचारहरू पोख्न आचार्य निकै खप्पिस देखिन्छिन् ।[९४] देशभÍŒÊको भावना, सामाजिक परिवर्तनको चाहना, मानवतावादी अभिव्यक्ति, विकृति विसङ्गतिप्रतिको चोटिला कटाक्षका साथसाथै विद्रोहका स्वरहरू उनका कविताका विशेषता हुन् । फुटकर कविताहरू रचना गरी विभिन्न प्रतियोगिता तथा पत्रपत्रिकाहरूमा समावेश देखाउन थालेकी आचार्यले हालसम्म **आमाभित्र देश** नामक कवितासङ्ग्रह प्रकाशन गरेकी छन् ।

---

[९४] डी. आर पोखरेल, *मैले किन मनपराएँ कल्पनाका कविताहरूलाई,* **आमाभित्र देश,** कल्पना आचार्य (चितवनः बोधराज आचार्य, २०६३) पृ. भुमिका ।

## ४.२१ शोभा वस्ती 'प्रतीक्षा'

शोभा वस्तीको जन्म वि.सं. २०४२ साल श्रावण २४ गते गोरखामा भएको हो । पिता अर्जुनप्रसाद वस्ती तथा माता कमला वस्तीको सुपुत्री शोभा वस्ती विशेषगरी गजल सिर्जनामा अग्रसर देखिन्छिन् । हाल भ.न.पा.-८, गौरीगञ्जमा स्थायी बसोवास गर्दै आएकी बालकृष्ण थपलियाका अनुसार उनको गजललाई जस्तो विषयवस्तुलाई पनि प्रस्तुत गर्न सकिने साहित्यिक विधा मान्दछिन् ।[९५] नवप्रतिभामा एक आशालाग्दो किरण उनीमा पाइएको छ । उनको ५ वटा गजलहरू गजलपथका यात्रीहरूमा समावेश भएका छन् भने प्रथमपटक **हाम्रो मझेरी** पत्रिकामा २०६० सालमा गजल प्रकाशन गरेकी थिइन् । स्थानीय पत्रपत्रिका तथा विभिन्न कार्यक्रमहरूमा आफ्ना गजल प्रकाशन गर्दै आएकी छन् ।

**गजलपथका यात्रीहरू** गजलसङ्ग्रहमा उनका ५ वटा गजलहरू रहेका छन् । उनका गजलहरूमा मन परेको प्रिय चुन्न पाऊँ, चोखो प्रेमामृतले सजाउन सकूँ, चोखोमाया सुम्पन पाऊँ, जस्ता मिलन र शृङ्गारका कुराहरू छन् भने प्रियको धोकाले आँशु पिएको, जँड्याहा पतिले दिएको कष्ट, सहनुपरेको पीडा र व्यथा प्रस्तुत गरिएको छ । प्रस्तुत गजलसङ्ग्रहभित्र रहेका गजलका केही शेरहरू यी रहेका छन्:

क) हृदयको चोखो प्रेम दान गरूँ कति ?
हराएर आफैँ तिम्रो मान गरूँ कति ? (पृष्ठ-१३५)

ख) समर्पित छन् हृदयका बात तिमीलाई
सुम्पिदिन आतुर मेरा हात तिमीलाई (पृष्ठ-१३६)

समग्रमा शोभा वस्ती प्रतीक्षाका गजलहरू उत्कृष्ट रहेका छन् । नवपुस्ताकी सृजनशील र कुशल गजलकार 'प्रतीक्षा'मा आगमी दिनमा अझै सुन्दर गजल सिर्जना हुने आशा गरिएको छ।

## ४.२२ सरिता गुरुङ

सरिता गुरुङ वि.सं. ३०३५ साल चैत्र २५ गते चितवनको शारदानगरमा जन्मेकी हुन् । पिता मणिप्रसाद गुरुङ तथा माता भक्तकुमारी गुरुङकी सुपुत्री सरिता गुरुङले नेपाली विषयमा

[९५] बालकृष्ण थपलिया, *चितवनका गजल लेखन विगतदेखि वर्तमान,* **गजलपथका यात्रीहरू,** सम्पा. बालकृष्ण थपलिया (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६१) पृ.१३३

स्नातकोत्तर गरेकी छन् । **गजलपथका यात्रीहरू** गजलसङ्ग्रहमा उनका ५ वटा गजलहरू प्रकाशित भएका छन् । प्रकृति प्रेम, हत्या र हिंसाग्रस्त देशको अवस्थाको चित्रण, माया र प्रेम गाँस्न आउन अनुरोध गरिएको छ । सरस्वती रिजाल र गायत्री श्रेष्ठका अनुसार मूलतः देशप्रेम, प्रकृतिप्रेम तथा रतिरागका कुराहरू उठाएर सुन्दर संयोजन गरिएका गजलहरू यसमा सङ्कलित छन् ।[९६] यस सङ्ग्रहमा सङ्कलित केही गजलका शेरहरू यसप्रकार रहेका छन्:

क) सरिता भई बहन्छु भन्थेँ झरना झैं बग्रेछु
गन्तव्य धेरै टाढा छ सागर पुग्न म सकिन । (पृष्ठ-१७०)

ख) अमृतपान गराएकी थिएँ भयो जहर आज
हत्या हिंसामा रमाउने बढ्यो कस्तो रहर आज । (पृष्ठ-१७१)

यसमा प्रकृतिप्रेम, देशप्रेम तथा रतिरागका कुराहरू उठाएर सुन्दर संयोजन गरिएको छ ।

## ४.२३ सामना पहाड

सुमन सिलवाल(अधिकारी)को साहित्यिक नाम सामना पहाड हो । पिता रामप्रसाद सिलवाल तथा माता सीतादेवी सिलवालकी सुपुत्री सुमन सिलवाल वि.सं. २०३९/९/१५ मा जन्मेकी हुन् । बान्छा- ४, पर्वतमा जन्मेकी पहाड र.न.पा.-८, भानुचोक चितवनकी स्थायी बासिन्दा हुन् । अध्यापन पेसामा संग्लन सामना पहाडले कविता तथा गजलक्षेत्रमा कलम चलाएकी छिन् । उनको **गजलपथका यात्रीहरू** गजलसङ्ग्रहमा ५ वटा गजलहरू सङ्कलित छन् । उनका गजलहरूमा नारी पीडा, दुःखमा जेलिएको जीवन र नैराश्य तथा छोरी भएर बाँच्ने रहर आदि रहेका छन् ।[९७] उनका गजलका केही शेरहरू यस प्रकार रहेका छन्:

फलामको त हैन ज्यान कुट्छौ अझै कति ?
पिँजडाकी चरी कठै चुट्छौ अझै कति ? (पृष्ठ-१७६)

उनले आफ्ना गजल मार्फत नारी पीडा, मानवीय दुर्दशा तथा जीवनका दुःख र दर्दलाई दर्साएकी छिन् । सुन्दर संयोजन सरस भाषाशैलीले उनका गजलहरू उत्कृष्ट बनेका छन् । **नेपाली**

---

[९६] सरस्वती रिजाल र गायत्री श्रेष्ठ, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर, २०६२) पृ.१९

[९७] बालकृष्ण थपलिया, *चितवनका गजल लेखन विगतदेखि वर्तमान,* **गजलपथका यात्रीहरू,** सम्पा. बालकृष्ण थपलिया (चितवनः अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६१) पृ.१५७

**गजलमा नारी हस्ताक्षर**मा सामना पहाडका ५ वटा गजलहरू सङ्ग्रहित छन् । यो वि.सं. २०६२ सालमा राष्ट्रिय स्तरका नारी गजलकारहरूका गजलहरू रमेश शुभेच्छुको सम्पादन र पुष्पलता आचार्यको प्रकाशनमा प्रकाशित भएको छ । १०१ नारी गजलकारहरूका गजलमध्ये सामनाका ५ गजलहरू रहेका छन् । उनका गजलका शेरहरूलाई हेर्दा उनमा अमूल्य जीवनको वास्तविकता प्रस्ट पार्ने कोसिस गरेको पाइन्छ । सृष्टिको अस्तित्व बोक्ने नारीलाई बुझ्न अनुरोध गरेकी छन् भने मिलन र विछोडका कुरा समेत परेका छन् । आफ्नै आमाले छोरी र छोरालाई फरक गर्दाको क्षणमा छोरीको मनमा उठेका कुराहरू पनि व्यक्त भएका छन् । यसमा समावेश गरिएका केही शेरहरूलाई यसरी लिइएको छः

अनमोल छ जीवन यो क्रय विक्रय हुँदैन
प्रयास र सङ्घर्षमा सदा विजय हुँदैन (पृष्ठ- ५९०)

प्रस्तुत सङ्ग्रहका गजलहरूमा नारी उत्पीडन, मानवीय मूल्य, धोकेबाज प्रेमी, प्रेमीले दिने पीडा आदिलाई गजलसूत्रमा कुशलताका साथ ढाल्दै सामनाले गजलहरूको सृजना गरेकी छन् ।

## ४.२४ सजल नयन

भरतपुर नगरपालिका १४ चितवनमा वि.सं. २०४१ असार १८ गते पिता हरिप्रसाद गौतम तथा माता दौपद्री गौतमकी सुपुत्री हुमावती गौतमको साहित्यिक नाम सजल नयन हो । समर्पण साहित्य परिषद् चितवन, गजलमञ्च चितवन जस्ता सङ्गठनमा समावेश हुँदै शिक्षण पेसामा लागेकी सजल नयन चितवनकी नारी हस्ताक्षर हुन् । उनका विभिन्न पत्रपत्रिका तथा **नेपाली गजलमा नारी हस्ताक्षर** गजलसङ्गहमा ५ वटा गजलहरू समावेश भएका छन् । उनका गजलमा शिष्ट प्रेम प्रसङ्ग, नारी मुक्तिका आवाज पाइन्छन् भने उनी सहज, सरल र सरस गजल सृजना गर्न सक्ने शिल्पी हुन् । उनका केही गजलका शेरहरूलाई यसरी लिइएको छः

कहानी त्यही दोहोऱ्यायौ तिमीले
बलेको दियालो निभायौ तिमीले (पृष्ठ- ५४२)

प्रेम प्रणयका प्रसङ्गहरू शृङ्गार रसका उनका गजल सरल र मिठासयुक्त छन् । उनले बहरे मुतकारीब र लोकलय छन्दमा गजल रचना गरेकी छन् ।

## ४.२५ निरुपा प्रसून

निरुपा प्रसून चितवन शिखरवासकी हरिबहादुर ढुङ्गाना र शान्ति ढुङ्गानाकी सुपुत्री हुन् । उनी हाल काठमाडौँमा रहेकी छन् । उनका **अभिलाषा** कवितासङ्ग्रह (वि.सं. २०६३) र **अभिशेष** उपन्यास (वि.सं. २०६६) ज्योति साहित्य प्रतिष्ठान काठमाडौँबाट प्रकाशित छन् । उपन्यास र कविता विधामा उनको कलम चलेको पाइन्छ । नेपाली साहित्यमा निकै चर्चा कमाएकी प्रसून चितवनमा जन्मेकी भएर पनि लामो समयदेखि काठमाडौँमा अस्थायी रूपले बस्दै आएकी छिन् ।

## ४.२६ कृष्णा पौडेल

कृष्णा पौडेल कविता, लघुकथा र समीक्षामा कलम चलाउने नारी हस्ताक्षर हुन् । उनका रचनाहरू **मधुपर्क, गोरखापत्र, नव कविता, मिर्मिरे** आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पौडेल चितवनकी नारी साहित्यकारहरूमध्ये कथा र कविता तथा नियात्रा लेखनमा सक्रिय प्रतिभा हुन् । मूलतः पत्रकार भए पनि यिनको साहित्यिक क्षेत्रमा योगदान छ । यिनका रचनाहरू **मधुपर्क, मधुलिका, मधुश्री, कान्तिपुर** आदिमा प्रकाशित छन् ।[९८] यिनले **'नवकविता'** साहित्यिक पत्रिकाको अनुसन्धान गरेबापत नवकविता पुरस्कार २०५७ समेत प्राप्त गरेकी छिन् । यिनले **मधुश्री** साहित्यिक विविध पत्रिकाको सम्पादक समेत रहेकी छिन् ।

## ४.२७ श्रीमती राधा पौडेल

राधा पौडेल छन्दमा कलम चलाउने चितवनकी नारी हस्ताक्षर हुन् । यिनले तिजका गीतहरूका स-साना पुस्तिकाहरू पनि प्रकाशित गरेकी छन् । यिनले चितवनको खुल्ला कविता प्रतियोगितामा प्रथम स्थान समेत हासिल गरेकी छन् ।[९९] सरलता, लयात्मकता यिनका कवितात्मक विशेषता हुन् ।

## ४.२८ मैना घिमिरे

---

[९८] गायत्री श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर,२०६२) पृ.१९

[९९] पूर्ववत् पृ.३३

नारी वेदना र छटपटीलाई विषयवस्तु बनाएर मैना घिमिरेले गीत रचना गरेकी छन् । यिनका २ वटा गीतका लघु कृतिहरू प्रकाशित छन् ।[१००] यिनका गीतहरूमा पुरुषहरूद्वारा शोषित र पीडित बनेका नारीहरूको जीवनकथा पाइन्छ ।

## ४.२९ सिन्धु गौतम

सिन्धु गौतम कलिलै उमेरदेखि कविता, लघुकथा तथा समीक्षा लेखनमा सक्रिय देखिन्छिन्। यिनका रचनाहरू **मुना, मधुपर्क, मिर्मिरे, कान्तिपुर, गोरखापत्र, मधुलिका** आदि पत्रिकाहरूमा प्रकाशित छन् । यिनका रचनामा विशेष गरेर सामाजिक विसङ्गति देखाइएको छ ।[१०१]

## ४.३० ज्ञानु अधिकारी

ज्ञानु अधिकारी कविता र समीक्षामा कलम चलाउने नारी हस्ताक्षर हुन् । उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । साहित्य लेखन तथा कार्यक्रममा उनी  सक्रिय प्रतिभा हुन् ।

## ४.३१ कमला श्रेष्ठ

कमला श्रेष्ठ कविता विधामा सक्रिय देखिन्छिन् । **मधुपर्क** गायत विभिन्न पत्रपत्रिकामा यिनका रचनाहरू प्रकाशित छन् । यिनको कवित्व अपेक्षाकृत परिष्कृत छाज्ञण्द थोरै भए पनि उत्कृष्ट रचना गर्ने नारी हस्ताक्षरमा यिनलाई लिइएको छ ।

## ४.३२ निष्कर्ष

वर्तमान समयमा चितवनमा नारी हस्ताक्षरहरू धेरै संख्यामा भेटिएका छन् । चितवनभन्दा बाहिर रहेर कृति प्रकाशन गर्ने नारीहरू सबैलाई यसमा समेटिएका छैनन् । कृति प्रकाशन गर्ने  र फुटकर तथा सहलेखनमा कलम चलाएका नारी हस्ताक्षरहरू गरी जम्मा ३१ जना भेटिएका छन् । विधागत रूपमा साहित्यका सबै विधामा कलम चलाएका नारीहरूले एकैजनाले ४ वटा पुस्तक प्रकाशन गरेका छन् भने कतिपय नारी साहित्यकारहरूका साझा कृतिहरू प्रकाशित छन् । समग्रमा

---

[१००] गायत्री श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (चितवनः नारायणी कला मन्दिर,२०६२) पृ.१९

[१०१] पूर्ववत् पृ.३३

[१०२] पूर्ववत् पृ.१९

साहित्यका विविध विधामा कलम चलाउन सक्षम यहाँका नारी सर्जकहरू सजग र प्रख्यातसमेत रहेका छन् । नारी अस्मिता, महिला मुक्तिका टीकाटिप्पणीदेखि लिएर समीक्षा, समालोचना, निबन्ध, कथा, कविता, गीत र गजलका माध्यमबाट साहित्यलाई नै उर्वर बनाउँदै लगेका छन् ।

# परिच्छेद : पाँच

## उपसंहार

ज्ञानविज्ञानका विविध पक्षहरूमा नारीहरूका बारेमा कलम चलेका छन् । नारीका बारेमा टिकाटिप्पणी, समीक्षा तथा समालोचना धेरै पहिलेदेखि नै हुँदैआएको हो तथापि नारी अस्मिता र महिला मुक्तिका आवाज नारी सर्जकहरूबाटै हुनुले नारी साहित्यमा सशक्तता थपेको पाइन्छ । चितवनमा नारी साहित्यकारहरू धेरैपछि मात्र अग्रसर भएका छन् । सामाजिक अवस्था, रुढीवादी सोच र परम्परा, नारीलाई पढाउन हुन्न भन्ने हाम्रो अन्धपरम्परा आदिले महिलाहरूलाई शिक्षाको ज्योतिबाट टाढा राखेको थियो । परम्परा र पुरानो सोचलाई त्यागेर वर्तमानमा महिलाहरू पुरुष सरह साहित्यको विविध विधामा विविध विषयवस्तुहरू समेटेर कलम चलाउन सफल रहेका देखिएका छन् ।

चितवनका नारी साहित्य स्रष्टाहरू भर्खरै मात्र देखा पर्न थालेका हुन् । वि.सं. २०२८(२०२९ सालमा आफ्ना फुटकर कविता र लेखहरू लिएर यहाँका नारीहरू देखा परेका थिए । चितवनमा सर्वप्रथम साहित्यकार गायत्री श्रेष्ठ र सरस्वती रिजाल देखापरेका थिए । साहित्यकार सरस्वती रिजाल **मधुपर्क, मारुनी, वागीश्वरी** आदि विविध साहित्यिक पत्रिकाका लेख रचनाहरूमा देखा परेकी हुन् । अर्की वरिष्ठ नारी साहित्य स्रष्टा गायत्री श्रेष्ठ यसै समयमा **मधुपर्क, गरिमा, समकालीन साहित्य, गोरखापत्र, मधुलिका मारुनी, वागीश्वरी, मधुश्री** आदि पत्रिकाहरूबाट चिनिन पुगेकी छन् । यी दुई साहित्यकार समकक्षी हातेमालो गर्दै अघि लम्कने प्रयास गरिरहेका भेटिएका छन् । तीन दशक मात्र लामो इतिहास बोकेर पृष्ठभूमिमा रहेका नारी साहित्यकारहरूले हाल भने साहित्य रचनालाई तीव्रता दिएका छन् । २०३०-४० को दशकमा मुख्य रूपमा चितवनका साहित्यमा नारी साहित्य स्रष्टाका हातहरू अघि बढ्न थालेका थिए । यस समयमा गायत्री श्रेष्ठ र सरस्वती रिजालले अध्यापन पेसा अँगाल्दै विविध पत्रपत्रिका तथा सभासमारोहमा उपस्थिति देखाएका थिए ।

चितवनमा त्यति पृष्ठभूमि नरहे पनि **मेरी धवला** कथा र कविताका संयुक्त सङ्गालो लिएर जलेश्वरी श्रेष्ठ सर्वप्रथम उपस्थित भएकी छिन् । चितवनबाट पुस्तक प्रकाशन गर्ने प्रथम नारी साहित्यस्रष्टा हुन् तथापि छोटो बसाइमा चितवनबाट कृति प्रकाशन गरेकी र विधागत रूपमा कथा र कविताको दुबैको संयुक्त सङ्गालो भएकाले यो कृति कालगत रूपमा मात्र अग्र स्थानमा रहेको छ । विशुद्ध रूपमा २०४६ सालमा **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण समालोचना** प्रकाशित गरी गायत्री श्रेष्ठले चितवनबाट प्रथम चरणको सर्वप्रथम कृति प्रकाशन गरेको पाइन्छन् । शोध लेखमा आधारित भएकोले यसमा राजनैतिक तथा समाजिक प्रभाव नरहेको समालोचना ग्रन्थका रूपमा यसलाई लिइएको छ। विशुद्ध समालोचना ग्रन्थ भएकोले विधागत रूपमा चितवनकै नारी साहित्य स्रष्टाको प्रथम पुस्तकको रूपमा यसलाई लिइएको छ । वर्तमानसम्म उनका ४ कृतिहरू प्रकाशित भैसकेका छन् । वि.सं. २०५१ सालमा **एक झुल्को घाम** कवितासग्रह प्रकाशित गर्ने अर्की साहित्यकार वि.सं. २०२८ सालदेखि नै साहित्य सिर्जनामा लागेकी हुन् । हालसम्म उनका पनि ४ कृतिहरू प्रकाशित भैसकेका छन् । मुख्य रूपमा कविता, त्यसपछि लघुकथा र समालोचना विधामा कलम चलाएकी रिजालको चितवनको साहित्य सिर्जनामा प्रमुख योगदान रहेको छ । उनी नारी संवेदना, विकृति, विसङ्गति आदिको विरोध तथा ज्ञान र धर्मका पक्षमा वकालत गर्ने सक्रिय साहित्यस्रष्टाको रूपमा चिनिएकी छिन् । यसपछि प्रकाशित अन्य कृतिहरूमा शोभा रानाको **बेवारिसे** (वि.सं. २०५२), हो । यस कृतिले उनलाई चितवनकी प्रथम नारी उपरन्यासकारका रूपमा चिनाएको छ । कल्पना कँडेलको कृति **प्रकृति स्मृति** (२०५३) संयुक्त प्रकाशित कृति हो । चन्द्रवदना घिमिरेको **श्वेता** (दौहितृवियोग) शोककाव्य वि.सं. २०५६ सालमा प्रकाशित कृति हो । उनी छन्दमा शब्द खेलाउन खप्पिस रहेकी छन् । यसपछि प्रकाशित अन्य कृतिहरू मैना घिमिरेको **दुःखीको पुकार** (वि.सं. २०५६), शोभा रानाको **शिकार** (वि.सं. २०५६) उपन्यास, प्रभा बराल, लक्ष्मी ढकाल आदिका **शब्दहरू अविराम यात्रामा**, सरला जोशीको **अन्तिम स्वीकार** (वि.सं. २०५८), कृष्णकुमारी सुवेदीको **माया तथा लीला** (वि.सं. २०६०) निबन्ध, हिरादेवी पौडेलको **जीवन** कवितासङ्ग्रह (वि.सं. २०६१) र कल्पना अधिकारीको **प्रेमदीप** कथासङ्ग्रह ( वि.सं.२०६२) रहेका छन् ।

वि.सं. २०६२ सालदेखि चितवनका नारी साहित्यकारहरूमा पनि देशको विभिन्न परिवर्तनले प्रभाव पारेको देखिन्छ । जनआन्दोलन, दमन, बन्द, हत्या १० बर्षे माओवादी सशस्त्र आन्दोलनको प्रभाव आदि विविध कारण नारी साहित्य स्रष्टाहरू खुबै चलमलाएका थिए । आफ्नो मनका विचारहरूलाई खुलेरै पत्रपत्रिका तथा सञ्चारका माध्यममा उदाएका थिए । बर्षमा एक-दुई कृति प्रकाशन हुने नारी साहित्य स्रष्टामा एकैपटक वि.सं. २०६२ सालमा ८ वटा कृतिहरू प्रकाशन भएका छन्। संरचनाका दृष्टिले पनि उत्तिकै सशक्तता पाइन्छ । बाल गीत, बाल मनोविज्ञानको क्षेत्रमा नयाँ मूल्य स्थापित गर्न सफल विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (वि.सं. २०६२) दोस्रो चरणको  मानिएको छ । उनले बालसाहित्यमा कलम चलाएकी छन् । बालमनोविज्ञान बुझेर कविता रचना गर्ने कवयित्रीका रूपमा उनलाई लिइएको छ । गायत्री श्रेष्ठ र सरस्वती रिजालका **साहित्यमा नारी अञ्चलका नारी हस्ताक्षर** नामक समालोचना यसको उत्कर्ष सफलता मान्न सकिन्छ । शीतल कादम्बिनीको **सुगन्ध यात्रा** गजलसङ्ग्रह अर्को उत्कर्षता चुम्ने र हलचल मच्चाउन सफल कृति यसै सालमा प्रकाशित भएको छ ।

शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** (वि.सं. २०६२)  उपन्यास, कल्पना अधिकारीको **आमा** कथासङ्ग्रह (वि.सं. २०६२), गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र** (वि.सं. २०६२) कवितासङ्ग्रह र सविता बरालको **माडी शोक समुद्र** भाग १ (वि.सं. २०६२) सालमा प्रकाशित कृतिहरू हुन् । त्यसैगरी वि.सं. २०६३ सालमा पनि नारी साहित्य स्रष्टाहरू पत्रपत्रिका तथा एफ. एम. हरूमा बढी सहभागी बनेका छन् । कविता र गजलका कार्यक्रममा सहभागी बन्दै चितवनलाई गजलको राजधानी बनाउने प्रयास थालेको पाइन्छ । कृति प्रकाशनलाई हेर्दा सरस्वती रिजालको **प्रवोधन** (वि.सं. २०६३) कवितासङ्ग्रह, सरला जोशीको **शब्दको सुवास** (वि.सं. २०६३) गजलसङ्ग्रह, शारदा ढुङ्गानाको **अचानो परेको जीवन** (वि.सं. २०६२) उपन्यास, जमुना अधिकारीको **नयन** (वि.सं. २०६३), कृष्णकुमारी महतको **संयोग-वियोग** (वि.सं. २०६३)  गजलसङ्ग्रह प्रकाशित भएका छन्। यस समयका अन्य सक्रिय नारी साहित्यकारहरू भावना शर्मा, नमूना शर्मा, सिन्धु गौतम, लक्ष्मी ढकाल, कल्पना कँडेल, सरिता तिवारी, मैना घिमिरे, राधा पौडेल, कविता शर्मा, सरिता गौतम, आदि रहेका छन् ।

वि.सं. २०६४ सालदेखि चितवनका नारीसाहित्यकारहरूको संख्या र कृति रचनामा बृद्धि भएको पाइन्छ । वि.सं. २०६२-२०६३ जस्तो सशक्तता नआए पनि वि.सं. २०६४ देखि हालसम्म नारी साहित्य स्रष्टाहरू निरन्तर संलग्न रहिआएका पाइन्छन् । पत्रिकादेखि लिएर स्थानीय एफ.एम. रेडियोहरूमा दैनिकजसो गजल रचना गरेर सुनाउने लहर नै चलेको  छ । यस समयमा कल्पना अधिकारीको **उत्ताउली** कथासङ्ग्रह, (वि.सं. २०६४) र **आमाभित्र देश** (वि.सं. २०६५) प्रकाशित भएका छन् । त्यस्तै तारा बरालको **आक्रोश** (वि.सं. २०६४) विद्या भण्डारी 'चिराग'को **नेपथ्यका कुरा** गजलसङ्ग्रह (वि.सं. २०६४) गीता लामिछानेको **म पनि गुराँस हुन पाए** कवितासङ्ग्रह वि.सं. २०६४, सरस्वती रिजालको **प्रसङ्ग भ्रम र पात्रहरू** लघुकथासङ्ग्रह (वि.सं. २०६५) तथा शारदा ढुङ्गानाको **प्रश्नचिन्ह** उपन्यास तथा **बसुन्धरा स्मृतिकाव्य** (वि.सं. २०६५) प्रकाशित भएका छन् ।

समग्रमा चितवनका नारी साहित्यकारहरूमा देशको विभिन्न परिवर्तनले प्रभाव पारेको देखिन्छ। साहित्यका विविध विधामा कलम चलाउन सक्षम यहाँका नारी सर्जकहरू सजग र प्रख्यातसमेत रहेका छन् । नारी अस्मिता, महिला मुक्तिका टीकाटिप्पणीदेखि लिएर समीक्षा, समालोचना, निबन्ध, कथा, कविता, गीत र गजलका माध्यमबाट साहित्यलाई नै उर्वर बनाउँदै लगेका छन् । चितवनका नारी साहित्यस्रष्टाहरू वर्तमान समयमा निकै सक्रिय रहेका छन् । नारी साहित्यकारहरूले आफ्ना साहित्यमार्फत देशको सामाजिक र राजनैतिक अवस्थाको चित्रण गर्दै देशको शान्तिपूर्ण अवस्था र सुरम्य वातावरण हेर्न चाहेका छन् ।

# सन्दर्भ सामग्री सूची

## क) सन्दर्भ पुस्तकहरू


अधिकारी, ज्ञानु, *गीता लामिछानेका* ***म पनि गुराँस हुन पाए*** *कवितामा नारीवादी स्वर,* संप्रेषण पत्रिका, समसामयिक सङ्कलन, चितवन, २०६६ ।

अविरल, सिर्जन, *लेख्नु नपर्ने कुरा,* **नेपथ्यका कुरा,** विद्या भण्डारी, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६४।

अज्ञात, कपिल, **स्रष्टाबिम्ब व्यक्तित्व आरेख** चितवन साहित्य परिषद, चितवन, २०६७ ।

आमोदी, केशवराज, *शुभाशंसा,* **सुगन्ध-यात्रा,** शीतल गुरूङ 'कादम्बिनी', चितवन साहित्य परिषद, चितवन, २०६२।

आमोदी, केशवराज, ***संयोग-वियोग****बाट उत्पन्न केही अनुभूतिहरू,* **संयोग-वियोग**, कृष्णकुमारी महत, चितवन साहित्य परिषद, चितवन, २०६३ ।

आमोदी, केशवराज, *विम्ब प्रतीकको सुन्दर संयोजनमा* ***म पनि गुराँस हुन पाए,*** **म पनि गुराँस हुन पाए,** गीता लामिछाने, वाल्मीकी साहित्य सदन, २०६४ ।

कार्की, ईन्दिरा, *शुभकामनाका दुई शव्द,* **इन्द्रेणीको गेट,** विद्या भण्डारी 'चिराग' अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६४ ।

केशरी, गीता, ***अचानो परेको जीवन****लाई नियाल्दा,* **अचानो परेको जीवन,** शारदा ढुङ्गाना, नारी साहित्य प्रतिष्ठान, चितवन, २०६३) ।

केशरी, गीता **प्रश्न चिह्न किन?, प्रश्न चिह्न,** शारदा ढुङ्गाना, नारी साहित्य प्रतिष्ठान, काठमाडौँ, २०६३।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **प्रबोधन,** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद, चितवन, २०६३ ।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **बादलको घुम्टोभित्र,** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद्, चितवन, २०६२।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **आमा** कथासङ्ग्रह, कल्पना अधिकारी, चितवन साहित्य परिषद, चितवन, २०६२।

खनाल, नारायणप्रसाद, *शोककाव्य सृजनपरम्परामा चितवनका स्रस्टाहरूको योगदान,* **चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य संघ, चितवन, २०६३ ।

खनाल, नारायणप्रसाद, *चितवन शब्दः निर्वचन प्रक्रियाको कसीमा,* **विवेक,** वर्ष ५ अङ्क २, २०४६।

खनाल, हरिहर, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका,** उद्योग वाणिज्य संघ, चितवन, २०५७।

गायत्री, श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर,** नारायणी कला मन्दिर, चितवन, २०६२ ।

गौतम, लक्ष्मणप्रसाद, *लघुकथाका संरचनात्मक बान्की* ***प्रसङ्ग, भ्रम र पात्रहरू,*** **प्रसङ्ग, भ्रम र पात्रहरू,** सरस्वती रिजाल, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन वाङ्मय प्रतिष्ठान, २०५२।

गौतम, इशान, *भूमिका,* **आमा कथासङ्ग्रह,** कल्पना अधिकारी, चितवन साहित्य परिषद, चितवन, २०६२।

घिमिरे, मधुसुदन शुभकामनाका सुमनहरू, **आक्रोश,** तारा बराल, प्र. गणेश गौतम, २०६४ ।

घिमिरे, माधवप्रसाद *सौन्दर्य र प्रेमकी गायिका गायत्री* **बादलको घुम्टोभित्र** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद्, चितवन, २०६२ ।

घिमिरे, रामबाबु, *लेखिका र कथाकारिताका सन्दर्भमा* **प्रसङ्ग, भ्रम र पात्रहरू** सरस्वती रिजाल, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६५ ।

जोशी, सरला, **विश्वास पछिको वियोग**लाई शब्द पुष्प, **विश्वास पछिको वियोग,** कृपा श्रेष्ठ, प्र. गुणराज श्रेष्ठ, चितवन, २०६४ ।

थपलिया, बालकृष्ण, *चितवनको गजल लेखन विगतदेखि वर्तमान,* **गजलपथका यात्रीहरू,** सम्पा. बालकृष्ण थपलिया, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६१ ।

नन्दन, प्रेमविनोद, *शुभेच्छा,* **प्रबोधन** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद, चितवन, २०६३ ।

प्रभात, रमेश, ***नेपथ्यका कुरा****भित्र चिरागको खोजी,* **नेपथ्यका कुरा,** विद्या भण्डारी, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६४ ।

पोखरेल, डी. आर, *मैले किन मन पराएँ कल्पनाका कविताहरूलाई,* **आमाभित्र देश,** कल्पना आचार्य, बोधराज आचार्य, चितवन, २०६३ ।

पौडेल, गोपाल, *प्रकाशकीय,* **प्रसङ्ग, भ्रम र पात्रहरू,** सरस्वती रिजाल, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६५ ।

पौडेल, गोपाल, ***इन्द्रेणीको गेट****भित्रका शब्दचित्र,* **इन्द्रेणीको गेट,** विद्या भण्डारी, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६२ ।

मल्ल, अशेष, *साहित्य साधकलाई धन्यवाद,* **प्रकृति-स्मृति,** कल्पना कँडेल र जनक कँडेल, प्र. जनक कँडेल चितवन, २०५३ ।

विनोदी, गोविन्दराज, *शुभकामनाका अक्षरहरू,* **इन्द्रेणीको गेट,** विद्या भण्डारी, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, २०६२ ।

विनोदी, गोविन्दराज, *आदर्श सासूप्रति आदर्श बुहारीको श्रद्धा र सम्मान,* **बसुन्धरा स्मृतिकाव्य,** शारदा ढुङ्गाना, ब्र≈मबसुन्धरा स्मृति प्रतिष्ठान, चितवन, २०६६ ।

विनोदी, गोविन्दराज, ***बादलको घुम्टोभित्र*** *गीति कवितासङ्ग्रहमाथि एक दृष्टि,* **बादलको घुम्टोभित्र,** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद, चितवन, २०६२ ।

विनोदी, गोविन्दराज, ***प्रबोधन*** *एक दृष्टि* **प्रबोधन** गायत्री श्रेष्ठ, चितवन साहित्य परिषद, चितवन, २०६३।

विनोदी, गोविन्दराज, ***सुगन्ध यात्रा****माथि दृष्टि प्रक्षेपण,* **सुगन्ध यात्रा,** शीतल गुरूङ 'कादम्बिनी', चितवन साहित्य परिषद, चितवन, २०६२ ।

शर्मा, देवी, *साहित्यका दुई साधक बहिनीलाई धन्यवाद* **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** सरस्वती रिजाल र गायत्री श्रेष्ठ, नारायणी कला मन्दिर, चितवन, २०६२।

शर्मा, देवीप्रसाद, *चितवनको ऐतिहासिक रूपरेखा,* **विवेक,** वर्ष ५ अङ्क २, २०४६ ।

शर्मा, मोहनराज *यो कृति नियाल्दा* **केही कृति आफ्नै दृष्टि,** गायत्री श्रेष्ठ, नेपाली लेखक संघ, काठमाडौं, २०६५।

शर्मा, मोहनराज **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल, २०५५।

शुभेच्छु, रमेश, *नेपाली गजलमा नारी हस्ताक्षरका सम्बन्धमा,* **नेपाली गजलमा नारी हस्ताक्षर,** रमेश शुभेच्छु, प्र. पुष्पलता आचार्य, काठमाडौं, २०६४ ।

श्रेष्ठ, तीर्थ *शुभकामना,* **बुद्ध र लाभाहरू,** सरिता तिवारी, प्र. विश्व तिवारी, पोखरा, २०५७।

श्रेष्ठ, सरूभक्त, *अभिलिखित सरिताका कविताहरू,* **बुद्ध र लाभाहरू,** सरिता तिवारी, प्र. विश्व तिवारी, पोखरा, २०५७।

श्रेष्ठ, ओम रोदन, *प्रेमदीपका सार्थक सन्देशहरू,* **प्रेमदीप,** कल्पना अधिकारी, वनिता प्रकाशन, विराटनगर, २०६१।

सुवेदी, दधिराम, *कल्पनाका कथाको सार्थकता मानवतावादमा,* **उत्ताउली,** कल्पना अधिकारी, चेतन प्रतिभा उन्नयन तथा संरक्षण प्रतिष्ठान, नेपाल, २०६४ ।

# कृतज्ञता ज्ञापन

**चितवनका नारी साहित्यस्रष्टाहरूको अध्ययन र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो बर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मलाई कुशल निर्देशन गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उपप्राध्यापक श्री धनेश्वर भट्टराईप्रति हृदयतः कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रको अध्ययनको क्रममा प्रेरणा प्रदान गर्दै आवश्यक सल्लाह र सुझाव गर्नुहुने नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

चितवनका नारी साहित्य स्रष्टाहरूको नामावली तथा कृति सङ्कलनका सन्दर्भमा आवश्यक सुझावका साथ सामग्री समेत उपलब्ध गराउनु हुने चितवनका अग्रज नारी साहित्यकार सरस्वती रिजालप्रति म पूर्ण आभारी छु । सामग्री सङ्कलनकै क्रममा मार्गनिर्देशन र यथाशक्य सामग्री उपलब्ध गराउनु हुने आदरणीय गुरुहरू धनेश्वर भट्टराई, नारायणप्रसाद खनाल तथा लक्ष्मणप्रसाद गौतमप्रति म ज्यादै आभारी छु । चितवनका नारी साहित्यिक स्रष्टाहरू विद्या भण्डारी 'चिराग', सरिता तिवारी, नमूना शर्मा र यसमा समावेश भएका सबै स्रष्टाहरूप्रति पनि म आभारी छु । सामग्री सङ्कलन र अध्ययन कार्यलाई सहज तुल्याइदिने रामेश्वर पुस्तकालय परिवारलाई म धन्यवाद दिन चाहन्छु । मलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सहकर्मी मित्रहरू पार्वती सापकोटा, छविरमण न्यौपाने, र प्रतिमा न्यौपानेप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अध्ययन र लेखनका लागि सहज पारिवारिक वातावरण तयार गरेर हरपल साथ दिने मेरी जीवनसाथी कविता भट्टराई, छोरी परिस्ता भट्टराई तथा छोरा प्रत्यूष भट्टराई र कम्प्युटर टाइपिङ्गका लागि अहोरात्र खटिएर सहयोग गर्ने मेरो भाइ कृष्णप्रसाद भट्टराईलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रस्तावित शोधपत्र मूल्याङ्कनको लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

..................................

ऋषिराम भट्टराई

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६७/५/१०

शैक्षिक वर्ष २०६७